CC-0. In Public Domain. Digitization by eGangotri

ल. १६१२

# आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र

कवि
आचार्यको
जीवनचरित्र
आ.पु

पण्डित कविराज नरनाथ आचार्य

२०३.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीः

# आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र

( परिष्कृत र परिवर्धित द्वितीय संस्करण )

लेखक –
पण्डित कविराज नरनाथ आचार्य

सम्पादकहरु—
शिवराज आचार्य
साम्बराज आचार्य
जयराज आचार्य

द्वितीयवार १००० प्रति] [संवत् २०३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

920.92
ACH

प्रकाशक—

पण्डित कविराज नरनाथ आचार्य,

चुँदि-तामाँकोट-बिसि [कविराम-बिसि]

तनुङ, गण्डकी-अञ्चल,

नेपाल।

एस ग्रन्थ को पुनर्मुद्रणादिको सर्वाधिकार राजकीय-नियमानुसार लेखकमा नै रहनि छ।

90822

मूल्य नें.रू. १५।

मुद्रकः— नीसा प्रेस, केलटोल, मच्छिन्द्र बाहाल, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# विषयानुक्रम


| विषय | पृष्ठाङ्क |
|---|---|
| सम्पादकहरुको टिप्पणी | |
| प्रस्तुत ग्रन्थका रचयिताको सङ्क्षिप्त परिचय | |
| प्रथम संस्करणको भूमिका | |
| १. उपक्रम (१६ पद्य) | १ |
| २. पृष्ठभूमि | |
| पुरानो तनुङ राज्य | ६ |
| भानुभक्तको कुल | १४ |
| [ ख. धनञ्जयका नामको लाल्मोओर्, टिप्पणीमा ] | १७ |
| ३. जीवनचरित्र | |
| भानुभक्तको जन्म | १९ |
| भानुभक्तको बाल्यकाल र अद्ध्ययनारम्भ | २० |
| भानुभक्तको विवाह | २१ |
| भानुभक्तको वाराणसीगमन र अरु अद्ध्ययन | २२ |
| भक्तमालाको र प्रश्नोत्तरमालाको प्रारम्भ | २४ |
| वाराणसीमा श्रीकृष्णको देहत्याग | २४ |
| भानुभक्तको स्वपरिचयात्मक पद्यको रचना | २४ |
| धनञ्जयको अस्वस्थता | २५ |
| भानुभक्तको गृहव्यवहारप्रवेश | २५ |
| मुक्तक पद्यहरुको रचना | २६ |
| प्रश्नोत्तरमालाको अनुवादको पूर्ति | २६ |
| अद्ध्यात्मरामायणका अनुवादको प्रारम्भ तथा बालकाण्डको समाप्ति | २६ |




Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तका रचनामाँ लोकको प्रतिक्रिया २७
वाराणसीमाँ धनञ्जयको देहत्याग २८
कुमारीचोकको पक्काउ र भानुको कान्तिपुर–गमन २९
कान्तिपुर-[काठमाडौं] को आँफ्नु घरमाँ भानुको वास ३०
[वीरेन्द्रकेसरि–विज्ञानकेसरिको प० विश्वनाथकृत संस्कृत-
पद्‌ध्यात्मक वर्णन, टिप्पणीमाँ] ३०
कान्तिपुरको वर्णन ३१
भानुभक्तको सुब्बा धर्मदत्त ग्यँमालिसित भेट ३१
कुमारीचोकको कार्‌वाइ ३२
इञ्चिफ् कृष्णबादुरको चाकडि ३४
कुमारीचोकको थुनाआमाँ भानुभक्त ३४
इञ्चिफ् कृष्णबादुरमाँ भानुका कवितात्मक विन्तिपत्रहरु ३६
रामायण-सुन्दरकाण्ड-सम्मको अनुवादको समाप्ति ३९
कुमारीचोकको फर्स्योट ३७
पाँच काण्ड रामायणको लोकमाँ प्रचार र तेसमाँ र पण्डितहरुको
प्रतिक्रिया ३८
रामायणको अनुवादमाँ बाधा-अड्काउ ३९
गिरिधारि-भाटसितको बगर-मुद्दा ३९
भानुभक्तको गजाधर सोतिका घरमाँ वास ४१
भानुको र धर्मदत्त ग्यँमालिको अरु सम्बन्ध ४४
धरायसि मुद्दाको भानुभक्तले गरेको निर्णय [फैसेला] ४५
जुआडेका रूपमाँ भानुभक्त ४६
पत्नीप्रति भानुभक्तको व्यवहार ४३
इष्ट-मित्रप्रति भानुभक्तको व्यवहार ४६
रामगीता छोडेर अरु सम्पूर्ण रामायणको अनुवादको समाप्ति ४७
भानुभक्तको आँफ्ना मित्र तारापतिका घरमाँ वास ४७
भानुभक्त र घाँसि ४९
गिरिधारि-भाटसितको बाँदकुलो-मुद्दा ४९



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२६) जुआमा आँफुले हारेको वर्णन गर्दा बँनाएको "तान्यो एघार-बाटै" इत्यादि पद्य ८२

२७) सौतासौति लर्दा छुट्ट्याइ बँनाएको "बया लड्छन् बटई र तित्त्रि चखुरा" इत्यादि पद्य ८३

२८) पत्नीलाइ चिठिका रूपमा पठाएको "बिन्ती एक मँ गर्दछू" इत्यादि पद्य ८४

२९) खड्ग माँग्न कुरागर्दा बन्न गएको "विद्वान् जनले" इत्यादि पद्य ८५

३०) अर्जिका रूपमा बँनाएको "स्वस्ति श्री पखरा अदालतमहाँ" इत्यादि पद्य ८६

३१) शिवशङ्कर कर्नेल्लाइ भेट्न जाँदा भेट नहुँदा बँनाइ छाडेको "आयेथ्याँ मनका कुरा" इत्यादि पद्य ८६

३२) घाँसिका कुराबाट प्रभावित भै बँनाएका "भर्जन्म" इत्यादि पद्य ८८

३३) सालाठिटाहरुलाइ उनका गाँमको वर्णन गरि बँनाइदिएको "मानुङ्को सरि" इत्यादि पद्य ८८

३४) गिरिधारिसितको कुलो-मुद्दामा बँनाएका "स्वामित् यस् गिरिधारिले" इत्यादि पद्य ८९

३५) गिरिधारिको कुराको खण्डन गर्नि कुरा गर्दा बन्न गएको "लुच्चा हुन्" इत्यादि आद्द्रि ९०

३६) सद्विचार आएका बेला बँनाएका "अघिल्ला जन्मैका" इत्यादि पद्य ९०

३७) लोकको चाल देखि लअङ्मा बँनाएका "क्वै उठ्छन् त" इत्यादि पद्य ९०

३८) नेपाल-उपत्यकाको पवित्रता देखाइ बँनाएका "यत्ती छन् सब देवता" इत्यादि पद्य ९१

३९) भानुका केइ फुड्कर् पद्यको लोप र "क्याले भुल्छौ" इत्यादि पद्यको प्राप्ति ९१

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[भानुभक्तले लेखेको बिन्तिपत्रको प्रतिलिपि, टिप्पणीमा] ५१
भानुभक्तको इष्टापूर्त कर्म ५४
भक्तमालाको पूर्ति र परिष्कार ५५
भानुभक्त कविजिको दीन दुःखिप्रति सहानुभूति ५६
नेपाल उपत्यकाको पवित्रतामा कविजिको आस्था ५७
रामगीताको अनुवाद गर्न भानुभक्तलाइ सुब्बा धर्मदत्तको अनुरोध ५७
भानुको अन्त्यकाल र देहत्याग ५८

४. भानुका मुक्तक पद्य

१) भानुले आफ्नो परिचय दिन बनाएको "पाहाड्को अतिबेस देश्" इत्यादि पद्य ६०
२) बालाजिको वर्णन गरि भानुले बनाएका "यति दिनपछि" इत्यादि पद्य ६०
३) कान्तिपुरीको वर्णन गरि भानुले बनाएका "चपला अबला" इत्यादि पद्य ६१
४) इञ्चिफ्लाइ बिन्तिपत्रका रूपमा दिएको "रोज् रोज् दर्शन पाउँछू" इत्यादि पद्य ६४
५) इञ्चिफ्लाइ बिन्तिपत्रका रूपमा दिएको "जागिर् छैन" इत्यादि पद्य ६५
६) छोराको व्रतबन्धलाइ बिदा माग्न बनाएका "चालीस् वर्ष भयाँ मैं" इत्यादि पद्य ६६
७) घरबाट इञ्चिफ्लाइ चिठिका रूपमा पठाएको "शरिर छ अति कच्चा" इत्यादि पद्य ६७
८) गिरिधारिसितको बगर् मुद्दामा बनाएका "साँचा हुन् जति लेखिया" इत्यादि पद्य ६८
९) उक्त मुद्दा टाँगिदा बनाएको "न मृत्यू टर्न्या हो" इत्यादि पद्य ७८–६९
१०) डिट्ठा–विचारिका विरुद्ध इञ्चिफ्मा निवेदन दिँदा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बँनाएको "बिन्ती डिट्ठा विचारीसित" इत्यादि पद्य ६९

११) गोरु खोज्न जाँदा कालु जैसिले मकै टक्र्याँउदा बँनाएको "असल् मुङ्रे केरा" इत्यादि पद्य ७०

१२) गजाधरका घरमाँ बास बस्न गएका प्रसङ्गमाँ बँनाएको "गजाधर् सोतीका" इत्यादि पद्य ७१

१३) जन्मकुण्डलीको विवरण दिँदा बँनाएका "ति शालीवाहनका" इत्यादि पद्य ७२

१४) सुब्बा धर्मदत्तका पच्छघबाट लेखेका "खर् अक्षर् पर भै" इत्यादि पद्य ७४

१५) "बिर्के टोपी पठाऊ" इत्यादि पद्य ७५

१६) "भाषा श्लोक् भनु ता" इत्यादि पद्य ७६

१७) घरायसि मुद्दा छिन्दा बँनाएको "जस्द्वारा जसले" इत्यादि पद्य ७७

१८) मित्रपुत्रलाइ हौकाँउन बँनाएको "न पोथी पात्रा छन्" इत्यादि पद्य ७६

१९) मेघनाथलाइ बँनाइदिएका "ढीटा छन्" इत्यादि पद्य ७८

२०) ठिटाहरुका लागि बँनाइदिएको "केश् कञ्चेट्" इत्यादि पद्य ७९

२१) गणेशचौथीमाँ चाँइनि पातहरु सम्जन बँनाएका "मास् भृङ्गी" इत्यादि पद्य ७९

२२) मलमको भाग सम्जन बँनाएका "पाँच् तोला घिउ" इत्यादि पद्य ८१

२३) ठिटाहरुलाइ उपदेश दिँदा बँनाएको "पढ्नू गुन्नू" इत्यादि पद्य ८१

२४) अल्छिनि स्त्रीहरुलाइ उपदेश दिन बँनाएका "कतै खरानी" इत्यादि पद्य ८१

२५) कौडाको दाउ् चिन्न सजिलो पार्न बँनाएको "तिन् सात् एग्घार" इत्यादि पद्य ८२



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. वधूशिक्षा ९३
६. प्रश्नोत्तरमाला १०२
७. भक्तमाला ११४
भक्तमालाका भानुले छाँटेर फालेका सिलक ११९-१२२
८. भानुका हस्ताक्षरका लिखतहरु र तिनमाँ टिप्पणीहरु १२१
(क) १९१५ सवत्को चिठि १२३
(ख) कालु जैसिको तम्सुक् १२५
(ग) साधुरामको तम्सुक् १२५
(घ) १९१९ संवत्को चिठि १२६
(ङ) बेनुपादध्याको चलन-दान-पत्र १२९
(च) गिरिधारिसितको कुलो-मुद्दामाँ भानुभक्तले इजहार् (प्रतिवादिपत्र) दिन पर्दा लेखेको इजहार्को खेस्रा १३१
९. भानुको चित्र १३३
१०. भानुभक्तको व्यक्तित्वको र कृतिको सङ्क्षिप्त समालोचना १३५
(क) भानुभक्तको स्वभाव, जीवनदर्शन र कवितामाँ उनको प्रवृत्तिको हेतु १३५
(ख) भानुका कविताको गुण १५०
(ग) भानुभक्तको आदिकवित्व १४५
(घ) भानुभक्तले प्रयोग गरेका छन्द, अलङ्कार भाषा र शैली १४६
११. भानुका कृतिका समालोचनांहरुको परीक्षा १५२
(क) भानु प्रति मोतिराम भट्टजिका क्रियाकलाप १५२
[गजाधर सोतिकि घरबुडिको कविताको विवेचना, भानुले जागिर खाए नखाएको कुरा र 'भर्जन्म' इत्यादि पद्यको विशेष विवेचना समेत]
(ख) भानु प्रति कृष्णप्रसाद रेग्मिको भनाइ १६७
(ग) भानु प्रति सूर्यविक्रम ग्यँमालिजिका क्रियाकलाप
(घ) भानुभक्त प्रति ब्रह्मसम्सेर्जिका भनाइ १६९
['भानूभक्त भनी' इत्यादि श्लोकको विवेचना, उक्त



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकका सम्भावित रचयिता कविलाल् नेपालको परिचय तथा भानुकृत बालाजिको कविताको र वधूशिक्षाको आलोचनाको विवेचना]

(ङ) भानुभक्त प्रति विष्णुबाबाको [illegible] १८३

(च) भानु प्रति ख. बाबुराम आचार्यको भनाइ १८६

[भानुको संस्कृतव्याकरण-ज्ञानको तथा भक्तमालाको संस्कृतानुवादको विमर्श समेत]

(छ) भानु प्रति बालकृष्णसमजिका भनाइ १९५

[भानुका कृतिको रसभावपूर्णताको र वैशिष्ट्यको स्पष्टीकरण समेत]

१२. भानु प्रति विभिन्न कविहरुका उद्गारहरु २१२

१३. भानु प्रति उपसंहारात्मक उद्गार २१६

१४. परिशिष्टहरु—

१) भर्जन्म इत्यादि पद्यमा सन्देह र तेसको समाधान। [अ]

२) एक्चालिस श्लोके भक्तमाला र अरु दुइ श्लोकका सम्बन्धमा [लृ]

३) सत्त्रसिलके वधूशिक्षाका विषयमा [क]

४) भानुभक्त र घाँसि : थप विवेचना [झ]

५) आदिकवि भानुभक्त आचार्यको जन्मदिन [थ]

६) भानुभक्तका ग्रन्थहरुको मुद्रण–प्रकाशनका विषयमा [भ]

७) भानुभक्तको चित्र : थप विवेचना। [व]

८) भानुका कृतिका पुराना प्रकाशनका आच्छादन-पृष्ठ-आदि [स]

९) एस ग्रन्थका प्रथम संस्करणमा प्राप्त सम्मतिहरु। [ह१२]

१०) भानुभक्तसम्बन्धि पठनीय प्रमुख ग्रन्थहरु [ह२२]

१५. सङ्क्षिप्त शुद्धिपत्र [ह२४]

१६. श्रीकृष्णाचार्यवंश पट्ट [सङ्क्षिप्त]



Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## सम्पादकहरुको टिप्पणी

प्रस्तुत ग्रन्थको प्रथम संस्करणको सम्मतिभाग छोडेर अरु भाग २०१७ संवत्का अन्तसम्ममा मुद्रित गरि विद्वान्हरुमा सम्मतिका लागि प्रस्तुत गरिँदा प्राप्त सम्मतिहरुसमेत राखि २०१८ संवत्का आदिमा जनसमक्ष प्रस्तुत गरिएको थियो।

लेखकले लेख्नुभएको पाण्डुलिपि राजकीय-मान्यता-प्राप्त प्रचलित नेपालि व्याकरणको वास्ता नगरि लेखिएको थियो भने मुद्रणालय-पुस्तिका बँाँउदा सो बँाँउनि अघेकेबड उस-बेलाका-बुद्धि-अन्सार् लेखाइ प्रचलित-नेपालि-व्याकर्ण-अन्सार्को बँनाय्येको थियो। अरु सम्पादनकार्य केइ गरिएको थिएन।

सो संस्करण केइ-वर्ष-अगि नै समाप्त भएको थियो त पनि विभिन्न कारणले गर्दा ऐले आएर मात्र यो दोस्रो संस्करण प्रस्तुत गर्न सकिएको छ।

प्रस्तुत संस्करणमाँ भने लेखकका-आज्ञा-र-अभिप्राय-अन्सार् हाँमिले विषयानुक्रम मिलाँउनि, खण्ड र तदन्तर्गत विषयहरु छुट्ट्याँउनि र त्तिनलाइ शीर्षकहरु दिनि, तत्तत् स्थानमाँ अपेक्षित विषय राख्नि र अनपेक्षित विषय स्थानान्तरमाँ लैजाँनि, कतै-कतै आवश्यक थप-घट र संशोधन गर्नि, ठाँमठाँममाँ आँफुले टिप्पणी राख्नि, लेखकले प्रथम संस्करण प्रकाशित भएपछि लेख्नुभएका निबन्धहरु मूलमाँ वा परिशिष्टमाँ राख्नि, हाँमि-मद्देका व्यक्तिले लेखेका केइ निबन्धहरु र मदनपुरस्कार-गुठि पुस्तकालयादिबड सङ्कलन गरेका अरु सामग्रीहरु पनि परिशिष्टमाँ राख्नि समेत गरि,प्रस्तुतग्रन्थकारको सङ्क्षिप्त परिचय पनि राखि सम्पादनकार्य गरेका छम्। परिशिष्टमाँ सङ्गृहीत निबन्धहरुमाँ पनि आवश्यक संशोधन



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नि र मिलाउनि काँम पनि गरिएको छ । ग्रन्थको नाम पनि छोट्ट्याएको छ ।

लोकभाषा नेपालिका विषयमाँ र काव्यको सारभूत कुराका विषयमाँ लेखकका विचारलाइ तलकिखित पद्यहरुले सूचित गरेका छन्—

श्रेष्ठ श्रीकवि भानुभक्त गुरुले भाषासरीका जती
संस्कृत् शब्दहरू नराखि तिनको ह्रस्वादिको केइ् स्थिती ।
गर्नू भो कविता उ पूज्य हुन गो भाषासिलोक् हो भनी
वाच्यार्थै गहिरो भया रछ ठुलो ह्रस्वादिभन्दा पनी ॥
संयोग् पल्तिरमाँ हुँदा गुरु हुन्या अक्षर् पनी ह्रस्व भै
अच् काट्नू अरु वर्ण काटनु पनी देखिञ्छ ठाँम्ठाँम नै ।
भाषा हो कविसिंहका कृतिविषे ठान्दीन यो दोष् मँ ता
भाषामाँ सब लोक बोल्छ जसरी त्यो शब्द तेस्तै छ ता ॥
भाषाका कविता ति गीत र भजन् इन्माँ त संस्कृत्सरी
सारै बद्ध नियम् त गर्नु किन यो ठूलो प्रयासै गरी ।
भन्दामाँ लयभङ्ग हुन्न रसिलो भावार्थ भो ता भयो
साधारण् जन लोकको मन खुसी पूरा भया भै गयो ॥◆

लोकभाषाले अर्थ बुजाइ लोक–व्यवहार–सम्म राँम्ररि चलाँउन सके पुगिहाल्च भन्नि कुरा "लौकिकानामर्थपूर्वकत्वात्" (शुक्लयजुर्वेदप्रातिशाख्य १/२) "लोकतोऽर्थप्रयुक्ते शब्दप्रयोगे ... " (पाणिनीयव्याकरणवार्तिक, प्रथम आह्निक ) "समानायामर्थावगतौ शब्देन चापशब्देन च ... ... ... " ( पाणिनीयव्याकरणमहाभाष्य प्रथम आह्निक ) इत्यादि शास्त्रवचनको अनुकूल हुनुका साथै लोक - कल्याणकारि पनि देखिञ्च । शब्दभन्दा कल्याणकारि रमणीय अर्थ नै काव्यको सार हो भन्नि कुरा पनि काव्यसमालोचनाको सारभूत सिद्धान्त भएको कुरा "रमणीयार्थप्रतिपादकश् शब्दः काव्यम्" इत्यादि भनाइबड पनि बुजिञ्च ।

---

◆ प्रस्तुत ग्रन्थमाँ लेखकको उपसंहारात्मक उद्गार पृ० २१६ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकभाषा नेपालिका विषयमाँ लेखकको उक्तप्रकारको विचार भएको र शास्त्रबडि तथा हाँम्रा चिन्तनबडि पनि उइ कुरा हाँम्रा मनमाँ स्थिर भएकाले एस सँस्करणको लेखाइलाइ हाँमिले प्रचलित नेपालि व्याकरणका नियन्त्रणबड मुक्त गरि लेखुबडे मौखिक रूपमाँ प्रयोग-गर्नि भाषाको अनुकूल रूपमाँ लेखाइका छन्; किनभने प्रचलित नेपालि व्याकरण युक्ति-उपपत्तिको र हाँम्रा भाषा-व्याकरण-परम्पराका दृष्टिले समेत अत्यन्तै दोषपूर्ण देखिन्छ[१] । संस्कृत तत्सम भनिनि सब्दका विषयमाँ पनि नेपालिहरुका- उच्चारण- अन्सार् नै तिनको वर्णानुपूर्वी लेख्नमाँ केइ आपत्ति देखिँदैन ता पनि लेखकका लेखनको अनुरोध राखि तिनलाइ प्राय संस्कृतै-अन्सार् प्रयुक्त गरिएको छ । हाँमिले हालेका टिप्पणीहरुमाँ र हाँम्रा लेखमाँ भने तिनलाइ पनि प्राय नेपालि—उच्चारणै—अन्सार् लेखिएको छ । मौखिक रूप नै भाषाको मुख्य रूप भएकाले र हाँम्रा-भाषाको-मौखिक-रूप-अन्सारै हाँमिले लेखेमाँ पँनि ऐले पँनि विशेष आपत्ति केइ नभएकाले पँनि तेसरि नै लेख्नमाँ केइ विशेष अनुपपत्ति थिएन ला पनि काठमाण्डुका मुद्रणालयहरुमाँ रएको तेसो गर्नका लागि आवश्यक अक्षरहरुको दुर्लभताको र पाठकहरुको पढ्नि बाँनिको समेत विचार राखि मूल भागका लेखनमाँ र अरु लेखहरुमाँ पँनि केइ अशमाँ मद्ध्यम मार्ग अँगालिएको छ ।

हाँम्रा त्रुटिले गर्दा मुद्रणसम्बन्धि केइ अशुद्धिहरु रएका छन् । भ्रम पार्न सक्नि अशुद्धिहरुको मात्र निराकरण शुद्धिपत्रमाँ गर्न सकिएको छ । अरु अशुद्धिहरु पाठकहरुले आँफै हटाइ ग्रन्थ पढ्न सक्नुहुनि छ भनि ति तेसै छोडिएका छन् ।

—सम्पादकहरु ।

---

१. एस बिसयको बिस्त्रित बिवेचनाका लागि सिबराज आचार्यका भासिक निबन्ध-सङ्ग्रअहरु जिम्दो नेपालि भासा, पैलो खण्ड, काठमाण्डु २०३० र जिम्दो नेपालि भासा, दोस्रो खण्ड, काठमाण्डु २०३६ पठनिय छन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# प्रस्तुत ग्रन्थका रचयिताको सङ्क्षिप्त परिचय

प्रस्तुत ग्रन्थका रचयिता

प्रस्तुत ग्रन्थका रचयिताको जन्म १९६२ वैक्रमाब्दका चैत्रका १९ गते आइतबार बेलुका ९ घडि रात जाँदा चैत्रशुक्लसप्तमी तिथिमाँ आर्द्रा नक्षत्रका तेस्रा पादमाँ वृश्चिक लग्नमाँ सिंहनवांशकमाँ भाऽ रच । १९६२ संवत्को धानबालि थन्वयाइ जागिर खाँन गएका वाँहाँका पिता लोकनाथ आचार्य–(जन्म १९२७) को १९६३ संवत्का माघ-कृष्ण अम्सिको सूर्यग्रहण न्वाँउन भनि आँफुले जागिर खाएका ठाँम ताप्लेजुङ–( अमिनि )बड वाराणसी जाँदा सूर्यग्रहण न्वाइसकेपछि तिँहिँ विसूचिका–(हैजा)ले पवित्र माघ-शुक्ल-सप्तमीमाँ देहत्याग भाऽ रच । तेसले गर्दा एस ग्रन्थका रचयिताले आँपना पिताको मुख पँनि देख्न पाँउनु भाऽ रइञ्च । अर्थकाश्यले गर्दा आँमाँले वाँहाँलाइ बडा कष्टले हुर्काउनुभएको रच । सानैदेखि खेतिपातिमाँ आँमाँलाइ पूर्ण सहायता गर्नपर्नि हुँदा प्राय हिँउदका मैनाहरुमाँ मात्र वाँहाँलाइ पड्नि अबसर मिल्नि गऱ्या रच ।

एस ग्रन्थका रचयितालाइ लिपिग्रहण वाँहाँका दाजु उमानाथ आचार्यले गराँउनु भाऽ रच । वाँहाँको उपनयन ( व्रतबन्ध ) १९७० वैक्रमाब्दका वैशाख ५ गते भाऽ रच । वाँहाँले गायत्री मन्त्र दाजु उमानाथैसित; वेदमन्त्र वाँहाँके ज्येष्ठ पितृव्य प० विश्वनाथसित र दीक्षा-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्र पनि प० विश्वनाथैसित सुन्नुभाऽ रच । वाँहाँले दुर्गाकवच-चण्डी-रुद्री-अमरकोश र सखिशब्दसम्म लघुकौमुदी पँनि आँपना ज्येष्ठ पितृव्य प० विश्वनाथ आचार्यसित पड्नुभाऽ रच ।

अनि वाँहां आँफ्ना दाजु उमानाथ आचार्यले झिकाँउदा १९७८ संवत्का भदौमाँ पड्न काठमाण्डु जानुभाऽ रच । मोदनाथ रेग्मिसित र आँफ्ना दाजुसित गरि नौ मैनामाँ लघुकौमुदी सकि १९७९ संवत्मां प्रथमपरीक्षा दिइ पैला भै उत्तीर्ण हुनुभा रच ।

वाँहाँका दाजु उमानाथ आचार्यलाइ श्री ३ चन्द्र-सम्सेर्ले आयुर्वेद पड्न भारत पठाँउन लाग्दा वाँहाँले निवेदन गर्नुभएकाले श्री ३ चन्द्रका आज्ञाले प्रस्तुत ग्रन्थका रचयिता १९७८ संवत्का पुसका १ गते रानिपोखरि पाकशालामाँ प्रविष्ट हुनुभाऽ रच ।

प० टेकनाथ पौडेलसित सिद्धान्तकौमुदी, प० कालिदास पराजुलिसित कुमारसम्भव र प० देवीदत्त पराजुलिसित दशकुमारचरित पढि १९८० संवत्माँ व्याकरण-मद्ध्यमा-प्रथमखण्डको परीक्षा दिँदा वाँहाँ पैला भै उत्तीर्ण हुनुभाऽ रच । १९८१ संवत्माँ द्वितीय खण्ड पड्दा साँउन २ गते विसूचिका (हैंजा)ले पविक्र अस्वस्थ हुँदा अस्वस्थालयमाँ प्रविष्ट भै उपचार गरि तेस रोगबाट मुक्त भए पँनि शरीर दुर्बलै भएकाले विदा लिइ घर तनुङ्-चुँदि-तामाकोट जाँनुभाऽ रच ।

एसै वर्ष फागुन १४ गते जन्ति गै वाँहाँको तनुङ-क्यामिन-घरम्पाँनिका एक कुलीन सरल सदाचारि वेदपाठि कृषिजीवि ब्राह्मण अनिरुद्ध वाग्लेकि छोरि गङ्गामायादेवी-( पद्मा ) सित विवाह भाऽ रच ।

तेसपछि १९८२ संवत्को बर्खा पँनि घरै बसि खेतिपातिमैं बिताएर फागुनमाँ काठमाण्डु गै रानिपोखरि-पाकशालामाँ बस्ता फेरि अस्वस्थ भै पच्चिस तिस दिनमैं पुन: घर फर्कि घरै बसि १९८३ संवत्का माघे सक्रान्तिमाँ वाराणसी पुगि काशि-हिन्दु-विश्वविद्यालयमाँ आयुर्वेदविज्ञानाचार्य-कक्षामाँ अद्ध्ययन गरि बसेका आँपना दाजु उमानाथ आचार्यसित सिद्धान्त कौमुदीको मद्ध्यमाको द्वितीयखण्डमाँ पड्न पनि



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीः

# आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र

[ उपक्करम ]

भानूभक्त कवी ठुला हुन अहो ! धन्यै भनी लोकमाँ,
जस्को नाम बलेर गो ति कविता हेर्दा परी मोजमाँ ।
तिन्को जीवनको चरित्र गुणका वर्णनहरू केइ[1] याँहाँ[2],
लेख्छू त्यो कवितानुरागि जनका आनन्द-खाँतीरमाँ ॥

॥ १ ॥

बिक्रम् सम्वतका अठारसय-एकहत्तर् असार् उन्तिस,
दिन्को एकतिसै घडी गइ पला बत्तिस् लगन् धानुष ।
सिंहैको त नवांश पारि शुभकाल् जन्म्या ति सूर्यै सरी,
छोरो एक् नहुन्या धनञ्जयजिका मन्का सबै ताप् हरी ॥

॥ २ ॥

---

१. नेपालि भासामाँ आइ् आउ् इउ् उइ् एइ् एउ् ओइ् ओउ् इत्यादि सन्ध्य स्वर पनि छन् । एस बिसयमाँ नेपालि बर्णोच्चारण - सिच्छचा- [ साजाप्रकासन, २०३१ ] - माँ अरु बिवेचना उपलब्ध छ । - सम्पादक ।

२. नेपालि भासामाँ रस्स्व् आकार पनि छ, एस बिसयमाँ पनि नेपालि बर्णोच्चारण-सिच्छचा द्रष्टब्य छ । - स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साल् उन्नाइस सौ पचीस उसका आस्स्वीनका शुक्लमाँ,
पारी पञ्चमिको तिथी त्रिथिवि यो छाडी मिल्या राममाँ।
बाँची वर्ष चउन्न तेइ विचमाँ जो काम् गरी ती गया,
सच्चा हेर्नुहवस् चरित्र उनको लौ हेर्न इच्छा भया ॥

॥ ३ ॥

भानूभक्तजिका जिवाउ गुणि खुप् श्रीकृष्णनाम्का थिया,
तिन्का पुत्र छ भाइ हुन् गुणि भई सब् गण्य मान्यै थिया।
जेठाको शुभनाम् धनञ्जय थियो श्रीकाशिनाथ् माँइँला,
साँईँला हुन पद्मनाभ तुलसीरामजी थिया काँइँला ॥

॥ ४ ॥

गङ्गादत्तजि थाँइला अति ठुला ज्योतीसि व्याकर्णि हुन,
काञ्छा इन्द्रविलास खूप रकमी कस्ती रहन्थ्या र कुन्।
पाल्पा मालमाँहाँ धनञ्जय ठुला हाकीम खर्दार् थिया,
तिन्का पुत्र इ भानुभक्त कवि हुन् विद्या तिरै मन् दिया ॥

॥ ५ ॥

भानूभक्त अचार्ज हुन् तनुङ घर् वीसी चुँदी हो पनी,
गाँऊँको घर जान्नुहुञ्छ सबले प्रकख्यात् छ रम्घा भनी।
रम्घादेखि त सातकोश परका वायव्य दिक् तर्फमाँ,
भोर्लेटार[1] छ मावली कविजिका पौडेल् रह्या छन् ताँहाँ ॥

॥ ६ ॥

---

१. भानुको मावलिको मूल घर भोर्लेटार रच, किन्तु भानुका मामाका एक् भाइ पोल्याङ्माँ बसैँ गाका रचन्, तेसै कारणले पैलो संस्करणमाँ भानुका मावलि पोल्याङ् हुन भन्नि उल्लेख पऱ्या हो, भोर्लेटार र पोल्याङ् मादि नदिको वारिपारि नजिक-नजिकै भएकाले पनि तिनमाँ धेरै भेद नमानि तेस्तो उल्लेख गरिया रच।- स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नैरिन्यै तिर पाँच कोश पर गै मानुङ्–खँदाल्–पुत्रिमाँ,
दस् वर्षेसँग तेरवर्ष वयमाँ बीया भयाको ताँहाँ ।
खर्दार्का कवि एक मात्र सुत हुन् पुत्रै थियांनन् अरू,
विद्याभ्यास् तिरकै पुरा इलम भो गथ्र्या काँहाँ काम् अरू ॥

॥ ७ ॥

बाऊहेरु छ भाइ हुन् कविजिका सम्पूर्णको सन्ततो,
फैलावट् छ र धेर एस कुलका मानिस् गुणी छन् अती ।
जोवाऊ कविका स्त्रिक्रिष्ण[1]ति ठुला सत्कर्मि विद्वान् थिया;
ठाँटी पाटि परार्थका बँगइचा तिन्ले लगाईदिया ॥

॥ ८ ॥

देखिञ्छन् अइले पनी बँगइचा उन्को क्रिती हो भनी,
प्रातःकाल पुरा गृहस्थहरुको कर्तव्य गथ्र्या पनी ।
सन्ध्या पाठ् बलिवैश्वदेव र पुजा रुद्राभिषेक् सब् गरी,
आयाका अतिथी खुवाउनु पनी शास्त्रैबमोजिम् गरी ॥

॥ ९ ॥

गोरू पालि अठार हल् ति अनुसार् बाँदा गोठाला[2]गरी,
खेत् पचिस् सय मूरि रोपि परिवार् पाल्थ्या सजीलै गरी ।
उन्को नाम् व्यवहारि जोखु पनि हो तेइ् नाममाँ लम्बरी,
खेत् रैकर् जति माल बन्निपुरमाँ[3]देखिञ्छ ढड्डा भरी ॥

॥ १० ॥

---

१. स्त्रिक्रिष्णमाँ ककारलाइ पल्लो अक्षर-( syllable )माँ मिलाइ उच्चारण गिरनि हुँदा तत्पूर्वस्स्वर गुरु हुँदैन ।

२. नेपालि भासामाँ रस्स्व ओकार पनि छ । एस बिसयमाँ नेपालि बर्णोच्चारणसिच्छचा द्रष्टव्य छ । -स० ।

३. तनुङ् (तनहुँ)को माल ऐले डमौलिमाँ छ त पनि यो ग्रन्थको रचना हुँदा बन्निपुर–(बन्दिपुर)माँ भांकाले एस्तो लेखिया हो ।– स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाल् बत्तिस् घर छन् अचार्ज उनका सन्तान तिन्ले पनी,
खाँदै छन् उइ खेत बाँडि जिजुले आर्जन् गऱ्याको भनी ।
छोराछोरि बिया गरीसकि सबै गार्हस्थ्य पूरा गऱ्या,
गार्हस्थ्यै सकि अन्त्य काशि पुरिमाँ आसन् उनैले धऱ्या ॥

॥ ११ ॥

वृद्धा पत्नि लिएर काशिपुरिमाँ बस्थ्या मुमुक्षू भई,
जो विद्या कबिले पढ्या उँइँ पढ्या जीवाउका साथ् गई ।
रुद्री वेद र मध्यकौमुदि पनी चूरादिगण् तक् यँहीँ,
चौदै वर्षमाँहाँ सकेर जिजुसाथ् काशी गयाका उहीँ ॥

॥ १२ ॥

अभ्यास् अक्षरको गणीतहरुको ज्योतिष् समेत्को पनी,
श्रीकृष्णसँग लेख–पड् अलिअली शिक्षा मिल्याको पनी ।
पाठ्शाला[1] गइ पड्दथ्या दिउसमाँ साँज्ब्यान् जिबाऊसँगै,
हुन्थ्यो काशिमाँहाँ बखत्-बखतमाँ विद्वत्सभा ताँइँ गै ॥

॥ १३ ॥

सुनी छल्फल शास्त्रहेरु सबको सिद्धान्त पक्री लिया,
आत्मज्ञानबिसे यसै तरहले पूरा भयाका थिया ।

---

१. वाराणसीमाँ १८४८ संवत्माँ बनारसपाठशाला वा हिन्दुकलेजका नामले अङ्रेजका व्यवस्थावड संस्कृतको आधुनिक सार्वजनिक पाठशाला स्थापित भैसक्या देखिञ्च । – स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्नान् सन्ध्या शुचि शौच काशिपुरिको भानू चलाख् बुद्धिमान्,
विद्द्वान्का सहवासले अति छिटो सन्सारको तत्त्वग्याँन् ॥

॥ १४ ॥

पाई सत्र अठार वर्ष तिरमैँ विद्द्वान् पुरा ती थिया,
काशीमैँ दुइ चार् सिलोक कविले वैराग्यका लेखिया ॥
काशीमैँ दुइचार् सिलोक कविले जो भक्तमाला अनी,
प्रश्नोत्तर् इनि मद्ध्य केइ त रच्या विद्द्यार्थिकाल्माँ पनी ॥

॥ १५ ॥

आत्मज्ञानबिसे छ नित्य रटना श्रीकृष्णको त्यो घरी,
दर्शन् शास्त्रहरू बुज्या ति कविले राम्रो बखत् तेइ् परी ।
कोइ् गर्ला त सरानि मान अपमान् गर्ला त निन्दा पनी,
तेस्माँ हर्ष-र-शोक्–रहित् कवि भया वैरागि जस्ता पनी ॥

॥ १६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[ पृष्ठभूमि ]

# पुरानो तनुङ* राज्ज्य

नेपालको राजधानी कान्तिपुर देखि छत्तिस कोस जति पस्सिममाँ तनुङ जनपद (जिल्ला) छ । ऐलेको तनुङ जनपद सबै पाहाडि क्षेत्रमाँ पर्छ ता पनि पुरानो तनुङ राज्ज्यमाँ मदेस पनि थियो। तनुङ राज्ज्यका सीमामाँ पूर्वपट्टि गोर्खा राज्ज्य, कर्मदा (मर्स्याङ्दि) नदी, उत्तरपट्टि लम्जुङ राज्ज्य र पस्सिमपट्टि घिरिङ् राज्ज्य र ढोर राज्ज्य थिए । दक्षिणपट्टि भने पाहाडि खण्डमाँ पाल्पा राज्ज्यको सीमा कृष्णा ( कालि ) गण्डकीको पूर्वाभिमुख प्रवाह थियो। तनुङ् राज्ज्यको मदेस खण्डमाँ ऐलेको चितावन् जिल्ला र भारतको विहार राज्ज्यको चम्पारनजिल्लामाँ पर्नि रामनगरराज्ज्य सबै र वेतियाको केह भाग पनि पर्थे ।

तनुङको पाहाडिभाग कालि सेति मादि मर्स्याङ्दि जस्ता ठुल्ठुला नदीहरु र अरु साना खोला नालाहरुले, हरियो बनले

---

* लेखाइमाँ तनहुँ तन्हौं तन्हुँ इत्यादि लेख्नि चल्ति भए पनि एस जिल्लाका माञ्छेहरु बोलाइमाँ तनुङ् राज्ज्य तनुङ् जिल्ला इत्यादि भञ्चन् । – सं० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढाकिएका हिमालयका प्रत्त्यन्तपर्वतहरुले र धान-झुल्नि साँगे म्याग्दे कलेस्ति बोर्धन चुँदि सुखौरा सत्त्रसए आदि फाँटले सुशोभित छ। आँप कटहर् बडहर् पँदेल वेलौँति सुन्ताला कडुस काफल औसेलु आदि फलफुलहरु याँहाँ प्रसस्त हुन्छन्। धान मकै माँस गअत तोरि तिल कोदो कबास फापर आदि याँहाँ प्रसस्तै उब्जिन्छन्। उत्तर दिशामाँ देवतात्मा हिमालयको मनोमोहक पावन दृश्य देखिन्छ। यो प्रदेश अत्यन्त रमणीय सुभित्त र सुखनिवसनीय छ। याँहाँ वाउन-ठकुरि-छेत्रि-न्याआर-मगर-घर्ति-गुरुम्-दरै-बोटे-कुमालहरु मिलजुल गरि बसोबास गर्दै आका छन्।

मदेस खण्डका सीमामाँ पस्सिमपट्टि पुण्यसलिला नारायणी नदी, पूर्वपट्टि बडिया खोलो (बडि नदी) र उत्तर-पट्टि माहाँभारत पर्वतमाला थिए। दक्षिणपट्टिको सीमा चुरे पर्वतदेखि आठ दसकोस दक्षिणतिर पथ्र्यो। एस्माँ भित्त्रि मदेस (चिताउन्) खण्डमाँ कडा औलो लाग्नि भएकाले कठेरिया थारु बाएक अरु टिक्न नसक्नि हुँदा बस्ति बाक्लो थिँएन। त्याँहाँ साल सिसौ सिमल आदि ठुला ठुला वृक्षहरुको घनो बन भएकाले हात्ति गैँडा बाग भालु चित्तुआ कृष्णसार हरिण एण चित्तल घोरल मुडुलि आदि पशुहरु र मजुर सुगा मैना आदि पक्षिहरु प्रसस्त पाँइन्थे। मृगयाका लागि यो स्थल अत्यन्त आकर्षक थियो। धान-मकै-मास-रअर-तोरि-तिल-हरु पनि याँहाँ प्रसस्त उब्जन्थे।

चुरेभन्दा दक्षिणको बाहिरि मदेस खण्डमाँ बस्ति बाक्लो थियो। याँहाँ पनि धान मकै आदि खाद्यान्न, आलस तोरि



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि तैलान्नहरु मास मसुरो रअर खेसरि आदि दाल्यन्न र आँप लिचि आदि फलफुल पनि प्रसस्त उब्जन्थे ।

यो तनुङ राज्ज्य पाल्पाका राजा मुकुन्दसेन-(प्रथम) का समयमाँ ( १५७५-१६१० ) पाल्पा कै प्रदेश रछ । उनका सेखपछि उनका भाइ छोरा भतिजाहरुले पाल्पादेखि मोरङ सम्म फैलिएको पाल्पा राज्ज्य फुटाएर छ भागमाँ बाँडि आँफ्ना आँफ्ना भागमाँ स्वतन्त्र राज्ज्य चलाएका रछन् । तनुङका प्रथम राजा भृङ्गिसेन ( १६१० - २८ ) रछन् । तेस पछि हम्मिरसेन तुलासेन दामोदरसेनहरु क्रमैले तनुङका राजा भा रछन् । राजा दामोदरसेनका पालामाँ (१७१०- ३० ) रिसिङ र राजपुरको राज्ज्य पनि तनुङमाँ गाब्बिएकाले माथि लेखिएको तनुङको सीमा इनैका पालामाँ स्थिर भाको रछ । दामोदरसेनपछि दिग्विजयसेन कामराजदत्तसेन - त्रिविक्रमसेन ( १७६८-१८२६ ) कामारिदत्तसेन-हरकुमारदत्तसेनहरु क्रमैले तनुङका राजा भएका रछन् । गोर्खालि राजाहरुले मिचे पछि हरकुमारदत्तसेन १८३६ संवत्देखि पाहाडि खण्ड छोडि रामनगरको जमिन्दारिमाँ बस्न थालेका रछन् । हरकुमारदत्तसेन पछि तेजःप्रतापसेन – अमरप्रतापसेन – रणमर्दनसेन -प्रह्लादसेन – मोहनविक्रमसाइहरु रामनगरका स्वामि भएका रछन् । दिग्विजयसेनले मुगलहरुसित सम्बन्ध राख्या हुनाले होला मुसल्बानि दर्बारिया शब्दहरु तनुङमाँ चलेका देखिञ्छन् । राजनीतिक कारणले मुगल -र- अङरेजसित सम्बन्ध राखेका भए पनि इ सेन राजाहरुमाँ धार्मिक प्रवृत्ति राम्रो थियो भञ्छन् । इनिहरु धर्म - कर्म - तीर्थ - बर्त - दान - पुण्य गरिरँदा रछन् । इनिहरु हस्तिदान - भूमिदान - आदि दान दिइ विद्वान्हरुको सत्कारगर्नमाँ र विद्याको रक्षा - र - वृद्धिमाँ पनि चाख राख्ता



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रछन् भन्नि कुरा गङ्गाविष्णुका लेखबड बुजिञ्छ [१]। हरकुमार-दत्तसेनको 'स्वस्तिश्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवं-शोद्भव-सदा - समाराधितसाम्बशिवलब्धीनारायण - श्रीमन्महाराजा-धिराज - श्री - श्री - श्री - श्री - श्रीमद्धरकुमारदत्तसेनदेवानां सदासमरविजयिनाम्' [२] भन्नि प्रशस्तिले पनि उक्त कुराकै पुष्टि गर्छ । तनुङका सेनराजाहरु बर्खामाँ तनुङसुरमाँ र बन्निपुरमाँ पनि बस्नि, हिँउदमाँ राजपुर - रामनगरतिर बस्नि र मदेस जानि-आउनि पनि बराबर गर्दा रछन् । तेस्ले गर्दा पाहाड-मदेस-को बाटो सुगम भाकाले र रामनगर - राजपुर सम्म आँफ्नै राजाको राज भाकाले तनुङका ब्राह्मणहरुलाइ काशि (वाराणसी) जान आउन पनि सजिलो पर्थ्यो ।

'यथा राजा तथा प्रजाः' [३] भन्नि उक्ति अनुसार तनुङका प्रजामाँ पनि धार्मिकप्रवृत्ति र सदाचार पनि राम्रो भएको बुजिञ्छ । तनुङ राज्ज्यको पाहाड मदेसको उर्वर भूमिको आयले देश सुभिक्ष भएको, ब्राह्मणहरुको ब्रह्मकर्ममाँ स्वाभविक प्रवृत्ति भएको र राजा - प्रजाको धार्मिक प्रवृत्ति भएकाले विद्वान् ब्राह्मण-

---

१. " दन्तिचित्योर्दानदो नीतिकर्ता विद्यावन्तो यत्र गर्जन्ति सार्थाः । कृत्याकृत्यालोचनार्थं निबन्धं कर्तुं सो (यो?) .मामाश्रितं ह्यादिदेश ॥"
- आचारदीपक ( राष्ट्रिय अभिलेखालय, काठमाण्डु, प्र० सू० सङ्ख्या १५०० ।)

२. इतिहासप्रकासमाँ सन्धिपत्त्रसङ्ग्रअ, भाग १ ( २०२२ ) पृ. ६५७ ( आकृतिछापहरु. पृ. १९ )।

३. राज्ज्ञि धर्मिणि धर्मिष्ठाः पापे पापाः समे समाः ।
राजानमनुवर्तन्ते यथा राजा तथा प्रजाः ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरुको आदर सत्कार समेत हुनि हुँदा तनुङमाँ विद्वान्हरु प्रसस्त भएका र विद्या र सदाचारको प्रचार पनि बेस्सरि भएको रछ । वाराणसीका ठुला ठुला विद्वान्हरुका सम्पर्कमाँ बराबर आउनाले तनुङका विद्वान्हरु उच्चकोटिका भएका रछन् ।

श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायणलाइ मिताक्षरा सुनाउन खोद्दा गोर्खामाँ मिताक्षराको पुस्तक नपाय्येकाले तनुङबडै मिताक्षराको पुस्तक ल्याय्येको कुरा इतिहासमाँ प्रसिद्धै छ[१]। पृथ्वीनारायणका पालादेखि राजेन्द्रविक्रमका पालासम्मका राजगुरु जयमङ्गल पौडेल, पण्डितराज व्रजनाथ पौडेल र प्रधान मन्त्री सम्म पनि भएका पण्डित रङ्गनाथ पौडेलको मूल घर तनुङमैँ थियो। गौरीश्वर पाँडे – वाणीविलासपाँडे - आदिका मूल पुरुष आँफ्ना समयका प्रभावशालि विद्वान् हुनाले सिद्ध कहलाएका लक्ष्मण पाँडे पनि तनुङमैँ जन्मेका थिए। तनुङको विद्याको वातावरणमाँ जन्मेका मकरन्द पण्डित शिवशर्मा पण्डित श्रीकृष्ण आचार्य आदि विद्वान्हरु उच्चकोटिका थिए। इतिहासशिरोमणि बाबुराम आचार्यका शब्दमाँ भन्नि हो भने '*वीर योद्धा जन्माउनमाँ जस्तो गोर्खा प्रसिद्ध थियो, उस्तै विद्वान् जन्माउनमाँ तनुङले नाम कमाएको थियो*'। शिवशर्मा सूरिले १८६० संवत्माँ प्रयागमाँ बसेर लेख्ता पनि तनुङलाइ "*सदद्वैताभिमतविद्वन्मण्डलीमण्डनायमान*"[२] भन्नि विशेषण दिएकाले

---

१. श्री ५ बडा महाराज पृथ्वीनारायणशाहको जीवनी (वीरपुस्तकालय २०२०) पृ० २९ - ३०।

२. वासुदेवरसानन्द (प्रयागस्थ-शिवशर्मसंस्कृतपाठशाला, १९९२ संवत्) पृ० ३०१।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि तनुङमाँ विद्वान्हरुको मण्डली राम्रै भएको बुजिञ्छ ।

शिक्षामाँ तनुङ प्रसस्तै अगि बढेको बुजिञ्छ । शिक्षा कुनै संस्थागतरूपमाँ भएको प्रमाण केइ पाँइदैन त पनि विद्वान् ब्राह्मणहरुले घरघरै विद्यार्थिहरुलाइ विद्यादान दिनि गरेको बुजिञ्छ । 'विद्या हराए काशि जानु' भन्नि उक्तिका साथसाथै चलेको 'विद्या हराए कास्कि जानु' भन्नि उक्तिको अनुरूप पछि-पछि कास्कितिर पनि उच्च अध्ययनका लागि जानि चलन थियो त पनि उइलेइ उइलेइ उच्च अध्ययनका लागि प्रायः काशि नै जानि चलन थियो । सामान्न्य व्यावहारिक पाण्डित्य प्राप्त गर्न भने अन्यत्र कहँ जान पर्थेन ।

तनुङमाँ पनि विशेषतः चुँदिका ब्राह्मणहरुमाँ शिक्षाको ज्योति पछिसम्म पनि बेस्सरि बलेको पाइञ्छ । किन भने चुँदि पाल्पादेखिका माञ्छे पनि पढ्न आइपुग्नि शिक्षाकेन्द्र भएको बुजिञ्छ[१] । फेरि पछिपछिका प. विश्वनाथ जस्ता प्रखर पण्डितहरुको वैदुष्य, उनप्रतिको व्यापक श्रद्धा र विश्वसनीयताले पनि उक्त कुराको पुष्टि गर्छ । पाहाडमैँ जन्मेर बडेर अध्ययन गरि काठमाडौँ गै अकस्मात् राजपुरोहित हुन पुगेका उपल्ला चुँदिका प. प्रयागदत्त पण्डित, तथा प्रयागदत्तकै भतिजा र श्रीकृष्ण आचार्यकै वंशज ( छोरिपट्टिका ) वर्तमान राजगुरु प्रा. जुननाथ पण्डित प्रभृतिका विद्वत्तावड पनि तनुङ चुँदिको विद्यापरम्पराको झलक पाइञ्छ ।

---

१. 'पाल्पाको छविलाल् पढू भनि चुँदी आईबस्याको थियाँ ।
यो रुद्री हरिकृष्णलाइ अहिले माफीक लेखी दियाँ ।'
इत्यादि भनाइबडि यो कुरा प्रमाणित हुञ्च । – स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सदाचार र सत्प्रवृत्तिहरुको मूल शास्त्र[१] नै भएकाले र उक्त प्रकारले तनुङमाँ शास्त्रको राम्रो प्रचार भएकाले तनुङमाँ ब्राह्मणहरुमाँ आचार पनि राम्रो थियो र पछि सम्म पनि भक्ष्याऽभक्ष्य आचार-विचार आदिमाँ याँहाँका ब्राह्मणहरुमाँ बडो उच्चता र दृढता रैरहेको थियो र अझै पनि केइ न केइ छ ।

धर्म ब्राह्मणमूलक[२] भएकाले र तनुङका ब्राह्मणहरु शिक्षित र सदाचारि भएकाले अन्य ठकुरि छेत्रि मगर गुरुम आदि जातिमाँ पनि धार्मिक भावना राम्रो थियो । तसर्थ परम्परागत मर्यादा र रीतिथितिको खबैबड राम्रो पालना भएको बुजिन्छ । साथै एस धार्मिक संस्कारको सुदृढीकरणका लागि पनि सबै पक्षबाट चेष्टा भएको कुरा तनुङ्ङे राजा त्रिविक्रम सेनले ठिकै खालका पण्डित गङ्गाविष्णु गौतमलाइ पनि आचारदीपक[३] लेख्न

---

१. न प्रवृत्तिर् ऋते शास्त्रात् कदाचिदिति निश्चयः ।
यदन्यद् वेदवादेभ्यस् तदशास्त्रमिति श्रुतिः ।-शान्तिपर्व २६९ । ५९ ॥

२. चातुराश्रम्यधर्माश्च वेदधर्माश्च पार्थिव ।
ब्राह्मणेनाऽनुगन्तव्या नान्यो विद्यात् कदाचन ॥-शान्तिपर्व ६५।९ ॥

३. दन्तिचित्योर्दानदो नीतिकर्ता विद्यावन्तो यत्र गर्जन्ति सार्थाः ।
कृत्याकृत्यालोचनार्थं निबन्धं कर्तुं सो (यो?) मामाश्रितं ह्यादिदेश ॥
विद्वान् गौतमवंशजो द्विजवरः श्रीरामचन्द्राभिधस्
तत्पुत्रो जयदेवनामधरणीदेवोऽभवत् पुण्यवान् ।
तत्पुत्रोऽल्पमतिर्निबन्धमकरोदाचारदीपाभिधं
गङ्गाविष्णुरनेकतन्त्रमवलोक्याज्ञाधरो भूपतेः ॥
यद्यपि ग्रन्थनिर्माणयोग्यमध्ययनं न मे ।
तथापि क्षम्यतां प्राज्ञैः साहसोऽयं नृपाग्रहात् ॥
इति श्रीत्रिविक्रमनृपाज्ञया गङ्गाविष्णुद्विजरचित आचारदीपको ग्रन्थः समाप्तः । श्रीशाके १६७४ ज्येष्ठ सुदि ५ पञ्चमी लिखितमिदं पुस्तकं शिवशर्मभुवनेशाभ्याम् । ( राष्ट्रिय - अभिलेखालय - ( काठमाण्डु )माँ रएको आचारदीपकको अन्तिम अंश )।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ृकाले पनि देखिञ्छ । चुँद तामाकोटको उत्तरतिर पर्नि
तपुरका मकरन्द पण्डितले ज्ञानदर्पण[१] भन्नि ग्रन्थको रचना
ा हुनाले मोक्षशास्त्रको पनि याँहाँ राम्रो अध्ययन र प्रचार
गरेको देखिञ्छ । सेनराजाहरुले आँफुलाइ रामचन्द्रवंशोद्भव
न र मकरन्द पण्डित जस्ता पण्डितहरु पनि रामका भक्त
काले[२] रामभक्तिको पनि तनुङमाँ प्रचार भएको बुजिञ्छ ।
ङकै संस्कारले संस्कृत शिवशर्माले पनि रामचिन्तालहरी[३]
न र रामायणार्थप्रकाश[४] भन्नि ग्रन्थ नै रचेकाले पनि यो
पुष्ट हुञ्छ ।

---

एस ज्ञानदर्पणको शिवशर्मसूरिले वासुदेवरसानन्दमाँ उल्लेख गऱ्या छन्, पृ. ३२ । –स० ।

दुर्वासनाविषावर्ते भवाब्धौ भ्राम्यतां नृणाम् ।
कथञ्चिदुपसन्नानामेको रामः परायणम् ॥ इति स्वकृतज्ञानदर्पणे श्रीमत्तातपादाः।– वासुदेवरसानन्द, पृ. ३२ । – स० ।

रामचिन्तालहरीको वासुदेवरसानन्दमाँ २७९ पृ. माँ उल्लेख छ।-स०।

रामायणार्थप्रकाशको वासुदेवरसानन्दमाँ १८२ पृ. माँ उल्लेख छ।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



तनुङको तल्लो चुँदिका गाम तिलाहार, तामाकोट रम्गा छन् । तिन्माँ रम्गा बिर्ता थियो । पछि घर रम्गापट्टि बन्याथ्यो त पनि श्रीकृष्ण आचार्यको गाम घर तामाकोट पट्टि नै भएको बुजिन्छ । श्रीकृष्णका काका छोरा इन्द्रविलास बसेको गामको घर श्रीकृष्णको मूल घर भएको देखिन्छ ।




Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकृष्णका पूर्वजहरुमाँ श्रीकृष्णभन्दा अगिल्ला नौ पुरुष सुम्मकानाम(सूर्योपाध्याय,सुनन्दनोपाध्याय,इन्द्रमणिउपाध्याय,विष्णुहरिउपाध्याय मणिकण्ठोपाध्याय, स्थानेश्वरोपाध्याय, ऋषीश्वरोपाध्याय, बालानन्दोपाध्याय अग्नीश्वरोपाध्याय) उपलब्ध छन् । तर उनिहरु काँठबाट चुँदामाकोटमाँ आएका हुन् भन्नि कुरा भने केइ पनि सुनिदैन। तनुङको साँगेका, सासफाँटका र पुर्कोटका अचार्जहरु हाँम्रा पुर्खा चुँदिबाट याँहाँ आएका हुन् भन्छन् त पनि उनिहरुसित चुँदेलिहरुको पुस्तेउलि यथार्थरूपमाँ थाहा पाँइदैन । तसर्थ अचार्जहरु चुँदिमाँ धेरै नै अगि (अनिश्चितकाल) देखि बसोबास गर्दै आएका बुजिञ्छन् । सेन राजाहरुसित इ अचार्जहरुको विशिष्ट सम्बन्ध भएको र सेन राजाहरुले इनलाइ आदर गरि भूमिदान समेत दिएको [१] कुरा बुजिएकाले इनिहरु पनि पाल्पा-तिरबाट सेनराजाहरुसितै तनुङमाँ आएर चुँदिमाँ बसे-जस्तो बुजिञ्छ । राजसम्पर्कका निम्ति तनुङसुरको राजप्रासादको नजिकै बस्नका लागि धारापाँनिमाँ पनि इनिहरुको घर थियो भन्निकुरा बुडापाकाहरुबाट सुनिन्थ्यो। एसै आचार्यवंशमाँ विक्रमका उन्नाइ-सौँ शताब्दीका द्वितीय दशकतिर अग्नीश्वर उपाध्यायबाट श्रीकृष्ण आचार्यको जन्म भएको रछ । अग्नीश्वरका सन्तान जन्मिदै गर्दै गरेकाले श्रीकृष्ण जन्मिनि बित्तिकै उनलाइ गोबरसित

---

१. १९४२ साल चैत्र वदि ५ रोज ५ मितिमाँ भएको, १८६८ संवत्को बिर्ताहरणपछि १९३९ सँवत्का बालिदेखि सट्टा बिर्ता दिएकामाँ भएको लालमोहोरमाँ 'जोषुपाध्या अचार्जका बिर्ता' भन्नि उल्लेख भाकाले यो बिर्ता जोषु(खु)का पुर्खालाइ सेनहरुले दिएको र साहराजाहरुले जोषु(खु)का पालामाँ थमौति गर्दिएको बुजिञ्च ।– स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोखिएकाले उनको व्यावहारिक नाम जोखु रहन गाको बुजिञ्छ
अग्नीश्वरले आँफ्ना एक मात्र पुत्र भए पनि तनुङको विद्या
वातावरण अनुसार् श्रीकृष्णलाइ राम्रो शिक्षा दिइ योग्य विद्वा
बनाएका रछन् । श्रीकृष्णको विद्याको परिचय भानुकै उक्तिबा
पनि पाँइञ्छ । उनले आँफ्ना बाउको विद्यागुणको केइ उल्लेख
नगरि जिबाउ श्रीकृष्णलाइ विद्यामाँ धुरन्धर भनेकाले श्रीकृष्णको
विद्वत्ता गम्भीरै भएको बुजिञ्छ । श्रीकृष्णका पुर्खाले वा उनले
नै तनुङ्ङे सेन राजाहरुबाट धेरै नै बिर्ता पाएको र तनुङ
१८३९ संवत्माँ गोर्खामाँ मिलेपछि साहराजाहरुले पनि उनको
बिर्ताको थमौति गर्दिएको बुजिञ्छ । श्रीकृष्णको ५६८ मुरि
खेत बिर्ता र अरु रैकर खेत समेत गर्दा २५०० मुरि खेत
तेइ अनुसार पाखो थियो । छ भाइ छोरा ( धनञ्जय, काशिनाथ,
पद्मनाभ, तुलसीराम, गङ्गादत्त, इन्द्रविलास ), दुइ वैनि छोरि
( जेठि रुद्रप्रिया मिर्कोट परशुराम सिग्देललाइ दिएकि, काञ्छि
रमा गोर्खा भोटिनिका यदुनन्दन अर्जेललाइ दिएकि ), धन
धान्यसमृद्धि, बाँदा-गोठाला, धर्मकर्म, इष्टापूर्त, विद्या, सदाचार
सबै थोकबाट श्रीकृष्णको ख्याति भएको बुजिञ्छ । जित्नपर्नि
र जिबिएका राज्यका ख्यातिप्राप्त प्रतिष्ठित कुलका माञ्छेलाइ
राजकाजमाँ लाएर आँफ्ना हितैषि बनाउनि साह राजाहरुको
नीति भएको र राजप्रासादका सम्पर्कमाँ रएका श्रीकृष्णका कुटु-
म्बलाइ नएँ राजकुलको सम्पर्क स्पृहणीय भएकाले श्रीकृष्णका
जेठा छोरा धनञ्जयले खर्दारि जागिर खाएका रछन् । उनले
कैलेदेखि कुन कुन अड्डामाँ जागिर खाएका थिए भन्नि कुरा
प्रष्ट बुजिदैन त पनि १८८२ संवत्माँ उनि खर्दारमाँ बाहाल
रहेको र काठमाडौँमैँ कुनै अड्डामाँ भएको कुरा उनका



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामको लालमोहोरबाट देखिञ्छ [१] । धनञ्जयले १७१७ शाके-माँ (१८५२ वैक्रमाब्दमाँ) प्रश्नप्रदीप पुस्तक लेखेको देखिए-

---

१. तेस लालमोहोरको प्रतिलिपि एइ हो –

श्रीदुर्गा सहाये

श्रीपसुपति २

श्रीवडाजिज्यूवाज्याज्यू १ श्रीलुच्चुभुलु ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजराजेन्द्रविक्रमसाहवहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम् — — — आगे तनहु वस्न्या षर्दार धनञ्जय उपाध्या अचार्जके कर्णैल उजीरसिंह थापालाई विरामी भै [२]मा लै जादा संकल्प गरि दान गर्नकन वक्स्याको घर १ अधि २ नेपाल प्रवेश हुँदा महाबौध ढोका छेउका जैमुगर्सि ज्यापुहरुका घर पाताल हरि लछिमन् षवासहरुलाई वास दिराष्याको माहाबौध ढोका छेउका घर-रधाला पातपौको वारि पातालदेखि पश्चिम : कपतान प्रसादसिंह वस्न्यातले चर्च्याको वारिका पर्खालदेषि उत्तर थाकुसि ज्यापुको घर र बारि पातालदेषि पूर्व बाटोका जिमीर जैमुगर्सि ज्यापुका पौकोदेषि दछिन येति साधभित्र घरषा २ हात १८ अंगुल १२ पातालषा ११ हात २० अंगुल १२ लछिमन् षावाषहरुको वास हानि विर्ता गरिवक्स्यौं यस् घरको छेडिमा ३ का षत राषन दिनु पर्छ यो विर्ता साध लाउँदा सधियार जयदेउ पंठ. मोदनाथ अर्ज्याल गोकुल षनाल दलसुर वोहोरा डिठा कालीदास कर्मिनायक विनरसि गोपाल भांनारान् लह्रपति जनधंतसि संतान दरसंतान प्रर्ज्यंत विर्ता जानि भोग्य गर ईति सम्वत् १८८२ साल मिति चैत्र सुदि ३ रोज २ सुभ्म् ।

एस्को पछाडि मार्फतमाँ सै गर्निहरु :–

"मार्फत भक्तवीर थापा मार्फत् भीमसेन थापा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काले[1] उनको जन्म विक्रमाब्दका उन्नाइसौँ शतकको चतुर्थ दशकमाँ भएको बुजिञ्छ । एसरि श्रीकृष्णको घर धन – जन – विद्या- सदाचार – धर्मकर्म – आदर्शगार्हस्थ्य – राजा ऽऽ श्रय इत्त्यादि सबै कुराले परिपूर्ण भएको देखिञ्छ ।

---

| | |
|---|---|
| मार्फत कालीदास | मार्फत् प्रसादसिंह वस्न्यात् |
| मार्फत दलभञ्जन पांडे | मार्फत् उदयगिरि |
| मार्फत प्राणसाह | मार्फत् रणौद्योत साह |

( एसको सक्कल् चुँदि रम्गाका ख० शालिग्राम पण्डितसँग छ, यो नक्कल वाँहाँकै सौजन्यले तेसै सक्कलबाट सरिएको हो, साथै हरेक लालमोहोरको एक प्रति राख्नि अड्डामाँ पनि होला । शिरका नाममाँ १, २ अङ्क सक्कलमाँ नै एताउति परेकाले याँहाँ पनि उस्तै छन् । एस लाल्मोहोरमाँ उल्लिखित घरबड बिरअस्पताल – क्याम्पा बनाउँदा सर्कारले घरको रुप्पियाँ दिइ बस्ति उठाको हो भञ्चन् ) । यो लालमोहोरको नक्कल एस ग्रन्थको प्रथम संस्करण [ २०१७ ]–माँ पनि [ प्रि० १२१–२२ ] मुद्रित थियो; तथापि श्रीबालकृष्ण पोक्खेलले पाँच सय वर्षमाँ [ प्र. सं. २०२०, प्रि० ६२४–२५; द्वि० सं. २०३१, प्रि० ४१३-१४] स्रोतको उल्लेख नगरि प्रकासित गऱ्या देखिञ्च, त्याँहाँ स्रोतको उल्लेख आवस्यक थियो । – स० ।

१. " मार्गशीर्षासिते पक्षैकादश्यां सोमवासरे । धनञ्जयेन लिखितं प्रश्नप्रदीप–पुस्तकम् श्रीशाके १७१७ शुभम् " भनि समाप्त गरिएको यो हस्तलिखित पुस्तक भानुपुस्तकालय–(चुँदि–रम्गा)माँ ३७२ सङ्ख्यामाँ पञ्जीकृत गरि राखिया छ । – स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## ( जीवनचरित्र )

## भानुभक्तको जन्म

नेपालिहरुको, नेपालराष्ट्रको र नेपालि भाषा तथा साहित्यको भाग्योदयले गर्दा उपर्युक्त आचार्यवंशमाँ १८७१ संवत्का सौर आषाढ २६ गते कृष्णपक्षका अष्टमीका दिन रविवारमाँ दिनको ३१ घडि ३२ पला जाँदा धर्मावतीदेवीका गर्भबाट खर्दार धनञ्जय आचार्यका छोरा नेपालि राष्ट्रियताका परिपोषक नेपालि भाषाका मर्मज्ञ प्रयोक्ता र नेपालि साहित्यका अद्वितीय स्रष्टा भानुभक्त आचार्यको जन्म भयो [१]।

भानुभक्तको जन्म काँहाँ भयो भन्नि कुरा निश्चित छैन। धनञ्जय जुन अड्डामाँ जाँहाँ खर्दार थिए तेँइँ डेरामाँ भानु जन्मेका पनि हुन सक्छन्। तनुङ चुँदिमाँ नै जन्मेका भए उनि ताँमाकोट गामको श्रीकृष्णको मूल घर भएको ठाममाँ जन्मे होलान्। २०१७ संवत् भन्दा अगि बिसिमाँ चइत् देखि कात्तिक सम्म औलो लाग्थ्यो। तसर्थ बिसिमाँ उनको

---

१. एस बिसयमाँ अरु बिवेचना 'भानुको जन्मदिन' भन्नि परिसिष्टमाँ र मुक्तक पद्यका प्रकरणमाँ पँनि गरिया छ। – स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म हुन सम्भव छैन ।[१] धनञ्जयको घर तल्ला रम्गामाँ, रम्गामाँ वा धर्मशालामाँ बनेको छ भाइ भिन्न भए पछि हो। भानुको जन्म छ भाइ नछुट्टिँदै भएको हो ।

## भानुभक्तको बाल्यकाल र अध्ययनारम्भ

भानुभक्तको बाल्यकाल उच्च समृद्ध कुलका द्विजाग्र्य बालकहरुको जस्तो हुन्थ्यो तेस्तै भयो । तेसमाँ पनि खर्दार धनञ्जयका ढिलो गरि जन्मेका छोरा हुनाले लालनपालनमाँ उनले विशेष सुविधा पाए । उनि जाँहाँ जन्मेका भए पनि उन्को अध्ययनको[२] आरम्भ हुनि वेलामाँ धनञ्जयलाइ सर्खारि कामले गर्दा फुर्सद नहुनि हुँदा र श्रीकृष्ण आचार्य परिपक्व, फुर्सदवाला र धुरन्धर विद्वान् पनि भएकाले श्रीकृष्ण र

---

१. धनञ्जयकि पत्नि सम्पन्न घरकि बुआरि भएकिले मेला–पात गाऽ वेलामाँ वा बिसि गाऽ वेलामाँ भानुको जन्म भाको मान्न सकिँदैन । –स० ।

२. भातख्वाइका दिन भात खाइ सुतेर बिँउजे पछि भानुले पैलेइ पुस्तक अनि कलम समाति कलम मसिमा पारेको कुरा, १८७५ संवत्को माघ मैनामाँ भानुको लिपिग्रहण (अक्षरारम्भ) गराय्या कुरा, अच्छेर चिनेपछि उनले पैलेइ याज्ञवल्क्यप्रणीत सप्तश्लोकी सूर्यकवच पढ्या कुरा, बर्तुन हुन भन्दा पैलेइ नै अम्मरकोस पडिसक्या कुरा, १८७८ संवत्माँ भानुको बर्तुन भाको कुरा, धनञ्जयले नै भानुलाइ बेद, काब्य, कौमुदि पडाको कुरा र धनञ्जलयले ज्योतिष नजानेका हुमाले १८८३ संवत्माँ भानुलाइ ज्योतिष पड्न उनैको चिना बँनाउनि ज्योतिषिकाँऽ पठाको कुरा सु० रङ्गनाथले भानुभक्तमणि-मालामाँ परिचय भन्नि शीर्षकमुनि लेखेका छन्; तर ति सबै नै कुरा प्रामाणिकै हुन् भन्न मिल्नि जस्तो छैन; किनभने धनञ्जयले ज्योतिषको अभ्यास गरेको प्रमाण पाइञ्च, र काब्यकौमुदिहरु भानुलाइ श्रीकृष्णले नै पडाको बुजिञ्च । – स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनञ्जयका विचारबाट अध्ययनार्थ भानुभक्त जिबाउसितै बसेका थिए । उनि जिबाउका मुखबडै सुनि संस्कृतका स्तोत्र-हरु कण्ठपार्थे । लिपिको र गणितको अभ्यास गर्थे । उनि राद्दिन साँझ-ब्यान जिबाउसितै रहन्थे । श्रीकृष्ण सँदैँ शास्त्रको, धर्मको र अध्यात्मको चर्चा गर्थे । जिबाउले अभ्यास र पाठ गरेका ग्रन्थहरु सामान्यतया भानुभक्त सुन्थे । एस्तै वातावरणमाँ दुर्गाकवच, सप्तशती, रुद्द्री, वेद, व्यावहारिक ज्योतिषका मुहूर्त-मार्तण्डादि ग्रन्थ, अमरकोश, रघुवंशादि काव्यका केइ सर्ग, चुरादि सम्म मद्ध्य-कौमुदी पनि उनले तनुङ चुँदिमाँ आँफ्नै घरमाँ जिबाउसित पढे ।

## भानुभक्तको विवाह

भानुभक्तको एक बिया तेस बेलाका चलन-अन्सार् उनि तेरै वर्षका हुँदा भएको रछ [१] । उनको दुइ बिया भाको कुरा भानुका ऐले सम्म पनि जीवित नाति शिवभक्त आचार्यले भानुका दुइ पत्नीलाइ पिण्ड दिनि गरेकाले बुजिञ्छ । तर उनको एक बिया तनुङ भानुङका सत्यधर [२] खँदालका वंशज विद्या-धर खँदालकि छोरि (चन्द्रकलादेवी)सित भएको भन्नि कुरा मँत्रै थाआ पाय्येको छ, आर्को बिया काँहाँ कस्कि छोरिसित

---

१. कसैले भानुको यो बिया उनि एगारै बर्सका हुँदा १८८५ (?) संवत्मा भाको कुरा लेख्या छन्; र कसैले यो भन्दा पैलेइ नै उनको पैलो बिया भैसक्याथ्यो पनि भन्याँऽ छन् । – स० ।

२. नेपालमाँ प्रचलित अग्निस्थापनादि कर्मकाण्डका 'रामुपद्धति' भनि प्रसिद्ध पद्धतिहरु इनै सत्यधरका छोरा रामोपाध्यायले बनाएका हुन् भनि कसै कसैले भनेको पाइञ्च । – स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाको भन्नि कुरा निश्चित रूपमाँ था छैन [१]। खर्दार धनञ्जयले जागिर खाका ठाँमतिरै टाडातिर भानुको त्यो बिया भाकाले वा तेस बियापट्टिका सन्तान नरएकाले तेसको विशेष कुरा थाहुन नसक्या देखिञ्छ। भानुका शिवशङ्कर भन्नि आर्का छोरा रमानाथ पछि जन्मेर किशोरावस्थामैँ बितेका हुनाले ढिलो गरि जन्मेका रमानाथ एक छोरा मात्र चिरञ्जीवि देखिएका र तनुङ कलेस्तिका गुर्जुलाइ दिएकि लक्ष्मी भन्नि एक छोरि मात्र देखिएकिले; धनञ्जयका पनि भानुभक्त मात्र छोरा र पालुण्टार विछेनाथ देउकोटालाइ दिएकि एक मात्र छोरि भएकिले; सन्तानको फैलावट होस् भन्नि आशयले नै भानुको दुइ बिया भाको वा एक पत्नीको चाँडै नै स्वर्गवास भाकाले [२] आर्को बिया भाको हुनपर्छ।

## भानुभक्तको वाराणसी-गमन र अरु अध्ययन

भानुभक्त चौद वर्षका हुँदा श्रीकृष्ण आचार्यको अवस्था सत्तरि वर्ष भन्दा बडिको भैसकेको थियो। तेस वेला

---

१. सत्यवरकि छोरि बिया गर्नुभन्दा अगि नै राङ्रुङ्माँ भानुको पैलो बिया भाको भन्नि पँनि सुनिञ्च। भानुका ऐले सम्म जीवित नाति शिवभक्तले भानुका दुइटि पत्नीलाइ पिण्ड दिनि गरेकाले भानुको दुइ बिया भाको कुरो प्रामाणिक हो भन्नि कुरा २०३० संवत्को भानुजयन्तीका प्रसङ्गमाँ रेडियो – नेपालबाट रे. ने. को कार्यक्रमका लागि सामग्रीसङ्कलन गर्न आएका श्री उपेन्द्रराज प्रेमिलाइ मैँले भनेको थिएँ र वाँहाँले टेप–रेकर्ड गरि लगेर रे. ने. बाट एस कुराको प्रचार पनि गर्नु भएको थियो।

२. भाँनुका सौतासौतिव्यवहारसम्बन्धि रचनाले (मु० प० २७ वधूशिक्षा, श्लो० १३) भने भाँनुका घरमाँ सौतासौति – व्यवहार धेरै कालसम्म नै भएको छनक दिञ्चन् भन्न सकिञ्च। – स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुगिसरि आउनि बुडा-बुडिहरु काशि-मरणका लागि काशि जानि कुरा अत्यन्त प्रचलित भएकाले श्रीकृष्णका बुडाबुडि पनि काशि गएका रछन् । भानुभक्त पनि अध्ययनका लागि आँफ्ना जिबाउ श्रीकृष्णसित काशि गएका थिए । भानुभक्त साँज-ब्यान जिबाउसित र दिउसो विद्यालयमाँ गै पड्थे । वाराणसीमाँ समय समयमाँ हुनि विद्वत्सभाहरुमाँ र शास्त्रार्थप्रतियोगिताहरुमाँ भानुभक्त सम्मिलित हुन्थे र तिनबाट आँफ्नु विद्याको अभिवृद्धि गर्थे । एसरि सत्र-अठार वर्षका अवस्थामाँ नै भानुभक्तले दर्शन-शास्त्रहरुको राम्रो ज्ञान प्राप्त गरिसकेका थिए [१] ।

---

१. अङ्कलवाजिका आधारमाँ भनिएका 'मेरो विचारमाँ भवानीदत्त तथा भानुभक्तले तेस्तै अखडाका कुरा सुनि वेदान्तको ग्याँन कमाएका हुन् भन्नि लाअ्च' 'आत्मा एस् रितले चिनिञ्च इत्यादि भनाइको अन्सार् काँम गरेका भए उनिहरुका मालिक भिउसिनथापा र क्रिष्णबादुर राणालाइ रिजाउनि प्रव्रित्ति उनिहरुको नहुन पर्नि हो भनि भन्दा प्रमाणविरुद्ध होला जस्तो मलाइ लाअ्दैन' [ गल्लिमाँ फ्याँक्किएका कसिङ्गर, (काठमाण्डु, २०१८) उपोद्घात, प्रि० १५६ ५८ ] इत्यादि भनाइ र तेसको 'भानुभक्तमाँ वेदान्तको बास्तबिक अभिज्ञता थिएन' भन्नि भाब निर्मूल हुन् । वेदान्तिले युक्तिका आधारमाँ पुनर्जन्मादिको र आत्माको सिद्धि गर्न सक्नपर्च भन्नि ठान्नि उक्त पङ्क्तिका लेखकमाँ वेदान्तको अभिज्ञता-अनभिज्ञताका बिसयमाँ टिप्पणि गर्न कति अधिकार छ त्यो वेदान्तका बास्तबिक पण्डितलाइ मैँत्रै राम्रो थाहा हुन सक्च । - स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## भक्तमालाको र प्रश्नोत्तरमालाको प्रारम्भ

वाराणसीमाँ जिबाउंसित बस्ता भानुभक्तले वैराग्यका कुरा वारंवार सुनेका र ति उन्का हृदयमाँ गडेकाले वैराग्य विषयका भक्तमालाका दुइ चार श्लोक बनाएका रछन् र शङ्कराचार्यकृत प्रश्नोत्तरमालिका जिबाउ श्रीकृष्णले नित्य पाठ गरेको सुन्दा उनलाइ राम्रो लागि आँफुले पनि वारंवार भन्दा कण्ठस्थ भै राखेको रछ र तिमध्ये केइ श्लोकको श्लोकैमाँ अनुवाद गरि एकातिर लेखिराखेका पनि रछन् । भानुलाइ काशिमाँ छँदै विद्यार्थि कालमाँ नै भाषाकविता गर्न ठुलो उत्कण्ठा भैराखेको रछ ।

## वाराणसीमाँ श्रीकृष्णको देहत्याग

पाल्पाबाट आँफ्ना जेठा छोरा खर्दार धनञ्जयले र घरतर्फबाट पाठइदिएको प्रसस्त खर्चले श्रीकृष्ण, बुडि, नाति भानुभक्त, भन्से र नोकर समेत सुबिस्ता साथ पालि काशिमाँ बस्ताबस्तै श्रीकृष्णकि बुडि पैलेइ परलोकभै तेस भन्दा एक वर्ष पछि श्रीकृष्ण पनि परलोकभए । तिनताक तनुङ चुँदि तर्फबाट काशि जानि-आउनि कुरो पाँनि – पँदेरो जस्तो थियो । तनुङ जिल्लाका मानिस देहान्तका निमित्त काशि कुर्नि धेरै थिए । श्रीकृष्णका अन्त्य अवस्थामाँ कवि भानुभक्त मात्र हैनन् उनका काँइला बाउ ( श्रीकृष्णका काँइला छोरा ) तुलसीराम पनि काशिमाँ वार्धक्यक्षीण भएका बाउका साथमाँ थिए ।

## भानुको स्वपरिचयात्मक पद्यको रचना

जिबाउ परलोकभएपछि भानुभक्त एक वर्ष सम्म काशिमाँ बसि पडेकै रछन् । तेसै मौकामाँ एक दिन पण्डित-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काशिमाँ बसि पडेकै रहेछन् । तेसै मौकामाँ एक दिन पण्डित-सभामाँ गै शास्त्र – छलफल सुनेका बखत भानुभक्तले विद्वन्मण्डलीमाँ एक गैरो प्रश्न गरेछन् । ठिटै अवस्थाको विद्यार्थि मानिसले वेदान्तको सिद्धान्त अवस्थाको उत्तर दिन गारो कुराको प्रश्न गरेको सुनि आश्चर्य मानि तेइ सभामाँ बसेका एउडा नेपालि विद्वान्ले 'विद्यार्थि जस्ता ठिटै मानिसले एस्तो प्रश्न गर्नि तिमि को होउ ? काँहाँ हो घर ? कोसित पडेका छौ ?' भनि सोद्दा भानुभक्तले उन्नाइस वर्षका अवस्थामाँ कविता गरि एउडा कागतमाँ सिसाकलमले लेखि उनलाइ दिएर चकित पारिदिएछन् (मुक्तकपद्य सङ्ख्या १)।

## धनञ्जयको अस्वस्थता

एस्तैमाँ पाल्पामाँ आँफ्ना पिता धनञ्जय खर्दार ठुलोबिरामि भएको चिठि बनारसमाँ पाइ, तेसमाँ सो 'पत्रवाला सँग तुरुन्त पाल्पा आउनु 'भन्नि लेखिएकाले भानु बनारसबाट पाल्पा पुगेछन् । औसदि गर्दा धनञ्जयलाइ केइ दिन पछि सञ्चो जस्तो भएछ । बेथा राम्रो काटिएनछ । अड्डामाँ गै काम गर्नसम्म अलि अलि सकेछन् । पाल्पामाँ जागिरे भए पछि सबै दाजुभाइ छ घर भै छुट्टिएकाले ख० धनञ्जयका घरमाँ घर धान्नि केवल चाकर - बाकर मात्र थिए र धनञ्जयले 'मँ पनि रोगाउँछु कि जस्तो भएँ, जीवितको के भरोसा, तँ घरमाँ गै बसि आँफ्नु घर समाल्, चाँइनि तँलाइ नै हो, घर बिग्रला, अब पढ्न छोडिदे, जति पढियो भैगो' भनेछन् ।

## भानुको गृहव्यवहारप्रवेश

आँफ्ना पिता धनञ्जयको उक्त प्रकारको आज्ञा हुँदा कवि भानुभक्त काशिमाँ पडेको विद्या र सङ्गतबाट घर बिग्रे –नबि-



90422

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रेकामाँ शोक - हर्ष नलिनि भैसकेका थिए र उन्को अरु बडि पड्नमैं रस बसेको थियो त पनि लौकिक-व्यवहार - अन्सार् बाउको आज्ञाको लङ्घन गर्न नसकि आँफ्ना घरमाँ आएछन्, पड्न छोडेछन्, यौवनपूर्ण भएकि ब्राह्मणीसँग सहवास भै विषयमाँ परेछन् ।

## मुक्तक पद्यहरुको रचना

आत्मज्ञानि भैसकेका विषयलाइ चिनेका हुनाले भानुभक्त विषय-भोगमाँ परे पनि तेस्माँ लम्पट नभै लौकिक व्यवहार गर्दै रहँदा उन्को कविता पट्टि आसक्ति बनारसैदेखि भैराखेकाले फुट्कर श्लोक पनि बनाउनि, आँफै ति श्लोक एताउति हिँड्दा बस्ता रटिरहनि, आँपनु नौसान परेको देखेर पनि न.आत्तिनि, हँसिलै रहनि गर्दा रछन् । एस्तो चाल देख्ता लोकको गति नबुजेका व्यवहारासक्त मानिसले भानुभक्तलाइ 'ति माञ्छे सिल्लि-का छाँटका छन्' पनि भनेछन् ।

## प्रश्नोत्तरमालाको अनुवादको पूर्ति

एसै मौकामाँ कविले काशिमाँ मन्गरि केइ थालेको प्रश्नोत्तरमालाको उल्था गरि सकियो पूर्ण भयो भन्नि पारेछन् । गृह-कर्म पनि गर्दै छन्, कवितातिर मन पनि दिँदै छन्, एको-होरो कवितातिर लाग्न नपाँउँदा घरको झञ्झटदेखि पिरिँदै छन्, एस्तै भै समय जाँदै रछ !

## अध्यात्मरामायणका अनुवादको प्रारम्भ तथा बालकाण्डको समाप्ति

एस्तैमाँ कविता तिर लहड् दिँदादिँदै अध्यात्म-रामायणमाँ आत्मज्ञानको प्रक्रिया ठाँमठाँमै भएको, छोट्करि राम्रा कथा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको र मर्यादा-पुरुष भगवान् रामको चरित्र भएको हुँदा जिबाउ श्रीकृष्णले पनि सो ग्रन्थ अनुशीलन गरेको देखेका र आँफुले पाठ गर्दा समेत ज्ञान भएकाले कविका मनमाँ 'एइ अध्यात्मरामायण भाषाश्लोक गर्दिन सके दुनियाँको ठुलो काम हुञ्छ, फुर्सद पाए एइ अध्यात्मरामायण सबै अनुवाद गर्नि-थिएँ' भन्नि लागेछ । तेसैले 'सबै सकिएला वा जति होला एइ थाल्छु' भनि, काम खोज्नि कुल्लिले एक दिनको दुइ दिनको काम गरिरएका मौका वर्ष दिन दुइ वर्षको काम पाँउँदा प्रस-न्न भए झँइ सक्नै मुस्किल पर्नि ग्रन्थमाँ अँगालो हाल्दा प्रसन्न भै कविजिले *'एक् दिन् नारद सत्यलोक् पुगिगया'*–देखि थालि कुत्रो-पाँनि, साउ-असामि राजमाम्ला पितृव्यहरुसँग-को जग्गा नरम-करम मिलाउनि समेतको अंशव्यवहार, इ-ष्टमित्र सँगको मरमुलाकात इत्यादि धेरै प्रकारको घर-टण्टाबाट बचेको समयाँ फुर्सद-फुर्सदमाँ लेख्तै गै अध्यात्मरामायणको बालकाण्डको कवितात्मक अनुवाद समाप्त गरेछन् ।

## भानुका कवितामाँ लोकको प्रतिक्रिया

ति आँफुले बनाएका रामायणका श्लोक आँफु पनि बडा रसले भञ्छन्, ति श्लोकलाइ मजा मानि भन्न घोक्न चाहानि भाइ-भतिजा समेतका अरु गाम्लेलाइ पनि लेखि सारि लैजान दिञ्छन्, एस्तै गर्दै रछन् । गामघरका प्रतिष्ठित पण्डितहरुले भाषाश्लोक बनाएको कुरा ठिटाहरुबाट थाहा हुँदा भानुभक्तको लघुत्त्व जनाइ बात गर्न पनि थालेछन् । तेस्ता-पण्डित-बाएक अरु माञ्छे भने भानुका सिलकहरु बडो चाख मानि भन्नि र सुन्नि गर्दारछन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## वाराणसीमाँ धनञ्जयको देहत्याग

एस्तैमाँ पाल्पामाँ धनञ्जयलाइ रोगले धड्दै ल्याएछ। तेसबाट आँफ्नु अन्त्यकाल आएको सम्जि धनञ्जय काशिमाँ देहत्याग गर्नका लागि काशि गएछन् । केइ समय पछि काशि मणिकर्णिकाका ब्रह्मनालमाँ धनञ्जयको देह छुटेछ। तेस समयमाँ भानुभक्त पनि धनञ्जयका साथमाँ रछन्।[१]

आँफ्ना पिताको परलोक हुँदा पनि संसारमाँ जन्मिनि प्राणिको परिणाम एइ हो भनि चिनेकाले शोकसन्तापव्यग्रता कत्ति नलिइ धीरताका साथ आँफ्ना बाउको दर्जा-अनुसार्को काजक्रिया गरि काम सिद्ध्याइ, कवितातिरको काम चालु हुन नपाउँदा सन्तप्त हुँदै रै नगरि घर नपाएको गृहव्यवहार सबै गरि, जता गयो उतै पवित्र हाँसो हुनि चाल सँग बात गर्नि, ठट्टा खेल्नाँचि जस्तो गर्नि, मित्रि कपट र क्षुद्रता कतै नगर्नि, एस्तै काम गर्नि गरेर देश - गाँम - घरै रमाइलो पारि कवि भानुभक्त काम व्यवहार गर्दै रछन् ।

---

१. "संयोगले यस ग्रन्थका साथ साथै ति कविले आपना पिताको काशी मणिकर्णिकाका ब्रह्मनालमा देहावसान हुँदा घरमा छोरा रमानाथलाइ पठाएको '. . . पौष वदि ५ रोज १' को स्वहस्तलिखित पत्र एउटा विन्तिपत्रको खेस्रा र श्रीगणेश सूर्य, देवी, विष्णु, शिवलाइ यो यो फुल चढाउनु पर्छ भन्ने छुट्टा छुट्टै कागत पनि छन्।" (नेपालि शिक्षा, १ – २ [२००५ । ७ । १५ ]) भन्नि भनाइबड एस अबसरमा भानुभक्तले काशिबाट रमानाथलाइ लेखेको पत्र भानुका नाति देबिभक्तले म्रिगेन्द्रसम्सेरलाइ चडाएका रामायणका बासामाँ बाँदिइ जाँदा त्यो पुस्तकका साथै वीर पुस्तकालय - (राष्ट्रिय अभिलेखालय) माँ पुगेको कुरा बुजिञ्च । ऐले एस चिठिको खोजि गर्दा पाँउन सकिएन । –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## कुमारीचोकको पक्क्राउ र भानुको कान्तिपुर-गमन

एस्तैमाँ पाल्पा मालमाँ बाउ धनञ्जयले खर्दारि काम गर्दा सर्खारि बाँकि लागेको भनि उस मौकाका अँइन्-सबाल्[१] – बमोजिम् बाउलाइ लागेको बाँकि छोराले पँनि तिर्न फर्स्याउन पर्नि हुँदा कुमारीचोकले कविलाइ सर्खारि बाँकिमाँ पक्क्रेछ ।

थोरै – थोरै भए स्रेस्ता जँचाउन पछि लागिरहनि थिएनन् । न्याय – अन्न्याय जे परे पनि घरैबाट तिरि आनन्द फुर्सद लिनि थिए । धेरैमाँ पक्क्रे काले फलाना तारिखमाँ कुमारीचोकमाँ मँ आँफै हाँजिर भै ठहरेबमोजिम् बेहोरम्ला भन्नि कागत गरि दिइ सिपाइबाट फुर्सद लिएर तोकिएका तारिखमाँ काठमाँडौँ कुमारीचोक पुग्नि गरि भानुभक्त कवि काठमाँडौँ गएछन् । तेस मौका सम्म कविजिलाइ काठमाँडौँ जान पर्नि व्यवहार केइ परेको रइञ्छ । पैलो काठमाँडौँ जानि काम तेइ परेछ । कविता गर्न सारै उत्कण्ठा हुनाले कविजि लेख्नि सामग्री कलम-मस्यानि-कागत लिएर हिँड्दा रछन् । उनि बालाजि पुग्दा दिन धेरै नै बाँकि भएछ । बालाजि-स्थल घुमेर धारा, पोखरि, बालाजिको मूर्ति बन, लहरा, भयाङ्-झुलि, पसल, बजार, चराचुरुङ्गि सबै दृश्य हेरि थकै मार्नाका लागि कविजि एक छिन पाटिमाँ बसेछन् । बालाजि देख्ता तेइ ठाँमको वर्णन लेख्न पाए पनि निकै नै श्लोक बन्नि थिए, एस्तो लाएकको

---

१. श्री ५ सुरेन्द्रविक्रम साहदेवका शासनकालमाँ बनेको मुलुकि अँइन्, रैरकम्को महलको नम्बर १३ हेर्नोस् । –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मजाको ठाँम रछ भनि मजामानि कविजिले त्यँहाँ बसि दुइ श्लोक कविता गरेछन् ( मु० प० सङ्० २ )।

## काठमाण्डुको आँफ्नु घरमाँ भानुको वास

तेति भएछ, कविजिले बालाजिमाँ दुइ श्लोक कविता गरेछन्, साँज पर्दै गएछ । उनि बेलुका कान्तिपुरी सहरमाँ पुगेछन् । उनका बाउहरुकै पालादेखि माँहाँभुत-(महाबौद्ध) माँ एउटा आँफ्नु घर रछ । त्यो घर छ भाइ छुट्टिँदा सबैको गोस्वारि रएको रछ । छ भाइका सन्तति जो काठमाँडौँ गए पनि हाँम्रो घर भनि बस्दारछन् । तेस मौका तेस घरमाँ कवि भानुभक्तका काँइला बाँउ तुलसीराम पनि हुनपर्छ । किन कि तुलसीरामका छोरा सन्तति थिएनन्, काली ( मुक्तिलक्ष्मी ) र महाविद्या ( श्रीविद्या ) भन्नि दुइ छोरि मत्त्रै थिए, ति दुइ छोरि मध्ये जेठि काठमाडौँमाँ नै राजगुरुपुरोहित दैवज्ञकेसरि अर्जेलका माँइला छोरा विद्यारण्यकेसरि-( १८६३ - १९१२ ) लाइ र काञ्छि चाँइ दैवज्ञकेसरिकै काँइला छोरा ( विद्यारण्यका सौताने भाइ ? ) कुलचक्रकेसरिलाइ दिएका थिए[1], काली र महाविद्यालाइ घर – माइत गराइ घरतर्फका मुद्दा – माम्लाको रक्षक भै कवि भानुभक्तका काँइला बाउ काठमाँडौँमाँ नै बसिरहनि हुनाले कवि भानुभक्त पैला पटक काठमाँडौँ पुग्दा महाबौद्धका घरमाँ तुलसीराम पनि हुन पर्छ । तेइ आँफ्ना घरमाँ कवि पुगि बसेछन् । तोकिएका तारिखमाँ कवि कुमारीचोकमाँ हाँजिर भएछन । पाँच – सात दिनको फुर्सद दिइ तारिख दिएछ । कवि बेलुका घरैमाँ आएछन् ।

---

१. ति छोरि मध्ये काञ्छि चाइँ छोरिमाँ जन्मेका तुलसीरामका नाँति महाविद्वान् सुब्बा मान लिएका वीरेन्द्रकेसरि ( १९०८ – १९८८ ) भन्नि र विज्ञानकेसरि भन्नि दुइ भाइ उनका समयमाँ काठमाँडौँमाँ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## कान्तिपुरको वर्णन

तेस भन्दा अगि काठमाँडौँ नगएका कवि टुँडिखेलका छेउमाँ आँफ्ना घरका अटालिसाँ बसेका छन्, काठमाँडौँको दृश्य हेरेका छन्, पशुपति र गुह्येश्वरीको दर्शनादि र नगरभ्रमण पनि गर्छन्, एस्तै गरेछन। काठमाँडौँ सहर (कान्तिपुरी) देखेर उनलाइ आँफ्नु राजधानी सहर सारै राम्रो लागेछ, चाल-चलन पनि राम्रो लागेछ, टुँडिखेलका सडकबाट राजा सबारि-हुन्छ, तरवार, खुँडा, खुकुरि बन्दुकै पनि शरीरमाँ भिरेर गोलि – गट्टा समेत लिइ वीरता देखाइ फुर्तिले वीरताको मुस्लो छोड्दै वीर राजा र वीरभारदारका सबारिका अगिपछि आठप-हरिया – समेत वीर सिपाइहरु कुँदे – दौडेको समेत सबै कुरा कवि देख्छन, एस्तैमाँ तेसै मौका पाँच श्लोकले आँफ्नु कान्ति-पुरीलाइ भूमण्डल भरमाँ सर्वोच्च देखाइ तोटक वृत्तमाँ कान्ति-पुरीको वर्णन गरेछन् ( मुक्तकपद्य सङ्० ३ )।

## भानुभक्तको सुब्बा धर्मदत्त ग्यँमालिसित भेट

कुमारीचोकमाँ हाँजिर हुनि दिन नजिक आयो। पाव-रदार इष्टमित्रले सुदृष्टि राखि दिए भनसुनबाट स्रेस्ता

---

सबैका माननीय संस्कृत कविता समेत गर्नि प्रसिद्ध विद्वान् थिए। तिनै दुइ केसरिका बैठकमाँ हल्लिरहेको हरियो पङ्खाको आधारमाँ भानु-भक्तका साँइला बाउ पद्मनाभका नाँति पण्डित विश्वनाथ काठमाँडौँ गएका मौकामाँ उनले वीरेन्द्रकेसरि र विज्ञानकेसरिको वर्णन् गरिदिएको पृथ्वीवृत्तको श्लोक:–

"कथङ्कविवराविमौ न हि पराजयेताञ्जगज्
जगद्विदित – चारुकेसरिविरामनामान्वितौ ।
यदन्तरगृहे मुदा व्यजनकैतवान् नर्तनं
हरिद्वसनसव्वृता प्रकुरुते स्वयम् भारती ॥"



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्स्याउन चाँडो होला भनि बाउ ख० धनञ्जयसँग पाल्पा जाँदा आँफुसित परिचय बसाउँठि भएका मित्र राजज्योतिषि धर्मदत्त सुब्बा[1] (जन्म १८८०) सँग भेट चिनारि गरि कुरा काहानि कविले गर्दा इञ्चिफका ढोकामाँ गै एक टायम् चाकहि पनि गर्नपर्छ, कुमारीचोक फर्स्याउन र पछि जागिर खाँम् भने पनि पूरा काम लाग्छ, मँ पनि कुमारीचोकका हाकिमलाइ भनसुन गरि हुँदा सम्मको सजिलो हुनि उपाय गरुला, सारै डराउन पर्दैन भनि सुब्बाले आश्वासन दिएकाले र कविको आँफ्नु स्वभावले पनि कविले केइ चिन्ता लिएनछन्। कुमारीचोकमाँ हाँजिर हुन पर्नि दिन कवि हाँजिर भएछन् ।

## कुमारीचोकको कारवाइ

कुमारीचोकका यमदूत जस्ता निष्ठूर धूर्त कारिन्दाहरुले 'बाउन बाजे, बाउले सर्खार मारेर कमाएका सम्पतिले बेसरि धनि भएँ भनेका होउला, बाउ मरे परेउ फेला, अब बस, थुनेर कारबाइ गर्नपर्छ' भनि कविको सातो हर्नि आशयले भनेका रछन् ता पनि जीवन्मुक्त जस्ता कवि हुनाले केइ भेँइ पनि मानेनछन्, हँसिलै मुख गरि एक ठाँममाँ बसेछन् ।

---

१. 'इ सुब्बा पैलेइ १९०२ संवत्माँ गुरुप्रसाद साह पाल्पाका कमाण्डर हुँदा मेजर-(राइटार सरअको पद) माँ भर्ना भएका थिए र पछि १९०३ संवत्माँ क्रिष्णबाहुर राणा त्याँहाँकाँ कमाण्डर हुँदा खर्दार भएका थिए । १९०७ संवत्माँ केदारनरसिंह पाल्पाका कमाण्डर हुँदा क्रिष्णबाहुर काठमाण्डु आए । तेसै बेला क्रिष्णबाहुरले इनलाइ काठमाण्डु ल्याएका हुन् र १९३३ संवत्माँ इनको सुब्बाङ्गि भएको हो' भन्नि पुराना कवि-र कविता-माँ ख० बाबुरामआचार्यको भनाइ छ । – स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाउ धनञ्जयका कारिन्दाले गरेको स्रेस्ता, बाउ मरि गए, आँफुलाइ त्यो स्रेस्ता याँहाँ एस्तो भएको भन्नि केइ पत्ता छैन, के बोलुन, चुपलागेछन् । त्याँहाँको चालबाट आँफ्ना मनमाँ जो भाव उत्पन्न भएको थियो त्यो कुरा कवितामाँ देखाउनि शक्ति थियो, तर कठोरात्माहरुका अगाडि कस्तै अमूल्य कविता गरे पनि कामलाग्नु त काँहाँ काँहाँ, झन रिसाउनन् जस्तो ठानि केइ कविता गरेनछन् ।

कुमारीचोकका मुक्ख्य हाकिमलाइ सुब्बा धर्मदत्तले भानुभक्त भाग्नि मानिस हैनन्, आखिर तिनैं पर्नि ठहरेमाँ सजिलै तिर्न सक्नि मानिस हुन्, सारै कर्रो काँम नगरिदिनुहोला, सज्जन पण्डित छन् भनि प्राइवेटि खबर डेरैमाँ गरिदिएकाले तेस मौका त थुनेन छ; दिन-दिन हाँजिर मात्र गराएछ; अड्डा उठे पछि कवि आँफ्नै घरमाँ आँउँदारछन् ।

भोलिपल्टदेखि एक टायम् कुमारीचोकमाँ हाँजिर हुन्छन्, इन्चिफ् कृष्णबाहादुरको बाइर सबारि हुनि टायम्माँ दर्शन् गरि एक टायम चाकडि पँनि गर्छन्, ब्यानवेलुका र राति तथा अड्डा बिदा हुनि दिनमाँ दिनैमाँ समेत काठमाडौँमाँ अरु गृहव्यवहार नहुनाले फुर्सदै हुनि भयो, कविको त खालि कविता पट्टि आसक्ति थियो र बालकाण्डसम्म बल्लबल्ल सकि तेसै रैराखेको रामायणको अनुवाद गर्न फुर्सद मिल्यो, र अयोध्याकाण्डदेखि सो अनुवाद लेख्न थालेछन् ।

भानुभक्त धर्मदत्तका घर पनि जाञ्छन्, कुमारीचोकमाँ हाँजिर पनि हुन्छन्, इन्चिफ्को चाकडिमाँ पनि जाञ्छन्,एस्तै रछ, एस्तैमाँ सुब्बा धर्मदत्तले भानुभक्तको कविताशक्ति, सज्जनता, वेदान्तज्ञता र कुमारीचोकको कार्बाइ समेत जनाइ इन्चिफ् कृष्णबाहादुरमाँ भानुभक्तको विशेष परिचय गराइदिएछन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## इञ्चिफ् कृष्णबादुरको चाकडि

इञ्चिफ्ले आँफुमाँ सुदृष्टि दिन थालेपछि भानुभक्तले केइ कविता लेखि इञ्चिफ्माँ चडाउँदा इञ्चिफ् पनि विद्यानुरागि नै रछन् र कविता मजामानि भानुभक्तलाइ फाल्दु समयमाँ आँफ्ना वैठकमाँ डाकि वेदान्तका बात सुन्नि बातमानि हाँस्नि उनको घरको हाल् सोद्नि गरि लहड् पनि गर्न थालेछन् । आखिर पञ्चदशी पनि केइ पडेछन् । एस्तो सम्म भएछ कि चिफ्सँग कवि एकान्त वैठकमाँ बात गर्न हाँस्न हँसाउन केइ ठट्टा जस्तो गरि गिज्जिएर बोल्न पनि कत्ति नदह्कसाउनि भएछन् ।

## भानुभक्त कुमारीचोकको थुनाहामाँ

एस्तै रछ, आखिर कुमारीचोकले कविलाइ नथुनि नहुनि अँइन-सबाल् छ भनि बाउ खर्दार् धनञ्जयलाइ लागेको बाँकिमाँ थुनेछ । कवि थुनिए पनि साधारण जनले झैँ कविले पिर ताप लिएनछन् । रामायणको कविता लेख्न छोडेनछन् । इञ्चिफ्को चाकडि पनि गरेका र सुब्बा धर्मदत्तले पनि हुँदा सम्मको भनसुन गरिदिएकाले कुमारीचोकले थुनेको स्नेरता गरेता पनि चिफ्को मन्साय–बमोजिम् एक टायम् इञ्चिफ्को दर्शन गर्न र दिउसो एताउति टहलिन भानुभक्तलाइ दिएको रछ, कुमारीचोक त डेरा जस्तो भत्त्रै भएको रछ ।

## इञ्चिफ् कृष्णबादुरमाँ भानुका कवितात्मक विन्ति पत्त्रहरु

एस्तै चालले घेरै नै काल भै सक्यो, कुमारीचोकका कठोर कर्मचारिहरुमाँ सज्जन पण्डित भन्नि दया छैन, उनिहरुलाइ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँफ्नु प्रभुत्व देखाएर थुनि राख्नै मजा लाग्छ, एस्तै रछ, कवि थुनामाँ नै रछन्, कविलाइ यो झञ्झटबाट कैले छुट्न पाइञ्छ र, चिफ्को मन पगाल्न सके मिलाएर काँम चाँडो छिनिदेउ भन्नि भर्जि चाँहाँबाट कुमारीचोकका हाकिमलाइ भए त चाँडो यो झञ्झट काटिन्थ्यो कि भन्नि आशाले थुनामाँ परेका मौका एक दिन चिफका बैठकमाँ गएका बखत् कवितात्मक विन्तिपत्र दिएछन् (मु०प० सङ्०४)।

इञ्चिफ् कवितानुरागि हुनाले त्यो कविता मजा त मानेछन्, पुरा विद्द्वान् रछन् भनि चिनेछन्, खुप हाँसेछन् चिफ्का बैठकमाँ भएका अरु पनि हाँसेछन्, कुमारीचोकबाट तत्कालै छुटाइदिनि चेष्टा त इञ्चिफ्ले लिएनछन्।

कवि एस्तै रितले इञ्चिफ्काँहाँ जाञ्छन् आँउछन्, कुमारीचोकले काँम छिन्दैन, कवि थुनिएका छन्, रामायणको कवितामाँ मग्न छन्, उनका मनमाँ साँचो पिरताप छँदैछैन, कुमारिचोकबाट उम्केर स्वतन्त्र कैले हुम्ला भन्नि उत्कण्ठा सम्म छ, एस्तै रछ; सनमाँ साँचो पिर भए त रामायणको तेस्तो सुन्दर कविताको काँम के हुन सक्थ्यो र।

केइ दन पछि इञ्चिफ्काँहाँ जाँदा आर्को एक श्लोकले बिन्ति चडाएछन् (मु०प०सङ्०५)।

त्यो श्लोक इञ्चिफ्ले हेरेछन् बुजेछन् हाँसेछन् मजामानेछन्, चाकडि सकिए पछि बैठकबाट भानुभक्त बिदा भै हिँड्नि बेलामाँ, श्लोकको पैलो अंशको *'जागिर् छैन धनी म छैन घरको केवल् कोदालो खनी खान्थ्याँ'* भन्नि भनाइबाट पण्डितले खर्चले पनि दुःख पाएछन् क्यारे भन्नि कुरा इञ्चिफ्का मनमाँ लागेको रछ र चाकडिमाँ आए ता पनि वेदान्तका बात सुनाइ पञ्चदशी पडाइ गुरु – सरह भैसकेकाले, सए रुप्पियाँ महेन्द्रमल्लि दुद–घिउ खर्च खाउ भनि इञ्चफ्ले कविलाइ दिएछन्।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## रामायण–सुन्दरकाण्डसम्मको अनुवादको समाप्ति

एस्तै भएछ, कविजिको कुमारीचोकसाँ छोड्न नपाँइनि डेरा छ, कविजि रामायणकै कवितामाँ मग्न छन्, तेइकवितामाँ भुल्छन्, एस्तै गर्दा चार मैना बितिसक्यो काम छिनिदैन थुनिएकै छन्, एस्तै भएछ। अयोध्याकाण्ड आरण्यकाण्ड किष्किन्धाकाण्ड र सुन्दरकाण्ड इ चारकाण्डको कविता थुनिएकै मौका गरिसकेछन्।

## रमानाथको व्रतबन्धको लागि बिदाको याचना

एस्तैमाँ कवि बिरामि पनि भएछन्, दुबलाएका छन्, लुतो खटिरा ज्वरांश खोकि पेट नमिल्नि एस्तै धेरै बेथा भै दुःख पाएका छन्, एस्तै भएछ। अनि सो कुरा पनि देखाएर छोरो एक मात्र छ, आठ वर्षको भयो, व्रतबन्ध नगरि नहुनि छ, त्यो काँम गराइदिनि आर्को कोइ छैन, घर नगै भएको छैन, कुमारीचोकको काँम कैह्लेइ छिनिदैन, बडो फसादमाँ परेँ, निगाहाबाट घर जान पाए हुँदो हो भनि कविले एक दिन इञ्चिफ्सँग बैठकमाँ भन्दा चिफ्बाट घर नगै नहुनि आवश्यक देखाएर बिन्तिपत्र लेख, कुमारीचोकको हाकिमलाइ मँ भनिदिम्ला र जाउला भन्नि मर्जि हुँदा छोराको व्रतबन्धको आवश्यक देखाइ कविताले इञ्चिफ्माँ बिन्ति चडाएछन्। (मु०प०सङ्० ६)।

त्यो कवितात्मक बिन्तिपत्र चिफ् कृष्णबादुरले लिइ कुमारीचोकका हाकिमलाइ बोलाएर त्यो बिन्तिपत्र देखाइ हाँसि एसो भनेर इ पण्डित ज्यादा कराउँछन्, बिरामि पनि छन्, छोराको व्रतबन्ध गरेर आउनाका लागि एउटा सिकिस्त बिरामि भएको बेहोराको कागत गराएर छाडिदेउ भनि मर्जि हुँदा कुमारीचोकका हाकिमले काँम बाँकि नै राखेर सिकिस्त



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिरामि भएको भन्नि र फेरि हाँजिर हुन पर्नि वेओराको कागत गराएर छाडिदिएछन् । कवि १९११ साल पौष मैनामाँ तनुङ् घरमाँ आएछन् । पाहाडको खानपिन जलवायुले दुइ मैनामाँ कवि आराम भै हृष्टपुष्ट भएछन् र फागुनमाँ उनले छोरा रमानाथको व्रतबन्ध गरेछन् ।

फेरि काठमाडौँ कुमारीचोकमैँ हाँजिर नभै नहुनि हुँदा पाहाडैबाट एउटा कविता चिठि लेखि इञ्चिफ्लाइ पठाएका रछन् । (मु० प० सङ्० ७) ।

## कुमारीचोकको फर्स्यौट

यो चिठि पठाएपछि केइ दिन पछि कवि काठमाँडौँ गएछन्, चिफ्को दर्शन गरि कुमारीचोकमाँ हाँजिर भएछन् । चिफ्का चाकडिको आडले र धर्मदत्तका भनसुनबाट कुमारी-चोक चाँडै नै फर्स्याएछन् । भुलस्रेस्ताबाट मात्र पक्डिएको रछ, स्रेस्ता राम्रो गरि हेर्दा तिर्न नपर्नि ठहरेछ र छुट्कारा पाएछन् ।

सो भएपछि चिफ्काहाँ गएका मौका रसिला कविता गर्नि, शोक - सन्ताप लोभलाल्चा केइ नभएका, हाँसो गर्नि, सरल उदार स्वभावका पण्डित देखेकाले इञ्चिफले पनि हाँसो जस्तो गरेर जागिर खान मन् पनि छ कि ? भन्दा कविले जागिरको फल एइ त हो नि सर्खार छोरा - नाँतिले समेत थुनिन पर्नि, छुट्न मात्रै पाएको पनि ठूलो सौभाग्य सम्झन पर्नि भनि हाँसेछन्, चिफ् र चिफसँग बस्नि मानिसहरुलाइ समेत हँसाएछन् ।

तेत्तिकै भएछ, तेस्ता सरल पण्डितलाइ जागिर खाला जस्तो र अड्डाखानामाँ गर्न पर्नि कर्रो कडा काँम गर्न शक्ला



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो कस्ले ठान्थ्योर । उनले जागिर खान सुहाउनि संस्था-हरुमध्ये तिनवाका काठमाडौँमाँ पडाउनि पाठशालामात्रै पढि थिएन । काठमाडौँका मानिस पोखरा, काशि गएर पढ्थे तेस्ताले जागिर पो के माथ्ये र इन्चिफसँग विदा भै आँफ्ना बन्धुवर्ग स्त्री – पुत्रादि भएका तनुङ् घरमाँ आएछन् ।

## पाँच काण्ड रामायणको लोकमाँ प्रचार र तेसमाँ पण्डितहरुको प्रतिक्रिया

रामायणका बालकाण्डदेखि सुन्दरकाण्ड सम्म पाँच काण्डको एउटा संयोगवश उल्था कविता भएको थियो, त्यो एकै पुस्तक बनाएछन् । बालकाण्ड मत्रै पाउँदा पनि खुसि भै रमाइलो मानि घोकि कण्ठगरि विवाह यज्ञ चलेका बखत अन्ताक्षरी गर्नि भाइ-भतिजाहरुलाइ थुनिँदा काठमाण्डुमाँ बनेका अरु चार काण्ड रामायण पनि देखाएछन् ।

भाषाश्लोकप्रेमि अलि अलि पढेका जति सबै रमाएछन् एक एक काण्ड फुर्सदमाँ ठिटाहरुले सारि लगेछन्, घोकेछन् । तेसैबाट आर्काले सार्नि घोकिन, फेरि आर्काले सार्निघोकिन गरि विवाहयज्ञमाँ,वनमाँ र मेलापातमाँ समेत भानुभक्तका श्लोक घन्कन थालेछन् ।

आँफ्ना मालिकहरुले भनेको सुन्दा चलाख निरक्षर आइ माइ गोठाला कसाराहरुले समेत जानि बडा रसले भानुभक्तले बनाएका श्लोक भन्न गाँउन थालेछन् ।

काठमाण्डुमाँ पनि रसिकहरुले बनेजति रामायण सारि लानि गरेकाले रामायणको प्रचार भएको रछ ।

एसरि भानु-भक्त- कृत भाषा—रामायणको प्रचार भएको देख्ता सुन्दा तेस मौकामाँ संस्कृतज्ञ पण्डितहरुले 'भानुभक्तले गतिलो काम गरेनन्, तेस्तो गोप्प्य रामायण मतवालिलेसमेत हेर्नि देख्नि भन्नि भए' भनि



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निन्दा गरेछन् । पण्डितहरुले त्यो पुस्तक हेरेनछन् । भाषाश्लोक उच्चारण गरेपछि पण्डितको इजेतै जानि प्रथा हुँदा भानुभक्तले बँनाएको एक श्लोक पनि मुखले उच्चारण गरेनछन् ।

## रामायणको अनुवादमाँ बाधाअड्काउ

तेसरि कुमारीचोक फर्स्याइ घर गए पछि भानुभक्त गृहव्यवहारमाँ लागेछन् । कमाराकमारिको जोडा बाँद्नि समेत बन्दबस्तगर्नि,छोराछोरिको चाड-कल्ल्याणगर्नि,पडाउनि जग्गाजिमिनका झगडा बेओर्नि, घरमाँ परि आएका उल्टासुल्टा काम कार्बाइ गर्नि, इष्टमित्र-व्यवहार, पितृव्यपुत्रादिहरुसँगको जग्गाको सन्धिसर्पन्, अंशको नरम्करम्, कुलापाँनि आदिको बन्दोबस्त मिलाउनि, रोगि बिरामिहरुको बन्दोबस्त हेर्चाहा गर्नि इत्यादि भनिनसक्ना अनगिन्ति गृहव्यवहाररुप चक्रवातमाँ कवि परेछन् ।

तनुङ् घरमाँ भएका मौका कविता गर्नि कुरा थन्किएछ । एक् छिन् केइ किसिम्बाट मनमाँ आनन्द हुन पाएका, र केइ अनौठा कुरा देखेका मौका, लहड रमाइलो लागेका मौकामाँ मात्र कविताशक्ति ज्यादा हुनाले फाट्फुटे कविता गर्दै रमाइलो गर्दै साधारण जनले गृहकर्म गरेझैँ गरि घरव्यवहारमाँ बसेछन् । इनताका घेरै जसो पाहाडैमाँ बस्नि काँमविशेषले कैले काठमाडौँ कैले पाहाड बस्नि गरेका रछन् ।

## गिरिधारि भाटसितको बगर-मुद्दा

कवि भानुभक्तको भलायोबोटे बगर भन्नि असि मुरि बिर्ता खेतको साँद र गिरिधारि (गिरिधर) भन्नि भाट्को पिप्ले भन्नि खेतको साँद चुँदि खोलो थियो र भानुभक्तको खेत खोलाले खाँदा गिरिधारिपट्टि बगर बसेछ र अँइन्-बमो-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिम् उस्ले अबाद गरि खाएछ । केइ वर्ष पछि खोलो फेरि गिरिधारिकै पट्टि मिच्तै गएछ । भानुभक्त पट्टि बगर बसेछ बगर कवि पट्टिबाट बिरिएछ । तेसमाँ गिरिधारिले 'भानुभक्तले मेरो खेत खाइदिए' भनि पोखरा अदालतमाँ १९१३ सालमा फिराद दिएछ । तेसमाँ कविले इजहार दिनु पर्दा जे बेओरा पनि पद्यमाँ नै ह्वार्ह्वार्ति भन्न शक्नि भै सकेकाले पद्यले नै दिएको इजहारका वा गद्य इजहारका बेओराका आधारमाँ कविले बनाएका श्लोक मध्ये टुक्राटाक्रि केइ श्लोक कवि परलोक भैसकेको पनि धेरै वर्ष पछिसम्म कविका गाम--घरका कोइ कोइ मनिस-का मुखमाँ चडि राखेकाले पाइएका छन् । ( मु०प०सङ्० ८)

यो झगडा सदरमाँ पुगे पछि पनि अदालति चालले गर्दा टाँगिएछ । कवि दिन्-दिनै अड्डामाँ जाञ्छन्, आज छिन्ला छैन, भोलि छिन्ला छैन, छिनियोस् भञ्छन् कराउँछन्, छिन्दैन, सँदै दिनभरका - दिनभर अड्डामाँ रोकिनु पर्दा एक् दिन हारे पनि जिते पनि छिन्न मत्रै पाए पनि बन्धन्बाट-ता फुस्किनिथिय्यो भन्नि मन्सायले दिग्दार भै न्यायाधीश (डिट्-ठा )लाइ कविले कविता लेखेर दिएछन् । (मु०प०सङ्० ९ )।

एति भए पछि पनि झगडा छिनिएनछ, टाँगिइरएछ र इञ्चिफ् कृष्णबादुरले न्यायाधीशलाइ भनिदिए छिनिञ्छ भनि आँफुले चाकडि गरिराखेका मालिक इञ्चिफकाँहाँ जाँदा श्लोकमाँ निवेदन दिएछन् । ( मु०प०सङ्० १०)

गिरिधारि सँगका बिर्ता - बगर - जग्गाका झगडामाँ काठमाडौँ बस्ता १९१५ साल मार्गमाँ रमानाथ दश वर्षका हुँदा कविले आँफ्ना हस्ताक्षरले हड्काइ लेखेको चिठि पाइएको छ ( कविका हस्ताक्षरका लिखत,सङ्ख्या- १ )



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## भानुभक्त र घाँसि

१९२० संवत्माँ एगदिन कवि भानुभक्त ससुरालि जाँदै रछन्। घरबाट तिनकोस जति बाटोहिँडे पछि कर्लुङ् खोलाका बायाँ पट्टि सेपमाँ एउटा चिसो पानिको कुआ रछ। त्याँहा अलिकति चिठेको बसिन ठाँम पनि रछ। कविजि तेस कुआको पाँनि खाइ चिठेका ठाममाँ विश्राम गर्दैरछन्। तेस्तैमाँ पखेरा पट्टिबाट घाँसको भारि बोकि एग जाना मान्छे आएछ र घाँसको भारि बिसाइ पाँनि खाएर त्यो पनि तिहिँ बसेछ। भानुलाइ सज्जन पण्डित जस्तो ठाँनि घर-थर सोदेछ। भानुको परिचय पाएपछि उसले आँफ्नु परिचय दिइ त्यो कुआ आँफुले बनाएको कुरा पनि सबै वेलिबिस्तार सुनाएछ. मनुष्यजीवनको क्षणभङ्गुरताका पनि कुरा सुनाइ कीर्ति राख्नि आवश्यकता पनि देखाएछ र घाँसको भारि बोकि उ भैँसि फर्काउन हिँडेछ। तेति भएछ, घाँसि गएपछि कविका मुखमाँ एउटा कविता आएछ। (मु०प०सङ्ग्रह ३२)

ति कविता दुइ श्लोक तेइ चिठेको चौतारा जस्तो शीतल ठाँममाँ बसि कागतमाँ लेखि आँफ्ना तनामाँ बाँदि कविजि तेइ कविता भन्दै, ससुराल पुग्न दुइ कोस बाटो बाँकि थियो, गएछन्। बेलुकि भानुङ् ससुरालिकाँहाँ पुगेछन्।

भोलि पल्ट ब्यान ति दुइ श्लोक बन्नाको कारण साला - ठिटाहरुसँग भनेछन्, उनिहरुले श्लोक सारेछन् घोकेछन्। हाँम्रा गामको पनि एउटा सिलक बनाइ दिनोस् भनेर ठिटाहरुले भन्दा उनले आँफ्नो ससुराल भानुङ् गामको महत्त्वसमेत देखाइ वर्णन गरि श्लोक बनाइ दिएछन्। (मु०प०सङ्ग्रह ३३)

## गिरिधारि भाटसितको बाँद-कुलो-मुद्दा

चुँदि फाँटको डेड-दुइ हजार भुरि खेत रोपाउनि चुँदि खोलामाँ बाँद्लागिन बराहको कुलो भन्नि एउटा ठूलो कुलाको परम्पराको मुक्खेउलि कविको थियो। तेइ कुलाका पुछारमाँ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविको गैरि भन्नि असिमुरि खेत थियो र सो खेत कविकि सन्ततिमाँ ऐले पनि छँदैछ । हालतक पनि कविका नाति-पलाँ सो कुलाको मुक्खेउलि पनि गरेकै छन् ।

१९२१ सालमाँ चुँदि खोलामाँ ठुलो बाडि गै त्यो कुला बाँद लगाउनै नसकिनि गरि विग्रेछ र बाँद् अल्लि मा सार्न पर्नि भएछ । सो सार्दा कविको अगिको झगडिया गि धारि भाटको खेत चिरेर लैजानपरेछ । तेस ठाँमबाट कु नलगे डेड-दुइ हजार मुरि खेत रोप्न गारो हुन्छ, साबिक ठाँम बाँद लाउँदा बाँद अड्दैन, बर्खामाँ जँगार खोजेर तर्न पर्नि चुँ खोलामाँ पनि घेरै भै अड्बड् पर्दा भानुभक्तकाँ नेतृत्वमा स मोइ जम्मा भै छलफल गर्दा सो छलफलमाँ गिरिधारिले भा सितका विरोधले गर्दा होला आँफु उपस्थित नभै छोरालाइ पठाए रछ र गिरिधारिको छोरो विरभइ रानाले पनि सल्लाहा नदि पनि आखिर सर्खार गुहारेरै पनि एतिका मोइले पाँनि नलै छो दैनन् भन्नि विचारले विरोध गर्न सकेनछ, मञ्जुरि जस्तै गरेछ बाँद् सारि पाँनि लै खेत रोपेछन् ।

कविजिको गिरिधारि इबिवाला झगडिया मुर्मुरिइ राखे रछ । २२ सालका हिउँद माघ मैनामाँ काठमाडौँ सदरबाट पाह पश्चिम तर्फ दौडाहा आँउदा दौडाहाको तेइ चुँदि फाँटम मुकाम भएका मौका 'मेरो कुलामुनिको खेत टापु पारिदियो अँइ बमोजिम् सजाय गरि मेरो नौसानि उपर गराइपाम्' भनि गिरिधारिले कविका नाममाँ उजुर दिएछ ।

गिरिधारि भाट्जात्को हुनाले निजका नातादार भाट्हा काठमाडौँ पल्टनमाँ जागिरे भइराखेका तेइ दौडाहामाँ कर्मचारि भै आएका पनि रछन् । जोड पुऱ्याएरै भानुभक्तको हुर्मत लिन्छ भनि बिन्तिपत्र दरेको रछ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि दौडाहाबाट झिकाइएछन् आँफ्नु इजहार (प्रत्युत्त
पत्र लिइ १ सवै मोइलाइ दौडाहामाँ आउनु भन्नि खबर

१ माथि २८ प्रिष्ठमा टिप्पणीमाँ उल्लिखित 'एउटा बिन्तिपत्रको खेस्रा' ऐले पाँउन नसकिएकाले सयपत्रिमाँ मुद्रित भानुभक्तको बिन्तिपत्र नै याँहाँ प्रस्तुत गरिच्च–

श्रीः

विन्तिपत्रमिदम्

करुणानिधान ष्वामीत् तनहुं चुंदि षोलाको वाराह वादले रोपियिन्या १६।१७ त छन्. ति षेत अघि वेलैमा. तेस् वाराह बाँदवाट पानि चलाइ वेलैमा विउराषि हि खेत जेठैमा रोपिन्थ्या. पछि वाद विग्रन जाँदा वेलामा वाद कुलावाट पानि चलाइ. वेलामा. वर्सियो भन्या. वेलामा विउ रहन्या. वर्सन ढिला– ो भन्या वेलामा विउ राष्नै नपाइ. जेठमा रोपियिन्या खेत. साउनमा रोपनुपर्न्या असौज कात्तिकमा पर्ना. षोलो घट्न जाँदा. कुलामा पानि कम हुन जाँदा खेत सुकि. मोहि मर्न्या हुंदा. वराह वादले रोपियिन्या १६। १७ षेत. कमाउन्या सभै मोहि रुन्थ्या. २१ सालमा असारका दिं ८ जाँदा सम्म कुलामा पानि चल्याको थियेन. वाद लाइराष्याको थियो. असारका दिन ९ जांदा चुदि षोलामा ठूलो वाढि जाँदा वादै पनि वग्यो षोला पनि ठूलो भयो। वाद लाउन सकियेन. षेत विग्रन वाळियीन लाग्या र (·· ···) का सभै मोहि जम्मा भै वसि. वाद काँहाँ लाउं भनि सल्लाह गर्दा. श्रीधर उपध्या. विरभइ राना. श्रीप्रसाद अर्ज्याल् इ तिन मोहिका षेत काटियिन्या गरि यस् ठाउंमा कुलो काटि यस ठाउंमा वाद लाइ पानि चलाया कसैको विग्रदैन सभैका षेत वन्छन् भंन्या सभैको तजविजमा (ठहरि). षेत् काटियिन्या मोहि क्या भन्छौ तिमी ३ जना ताहाँ कुलो काट्न सामेल छौ कि छैनौ भन्दा. श्रीधर पाध्या. विरभइ राना. श्रीप्रसाद अर्ज्याल् ३ तिनै जनाले सामेल छौ भनि सल्लाह दिया र. सल्लाहैसित. वाद लाउन्या कुलो काटन्या काम गन्याको हो. आज गिरिधर रानाले मेरा छोरा. विरभइ रानाले. सल्लाहा दियाको होइन वलमिचि कुलो मेरो षेतमा षनि मेरो षेत



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पठाइ आँफु दौडाहाका शिविरमाँ गएछन्। सबै मोइ र कवि जम्मा भै दौडाहामाँ उपस्थित भएछन्। गिरिधारिले उस्ले टापु पऱ्यो भनेको जग्गा दौडाहाबाट जाँचिनि ठाडै निसाफ छिनिनि तारिख नलागूनि बन्दबस्त मिलाएको रछ र दौडाहाका न्यायविभागका मुख्य हाकिम नै टापु परेको जग्गा सारै टाडा नपरेकाले हेर्न जाँच्न आएछन्।

तेइ मौका एक छिन् एसो बगरमाँ बसेर कविले केइ पद्य रचेछन्। न्यायाधीशलाइ गिरिधारि, कवि र अरु कुलामोंइहरु समेतले टापु परेको भनेको जाग्गा, साविक बाँद र हाल लागेको बाँद् समेत सबै घुमाइ देखाएछन्। गिरिधारिको खेत बाँजिएको रइञ्छ, केवल पाँनि उकाल्न गारो परि केइ जग्गा खारेर पाँनि उकालि रोपेको रछ, तर अलिकति जग्गामाँ उब्जा हुन सकेको रइञ्छ। रोपिए पनि उब्जामाँ एक साललाइ केइ नौसान परेको रछ। तेइ जग्गा बाँद कुलो देखाउँदा आँफ्नु बेहोरा कविले श्लोकैले भनेका रछन्। (मु० प० सङ्० ३४)

---

मुरि।२२ विगारिदिया भनि हाम्रा नाउमा फिर्याद गरि. हामिलाइ दुःख ढेरैदिनो हामिले वलमिचि कुलो काट्याको रहेछ कि तेस्का छोरा विरभइ रानाका सल्लाहाले कुलो काट्याको रहेछ बुझिवक्स्या करुणानिधान. हामि अनाथका दुःख छुट्ता हुन् करुणा रह्या जावस्. तेस्को रोपनि पिपेल्या षेत मुरि।२२ पनि विगऱ्याको छैन. षेत विगऱ्याको मेरो भन्छस् भन्या तेस् कुलाले रोपियाका षेतमा. जस्का षेतमा चित्त बुझ्दछ. सो षेत तं षा. यो पिपल्या षेत सोहि मोहि षाला. भन्दा पनि मान्दैन. जगा जति. काटियाको छ तेस्को मिनाहा पनि दिन्छौं भन्दा मिनाहाले पनि मान्दीन षेत सट्टाले पनि मान्दिन तेस् ठाउमा त्यो कुलै दिन्न भन्छ. करुणारिधान्. हामिले कसो गर्न्या हो जो मर्जी .

शुभचिन्तक भानुभक्तशर्मणः शुभाशीर्वादादयो विलसन्तु. इति संवत् १९२२ साल मार्ग शुदि १३ रोज ६ शुभम् ... ... ... ... ... ... ... ... ...



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सो कुरा कविले पद्यात्मक वाक्यसाँ न्यायाधीशसँग भन्दा गिरिधारिले मैले मञ्जुर गरेको हैन, जे भए पनि मेरो नौसानि सबैबाट उपर गराइपाम्, सर्कार, भनेछ अरु सबै मोइले पनि गिरिधारिको नौसान धेरै परेकै छैन, आगुम्लाइ खेत सापुतै हुञ्छ, कुलो खन्नि बेलामाँ सबै सरह मञ्जुरै भएका हुन् भनि न्यायाधीशसँग भनेछन् । सो सुनि गिरिधारिले केको मञ्जुर गर्थेँ भन्दै कराउन थाल्दा कविले तलको कुरा भनेछन्, भन्दा श्लोकै भएछ —

लुच्चा हुन् यस भाटका सभ कुरा आँफै कुला मूनिकै
खेतैलाइ त टापु भन्दछ भन्या यस् भाटको क्या सही।।

वेद सारस्वर-सहित कण्ठ-पारेका मानिसले सार नगरि कण्डिका मात्र मुखले भन्न थाले पनि हात स्वयम् हल्लन थालेझैँ इ कविले त केइ भन्न थाले कि श्लोक नै बन्न पो थाल्दो रछ । टापु भनेर उजुर गऱ्यो, जाँच्ता टापु देखिन-आएन एस्ताका कुरामाँ के पत्यार लिबक्सञ्छ भन्नि आशयले त्यो आद्द्रि कविले भनेको बुजियो ।

अनि न्यायाधीशले गिरिधारिलाइ भनेछन्— 'टापु भनेको जग्गा पनि पाँनि चडेरै रोपिएको देखियो, सल्लाहा नदिएको भए मौकैमाँ इलाकामाँ उजुर गर्न पथ्र्यो, भैगो छोड्देउ ,आगुम सापुत उब्जा हुञ्छ'। एसरि गिरिधारिले सो मुद्दा हारेछ र बडा बिमोजमाँ परेछ ।

त्यो पिप्ले खेत भानुभक्तका घरकोअगाडि र नजिकै पर्नि हुँदा तेस खेतमाँ आइ कामकाज गर्न पनि सर्म मानि त्यो खेत सट्टापट्टा गरि आकैं भाटलाइ दिइ गिरिधारि आँफु चारसए भन्नि उपल्लो फाँटमाँ सरेछ । त्यो पिप्ले खेत गिरिधारिसँग लिनि भाटले हाल मात्र गए ६० साल तिर बिक्रि गर्दा कविकै



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुडा माव लि रम्गैका पण्डित ब्राह्मणका हातमाँ परेको छ ।

गिरिधारिसँग मत्रै हैन भाटका छिमेकमाँ बसेका कवि-लाइ जुनसुकै भाटसँग पनि सानुतिनु व्यवहार बात--कुरो गरे पनि झञ्झट र भयाउ (दुःख) सिवाय आनन्द नमिलेकाले भाट-सँग व्यवहार जोडेर मँत्रै दुःख पाँइनि हैन, भाटको नामै मत्रै काडे पनि दुःख पाइञ्छ भन्नि हाँसो गरेर लहडै गरि पुगिसरि आएका कविले घरमाँ भाटा नलगाइ डेडकोस टाडा चुन - पहरो भन्नि जङ्गलबाट नियालाका सर झिकाइ भाटाको सट्टा नियालाका सर लगाइ यो घर बनाएका हुन् भन्थे, भाटाको सट्टा निया-लाको सर लगाएको कविजि बसेको घर बिसिमाँ थियो. मँ समेतका हाल सम्म जीवित मानिसले पँनि धेरैले जान्दछन् । त्यो घर जीर्ण भै भत्काइ कविका नाति शिवभक्तले १९९७ सालमाँ आंकों घर बनाउँदा नियालाका कलम सङ्ग्रह गर्नि ठिटाहरु अचूकाल् पनि हाँस्तै छन् । कविमाँ एस्तो हास्यप्रियता रछ ।

## भानुभक्तको इष्टापूर्त कर्म

गरिप घाँसि ब्राह्मणले पनि केइ दस - आठ रुपियाँ खर्च गरि कीर्ति राखेको देख्ता आँफ्नु तेत्ति धन खर्च भएको कीर्ति राखिन काँम पनि केइ नभएकाले कविलाइ धिक्कार लागेकामाँ २० साल हरिशयनी एकादशीका दिनमाँ आँफ्ना घरका नजिकै हाल धर्मशाला भनिनि जग्गामाँ बर - पिपल कविले सारि राखेका रछन् । तेस ठाँममाँ गाँमबिसि गर्नि धेरै मार्निसहरुका लागि बैशाख - जेठमाँ बिसिबाट बेलुका गाँम आउँदा गर्मि र थकैले गलित भै तिर्खाएका बखत् बसि पाँनि खाइ हाबा खाँनलाइ कविले १९२१ संवत्का फागुनमाँ चौतारो लगाएका र त्याँहाँ पाँनि समेत राखिदिनि गरेका रछन् , सो चौतारो र बर-पिपल अद्यावधि खडै छन्[१] ।

---

१ स्विक्रिण्णवडि तत्वा अद्ध्यात्मसिच्छया पाएका भाँनुभक्तलाइ आँफुले परार्थ इनार, पाटि, पङ्ग्रा केइ नबँनाएकामाँ पछुतो हुनु र उन्लें आँफुलाइ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भक्तमालाको पूर्ति र परिष्कार

इनै एक्काइस-बाइस सालतिर पाहाड घरमाँ बसेका मौका फुर्सदमाँ मनमाँ आएका कुराको कैले एक श्लोक कैले दुइ श्लोक कविजिबाट बन्नि गरि भक्तमालाका श्लोक अलिकति भएका रछन् । काशिमैं बनाएका र ति जोड्दा एति भै हाले केइ सन्दर्भ जस्तो मिलाएर लेख्न पर्‍यो भन्नि कविका मनमाँ आइ 'प्रतिज्ञा-मैले-यो'-देखि लिएर 'कटीको-पीताम्बर्'-सम्मको बाइस

---

धिक्कार्नु युक्तिसङ्गत देखिँदैन भन्नि कसैकसैको भनाइ छ । सात काण्ड रामायण लेख्नसकेका भानुभक्तले किर्ति राख्न चौतारो लाको कुरा असङ्गत छ भन्नि कसैको द्रिष्टिकोण पाइन्छ । तर इ दुअै कुरा भानुभक्तले अगाँलेको बैदिक-आर्य-जिबन-दर्सनको यथार्थ स्वरुपमाँ र एस प्रघट्टकको अभिप्रायमाँ समेत राम्म्रो ध्यान नदिनाले आएका देखिन्चन् । बैदिक-जिवन-दर्सन-अन्सार् धन भएकाले खालि कुराका आदर्स मैत्रै छाँट्नु आँफुसित भएको धनको त्याग केइ नगर्नु असङ्गत हुन्च: तेसैले सर्बमेध यग्यैंको र सन्न्यासको बिधान बैदिक धर्ममाँ भएको छ। भानुभक्त धनि थिए, उन्ले परार्थमाँ धनको त्याग गरेका थिएनन्, तेसैले धनको मोअ छोडि परार्थमाँ धन खर्च गर्न नसकेकामाँ उन्ले आँफुलाइ धिक्कार्नु उन्ले-पक्रेको-आदर्स-अन्सार् उचितै देखिन्च, भानुले आँफ्नो किर्ति रामायणले भन्दा चौताराले गर्दा चिरस्स्थाइ हुन्च भन्नि ठानेका थिए भन्नि र हाँमिले उनि प्रति रामायण बनाकामाँ भन्दा चौतारो लाकामाँ बर्ता स्रद्दा र आदरभाव राख्न पर्च भन्नि एस प्रघट्टकको अभिप्राय हैन, घाँसिका कुराबाट भानुभक्तको त्यागको भाबना जागि उनले परार्थमाँ केइ धन खर्च गरे भन्नि मत्रै एस प्रघट्टकको आसय हो । दत्तात्त्रेयका चैबिस गुरु मान्नि र लोकैलाइ गुरु मान्नि आर्य-परम्परामाँ घाँसिलाइ त्यागको भावना जगाउनमाँ गुरु मान्नमाँ केइ अनुपपत्ति पनि हुँदैन । — सम्पादक ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक को भक्तमाला,[२] जसबाट हेर्नि मानिसहरुलाइ बडो ज्ञान बडो वैराग्य बडो भक्ति आउँछ र कविको विचार राँम्रो देखिन्छ, छाँटकाँट गरि ठिक पारेका रछन् ।

## कविजिको दीन दुःखि प्रति सहानुभूति

कविमाँ दुःख परेका दुःखि दीन उपर आँफुले गरेर हुनिसम्मको उपकार गरि पिर हटाइदिनि स्वभाव र अरुले पनि कवि निस्स्वार्थि परोपकारि हुनाले पूर्ण विश्वास लिएर आधार लिनि गरेको कुरा १९२३ साल्को उनका हस्ताक्षरको लिखत उत्पन्न हुनामाँ सुनिएको जनश्रुतिबाट र मौका मौकाको चरित्रबाट बुजिन्छ (कविका हस्ताक्षरका लिखित, सङ्० २) ।

## नेपाल उपत्यकाको पवित्त्रतामाँ कविको आस्था

कवि २४ सालका अन्त्यतिर काँमले गर्दा काठमाडौँमा रछन् र बिरामि पनि रछन् । ओखति गर्दा निका भएछन् । तर बेथा राँम्रि निखेनछ र शरीर दुर्बलै बसेछ एस्तै अवस्थामाँ कविका मनमाँ काठमाडौँमैँ मरेँ भने पनि बेसै छ, मुक्ति दिनि पवित्त्र स्थल हो भन्नि भाव आइ नेपालभूमिको यथार्थता देखाइ कविजिले कविता गरेछन् (मु०प० सङ्० ३८)

## रामगीताको अनुवाद गर्न भानुभक्तलाइ सुब्बा धर्मदत्तको अनुरोध

कवि २५ साल लागे पछि पाहाड घरमाँ आँउनि बेलामाँ घरतिर जाम् जस्तो लागेको छ भनि धर्मदत्तसँग भन्दा रामगीता को कबिता गर्न बाँकि छ भन्नुभाकामाँ त्यो काम भयो त ? भनि धर्मदत्तले भन्दा, त्यो बाँकि नै छ, बेफुर्सदिले गर्दा गर्न सकेको छैन, अब चाँडै गर्छ भनि कविले भनेछन् । सुब्बाले जीवितको के भरोसा हुन्छ र, त्यो छुटाँउन नहुनि कुरो छुट्ला त्यो काँम सकिहाल्नोस्, तेसैबाट दुनियाँलाइ आत्मबोध हुन्छ भनेका

---

२ भक्तमालाका विसयमाँ अरु कुरा 'भाँनुभक्तको एकचालिसश्लोके भक्त मालाका र अन्य दुइ पद्यका सम्बन्धमाँ 'भन्नि परिसिष्टमाँ हेर्नु होस् ।–स०



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रछन्/ तेति कुरा भए पछि २५ साल् जेठका अन्त्यतिर कवि काठमाडौँ बाट घर आएछन ।

अगि उत्तरकाण्ड लेख्ता रामगीताको अद्ध्याय छुट्नाको कारण विचार गर्दा वेदान्तको छलफल् जस्तो भै वेदान्तको प्रक्रिया, तत्त्वमसि महावाक्यको अर्थ, कर्म र ज्ञानको विरोधिता, डोरि-सर्पफटिकको दृष्टान्त इत्यादि दुर्बोध गम्भीर विषयलाइ सबैले बुझ्नि सरल श्लोकबद्ध भाषामाँ उतार्नि काँम ठुला सावधानिसित गर्न पर्नि हुँदा धेरै विचार गर्न नपर्नि जति सकिहालम् एसलाइ पछि धेरै फुर्सद लिएर मत्रै गरम्ला भन्नि विचारले बाँकि रएको हुनपर्छ भन्नि देखिन्छ ।

## रामगीताको-अनुवाद - समेत रामायणको अनुवादको समाप्तिमाँ भानुको सन्तोष

कविको देह निजर थियो, २५ साल् आषाढका अन्त्यमाँ कविलाइ जोरो बडेर आएछ । औषध- पथ-परेज गर्दा पनि सहसा व्यथा हटेनछ । रामगीता नलेखि मरिन्छ कि भनेर कविले आँफुले लेख्न नसक्ता पनि तेइ जोरो आएका मौका ओच्छ्यानमाँ सुतेर कन्दै बल्लबल्ल आँफु कविता भन्छन् छोरा रमानाथलाइ लेख्न लगाँउछन् एस्तै गरेर विरामि भै ओच्छ्यानमाँ सुतेकै मौका रामगीता कविता गरेर सकेछन् ।

कविले रामगीता दिनदिनै पाठ गरिरनि हुँदा कण्ठै रछ, वेदान्तको प्रक्रिया कविलाइ करामलकवद् थिँदैथियो र सबै दर्शन-शास्त्रको सिद्धान्तको पूरा ज्ञान थियो ता पनि जोरो आएका सुरमाँ क्रम बिग्रन जाला भनि रमानाथलाइ रामगीताका श्लोक उच्चारण-गर्न लगाइ आँफुले भाषा श्लोक बँनाएका रछन् ।

रामगीता सकिएका दिन कविले 'हे राम, तिम्रो कथा लोकले गाइ तरोस् भन्नि आशयले एति एउटा रामायण फुर्सदका कमिले गर्दा बल्लबल्ल उल्था गरेँ, सम्पूर्ण गर्न सक्छु कि सक्तिनँ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नि त्रास थियो, तिम्रा कृपाले आज सिद्ध भयो, तिम्रो सेवा एस काँमले गरेँ भन्नि भरोसामाँ छु, सेवा भयो-भएन के भयो, केवल तिम्रो कृपा नै संसारदेखि छुट्नि मेरो साधन हो आर्को केइ छैन' भन्नु भएछ। अनि कविले छोरा रमानाथलाइ 'नानि, रामगीता साफिगरि पुस्तकमाँ क्रम मिलाएर पत्त्रहरु राखि पुस्तक राँम्रो गरि बासामाँ बाँदि राखिदे, भन्नुभएछ। रमानाथले सोबमोजिम् गरेछन्। यो रामगीता-कवितानुवाद २५ साल् श्रावण मैनामाँ कविजिले गरेका रछन्। रामगिता बनाएका मौकामाँ भन्दा पछि व्यथा केइ निको भएन तापनि शरीरमाँ बल भोरिएनछ। इष्ट बन्धुवर्ग सबै भेट दर्शन गर्न आएकालाइ र छोरा रमानाथलाइ पनि ज्ञानोपदेश गरि शीतल समयमा अलि अलि एता-उति डुल्नि प्राय घरै पिँडिमाँ नै रथनि गर्नु भएको रछ। हिँउद लागे पछि काशि जानि विचार रछ।

## भानुको अन्त्यकाल र देहत्याग

एस्तैमां सोरश्राद्धमाँ पिता धनञ्जयको श्राद्ध गरेका दिन रत्त्रिदेखि जोरो बडेछ, औषध पार्दा शान्त भएनछ। कवि गलित हुँदै जानुभएछ। तेइ वेथाबाट देहान्त हुनि शङ्का सबैलाइ भएछ। कृष्णा जाँन दशैँको अवस्था हुनाले मद्दतको चाँजो मिलेनछ आखिर आश्विन-शुक्ल-पञ्चमीका दिन ब्यान सबै बन्धुवर्गसमेतले विचार गर्दा तेइ दिन भर पनि कविको देह नटिक्नि ठअराइ अन्त्यमाँ गर्न पर्नि दशदान वैतरणीदान इत्त्यादि गरिसकि घरबाट डेडकोस जति पूर्व मर्स्याङ्दि नदीका किनार सतिघाट्माँ जलाश्रय लगेछन्। घाट पुगेका तिन घडि पछि श्रीमद्भागवतको पाठ सुनाइँदै सुनाउँदै छोरा रमानाथ समेतका बन्धुवर्गले गङ्गाजिमाँ अर्धजल राखि मुखमाँ सुवर्णतुलसी-जल राखिदिए पछि, कस्तै महापुरुष राम-कृष्ण -सम्मका ईश्वरले पनि नश्वर देह - धारि भै जन्मेपछि एक बाजि भयङ्कर मृत्युको मार नखाइ नहुनि हुनाले दरबार



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाँदा भयालखान् बाँदा चौतारामाँ बस्न जाँदा, पाँउना-हुन जाँदा समेत जाँहाँ गए पनि नछोड्नि गरेकि निरन्तर साथ हिँडेकि रमाइलि सुन्दरी पियारि कवितालाइ निस्पृह भै छोडि भानुभक्त कवि परमधाममै राममा मिलेछन् ।

तेसपछि गर्न पर्नि जति काज-क्रिया थियो कविको हैसियत्-अन्सार् छोरा पण्डित रमानाथले बडा पितृभक्तिका साथ गरेछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुका मुक्तक पद्य☆

१. काशिमाँ बसि पडेका मौकामाँ भानुभक्तले विद्वन्मण्डलीमाँ एक गैरो प्रश्न गर्दा आश्चर्य मानि तेइ सभामाँ बसेका एउडा नेपालि विद्वान्ले तिमि को होउ ? काँहाँ हो घर ? को सँग पडेका छौ ? भनि सोद्दा भानुभक्तले तत्कालै कविता गरि लेखि उन्लाइ दिएको जबाफ श्लोक –

पाहाड्को अति बेस देश् तनहुँमा श्रीकृष्ण ब्राह्मण्थिया,
खुप् उच्चा कुल आर्यवंशि हुन गै सत्कर्ममा मन्दिया ।
विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया
तिन्कोनाति म भानुभक्त भनि हुम् यो जानि चिन्ही लिया[1]।

२. पिता धनञ्जयका नाममाँ लागेको धेरै बाँकिमाँ कुमारीचोकले पक्रेकाले काठमाडौं जाँदा पैलो पल्ट बालाजि देख्दा भानुभक्तले गरेको कविता –

यति दिन पछि मैले आज बालाजि देख्याँ
पृथिवि तलभरीमा स्वर्ग हो जानि लेख्याँ
वरिपरि लहराका झूलि बस्न्या चरा छन्,
मधुर वचन बोली मन् लिँदा क्या सुरा छन् ॥ १ ॥

याँहाँ बसेर कविता यदि गर्न पाऊँ,
यस्देखि सोख अरुथोक म के चिताऊँ ।
उस्माथि झन् असल सुन्दरि एक् नचाऊ
खैँचेर इन्द्रकन स्वर्ग यहीँ बनाऊ[2] ॥ २ ॥

---

☆ मुक्तक–पद्यसब्द याँहाँ कुनै पारिभासिक अर्थमाँ हैन, फुड्कर सिलक भन्नि अर्थमाँ प्रयोगगरिया हो । – स. ।

१ यो पद्य मोतिरामले लेखेको कवि भानुभक्तको जीवनचरित्र (१९४८) माँ पँनि उल्लिखित छ ( प्रि० ७), त्याँहाँ " इन्को नाति .. " भन्नि पाठ छ । – स. ।

२. मोतिले इनको क्रम उल्टोपाल्टो पार्‍या छन् (भा, जी. च. प्रि. २०). -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाहाडका धूर्तहरुले जुन चरो नजिकमाँ देखे पनि मारि खानाका लागि ढुङ्गाले हिर्काउनि हुँदा पाहाडका चरा मानिस नजिक आए पछि डरले उँडि भागुनि वालाजिमाँ त चरालाइ मार्नि चलन नहुँदा चरा शूरा भै मानिसका नजिकै परि राम्रो शब्द बोलि भुर्रभुर्र उँडि खेल्नि गरेको देख्ता कविका मनमाँ कस्तो शान्तिको राम्रो रमाइलो ठाम भन्नि लागि यदि यँहाँ सुन्दरी स्त्रीहरु पनि एताउति हिँडेर फन्याफुक गर्नि भए त यो ठाँम स्वर्गका इन्द्रलाइ पनि बस्न लायक हुनि रछ भनि १कविले भनेको देखिन्छ।

एस्ता ठाममाँ बसेर कुनै कुराको व्यावहारिक पिर मनमाँ नलिइ आनन्दसँग कविता मत्रै गरि बस्न पाए कति गर्दो हुम् भनि कविता लेखि बस्न नपाएकामाँ भएको आँफ्ना मनको पिर देखाएर कविता गरेछन्।

धन्य कवि ! कुमारीचोकले सर्खारि घेरै बाँकिमाँ पक्रेको छ, बाबु मरि सर्व - व्यवहार-भार शिरमाँ आएको छ, वरपरका जोरि - वैरि एस्को सर्वस्व पारेर सर्खारले लिदिए त मजा हुन्थ्यो भने झैँ गरेका छन्, त्यो चेष्टा कविले बुजेका छन्, कुमारीचोकमाँ हाँजिर हुनासाथ थुन्नि हो कि, अथवा सर्वस्व पारेर लिनि हो कि, के गर्नि हो, कस्तो हुनि हो, एसै कुराको मत्रै पिर भै अरु कुराको मेसै नपाँउनि हुन पर्निमाँ त तेस कुराको कत्ति पिरै नलिइ झन् उल्टो एउडा रमाइलो काँम लहडमाँ हिडिरएका मौकामाँ झैँ तेस्तो कविता गर्न उन्लाइ आएछ भने उनको चित्त रागद्वेषादिले कतिसम्म निर्लेप रछ, उनमाँ सुख दुःखको सहिष्णुता कस्तो रछ भन्नि कुरा एस कविताबड बुजिन्छ। एउटा विचारले कवि जीवन्मुक्त रछन् भन्न हुन्छ।

३. कान्तिपुरको वर्णन गरि भानुले गरेको कविता—

चपला अबलाहरु एक् सुरमा
गुनकेसरिको फुल ली शिरमा।

---

१. एसमाँ अरु बिवेचना 'भानु प्रति ब्रम्हसम्सेरजि' भन्नि प्रकर्णमाँ छन्।—स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिँडन्या सास्त्रि लीकन ओरिपरी,
अमरावति कान्तिपुरी नगरी ॥
॥ १ ॥
यति छन् भनि गन्नु काँहाँ धनिजाँ
खुसि छन् बहुतै मनमा दुनिजाँ ।
जनकीयशरी सुखकी सगरी
अलकापुरि कान्तिपुरी नगरी ॥
॥ २ ॥
कँहिँ भोट - र- लण्डन - चीन -सरी
कँहिँ काल्–भरि गल्लि छ दिल्लि–सरी ।
लखनौ – पटना – मदरास – सरी
अलकापुरि कान्तिपुरी नगरी ॥
॥ ३ ॥
तरवार कटार खुँडा खुकुरी,
पिसतोल र बन्दुक सम्म भिरी ।
अतिशूर – र – वीर – भरी नगरी
छ त कुन् - सरि कान्तिपुरी नगरी ॥
॥ ४ ॥
रिस राग कपट् छल छैन जाँहाँ,
तब धर्म कती छ कती छ याँहाँ ।
पशुका पति छन् रखवारि गरी
शिवकी पुरि कान्तिपुरी नगरी ॥[१]
॥ ५ ॥

---

१. इ पद्य मोतिरामक्रित कवि भानुभक्तआचार्यको जीवनचरित्रमा उल्लिखित छँन् (प्रि२२),त्याँहाँ तेस्रो सिलकमाँ 'लन्दन' पाठ छ, 'अलकापुरि' एसको सट्टा 'अरुका परि' छ । - स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाँच-श्लोक-मद्ध्ये पैला श्लोकले अप्सरा-जस्ता सुन्दरी स्त्रीहरु शृङ्गार-पूर्वक सौन्दर्य देखाइ आनन्दसँग सफा सहरमाँ हिँडेको देखि कान्तिपुरीलाइ इन्द्रका अमरावतीको बराबर देखाएका छन् ।

दोस्रा श्लोकमाँ 'जसकीयशरी सुखकी सगरी' भनेको जुन् कान्तिपुरीले तेस सहरमाँ बस्निहरुलाइ कीर्ति र आनन्द दिन्छ भनेको हो । अथवा यसरी ( एस प्रकारले ) लोकका लगि सुखको सागर जस्ती भएकि भनेको हो । तेस्रा श्लोकमाँ 'कालभरि' भनेको नित्य भनेको हो । अर्थात् कुनै सडकमाँ नित्य मानिस खचाखच हिँडेका र खरिदबिक्रि आदि व्यवहार दिल्लिमाँ झैँ चलिरएको भनेको हो । दोस्रा तेस्रा दुइ श्लोकले सहरको र दर्बार, पर्साल , देवालय आदिका बनावट सजिसजाउ नामि सहरको जस्तो अत्यन्त राम्रो र धनि सेठ गनिनसक्ता हुँदा धनको अगाधता देखिनि गरि कान्तिपुरिलाइ धनेश्वर कुवेरजि को अलकापुरीको बराबर बताय्येको छ ।

चौथा श्लोकले तेस्तो सुन्दर र सम्पतिले खचित भएको कान्तिपुरिमाँ कोइ बैरिबाट आक्रमण होला कि त भन्नि शङ्कै लिन नपर्नि छ, एस सहरमाँ एस्ता रक्षक राजा र शूर वीर छन् कि एस्ता शूर - वीर कैँ किसैका कुनै सहरमाँ छँदै छैनन् भन्नि देखाँउन यो सहर जस्तो भन्नि उपमा नै नदिइ उक्त भाव स्पष्ट झल्किनि गरि लेखिदिएका छन् ।

पाँचौँ श्लोकले सहरवासिजनको आपसमाँ कलह रिस राग कपट केइ नभएको स्वधर्मि मानिस बसेका, देवतापितृमाँ भक्ति हुनाले पशुपतिको सेवा गर्नि जनता र जनताको रक्षा गर्नि पशुपति भगवान् स्वयम् भै परस्पर प्रीति भएपछि 'रोग अरिष्ट विघ्नादिबाट शिवजिले रक्षा गरिरहनि भन्नि भाव पारि 'शिवकि पुरि कान्तिपुरी नगरी' भनि लेखिदिएका छन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धन्य कवि ! एस्तो गम्भीर अर्थ निस्कनि ढङ्ग पुऱ्याई एस्तो छोट्करिमाँ लेख्न बस्ले सक्छ ! पछिल्ला दुइ श्लोकको रचनामाँ केइ अस्वाभाविकता छ ता पनि भावको मनोहरताले त्यो विलीन भएको छ ।

४. कविलाइ कुमारीबोलको झञ्झटबाट कैले छुट्न पाँइन्छ र भन्नि पिर भएकाले कविजिले थुनाहामाँ परेका भौंका एक दिन् चिफ्का बैठकमाँ गएका बखत दिएको बिन्तिपत्र श्लोक :—

"रोज्रोज् दर्शन पाउँछू चरणको ताप् छैन बन्मा कछू
रात्भर् नाच् पनि हेछु खर्च नगरी टूला चयन्मा म छू।
लाङ्खुट्ट्या उपिजा उड्स् इ सँगि छन् इन्कै लहड्माँ बसी
लाङ्खुट्ट्याइरु गाउँछन् ति उपिजा नाच्छन् म हेर्छू बसी॥१

अहो ! भानुभक्त साहित्य तर्फ पनि पूरा रछन् । रामायणको तेत्रो अनुवादका अवसरमाँ पनि काव्य नढालेको त साधारण जन्ले बुद्दैनन, विद्द्वान्ले मत्रै बुजेर के भाषा भयो र भन्नि विचारले पो रछ ।

यो श्लोकमाँ कत्त्रो ध्वनिकाव्य छ ! कस्तो व्यङ्ग्यार्थ पारेर भनेका छन् ! । ठुलो सुख बताउँदा ठुलो दुःख देखिएको छ । मालिकको दर्शन दिन्-दिनै पाए पछि मलाइ के को पिरताप, नाचगान सुन्न रमाइलो हेर्न मन लाग्यो भने नटुवा गवय्याहरुलाइ उनका परिश्रमको सट्टा धन दिनपर्छ, खर्च हुन्छ, खर्चगर्नु गारो कुरो हो, मेरो त धनै खर्च गर्न पर्दैन, रात भर लाङ्खुट्टे गाउँछन उपियाँ नाच्छन्,आँफु बस्यो हेर्न्यो,मँलाइ कत्त्रो आनन्द! भनि सुखको सामग्री देखाएका छन् । तर कविले बताएको कुरो त 'तिम्रा अरमाँ नित्य धाँउँदा हैरान् पाँएँ, स्वतन्त्र रहँदा पो पिर-ताप हुन्छ, थुनिँदा पनि के को ताप!

---

१ यो पद्य मोतिराम-लिखित क० भा० आ० जी० च० माँ पनि उल्लिखित छ (प्रि २८), त्यांहाँ 'लहड्'का ठाँममाँ 'लहर्' र 'ति उपिजा' एस्का ठाँममाँ 'इ उपिजा' पाठ छ । --स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नि कविताको पारोक्ष्य(पार्से)बोलिलेसूचित'लाङ्खुट्टे कराउँदै चारै तिर आँउदै टोक्छन्, उप्पियाँ टोक्तै उफ्रँदै गर्छन्, उडुस छान्दै मिच्तै फाल्छु, रातभर सुत्न भनेको एक् छिन् पाँउन्नँ, साहै दुःख पाएँ,यो कुमारीचोकको झञ्झट मालिकका निगाहाबाट चाँडै छुटोस्'भन्नि हो।

एस्तो भन्नाका निम्ति तेस्तो विचित्रको काव्य लेख्न पूरा साहित्यविद् चतुर विद्वान्लाइ मत्रै युक्ति आँउछ,यो साधारणयुक्ति हैन। एस्ता मालिककाँहाँ नित्य धाएर वेदान्त सुनाएर के भयो? भन्नि पनि 'रोज् रोज् दर्शन पाँउछू चरणको' भन्नि भनाइले बुजाँउन सक्छ।

२. केइ दिन पछि इञ्चिफ्काँहाँ जाँदा आर्को एक श्लोक बनाइ बिन्ति चडाएका रछन्, त्यो श्लोक एइ रछ—

जागिर् छैन धनी म छैन घरको केवल् कुदालो खनी
खान्थ्याँ दुक्ख गरेर चाकरि गऱ्याँ मान् पाउँला की भनी।
एक् मन् चित्त लगाइ चाकरि गऱ्याँ खूसी भया छन् हरी
मान्माथी पनि भुक्तमान् थपि दिया कैल्यै नखोस्न्या गरी १॥

चिफ् सँग साथिसँग जस्तै हाँस्नि हँसाँउनि चलन कविको चलिसकेको थियो भन्नि कुरा एस पद्यबाट बुजिन्छ। 'मान्का आसले मत्रै चाकडि गरेको त चाकडि गर्दा गर्दा हरि खुस भएछन्, माँगेको भन्दा बडि पनि दिए, जतिको आशा गरेको छ तेसको आदा दिनि मालिक मद्ध्यम हो, मागेको जति दिनि मालिक उत्तम हो, मलाइ त हरि-(मालिक) ले माँगेको भन्दा बडि भुक्त पनि थपेर भुक्तमान् दिए, म कस्तो भाग्यमानि! हरि कस्ता दानि! फेरि मान् भनेको कुरो त केइ काल दिएर

१. यो पद्य मोतिराम- लिखित क० भा० आ०जी०च० माँ० पनि उल्लिखित छ (प्रि० २६)। - सं०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोसिनि हुन्छ, मेरो भुक्तमान् त बाँचुञ्जेल् नखोसिनि भयो भने हरिलाइ कत्तिको खुसि गराय्येछ त !' भनेर हँसाइ हाँसेको कुरा एस पद्यबड प्रष्ट हुन्छ ।

कविले भन्न पर्नि कुरो 'हजुर्को चाकडि गर्दा पनि मेरा भुक्तमान् कैल्हयै नटर्नि भए' एत्ति थियो । एत्ति कुरो भन्नलाइ भुक्तमान् पद्का आधारमाँ तेस्तो सुन्दर कविता खडा गरेबाट कविमाँ काव्यशैलीको प्रतिभा ठुलो देखिन्छ । 'मान्माथी पनि भुक्त बढ़ अघि थप्या कैल्हयै न खोस्न्या गरी' भने देखि भुक्तमान् हुन्थ्यो, 'मान्माथी पनि भुक्तमान् थपिदिया' भने पछि त 'भुक्तमान्-मान्' एस्तो पो हुन्छ, त्यो कुरा कविलाइ पनि थाहा थियो त पनि 'भुक्तमान्' भन्निपदलाइ फुटाएर राख्ता अरुलाइके,इञ्चिफ्लाइ नै पनि बुज्न गारो पर्छ भनि भुक्तमान् भनेको ठुलो गोता हो भनि सबैले बुजेकाले श्लोकको भावार्थ सबैले सजिलै बुजिन गराउनका लागि तेसरि नफोरेर 'भुक्तमान्' थपिदिया भनि लेखेका हुन् । तेस्तो गराउँदा जस्तो कविले देखाँउन खोजेको भावार्थ थियो तेइ कुरो सबैले छर्लङ्ङ्ङ्ङ बुजेका छन् । वाणी शुद्ध गर्नमाँ भन्दा भाषा हुनाले भावार्थ जनताका मनमाँ छर्लङ्ङ झल्काँउनि कुरामाँ कविले चेष्टा गरेको कुरा मूलग्रन्थ रामायणैमाँ पनि देखिएको छ ।

जाँगिर् खाएर जागिर्बाट बन्दबस्त मिलाँउन नशकेका दुःख मत्रै पाएका अपठित मानिसहरुले पनि यो श्लोक पूरा बुजि बडा रसले हाँसो गर्दै भन्दै हिँड्छन् ।

९. छोराको व्रतबन्धका लागि घर जाँन पर्नि आवश्यकता देखाइ कविले इञ्चिफ्माँ बिन्ति चडाउँदा बँनाएका श्लोक —

चालीस् वर्ष भयाँ म पुत्र पनि एक् मात्रै छ आठ् बर्षको,
आयो काल् व्रतबन्धको गरु कसो बेला त हो हर्षको ।
क्यारू नाथ म ता पर्याँ फजितिमा एक्लो जाहाँ छू फगत्,
कुन् पाठ्ले व्रतबन्ध पार् गरु भनी देख्छू अँध्यारो जगत् ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भायंत्री दिनु बाबुको छ अधिकार् दीक्षा दिनू माइको,
बालकले पनि वेद् पढीकन सुसार् गनूं गुरू गाइको ।
यस्तो मुख्य वखत् छ यो अरु छ कुन् काम् पार्लगाईदिन्या,
धेरै विन्ति कतो गरू चरणमा एकै कुराले छिन्याँ ॥

रुवामित् आज हजुर् हरू पृथिविमा मालिक् छँदामा पनी,
ब्राह्मणको व्रतबन्ध अड्कन तयार् देख्याँ र मालिक् भनी।
जाहोरात गन्याँ प्रभू चरणमा जो मर्जि होला भनी,
कण्ठैसित् भनि मर्जि हुन्छ त भन्या क्यारू सहन्छू पनी १ ॥

यो पछिल्लो श्लोकबाट मालिक भए पनि चिफ्माँ कविको दोस्तभाव वा शिष्यभाव बुजिन्छ, नत्र हुकुमि शासनमाँ चिफ्लाइ एस्तो भन्न को सक्थ्यो ?

७. छोराको व्रतबन्ध गर्न घर आएकामा कविजिले पाहाडैबाट एउटा पद्यात्मक चिठि लेखि हच्चिफ्लाइ पठाएका रछन्, ति श्लोक मद्ध्येका दुइ श्लोक इनै रछन्—

शरिर छ अति कच्चा अन्न-जल्ले रह्याको
विनति कति गरू यो देहमा जो भयाको ।
बहुत फजिति पाजाँ रोगले ग्रस्त पारी
शरिर हुन गयो ठिक् पूर्व झैं फेरि भारी ॥

---

१. इ पद्य मोतिरामक्रित क० भा० आ०जी० च० माँ पनि उल्लिखित छन् (प्रि० २९ –३० ),त्याँहाँ आयो काल् व्रतबन्धको नजिक माँ' 'वयारू आज पन्याँ म ता विपतमा' 'म फेर् मान्छू अध्यारो जगत्' 'भिक्षा दिनू माइको' 'बालकमा पनि' एस्ता पाठ छन् ।–स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यर्थमा म कुमारिचाक थुनिजा वाँही बिरामी भई
आयाथ्याँ घरमा बिराम् अति बढ्यो ठूलो बिपत्ती सही,
काटयाँ दिन् अब सञ्च भो अझ पनी थुञ्छन् त मेरो गती
आर्को छैन दया रहोस् हजुरको मेरा त स्वामित् पती ।

७. गिरिधारिसितको बगरका मुद्दामाँ कविले इजहार दिनपर्दा ई बेहोरा पनि पद्यमा नै ह्वार्हाति भन्न सक्नि भै सकेकाले कविताले दिएको इजहारका वा गद्यमैं दिएका इजहारको बेओरा लिइ कविले रचेका श्लोक-मद्ध्ये कवि परलोक भैसकेको धेरै वर्ष पछिसम्म पनि टुक्राटाक्रिक श्लोक गाम-घरका कोइ कोइ मानिसका मुखमा चडि राखेकाले पाथ्येका श्लोक—

साँचा हुन् जति लेखिया सब कुरा आफ्नू व्यहोरा दरी,
ई कूरा त अइन् सबाल रितले स्रेस्ता प्रमाणले गरी।
सावीतै ठहरेन पो पनि भन्या यस्मा अइन्मा जती,
तोक्याको छ गुना हजार तिरुला राख्वै न एक् दाम् रती॥
यस्भन्दा अरु पत्र पात्र पनि छन् भोग्छन् दशी छन् सही,
श्रोता साक्षि कुरा काहानि पनि छन् मेरा सनद् छन् कहीं।
गन्याँ छैन हजुर् गन्याँ पनि भन्या झुट्टा गराईदिनू
सरकार् मा इजहार् दिजा खुसिभई यो झेल् कसोरी छिनू[१]।

८. गिरिधारिसितको बगर-मुद्दा सदरमाँ पुगेपछि पनि टाँगिदा दिग्दार भै न्यायाधीशलाइ कविले लेखेर दिएको कविता श्लोक—

---

१ इ पद्य १९९८ सम्बत्मा प्रकासित भानुभक्तमणिमालामा पनि उल्लिखित छन्। - स०।

१. इ दपद्यको मोतिरामले पनि उल्लेख गरेका छन्, (प्रि० २४), त्यहाँ 'सावित् ता ठहरेन' 'तोक्याको छ गुनाहगार' भन्नि पाठ छन्। 'गुनाहगार'को अर्थ फार्सि भासामा दोसि भन्नि हुँदोरछ त्यो अर्थ लिँदा त पाठ सङ्गत हुदैन, दोसिलाइ गरिनि दण्ड भन्नि अर्थ लिन पाए त त्यो पाठ सङ्गत हुन्छ।-सं०



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न मृत्यु टर्न्या हो यसरि झगडामा अघि सरी,
नकोटिन्को मालिक् हुनु छ घरमा दौलथ भरी।
बिहक्मा दिन् जाञ्छन् तब मन बुझाऊँ म कसरीं,
कृपा राखी स्वामित् अब छिनिदिनोस् हुञ्छ असरी १ ॥

यो श्लोक पढे पछि रिस् र अहङ्कारले मत्रै कस्ले झगडा गर्ला र! यो पनि कविले मनमाँ शान्ति आँउनि ठुलो अर्ति छोडेर जानु भएको छ। 'असरि' भनेको असलि (असल) हो, अथवा 'जसरी' पाठ होला, तेसो भए हार्नु जित्नु जे भए पनि जसरि हुञ्छ छिनि-दिनोस् भन्नि अर्थ हुन्छ।

१०. एति भएपछि पनि झगडा नछिनिँदा इञ्चिफ्काँहाँ जाँदा प्राइवेटि निवेदन दिँदा कविजिले बनाएको श्लोक-

बिन्ती डिट्ठा बिचारीसित म कति गरू चुप् रहञ्छन् न बोली
बोल्छन् ता स्वाल्गऱ्या झैँ अनि पछि दिनदिन् भन्दछन् भोलिभोली।
की ता सक्तीन भन्नू कि तब छिनिदिनू क्यान भञ्छन् इ भोली
भोलीभोली हुँदैमा सब घर बितिगो बत्रिसयोस् आज झोली२ ॥

यो कवितावाट तेस समयमाँ न्यायाधिकारिले यो मुद्दा छिन्न मेरो बुद्धि पुग्दैन भनि माथिल्ला तहमाँ पठाँउन पाँइनि रछ भन्नि बुजिञ्छ। यो श्लोक पड्दा ऐलेका रकमि र उस मौकाका रकमि एकै स्वभावकाहुँदा रछन्, घुसका आशयले मुद्दा टाँगि राख्निरछन् भन्नि जानिञ्छ र मुद्दा टाँगिएका झगडियाहरु अड्डावाट निस्कँदा अचकाल् पनि यो श्लोक बढा रसले हाँस्तै भन्दै हिँड्छन्। यो श्लोक का भाव - रसले झगडा लम्मिँदा भएको दुक्ख पनि मेटिए जस्तो हुञ्छ। कोइ झगडियाले त न्यायाधीशैलाइ हाँस्तै यो श्लोक भनेर

१. यो पद्य भानुभक्तमणिमालामाँ पनि उल्लिखित छ। - स०।
२. एस पद्यको मोतिरामले पनि उल्लेख गऱ्या छँन् (प्रि.२६)।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनाँउँछन् । न्यायाधीश पनि नरिसाइ हाँस्छन् । महाकविले चिरस्थायि पवित्र हास्य छोडेर जानु भएको छ ।

११. कविजि तनुङ्घरमाँ भएका कुनमौ कामाँ हो कुन्नि उनलाइ गोरु पर्दा गोरुका खोजमाँ डुल्दै हिँड्दा आँफ्ना घर देखि दक्षिणतिर कोस जति परको ओक्लाङ् भन्नि डाँडामाँ चइत् मैनामाँ खा खानि वेलामाँ आँफुसँग लिनदिन गर्नि गरेको असामि कालु भ गरिप् जैसि बाँउन्का घर पुगेछन्। गरिप् जैसि आइमाइ पनि नभए रछ, भित्र मकै भुट्न लागेको रछ। कविजि गोरुका खोजमाँ डु हिँड्दा धूपकालमाँ वेसरि गर्माएका भोकाएका होलान् भन्नि ठ गरिप् जैसि बाँउनले पण्डित बाजे पनि खाऊँछन् कि भनि ता मकै थालमाँ उतारेर ल्याएर पिँडिमाँ बसेका कविजिलाइ टक्क्या दिएछ र आँफु पनि उनैका नजिक बसेर खाँन लागेछ ।

भुटेका मकै शीतल कालमाँ मिठो हुन्छ, गर्मि त सानातिना भोकले मिठो हुँदैन । त्यो गर्मि, विनासर्दम् खाँन कविको मन कत्ति पनि सुरिन सकेनछ र तेस वेला कवि मुखबाट यो कविता निस्केछ –

असल् मुङ्ग्रे केरा कि त महि हवस् बेस अमिलो
कि ता सेता मूला कि त बरु हवस् साग उसको।
असल् हुन्थ्यो धूप्मा नतर यसही खानु कसरी
भुटो ल्यायौ थाल्म मकइ तिमिले क्याँन यसरा १ ॥

अहो ! जैसिको चाल्, मकैको चाल् गर्मिको चाल् देख एउटा भाव कविका मनमाँ उत्पन्न हुँदा तेति चाँडै कति राम्रो कविता निस्कन सकेको ! जुन श्लोकको भाव, गर्माएर भोकाएर मौका नबिग्रेको गल्केर पाकेको मुङ्ग्रे केरा मुखभोरि गप्प

१. यो पद्य १९९५ सम्बत्मा प्रकासित 'कवि भानुभक्त' मा ब्रह्मसम्सेरजिबाट पनि उल्लिखित भा छ (प्रि०२१) । –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लगाइ स्वादसँग खानिहरुले पूरा जान्दछन् । तेस्तै असल् अँखिलो मोइसित, गुल्लिया मुलासित र मुलाको कलिलो सागसित भोक लागेका वेला मकैको खाजा खानिले यो श्लोक भन्दा उनै चिज्को स्वाद पाँउँछ र बराबर् अनिरुछ ।

२२. एक दिन भानुभक्तका बाउ-छोरा परिस्थितिवश गजाधर सोतिका घरमाँ बास बस्न गएका रछन् । तर गजाधरकि बुडिले उनिहरुलाइ साँजैमाँ निकालि छन् र भानुका बाउ-छोराले अलिक पर गै एक गरिप् ब्राह्मणले जस्तो दिए तेइ खाइ तेइ ओड्नि-ओच्छयाउनि गरि गुज्ज्रान गरेछन् । तेस रात कविजिलाइ निद्द्रा गतिलो परेनछ । तेइ रात्रिमां कविजिका मुखमाँ यो कवित आएछ –

गजाधर् सोतीका घर बुढि अलच्चिन्कि रहिछन्,
नरक् जानालाई सबसित बिदाबादि भइछन् ।
गयौँ साँज्मा तिन्का घर पिँडिमाँहाँ बास गरियो,
निकालीन् साँजैमा अलिक पर गुज्ज्रान गरियो १ ।।

यांहां 'सबसित बिदाबादि भइछन्' भनेको आँफ्ना पति र बुआरिहरुसँग पनि ढोगबेट गरि निस्केर बाटालाग्न ठिक्क परेकि रैछन् भनेको होला; किन कि उनले पतिको अभिप्रायको लङ्घन गरि बुआरिको पनि चित्त दुखिन काँम गरि उनिहरु सित नाता तोडे जस्तै गरेकि थिइन् २।

---

१. एस पद्यको मोतिरामले पँनि उल्लेख गऱ्या छन् (क० भा० आ० जी० च०, प्रि० १८ ), त्याँहां 'अलच्छिन्कि' 'पुग्यो सांझ्मा' 'गुल्जार गरियो' भन्नि पाठ देखिच्छन् 'गुल्जार' को 'गुज्ज्रान' भन्नि पाठान्तर पँनि त्याँहां टिप्पणिमाँ उल्लिखित छ ।–स० ।

२. एस बिसयको अरु बिवेचना 'भानुप्रति मातिराम भट्ट' भन्नि र 'भानुप्रति ब्रह्मसम्सेरजि' भन्नि प्रकर्णमाँ हेर्नोस् । –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१३. राजज्योतिषि सुब्बा धर्मदत्त ग्यँमा तिसँग आफ्नोजन्मकुण्डली विचार गरि दिन कविले अनुरोध गर्दा सुब्बाले कस्तो छ तपाँ कुण्डली? भनि सोधेछन्, तेसै बेला रचना गरि कविजिले इ तल पद्य ह्वार्हार्ति भनिदिएछन् र कुण्डली कोरि अङ्क र ग्रह सुम्भोरेका रछन्, ति श्लोक१ र कुण्डली इनै रछन् –

ति शालीवाहनका समय षडत्रिंशत् भइकन,
अनी आषाढ् मास्को दिन पनि उनन्तिस् गइकन।
घडी एकतिस्माहाँ बिघटि पनि बत्तिस् परिकन,
नवांशक् कण्ठीरव् धनुष परि बो वेस लगन ॥
मिथुनमा सूर्यै छन् गुरुनिलय मीनका विधु पनी,
महीसुत् बुध् राहु शशिसदनका ई तिन पनी।
गुरू भाग्यस्थानका रविभवनमा गैकन वस्या,
भृगूजी ता आफ्नै सदन वृषमा गैकन पस्या।
मकरमा सौरी छन् ध्वजसहितका स्वर्गिग्रहि२ याहाँ,
बतायाका क्रमले ग्रहहरु वस्या कुण्डलिमाहाँ ॥

१ इ सिलक भानुभक्तले जोतिसिकाँहाँ पडेर फर्कंदा बाटामा चौतारामाँ बसि बँनाएर बाँसका सुप्लामाँ लेखि ल्याएर बाउ धनञ्जयलाई देखाएका हुन् भन्नि कसैको भनाइ छ; कसैको 'काशिबडि १८८९ सम्बत्मा घर आएपछि आँफ्नु जन्मकुण्डलीको राँम्रो अद्ध्ययन गरि भानुले इ पद्य बँनाई बाउ धनञ्जयलाइ सुनाएका हुन्' भन्नि भनाइ छ; तर ति कुरा नमिल्ने छन्। इ सिलक धर्मदत्तका घरबडै निस्केकाले एस ग्रन्थका कर्ता परम्पराबाट सुनेको उपर्युक्त कुरा नै यथार्थ हो भन्नि देखिञ्छ। सिलक र कुण्डलि जोतिषि धर्मदत्तले टिपि राखेको हुन बिल्कुन् उचित देखिञ्छ।–स०।

२. एस्तो लेखाइ छपाइ अन्त कतै पनि देखिँदैन; भानुभक्तले वा धर्मदत्तले पनि लेख्ता संस्क्रितका लेखाइका प्रभावले 'स्वगृहि' लेखिए पनि नेपालिमा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri




(संवत् १८७१ साल् सौर आषाढ २९ गते रविवार,
[श्रावण-] कृष्ण-पक्षका अष्टमीका दिन जन्म १)

इ श्लोकबाट २ कविलाइ ज्योतिषको प्रक्रियाको पूरा ज्ञान रछ भन्नि देखिन्छ। ज्योतिषमाँ सञ्ज्ञा र सूर्यादि ग्रहको क्रम कति नबिगारि व्यर्थका शब्द नपारि तेस्तो माँहाँ अशुजलो कुराको बोल्दाबोल्दै शिखरिणी वृत्तका तेस्ता पद्यमाँ वर्णन गर्नु यो के बयान गरेर सकिनि कविताशक्ति हो र! यथार्थ बयान गर्न सकिँदैन।

१४. सुब्बा धर्मदत्तका ठट्टाबाजि हाँसो बात गर्नि एउडा दोस्त पण्डित पाल्पामाँ रछन्। धर्मदत्तलाइ चिठिपत्र लेख्ता रछन्। सुब्बा ज्योतिषमाँ मत्त्रै राँम्रो ज्ञान भएका व्याकरणमाँ राँम्रो ज्ञान नभएका रछन्। धर्मत्तले पाल्पाकालाइ एस्ता उल्लु उस्ता उल्लु भनेर पनि चिठिमाँ लेख्नि गरेकाले मलाइ के भनि उल्लु भनि लेखेउ भन्नि

---

उच्चारण गर्दा याँहाँ स्वग्ग्रिहि ने उच्चारण गरिनि हुनाले तेसबड भुविकइ सस्कित-अन्सार् 'स्वगृहि' एस्तो प्रयोग गर्दा याँहाँ ब्रित्तभङ्ग देखिन जाञ्च भन्नि कुरामाँ बिचार पुऱ्याँउन नसकि 'स्वगृहि' एस्तै लेखेका होलान् भन्न पनि सकिञ्च, तापनि ब्रित्तले गर्दा आबस्स्यक देखिएकाले नेपालि-उच्चारण-अन्सार् को 'स्वग्ग्रिहि' एस रुपलाइ हाँमिले एस्तो लिखित रुप दिया हुम् ।-स०।

१. एस बिसयमाँ अरु कुरा भाँनुको जन्मदिन भन्नि परिसिष्टमाँ हेर्नोस्।

२. इ पद्य भाँनुभक्त मणिमालामाँ पाँच नल्लिखित छन्। त्याँहाँ 'श्रीशालीवाहनका' 'मिथुनमा सूर्यछन् निवनिलय मीनका बिधु अनी' भन्नि पाठ छन्।- स०



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरो र दाङ्बाट ऐले एउडि केटि बिया गरेर ल्याएँ तेस्कारणले मेरो आयु कति होला विचारगरि पत्र पठाइदिनु भनि पाल्पाबाट चिठिमाँ लेखेका रछन । तेस्को जबाफ धर्मदत्तले दिन परेको र उल्लु साबित गराँउन पनि परेको रछ र धर्मदत्तलाइ कसरि लेख्नम् भन्नि भएको रछ । पाल्पाका चाँइ मँ ब्याकरण बढि जान्दछु,तिमि भन्दा मँ बढि ल्याकतको छु भन्नि भाव राखि लेख्ता रछन् सुब्बाले यो चिठिको जबाफ पुऱ्याएर लेखिदिनोस् त पण्डित भनि कविलाइ अनुरोध गर्दा कविले त श्लोकैमाँ उत्तर लेखिदिएका रछन् । ति श्लोकहरुमद्ध्ये माँनिसका मुखमाँ पछि सम्म बसि राखेर भेटिएका दुइ श्लोक--

खर् अक्षर् पर भै विसर्ग तिमिले क्याले गऱ्यौ लोप् भनी,
कस्ता पण्डित ह्यौ भनेर चिठिमा लेखी पठायौ पनी ।
खर् अक्षर् पर भै विसर्ग तिमिले पो लोप् गऱ्यौ देखियो,
यस्तै काम् गरि हिँड्दछौ र तब पो उल्लू भनी लेखियो ॥

ऐले दाङ् गइ एक् विवाह गरियो भन्न्या पनी लेखियो,
फेर् तेसै चिठिमा म मर्छु कहिले भन्न्या पनी देखियो ।
आयूको त विचार् विवाह नगरा पैल्यै उचित् हो लिन्या,
उल्लू ह्यौ तिमि उल्लुलाइ आहिले कुन उत्तरा हो दिन्या' ॥

१२. सुब्बा धर्मदत्तको उपर्युक्तै दोस्तसित एक पटक एस्तो व्यवहार परेछ : उनताका छोरालाइ आच्काल् बाबु भन्नि चल्ति भए झैँ नानि भन्नि चल्ति रछ र पाल्पाकाले हाँम्रो नानिले बिर्के टोपि लाँउन सारै रअर गरेको छ बिर्के टोपि पठाइदिनुहोस् भनि धर्मदत्तलाइ लेखेछन् र धर्मदत्तले पठाइदिएछन् । पाल्पाका पण्डितका छोराले सो लाउँदा सारै राम्रो देखिएछ । बाबु चाइँलाइ पनि तेस्तै टोपि लाँउन मन लागेछ । पाल्पामाँ तेस्तो टोपि

१. यो पछिल्लो एक पद्य 'पुराना -कवि- र कविता- (२००३)' माँ पनि उल्लिखित छ ।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाँइँदो रइञ्छ । तर छोरालाइ भन्दा आँफुलाइ अल्लि ठुलो टोपि चाँइनि रछ र पाल्पाकाले युक्ति खेलेछन् : पठाएको टोपि साँनु भयो काँम लागेन आर्को अल्लि ठुलो पठाइदेउ भने त आर्को ठुलो पनि पठाँउँछन् मँ पनि लाँउछु भनि बट्ठ्याइँ गरि तेसै भनेर लेखेछन् । धर्मदत्तले दोस्तको छोरो भनेर एउडा टोपि मोलै नलिनि गरि पठाय्यो त्यो भएन आर्को ठुलो पठाउ भञ्छन् कति सकिञ्छ भन्नि विचार गरेछन् र उनलाइ उत्तर दिन अडबड परेको रछ र एसको उत्तर लेखिदिनोस् भनि कविजिलाइ पाल्पाकाको चिठि धर्मदत्तले दिएछन् । कविजिले हेरेछन् । हेरि सुब्बासँग पाल्पाका ठिटाको उमेर सोदेछन् । टोपि कत्त्रो पठाएको भनि सोद्दा आँफ्ना नातिले लाएको देखाएर सुब्बाले तेत्त्रै हो भने छन् । कविजिले विचार गर्दा पाल्पाकाको खेलाँचि चतुर्य्याइ उनका मनमाँ झल्केछ । सुब्बासँग सो कुरा गरि उत्तर लेखिदिएछन् । तिनताका बिर्के टोपिको जमाना रछ । कवि भानुभक्तका चित्त्रमाँ पनि असल् बुट्टाको कारचोपे बिर्के टोपि देखिएको छ । उक्त प्रसङ्गमाँ कविले लेखिदिएको उत्तर श्लोक एइ रछ-

बिर्के टोपी पठाऊ भनि खबर हुँदा भेजियाको त टोपी
माथ्मा राख्ता सानै भइगयछ अहो ! क्या भयो टूपि छोपी ।
तस्मात् त्यो टोपि हाम्रा घर दिनु वढिया टोपि आर्को पठाई,
नानी खूसी गरम्ला मुख गरि हमिलो लाउला माथ् अटाई ॥

अब पाल्पाका पण्डितले अगिको टोपि धर्मदत्तका घरमाँ दिउन् त आर्को टोपि ठुलो आँउँछ, छोराले लाँउन पाएन, छोराको खोसेर आँफुले लाए जस्तो हुनि भयो;



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टोपि घरमा दिएको खबर नदिइ आर्को टोपि आँडैनि भएन; तेसैले उनले अरु केइ लेख्न सकेनछन् । एसरि उनका चतुर्‍याँइलाइ कविका चतुर्‍याँइले भङ्गगरिदिएछ । कविजिले इन्तिजाम् गरेको कुरा पछि सुब्बाले बुद्दा ठिक रछ र खूप ठहराउनु भएछ भनि कविजिलाइ धन्यवाद दिएछन् । सुब्बा धर्मदत्त ग्यँमालिको कुलघर पाल्पा तान्सिङ (तान्सेन) सहर् देखि दक्षिणतर्फ एक कोस टाडा तान्सिङ डाँडाँकै फेदिको माँडि भन्नि ठुलो फाँटको घाँचमा रएको 'गोफेक' भन्नि गाँममा भएकाले 'तस्मात् त्यो टोपि हाम्रा घर दिनु बढिया' भन्नि कुरा सङ्गत भएको हो ।

१६. एसरि धर्मदत्त पट्टिबाट गएको चिठि पद्यमाँ जाँदा पाल्पाकाले पनि जाँननजाँनि भाषाशब्द र संस्कृतशब्द खिचडि गराएर गति-न-पतिका नबुझिनि श्लोक बनाइ चिठि लेख्न थालेछन् । तेस्ता चिठिको उत्तर सुब्बाले कविजिलाइ लेख्न लगाँउँदा धर्मदत्ततर्फबाट गएको पद्यात्मक चिठि-र दुध्येको कविजिले बँनाएको श्लोक—

भाषा श्लोक् भनु ता अवश्य अरु ता बुझ्दैन कोई पनो
संस्कृत् हुन् भनु ता इ शास्त्रिहरुता धेर् छन् अशुद्धा भनी ।
भञ्छन् आज ठिमाहका गणतिमा तिम्रा शिलोक् ई गया,
भाषा श्लोक बनाइ राख तिमि नाक् बुद्धी र बर्गत् भया ॥

१७. 'भाउजुको अरोट माँनि घाँस झार्न रुखचड्दा लडेर मेरो कमारो मोरेकाले कमाराको बिगो तिर' भन्नि विषयलाइ लिएर भएको दाजुभाइको विवादमाँ कविले धेरै छलफल सुनाइ बिगो दिन लिन नपर्नि ठअराइ तेसमाँ उपपत्ति देखाँउन एउटा संस्कृत श्लोकको भाव लिइ कविजिले रचना गरेको श्लोक—



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्द्वारा जसले जाँहाँ जसरि जो गर्छन् त जुन् जुन् घरो,
उस्द्वारा उसको वाँहाँ उ फलभोग् छुट्तैन कस्तै गरी ।
प्रारब्धै बलवान् छ सर्व जनको प्रारब्ध- भोग् गर्दछन्,
आफ्नू कम छिपाइ दोष्कन दिन्या व्यर्थै नरक् पर्दछन् १ ॥

१७. कविजिका काठमाडौँ-निवासि कोइ इष्ट पण्डितका पूरा बुद्धि नभसिसकेका युवक छोराले बाउ मोरेपछि आँफु मालिक भै पढ्न छोड अयस् गरि ढाँचा देखाइ काँम गरेको देख्ता इनले निकट भविष्यत्माँ दुक्ख पाँउन अँटे भनि हड्काउँदा बनाएको श्लोक-

न पोथी पात्रा छन् न कलममस्यानी छ सँगमा,
सधैँ हुक्का नारी थरकि फिँजि खेन्छौ चयनमा।
कती बिर्ता तिम्रो जति छ धन दौलथ् यस घरी
उडायौ आर्ज्याको जति अब गया बाबु त मरी २ ॥

१८. पाहाड-घरमाँ भएका मौका कविजि पनि जन्त गएका रछन् । उस - मौकाका - चलित - अन्सार् जन्ति - घरबेटिको विवाहयज्ञमाँ अन्त्याक्षरी हुन लागेछ । अन्त्याक्षरी गर्नि-हरुलाइ हार्न पर्दा सारै बिमजा हुनि र जितेमाँ राज्जेइ जित्न पाए जस्तो हुनि हुँदा तेइ विवाहयज्ञमाँ बसेका कवि भानुभक्तसँग उनैका भतिजा पर्नि मेघनाथले 'ढबाट उठि ढमाँ नै बस्नि श्लोक बनाइदिनोस् पण्डित बा,

---

१. संस्कृतपद्य- यस्माच् च येन च यथा च यदा च यच् च
यावच् च यत्र च शुभाशुभमात्मकर्म ।
तस्माच् च तेन च तथा च तदा च तच् च
तावच् च तत्र च विधातृवशादुपैति ॥

२. यो पद्य पुराना-कवि र-कवितामाँ पनि उल्लिखित छ।-स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इनलाइ नजिति भएन' भन्दा उत्तिखेरै कविजिले ढबाट उठेर ढमाँ नै बसि एकहाइस श्लोक बनाइ-दिएका रछन्, ति सबै श्लोक मेघनाथ जीवित छँदासम्म भन्थे अरे, हाँमिले खोजि गर्दाका बखत् दुइ श्लोक देखि पाथ्येनन्, ति इनै हुन्-

ढीटा छन् सब् कुरा पूरा छोरा धेर् जसका तिनै ।
धनी छन् धनले क्यानूँ भन्दैछन् अघिका बुढा ॥
ढीटा भञ्छन् त क्या भैगो सज्जनका अघि बातमा ।
बक्-बक्-बक्-बक् त जो गर्छन् मूर्खै हुन् तिभनुन् बुढा ॥

बक्-बक्-गर्नु भन्नि शब्दले सार नभाको कुरो धेरै बोलिरनुलाइ जँनाउछ ।

आफ्ना भतिजाको मनोवाञ्छा पूर्ण हुञ्छ भने भैजाओस् भनि आत्तुरिकै बखत्माँ पनि केवल् ढबाट उठाइ ढमाँ नै बसाँउनि मत्रै लक्ष्य लिइ लय्याङ्-बय्याङ्का श्लोक बँनाइदिञ्छु भनि बँनाउँदा पनि श्लोकै पिच्छे पक्कि उपदेशको वाक्य पर्न गएको देखिञ्छ । एस्ता कवि सहसा पाँइँदैनन् ।

२०. एग दिन कवि चौतारामाँ बसि ठिटा तन्नेरि समेतका धेरै मानिस भै गफ हाँसो गरेका मौका एउडाले 'यो शरीरमाँ क-देखि उठ्नि नाम भएका बिसथोक हुञ्छन् अरे, के के हुन् ? भनेछ, अनि आर्काले भन्दै गन्दै गर्न थालेछ । अरुले मत्रै पुऱ्याँउन नसकि कवि समेत लागि-मेलि गरि गन्दा बिसथोक पुऱ्याएर हाँसो गरेछन् । भोलि-पर्सि-पल्ट कवि-बाएक् अरु चार-पाँच जनाले गन्दा पुऱ्याँउन शकेनछन् र कविलाइ अल्लि पर आकै चौतारामाँ बसि बात गरेको देखि पण्डितबाले अस्ति पुऱ्याँउनु भाथ्यो, सोदम् त ऐलेइ नै जानिञ्छ भनेर ठिटाहरु दौडि गै सोधे



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्; कविले मुखले एक-पटक्मत्रै भन्दिएमाँ फेरि बिसँछन्, श्लोकै बँनाइदिन्छु भनि उत्तिखेरै श्लोक बनाइदिएछन्; त्यो श्लोक एइ रछ-

केश् कञ्चेट् कुहनू कपाल् र कलेजो काखी करङ् कन्सिरी,
कान्यागूजि र कुर्कुचा कटि र कान् कम्मर् र कापा पनी ।
काञ्छीउम्लि र काँध कुम् पनि भया कण्ठो र कोखो समेत्,
कम्पारो जियमा कदेखि उठन्या चिम्थोक् इनै हुन् बुझ ॥

२१. लोगिन-मानिसहरुले गणेशचौथीको व्रतलिइ धेरै जाना एकै ठाँममाँ जम्मा भै आइमाइले ऋषिपञ्चमीको पूजागरे झैँ पूरा विधानले गणेशको पूजा गर्नि चल्ति कविका मुलुकमाँ ब्राह्मणहरुको थियो, अजै पनि अलि अलि त मानिस गर्दैछन्। गणेशलाइ एक्काइस-थोक पत्त्रहरु चडाँउन पर्नि, सो पत्त्रहरु खोज्नि ठिटाहरुलाइ समेत् सँदैँ नाम लेखेर दिन पर्नि; फेरि चडाँउनि वेलामाँ पनि क्रमैसित नराख्ना पत्त्रहरु खोसलिएर अल्मलिनि भै दुःख दिनि हुँदा श्लोकै मुखमाँ आए पछि खोज्नि मानिसका लागि पुस्तक हेरि लेखिदिन पनि नपर्नि र श्लोक भन्दै क्रमशः पत्त्रहरु घोउट्याइ चाङ लाएर राखेपछि चडाँउनि वेलामाँ पनि घोउट्याएको चाङलाइ उत्तानो पारि क्रमशः चडाँउन सजिलो पनि हुनि क्रम गनि नबिग्रिनि होस् भन्नाका लागि कविजिले एउटा श्लोकै बनाइदिनु-भएको रछ, त्यो एइ रछ—

मास्[1] भृङ्गी[2] बेल दूभो[3] बयर र धतुरो तूलसीका अपाङ्का[4]
बोहीँका पात् शमीका करविर असऊ आँक गुम्पातिका पात्।

---

१. यो मालति-(चमेलि)को प्रतिनिदि बुजिन्च। २. भ्रिङ्गिराज।
३. म्ले तुर्वा। ४. अपाङ्ग = अपामार्ग ।-ग्र० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णूकान्ता र दारिम् सुरतरु र१ कुरो सिन्दुर्याका जयन्ती-फुल्कागी ँदेरिका पात् लिनु बटुलि गणेश्चौथिका दीनमा साथ्

अहो! शब्द विकल् कत्ति नपारि चडाँउनि क्रम २ पनि नबिगारि श्लोक नराँम्रो हुनि गरि व्यर्थका अक्षर पनि नपारि तेतिका तेस्ता असजिला नामहरुको समावेश गरि लहडैमाँ एस्तो पद्यको रचनागर्नु सरस्वतीको ठुलो अनुग्रह विना हुन-सक्तैन। गारो लाँउनि सिपालु कर्मिले जस्तै नमिलेका अल्ठ्याङ्रा ढुङ्गा भए पनि ठुलो ढुङ्गालाइ फोर्नि, सानु चुचे-फुचे भए आड पुरुआ दिनि, वतै माटाको भर्नाले पुष्टयाँउनि गरि गारो सुन्दर पारि जमाएर लगे झेइँ कविजिले पनि पदहरुलाइ अत्यन्त युक्तिपूर्वक मिलाइ जाँहाँसुकै श्लोक सुन्दर पारि लगेका छन्। भृङ्गिराज पद्लाइ फोरेर फाले, भृङ्गी मत्त्रै भने, जयन्ती मत्त्रै पद हो, तेसमाँ फुल्का भन्नि पुरुआ जस्तो पारेर हाले, गीँदेरिका पात् याँहाँ पात् भन्नि शब्दले गारोका ढुङ्गामाँ माटो पुरुआ मिलाए झेइँ पदमाँ पुरुआ मिलाएका छन। अन्त पनि जाँहाँ सुकै श्लोकहरुमाँ कविजिले एस्तै युक्तिको प्रयोग गरेको देखिञ्छ।

**२२.** कविले खटिरा-समेत धेरै कुरालाइ फाइदा गर्नि मलम्को भाग जाँन्नुभएको रछ र सबैले जाँनुन् बँनाइ लाँउन र सुख पाँउन् भनि सो मलम्को प्रचार गर्न बाँहालाइ मन लागेछ, ओखतिका भागहरुको श्लोक भएमाँ सो घोकि कण्ठगारि सम्ज-

---

१. मोतिरामका पाठमाँ (प्रि. ४४) 'सुर तरुल कुरो' भन्नि पाठ छ; तर अर्थ विचार गर्दा 'सुरतरु र कुरो' भन्नि पाठ युक्तियुक्त देखिञ्च। सुरतरुमाँ दुइ रकार भाकाले तिनका उच्चारणले थाकेको जनसाधारणको जिउराले र-को ल पारेको बुजिञ्च।-स०।

२. वर्षक्रित्यदिपकमाँ तुलसि-पछि समि छ, अरुको क्रम एस्तै बुजिञ्च, तर तेसमाँ अस्मन्तक = असउ, अर्जुन = गुम्पाति ? मरुबक = कुरो जाति = जयन्ति, अगस्ति = गिँदेरि भन्नि मान्न पर्च; प्रतिनिदिका रुपमाँ एस्तो माँनिर पनि कुरो मिलाँउन सकिञ्च।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर प्रयोगगर्न लोकलाइ सजिलो हुनि हुँदा सो भागहरुका श्लोक बनाइदिनुभएको रछ, ति श्लोक इनै हुन्-

पाँच् तोला घिउ गाइको र खसिको बोसो समानै लिनू,
चिउरीको घिउ सोहि भाग कलुवा तेल् भाग सोही दिनू।
सोइ भाग् कागति-रस् सइन् सब समान् तूथो र गन्धक् अनो,
फुस्रो सिन्दुर गेरु औषधइ चार् पाँच्पाँच मासा पनी ॥
चार् चीज् ती पछिका पिन्र मइदा पारेर सिन्दूर् सरी,
आइीका सब चिज् पगालि हुँडली रयो चूर्ण ताहीँ छरी।
लाऊ दाद-दिनाइ गैह खटिरा जूका र डाँस् मोसहरू,
जो जो छन् विषजातिको विषलिन्या छैवन् उपायी अरू ॥

२३. कविजि कतैबाट आइ चौतारामाँ बसेका बेलामाँ तेइ-चौतारा-नजिकै बिफलको खेल गर्न नस्वाँउनि, उमेर छिप्पिएकै ठिटा पनि गिर्रा खेलेका देखेर उपदेश दिँन पर्दा कविले बस्कालै रचेको श्लोक——

पढ्नू गुन्नू खेल्न माया नगर्नू,
चर्चो गर्नू लछिम-बारी-डिहीको।
ढोंटो हूनू इष्ट-सङ्ग बात गर्दा,
हूनू टाठो जाङ्ग्रिलो काम पर्दा ॥

२४. कोइ दिनमाँ कसैका घरमाँ बेकाइदाका फोओर्नि स्त्रीहरुको चाल देखेर नमजा लाग्दा स्त्रीहरुमाँ कर्तव्य-अकर्तव्य-बोध गराँउनका लागि खराब काँमको निन्दा गर्न कविले बँनाएका दुइ श्लोक—

कतै खरानी छरि भुस् कतै ता,
कतै कसिङ्गर् कनिका कतै ता।
सुल्या दिनैदिन् इलमै बिगारो,
तेस्लाइ ता भन्नु सुँगुर्बि नारी ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फादीं न लिप्ती मइली छ धेर,
गर्न्या कुरा धेर् घर–घर् डुलेर
राख्न्या ति भाँडा सब नील पारी,
यो चाँहि हो खास कुकुर्नि नारी १ ॥

२२. कुनै दिन, दाउ नचिनि जुआ खेल्न रअर् गरि कोहि हाँन्नि कोइ मानिसले मेरो दाउ परेको थियो कि लुच्चाले तेरो दाउ हैन भनि मेरो नौसान् पारे क्यारे भन्नि शङ्का लिइ ताप गरेको देख्ता कविले दाउ चिन्न सजिलो होस् भनि उत्तिखेरै बनाइदिएको श्लोक –

तिन्सात् एग्घार पन्ध्रै कउडि खडि भया दाउ त्यो हुञ्छ तीया,
चार् आठ् बाह्रै र सोह्रै चित घवट जउन् होस त्यो हुञ्छ चौका।
एक् पाँच् नौ तेह्र ठाडा बुझिलिनु यिनको दाउ पञ्जा छ पक्का,
दूईटा वा छ ओटा दश्र चउध खडा कौडि हुञ्छन् त छक्का॥

२३. कविजि एक दिन जुआ हारेर बेलुका घरमाँ जाँदाँ कविपत्नीले आज के के भयो ? चाल गतिलो जस्तो छैन, भन्दा कविले हाँसेर सन्ध्या–आरति गर्न भन्सातर्फ जाँन लुगा फुकाँउँदै भन्दै गरेको श्लोक—

तान्यो एग्घारबाटै पनि उँडि बहुतै चक्किले दिग् गरायो,
एक्छिन् पाशा विचान्याँ उहिँ पनि गइ झन् आउन्या आश् हरायो
छक्का लिम् पर्छ चौका यहि रित हुन गो चक्कि पाशा छरूवा,
खेन्दामा साठि हान्याँ दिन पनि सकियो आज भय्यो हरूवा ॥

---

१. इ दुइ पद्यका पाउहरु लोस्मिस् भाको एक पद्यको उल्लेख कवि भानु भक्त'माँ ब्रह्मसम्सेरजिले पनि गर्नुभा छ (प्रि० २१) ।–स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२७. कत्ति नमिलेका सौता-सौतिभएका घरमाँ सौता-सौति निस्य कल गरेको मात्र हैन, समय-समयमाँ लुछालुछ कोपरा-कोपर टोकाटोक लाएका वस्त्र च्याताच्यात गरि क्रोधमाँ परि बेहोस् भै परस्पर लरेको पनि अगिअगि पँनि देखेका कविनिले एक दिन तेसरि नै लरेका सौता सौतिलाइ छुट्ट्याइ तेस घटनामाँ रचेको कवितात्मक श्लोक –

क्या लड्छन् बटई र तित्रि चखुरा साँडे पहल्मानहरू,
अर्ना भैँसि र सिंह हात्ति कुखुरा लड्छन् ति एकछिन् बरू ।
राज्यैको थप गर्न मन्सुब हुँदा लड्छन् कि राजाहरू,
की ता स्वामिनिमित्त नित्य घरमा लड्छन् इ सौताहरू ॥

बट्टै, तित्रा, च्याखुरा, साँडे, पहल्मान्, राँगा, हात्ति, सिंह, कुखुरा, र राजाहरु इ सबै आँफ्नो बल पराक्रमको पूरा प्रयोग गरेर ठुला क्रोधमाँ परेर केइ काल जसरि लड्छन्, तेस्तै रिस सौताहरुमाँ सदाकाल हुँदो रछ भनि कविले धेरै थोक दृष्टान्त देखाएर लेखेको यो श्लोक भाव रमाइलो परेकाले आजसम्म पनि रसिक जनको मुख मुखमाँ डुलिराको लुप्त भएर हराँउन नपाको बुझियो १ ।

---

१. प्रस्तुतग्रन्थको पैलो संस्करणको मुद्रणकार्य चलिराकै वेला प्रस्तुत-संस्करणका सम्पादक मद्दे एग जाँना ऐले रत्नपार्क भाकोठाँममाँ खुला टुँडिखेलमाँ घाँम तापेर बस्ता एग दिन त्याँहाँ दुइ साँडे बेस्सरि जुदेका थिए, सा देख्ता तीँ नजिकै रएको सर्वोच्च अदालतमाँ तारिखमाँ आका घाँम तापेर बसेका बाँउन जस्ता देखिन्न एग जाना बाग्लुङ्का माँञ्छेको मुखबड अकस्मात् यो सिलक निस्केको सुनिएको थियो । यो सिलक कल्ले बँनाको हो र तपैँले कसरि जान्नु भो भनेर सोद्दा निजकड 'कल्ले बँनाको या छैन, एस्तै बुडापाकाले भन्या सुनेर मैले टिप्या हुम्' भन्नि उत्तर आथ्यो । एसबड एस सिलका लोकप्रियता राम्ररि बुजिन्छ ।–त० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२८ कोइ दिनमाँ कवि काठमाडौं -घरमाँ बसेका नौका बनेर लहड गरेर एउडा शृङ्गार-रसको कविता लेखि पत्नीलाइ पठाएर रछन्, सो कविता एइ रछ –

बिन्ती एक म गर्दछू सुन[१] प्रिये प्रीती निरन्तर् रहोस्,
ताँहाँको मन पिञ्जराम मुनियाँ यै चाल् सदाकाल् रहोस्।
तिम्रो त्यो मुख-चन्द्र झल्कि मनमा तेस्ले उज्यालो गरी,
शीतल् गर्नु उचीत हो अधिक ताप् गर्दो छ सूर्यै सरी[२] ॥

मँ-सँग फरक भै परदेशमाँ रञ्जाँदा पनि मेरा पतिले हर्दम मँलाइ नै सम्जँदा रछन्, मँ-सँग भेटहुन नपाँउँदा खुलतुलि भैरँदो रछ, मँलाइ पनि तिमिले तेरतै गरि सम्जिदेउ भनि लेखेर रछन् भनेर गृहलक्ष्मीका मनमाँ परोस् र उनि फुर्मान् रउन् भनि आशयले पत्नी फुर्किनि चालपारि कविलाइ कविता गरेछन्। "यत्र जामयो यत्र रमन्ते तत्र देवताः" (जुन घरमाँ स्त्री प्रसन्न हुन्छ तेस घरमाँ देवता रमाँउछन्) भनि मनुमहाराजले भन्नुभएको छ। तसर्थ कविजिको यो कविता शास्त्रानुकूल नै देखिन्छ।

२९. काठमाडौँमाँ कवि भानुभक्तका काँइला बाउ तुलसीरामजि छोरि कविकि दिदि दिएका भिनाजु (विद्यारण्यकेसरि वा कुलचक्र केसरि) अर्जेल ब्राह्मण पूरा विद्वान् रछन्। उनका घरमाँ काठमाडौँ देखि पूर्व पाहाडतिर तयार हुनि फर्मायसि माल् सद्दे-सद्दे खुकुरिहरु समेत सौगात रूपमाँ प्रसस्तै आँउँदा रछन्। कविले भिनाजुकाँहाँ जाँदा ति मालहरु देखेका रछन्। हतियार गतिलो भएन भनि दशैँमाँ कसाराले बलिमार्हान्दा कैले-कैले नछिन्नि गरेकाले कविलाइ पनि नवरात्रमाँ खड्गपूजा गरि बलि काट्ता चवाट्ट छिन्नि एउडा सद्दे खुकुरिको इच्छा भै राखेको रछ। कवि भिनाजुका बैठकमाँ भिनाजुसँग समेत बात गरि बसि-

१. एस पद्यका पुर्वार्दको मोतिरामले पनि उल्लेख गऱ्या छन् (प्रि० ४६)-स०
२ 'सुन' का अकारले 'प्रीती'-को पकार नसांनिनि हुँनाले यहाँ वृत्तभङ्ग हुँदैन। 'प्रहेवा' भन्नि सिष्ट-वचन भाकाले संस्क्रितमाँ पनि एस्तामाँ वृत्तभङ्ग हुँदैन भनि कोइ भञ्चन्।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रएकै मौका एक दिन पूर्वबाट खुकुरिहरु समेतका मालहरु लौगाव आइपुगेछन् । ति माल् कविकि दिदि समेत सबैले हातमाँ लिइ हेर्न लागेछन् । कविले पनि एउडा असल खुकुरि हातमाँ लिइ विचार गरि यो भिनाजुसित माँग्नै पर्‍यो, मोल लिन्छन् भने दिनै पर्‍यो भन्नि विचारले विद्वान् भिनाजुसँग हाँस्तै *'विद्वान् जन्ले लोहलाइ बेच्नु छैन भन्दा सुन्थ्याँ यो कुरो हो कि हैन"* भनेर कविले सोद्दा भिनाजुले *"हो विद्वान्ले फलम बेच्न हुदैन"* भनेर उत्तर दिएछन । फेरि कविले *'लोहा बेची मोल क्या लीनु होला, खड्गै-पूजा निम्ति यो दीनु होला"* भने छन् र हातमाँ लिएको खुकुरि देखाएछन् । भिनाजुले हाँस्न लैजाउ भन्दा भिनाजुकाँहाँ पनि सित्तिमैं आइराखेकाले एउडा सद्दे खुकुरि कविले तनुङ घरमाँ ल्याइ राखेका रछन्; हालतक् कविका कुल-सन्ततिमाँ नै छ । तेसरि खुकुरिका निम्ति हाँसो जस्तो बात गर्दा पनि तेसै बन्न गएको श्लोक एइ रछ—

विद्वान् जन्ले लोहलाइ् बेच्नु छैन,
भन्दा सुन्थ्याँ यो कुरो हो कि हैन ।
लोहा बेची मोल क्या लीनुहोला
खड्गै-पूजा-निम्ति यो दीनुहोला[१] ॥

**३०.** कविजि पाहाडघरमाँ भएका वेलामाँ एउडा मगडियाले साचि हालेछ र पोखरा-अदालतबाट कविजिलाइ म्याद आएछ । म्यादमाँ जान अनुकूल मिलेनछ र कविजिले अर्जिका रुपमाँ एक पद्द्यको रचना गरि साछि-बक्न जानिहरुसँग अदालतमाँ पठाएछन्, सो पद्द्य एइ हो—

---

१. एस पद्द्यको रचनाको प्रसङ्ग मोतिरामले नमिल्दो रुपमाँ देखाएका भए पनि एस पद्द्यको उनले पँनि उल्लेख गर्‍या छन् (प्रि० ३५), त्याँहाँ 'लोहुलाइ्' 'योग्य जानी यो उसै दीनुहोला' भन्नि पाठ छन् ।—स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्तिश्री पखरा–अदालतमहाँ डिट्ठा विचारीहरू,
पाऊमा परि विन्ति गर्छु अहिले बेरामि छू क्या गरू।
मेरो म्याद रहोस् सकीन अहिले आऊँ न यो म्यादमा,
गर्न्याछू बकपत्र येहि मितिले एक् मासका भित्रमा ॥

उनताका साक्षिले पनि एक–मैना–सम्मको अर्जि गर्न पाइँदो रछ भन्नि कवितावाट बुजियो।

३१. कोइ दिन कवि काठमाडौँ बाट घर आँउनि दिनका बिहान तनुङ्–म्याग्देका, कविको केइ नातासम्बन्ध पनि पर्नि, उसवेलाका शक्तिशालि कर्नेल् शिवशङ्कर उपाध्याय घिम्रेका काठमाडौँका घरमाँ भेटघाट गरि बिदाहुन जाँदा तेस मौका कर्नेल् घरमा नभै भेट नभएकाले 'वाँहां आए पछि दिनुहोला' भनि एउटा कागतमा लेखि कर्नेलका घरमां कविजिले छोडेको श्लोक–

आयेँथ्याँ मनका कुरा चरणमा झीजो गरम् क्यै भनी,
दर्शन् पाइन फर्कि जाञ्छु अहिले हाँजिर् जनाई अनी।
हिँड्याँ घर्–तिर आज ता, घर पुगी फर्केर आई अब,
गन्थन् ई मनका कुरा चरणमा बिन्ती गर्छला सब १ ॥

३२. बिस् साल्मां कवि भानुभक्त ससुरालीका घरै जाँ भनी, जान्थ्या घर्तिरबाट कोस- तिनमाँ थीयो कुआ एक् अनी।
जेठ् मास् पो रछ घाँमले कविजिका बाधा गऱ्यो देहमां,
खाञ्छू पाँनि भनी गया कवि तिँहीँ कूआ थियो सेपमाँ ॥ (१)

खाई पेट् भरि पाँनि ताँहिँ ति बस्या एक् छिन् त आराम् लिई,
कूआ- मास्तिरबाट घाँसि-जन एक् भारी ठुल्लो घांस् लिई।
आयो भारि बिसाइ पाँनि पिइ खुप् ताँहीँ बस्यो त्यो पनी,
देख्तैमाँ कविलाइ सज्जन झँईँ ठाँनेर सोध्यो पनी ॥ (२)

---

१. एस पद्यको उल्लेख पण्डित तारानाथशर्मा- (बिर्गञ्ज) ले पनि भानुभक्त-स्मारक ग्रन्थ-(१९९७) माँ गर्नुभएको छ (प्रि० ३०)।–स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काँहाँ हो घर आज जानु छ काँहाँ करमा हुनूभो भनी,
सोधेको सुनि भानुभक्त कविले काँम् ठाँम् बताया पनी।
बाजे सज्जन विप्र पण्डित रछन् भन्न्या सुनेथ्यो जसै,
लाग्यो घाँसि त गर्न पण्डित-सरी ज्ञान्का कुरा पो तसै ॥ (३)

बाजे खानुभएछ पानि अहिले एस्ता बडाले पनी,
लाग्यो खसि मलाइ खूप मनमाँ यो काम् असल् भो भनी।
पानी याँहि थियो चिसो र पहरादेखी छिन्याको भई,
धारो गर्न खडेरिमाँ त नहुन्या सूकेर सानो भई ॥ (४)

कोदालाहरु मात्रले खनि कुआ साद्ध्यै नहून्या थियो,
पाँनी-खाँनिहरूकनै असजिलो सारै भयाको थियो।
एक् छिन् पाँनि पिएर बस्न पनि ठाँम् थीयो विकट्को अती,
मैले आग्रि लगाइ काटि पहरो कूआ खन्याको यती ॥ (५)

दश् आठ् मानिस बस्नलाइ सजिलो एती चिठाईदियाँ,
पास्माँ धन् अलि केइ भया अरु ठुलो कीर्ती म राख्न्या थियाँ।
मेरो गोठ् तिँहिँ पारि भैँसि तिनि हुन् तिन्लाइ घाँस् हाल्दछू,
तिन्कै गोबरमाँ गरी अलि-अली खेती जाहान् पाल्दछू ॥ (६)

भैँसीको जिउ-घीउ बेचि कपडा निर्बाह नुन्को गरी,
बाजे, एइ् जिविका छ घेर धन पो के हुन्छ घर्माँ भरी।
मै हुँम् धन्कट छू भनेर हिडन्या जन्म्या ति नाङ्गै याँहाँ
आँखैले कनि देखियो गइसके धन् छोडि नाङ्गै काँहाँ ॥ (७)

तिन्को नाम-निसान लुप्त हुनगो क्या काम भो धन् भई,
खाँछन धन् अरुले छ पाप त भन्या रुन्छन् नरक्माँ गई।
कीर्ती हो जनले त राख्नु ठुलो घर् भित्र धन् छाडि ता,
स्वास्तीका-बधुका-भदै-तक हुनन् आखीरमाँ खाँनि ता ॥ (८)



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पानी खानि भला कुआ खनि-दिया एती गरे ता पनी,
मेरो नाम लिएर पानि खुसि भै खानन् कि केइ काल् भनी।
मेरो बुद्धि छ एइ, भन्या हजुरले के ठान्नु भो आज लौ,
जाऊँछू भैंसि गए परै पुगिसके फर्काँडनै पर्छ धौ॥ (९)

एस्ता बात् गरि घाँस बोकिकन त्यो घाँसी गएथ्यो घरै
घाँसीका सब बात् सुनेर कविको मन ता भयो छक् तसै।
घाँसी ब्राह्मण पन्थ जैसि ति रछन् कुँमाँइँ धन्का गरीप्,
सत्सङ्गी सुनि त्यो पुराण् गरुडको बात् गर्नमाँका हरीप्॥ (१०)

तेइ् बिच्मा कविका त त्यो मनबिसे जुन् भावना पो भयो।
तेइ् बात्का कविता इ पद्य दुइ हुन तल्तीर लेख्छू मँ जो॥-

भर्-जन्म घाँस-तिर मन्-दिइ धन् कमायो,
नाम् क्यै रहोस् पछि भनेर कुआ खनायो।
घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो!
मो भानुभक्त धनि भैकन आज यस्तो॥
मेरा इनार न त सत्तल पाटि क्यै छन्,
जो धन् र चीजहरु छन् घरभित्र नै छन्।
यस् घाँसिले कसरि आज दिएछ अर्ती,
धिक्कार हो मकन वस्तु नराखि कीर्ति[१]॥

३३. घाँसि-सम्बन्धि कविता सुनि कविका ससुरालि मानुङ्मा कवि साला ठिटाहरुले 'हाम्रा गाँमको पनि एउटा सिलक बँनाइदिनु होस्' भनेर भन्दा कविजिले बनाइदिएको श्लोक--

मानुङ्को सरि माँउ उत्तम ठुलो लाग्ने काँहीँ पनी,
बस्नालाइ रमाइलो अति चिसो आऊँछ हावा पनी।

१. इ पद्यहरुको मोतिरामले पनि उल्लेख गर्न्या छन् (प्र० १४-१५) -स०



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मा नै बसि फेर् हिमालयजिको वाराहिजीको पनी,
शुक्ला दक्षिण तर्फ उत्तर दिशा माहेन्द्र दर्शन् पनी ॥१

गर्भिका समय ससुरालिका घरमा पुगेका कविले चिसी बतासलाइ महत्त्व दिएछन्; ठण्डा कालमा गएका भए त चिसो बतासलाइ महत्त्व दिँदैनहुन् ।

३४. गिरिधारिसितको कुलो मुद्दामा छौडाहाका प्रमुखलाइ जग्गा बाँद कुलो देखाउँदा आँपनु बेहोरा कविले श्लोकैले भनेका रछन्, ति श्लोक मद्ध्ये पाय्येका श्लोक—

रूवामित् यस् गिरिधारिले अति पिन्यो व्यर्थै गऱ्यो झेल् पनी
यस्का झेल उतार्नलाइ सजिलो यै हो व्यहोरा पनी ।
रूवामित्लाइ चढाउँनाकन यहाँ क्यै श्लोक् कवीता गऱ्याँ,
मेरा श्लोक् सुनिबक्सियोस् त झगडा छीनिञ्छ पाऊ-पऱ्याँ[२] ॥

बीस् लाल् सम्म त ज्यान त्यान यहिँ बाँद् लाग्यो र खेत् रोपिया,
यो साल् बाँद् पनि खोलिएछ जलले दुङ्गा सबै छोपिया ।
दुङ्गा खोजि लगाउँ बाँद कसरी राख्तैन दुङ्गा पनी,
मानिस् पस्न त क्वै सकेन जलमा स्वाँत्रै बगम्ला भनी ॥
अज्यालि भाट ढकाल् अचार्ज इन चार् जम्मा भई सब् बस्याँ,
भीन्यो मत् सब मोहिको र मतले बाँद् लाउँनामा पस्याँ ।
उस् मौका गिरिधारि एहि पनि भाट् सल्लाहमा नै थियो,
भर् यस्को नभएर मात्र अहिले यस्तो उजुर् पो दियो ॥

गिरिधारिले अगि पनि झगडा गरि दुक्ख दिएको र फेरि उजुर् दिएकोले 'अति पिन्यो' भन्नि वाक्यय कविले हालेका होलान्।

---

१. 'यो पद्य रमानाथले बँनाका हुन्' भनि विष्णुमायाले भानुभक्त - वणि-मालामा एस्को उल्लेख गऱ्या देखिन्छ ।-स० ।

२. एस पद्यको आर्क प्रसङ्गमा मोतिरामले उल्लेख गऱ्या छन् (प्रि० २४)। स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३५. उपर्युक्त कुरा कविले न्यायाधीशसँग भन्दा गिरिबा 'मैंले मञ्जुर् गरेर दिएको हैन, सर्कार्, केको मञ्जुर् गर्ने' भनि कराँडन थालेछ र कविले तलको कुरा भनेछन्, भन्दा श्लो भएछ—

लुच्चा हुन् यस भाटका सब कुरा आँफै कुला-मूनिँ
खेतैलाइ त टापु भन्दछ भन्या यस् भाटको क्या सही।

३६. कविले फुर्सद लहडमाँ सद्विचार आएका मौका बनाए श्लोक—

अघिल्ला जन्मैका पनि शरिरमा पाप् कति हुन
अनी फेरी जाहाँ अझ अरु थपीन्या पनि हुनन्
भनी सुद्धी राख्न्या जनहरु दयाले तरि-लिनन्
मिचाहा जो जो छन् यमपुरि गई खुप्सित रुनन्
मिचाहा को को छन् भनिकन विचार् गर्नु जनले
हरीको विश्वासै नगरि हिँडन्या मूर्ख मनले[1]।

३७. कविले लोकको चाल देखा लहडमाँ बनाएको श्लोक—

क्वै उठ्छन् त सबेरमा ति धनकै खाँतीरका काम् लिई
दौड्याका परदेश घर्घर धनै-वृद्धीविषे मन् दिई
धन् ठूलो बुझि धर्म छोडि पनि धन् घर्भित्र भर्छन् आहाँ
सब् छोडी मरि जानु पर्दछ नरक् चैत्नन् अनी पो वाहाँ[2]

१. यो कविता रमानाथको हो भनि भानुभक्त- मणिमालामा उल्लिखित छ। -स०।

२. एस पद्यको पूर्वार्द्ध रमानाथको क्रिति भनि भानुभक्त-मणिमालामा उल्लिखित छ। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. नेपाल-उपत्यका-भूमिको पवित्रता देखाई कविले बनाएका श्लोक –

यत्ती छन् सब देवता भनि याहाँ गन्नै नसक्नू भई,
याहीँ छन् सब तीर्थ पाप् हरिदिन्या जानू नपर्न्या कहीँ ।
ई नेपाल्–सरि पुण्य भूमि त अहो देखीन मैले कतै,
आर्या-तीर्थ-मरण् छ मुक्ति दिनमा तत्पर् खडा छन् शिवै॥

माया ईश्वरकी जगत्कि जननी श्रीगुह्यकाली पनी,
आफ्ना भक्त उपर् कृपा गरु भनी ताहीँ बस्याकी पनी १ ॥

उपसंहार

कविले जुन गाँम, जुन् देश, जुन् ठाँममाँ गए पनि मौका-अनुसार् कविता गर्नि गरेको देखियो। तेस्ता कँय्यँन् फुट्कर् श्लोक लुप्त भएको पनि बुजियो। कविका घरदेखि डेड कोस फरक सिम्पानि गाँमका डिट्ठा अंशुमालिले भानुभक्त कविले बँनाएको नछापिएको श्लोक भनेर एउटा श्लोक भन्थे, जुन श्लोकको भाव मन्मा भजे पछि क्रोध-लोभ-ईर्ष्या राग-द्वेषबाट दूर भै कसैलाइ पिर नपर्नि किसिमको आँफ्नो सोजो वृत्ति लिन मन लाग्नि हुन्थ्यो। उनले सुनाएका मौका मँ पूरा व्यवहारि भै सकेको थिएँ; यज्ञ-नधिले कुरा सुनाउँदाको जस्तो मेरो भानुप्रतिको कौतूहल पँनि घटेको मौका थियो; त्यो श्लोक सुनेँ सारै असल ठुला कवि हुन् भनेँ, तेत्तिकै भयो। ऐले झेइँ कविको सबैले बयान गरेको अवस्था थिएन, कविको गुण एति लेखुला र प्रकाशित गरुला भन्ने विचार-को दृढता पनि तेस वेला मेरो थिएन। सो श्लोक सारेर राख्नि

यो कविता पँनि रमानाथको भनि भानुभक्त-मणिमालामाँ उल्लिखित । –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होस् आएन, ऐले डि. अंशुमालि परलोकभएको धेरै नै भयो, त्यो अमूल्य श्लोकको भानुभक्त-कृत शुद्ध र निश्चित रूप लुप्त भयो[१] ॥

—०—

१. ऐले हरिहर भटराइजिबडि "भानुभक्तको छाप्न बिसिएको एक मुक्तक श्लोक" भनि मधुपर्क- (६ । १०) मा प्रकासित उक्त भाव भएको बिग्रेको पाठ भएको श्लोक हेरि तेसका साहायताले मनन गरेर एस ग्रन्थका लेखकले सम्झेर पाठ-सुधार गनु भएको श्लोक—

क्याले भुल्छौ जगत्मा नरहरु बहुतै दुःखले पक्रिएका,
सबका शिर्माथि लाठी दिन-दिन यमका पर्न नै टक्रिएका।
देख्छौ सुन्छौ कहन्छौ अझ हरि नभजी द्रव्यमै चित्त लायौ,
ताप् होला खुप् मरणमा हरि भज नभजी व्यर्थ सब् दिन् बितायौ।

एस बिसयमा अरु कुरा 'भानुभक्तको एकचालिस-श्लोके भक्तमाला र अन्य दुइ पद्यका सम्बन्धमा' भनि परिसिष्टमा प्रतिपादित छन। —सं०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# वधू-शिक्षा[1]

॥☆ प्रस्ताविका ☆॥

एक् थोक् भञ्छु नमान्नु दुक्ख मनमा हे मित्र तारापती,
तिम्रा ई जति छन् जहानहरु ता जुझ्न्या[2] रह्याछन् अती ।
सून्याँ दन्तबझान आज घरको कर्कर् गऱ्याको उसै,
भर्-रात् जाग्रन झैँ भयो मकन ता लागेन आँखा कसै ॥१॥

धन् इज्जत् घरवार[3] देख्छु बढिया छैनन् कुनै चीज् कमी,
बूहारी यदि कर्कशा हुन गया क्या घर् गरौला तिमी ।
साह्रै झोक उठ्यो मलाइ र वधूशिक्षा बनाआ पनी,
यस्ले पत्नि बुहारी छोरिहरुको तालिम् गरौला भनी ॥२॥

हुन त म अतिथी हुम् यस्-विनू क्या छ खाँचो,
तर पनि म त भञ्छू मित्र ह्वौ जानि साँचो ।
घरचतुरहुँ गर्छन् बुद्धिमान्ले अगाडी,
बखत चुकिदिँदामा हुन्छ काँहाँ पछाडी ॥३॥

---

१. बधुसिच्छ्याको रचनाको इतिहास जिबनचरित्त्र-खण्डमा ४७-४८ प्रिष्ठमा छ र एसको विवेचना "भानुप्रति ब्रह्म-सम्सेर्जि" भान्नप्रकर्णका पछिल्ला भाममा छ । -स० ।

२. मोतिराम-लिखित क० भा० आ० जि० च० (प्रि० ३३)मा 'लड्न्या' भन्नि पाठ छ । -स० ।

३. मोतिराम-कित क० भा० आ० जि० च० (प्रि० ३३) मा 'घरवार'-का ठाँममा 'र कमाइ' पाठ छ । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



प्रातःकालमहाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् ,
सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ती पतीमा धरून् ।
भक्तीले पति ईश्वरै भनि बुझुन् पाऊतलैमा परून् ,
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून् ॥१॥

झट्पट् स्नान गरेर शुद्ध जलले सब् देह निर्मल् गरी,
जस्तो पुग्दछ सोहि माफिक असल् धोती कटीमा धरी ।
सासूका चरणारविन्द-युगमा पूगेर पाऊ-परून् ,
मैले काम् गरु क्या अह्राउनु हवस् यो ताँहिँ बिन्ती गरून् ॥२॥

मान्ना छन् घरका सबै जति जना तिन्लाइ ढोग्भेट् गरी ,
चाकर्लाइ अह्राउनू खुशि हुँदै मीठा वचन्ले गरी ।
माटो पानि खराउ औटन[1] रुमाल् धोती दतीउन् धरी ,
स्नान् गर्न्या अखडा जाँहाँ छ तहिँ गै राखून् तयारी गरी॥३॥

पूजाको सरजाम् गरून् पति पुजा गर्छन् प्रभूको भनी ,
पूजामा खतडा कदापि नपरोस् कौनै कुराले पनी ।
कस्तै अल्मलमा रहोस् घरमहाँ आया जगाया अलक् ,
जोगी जङ्गमले भन्या मुठि दिनू ढीलो नगर्नू पलक् ॥४॥

---

१. 'औटन = पिह्रा' भन्नि ख. बाबुराम आचार्यको भनाइ छ; औटन सब्द-का ठाँममा औछन पाठ हो भन्नि पँनि सुनिन्छ, त्यो 'अङ्गोच्छन'को अपब्भ्रम्स हो भन्न सकिन्छ ।–स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घर् सब् झारिबढारि नित्य तसले लिप्तै र पोचै रहोस् ,
चाकर् सब् थलिया गया कहिँ भन्या आँफै तयारी रहोस् ।
स्वामीका चरणारविन्द-युगको जल् भक्तिले पान्-गरून् ,
निर्मल् देह गराँउनाकन उ जल् केही शरिर्मा छरून्[1] ॥५॥

जो इच्छा पतिको छ सो बुझि उसै-माफिक् सबै काम् गरून् ,
जुन् स्थानहो चिजको उहीँ लगि उचिज् राख्न्या स्वभाव् यो धरून् ।
स्त्रीको खालि निधार् कदापि नरहोस्[2] खाली निधार्मै जती ,
गर्छन् कर्म फलै हुँ दैन तिनको टीको लगाया जती ॥६॥

तस्नात् नित्य टिका लगाइ पहिले धन्धा पछाडी गरून् ,
पूजाको सरजाम् तयार् गरिसकी भान्साविषे मन् धरून् ।
भान्साको सरजाम चाकर गरून् भाँडा सफाई गरी ,
खान्या चीज भँडारमा पसि झिकून् आँफै अगाडी सरी॥७॥

रोगी बालक वृद्ध केही घरमा हुन्छन् त तिन्का पनी ,
बन् जानीकन तम्तयार् चिज गरून् खान्या छ यस्तो भनी ।
यस्ता रित्सित चीज् बनाइ बढिया सासू-ससुरा-पती-
लाई ख्वाइ सकेर फेरि घरका ख्वाउन् जहान् छन् जती ॥८॥

---

१. यो कुरा चल्लिका-क्रम-अन्सार् भोजन-गराँउनि-सिच्छ्या-पछि (अष्टम-पद्दय पछि) राख्नु उचित थियो । -स० ।

२. टिको लाँउनि कुरा स्नानगर्नि सिच्छ्यापछि (दोस्स्रा पद्दयका पुर्वार्दपछि ) लेख्ता क्रम राँम्रो हुन्थ्यो । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख्वाईप्याइ सकेर सर्व परिवार्ले[1] खाइ सक्छन् जसै
चूल्हा चौकि लिपाइ जल्दि ति जुठा भाँडा मझाउन् तसै
जो चीज् वस्तु भँडारदेखि अघि जो झिकेर ल्यायो दिइन्
सो सम्झेर तुरन्त सोहि थलमा ती वस्तु राखी दिउन्॥९॥

अल्सी[2] दूर गरेर नारिहरुले थान्को र मान्को भरी
काम्कामुमा परिवार लायर विचार् गर्दैगरून् दिन्भरी
धागा बत्ति समेत काति टपरी दूना बहौता पनी
सिन्का सांकि चिरेर लाउनु अनी चाहिन्छ काम्मा भनी॥१०॥

पूजाव्रतादिहरुका जति तीथि पर्छन्
सम्झेर गर्नु नभुलीकन पाप हर्छन् ।
ठूलो व्रतै त पति-सेवन गर्नलाई ,
कपै छैन फेरि अरु निश्चय नारिलाई[3] ॥११॥

रोगी, बालक वृद्ध सासु ससुरा ज्येठाज्यु देवर् पती
झुकै सासु अमाज्यु नन्द जति छन् खान्छ [illegible] भनी

---

१. भारजजिवनका संस्करणमाँ सबै ठाँममाँ 'परिवार'-का ठाँममाँ 'परियार' भन्नि पाठ छ। परिवारको अपभ्रम्स परियार कबिजिका सम. चलेको हुन सक्छ। -स०।

२. भारजजिवनका प्रथम संस्करणमाँ 'अल्स्य' मुद्रित छ; दुतिय संस्करणमा 'अ.लस्य' बँनाय्या छ, तर 'अल्स्य' 'अल्सी'के मुद्रणासुद्द रुप बुजिन्छ।-स०।

३. एस उत्तरार्दको अर्थ अस्पष्ट छ, एस्तो मुद्रणादि - दोसले नै भए जस्तो छ; 'गर्नलाई'-का ठाँममाँ 'गर्नदेखि' पाठ भएमाँ अनुप्रासमाँ घेरै बिग्रन नपर्ने अर्थ सङ्गत र पष्ट पँनि हुन्थ्यो। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुको हित् घत जानि निच्य दिनमा खाजा बनायी दिऊन् ;
स रित्ले अतिखुश् बनाइ परिवार् सब्लाइ हात्मा लिऊन्।।१२।।

सौताको रिस गर्नु पाप छ बहुत् एकै दुवैका पती ;
मर्दामा पनि जानु पर्छ जसले मीलेर सङ्गै सती ।
यस्तो जानि नमानि केहि मनमा मिल्नू बहूतै गरी ,
टाल्-टुल् गर्नु टुट्यो फुट्यो घर भन्या सिप्लाइ जाहेर् गरी।।१३।।

आर्काका घरमा नजानु कहिल्यै आफ्ना घरैमा बसी,
जोहूनू[1] सब चिज् जती छ घरमा कूना-र-कानी पसी ।
छन् श्राद्ध दसैँ तिहार अरु चाड् चाहिन्छ तिन्मा जती ,
यो चीज् सम्झि अगाडि सङ्ग्रह गरे स् यस्मा नचूकोस् रती।।१४।।

मान्न्या जन् कन मान्नु जान्नु घरको ठग्को ठगाजो पनी,
सब् साहूसित भन्न जानु उ गरून् यस्को सजाई भनी ।
यस्ता रीत्सित सब् गरेर वशमा राखोस् सबैमा दया ,
तिनको याद् तुरन्त गर्नु जन जो भोका र नाङ्गा भया।।१५।।

[illegible] आउछन् घरमाहाँ दर्जा छ तिन्को जती,
[illegible]-पनाजन गरोस् मर्य्याद् नचूकोस् रती ।
पाउन् पापि-कठोर-चोरहरुले सोही-बमोजिम् जवाब् ,
राखोस् इष्ट कुटुम्ब मित्रहरुमा[2] अम्मित्सरीका[3] रवाब्।।१६।।

---

१. भारजजिवनका संस्करणमाँ 'जे हूनू' पाठ छ, तर त्यो मुद्रणासुददि ने होला, किनभने त्यो पाठ मान्दा अर्थ मिल्दैन, जोहूनूको अर्थ त जोओ गर्नु वा हेरबिचार गर्नु भन्नि हुन सक्छ र अर्थ मिल्छ । -स० ।

२. भारजजिवनका संस्करणमाँ 'मित्रहरुको' भन्नि पाठ छ । -स० ।

३. भारजजिवनका संस्करणमाँ पनि (प्रथम-दुतिय दुअैमाँ) अमृत ने मुद्रित छ,



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साँचो बोल्नु नबोल्नु बात कहिन्यै झूटो भन्याको र
आखिर् मर्नु छ पर्छ पाउनु उ फल् जाहाँ गऱ्याको जती
यस्तो ज्ञान् मनमा लिईकन रहून् सासू-ससुरा-पर्
जे भन्छन् उहि गर्नु छैन अरु ता सन्सार तर्न्या गती॥१

भन्छन् शास्त्र पती र सासु-ससुरा-जेठाजु मान्नू भ
भन्छन् ता पनि जो पती छ उसरी हूँदैन कोही पनी
दृष्टान्तै पनि मिल्छ सासु-ससुरा-जेठाजु वित्ता स
को जान्छन् पति पो बित्या पनि भन्या जानू छ सङ्गै सती॥

हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछ
वेश्या लौ नहउन्, तथापि घरको काम् त्यो सबै नास्तछ
एक्लै हाँस्न हुँदैन कोहि नभई आर्को सँगी भो ज
हाँस्तैमा दिन जान्छ येहि रितले सब् काम बित्छन् तसै

मानिस्को त बताउँ क्या अब विचार् पक्षी-पशूको पनी
पाल्याको छ भन्या तुरन्त बुझुन् क्या आज खायो भनी
जस्सै भो कसिँगर् बढानु घरभर् काहीँ नराखोस् रती
स्त्रीले जान्नु विचार राखि मनमा यस्तो बताऊँ कती॥२

खान्या चीज् जति छन् सबै नजरले हेरेर ढाक्छोप् गरून्
जो चीज् हुन्छ सुकाउन्या तिनकनै लीयेर घाम्मा धरून्

---

तर तेसो गर्दा, ब्रित्तभङ्ग हुँनि हुँदा र 'अमृत' लेखिए पनि नेपालिमा अगिदेखि
नै 'अम्म्रित' ने उच्चारण हुँदै आऽ हुँनाले यो पाठ मुद्रद्रित गरिया हो ।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खान्या चीज कुहेर फान्न नपरोस् दीनू कि खानू बरू ,
येती जान्नु अवश्य धेर् अब बखान् कुन् कुन् कुराको गरू॥२१॥

खान्या चीज नहेरि केहि नकुहुन् सब् पैह्न्या चीज् पनी,
सप्पै याद रहोस् सदा मनमहाँ यो चीज् छ जाहाँ भनी ।
चीज् ता छन् घरमा तथापि मनमा छैनन् त भै क्या भयो,
आखिर् चीज् घरमा भई बखतको काम् सब् विती गैगयो॥२२॥

जो चीज् छन् घरमा हिरा तल पिह्रा सब् चीज् मनैमा रहुन्,
नो खोज्छन् पतिले उ चीज् उहि बखत् ल्यायेर चाँडो दिउन् ।
खोज्दामा छन-ता-थियो तर कता राख्याँ हरायो भनी,
मन्नू यो पतिथ्यैँ पऱ्यो पनि भन्या मानोस् मऱ्या झैँ पनी॥२३॥

जाको सरजाम जत्ति जति थोक् चाहिन्छ सो सब् गरी ,
ाँझ्मा बत्ति जगाउनू अनि ठुला पानस्-विषे तेल् भरी ।
खान्या चीज बनाइ खान दिनु जो खान्छन् परीवारले ,
ान् चीज् राख्नु भँडार पर्छ नभुली सब् राख्नु सम्भारले॥२४॥

दिन-दिन घरमा जो पाहुना बस्न आया
तिनिकन नखुवाई आफुले क्यै नखाया ।
गृहिणि भइ रह्याको यो ठुलो धर्म जान्नू
विहक सकिदियाको अन्न भन्न्या नठान्नू ॥२५॥

ामका खाँतिर जत्ति चीज घरका दिन्मा झिक्याका थिया,
त्रीमा त उ काम् हुँदैन सब चीज् थन्क्याइ राखी-दिया ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झी कत्ति नमानि अन्सि सब चीज् थन्क्याइ तान्चा
लाउन् चोर-चकार-डाँकुहरुले देख्नै नपाउन् भनी[1] ॥२६

छिनिसकि सब धन्धा सासुका पाउ मल्दी,
उँघिकन विखवर् भै पाउ मल्दै त ढल्दी।
टहल गरि टहल्ले सासुलाई रिझाई,
पतिसित तब जाओस् स्त्री टहल् गर्नलाई ।२७

प्राणका नाथ् पतिका अगाडि गइ जो फर्माउँछन् सो गरो
मन्छन् ल्या न तमाखु खान्छु भनि ता चाँडै तमाखू भरो
किस्मिस् दाख बदाम मिस्रि नरिबल् जो चीज छन् सो दि
पाऊ मल्न तयार भै अघि सरोस् तेल्को कटौरा लिई ॥२

आज्ञा-माफिक अङ्ग-पाउहरुमा मर्दन् बहूतै गरी,
पाऊमा सिर राखि सब् बहिँ भनोस् जो काम् गरो दिन्-
यस्तो भो यसरी गऱ्याँ यति गऱ्याँ गर्न्या छु यो यो पर्
भन्न्या काम कुरो भनोस् पति पनी ई बात सुन्नन् भनी॥

जति गरि दिनमा काम् सो सबै बिन्ति गर्दी,
मधुर वचन बोल्दी स्वामिको चित्त हर्दी।
पतिकन यति काम्ले बातले खुस् बनाओस्,
जब त पति निधाउन् काखमा त्यो निधाओस्॥

---

१. यो पद्य अर्थक्रम अन्सार् तेइसौं पद्य-पछि आँउन उचित देखिन्छ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति सबवधुशिक्षाका सिलोक् जो बनाजा,
पढिलिनु सबले यो नारिको हित् जनाजा ।
यहि-रित-सित जो स्त्री नित्य सब् काम गर्छन्,
उभय कुल सँगै लीं तीं सहज् पार तर्छन्॥३१॥

स्त्रीको धर्म पती मती पनि पती मन्र्या बखत्को गती,
बाँचुन्ज्याल् सुखभोग् पनी बुझिलिँदा को दिन्छ त्यस्का जती।
स्त्रीको धर्म पती-जती त अरु थोक् देख्तैन मन्ले रती,
यस् लोक्मा परलोकमा सुख दिन्या सो हो र जान्छन् सती॥३२

स्त्रीको धर्म पतिव्रता अति ठूलो जो गर्दछन् भक्तिले,
आफ्ना कुल् सब तारि पित्रिहरुको कुल् तार्दछन् शक्तिले ।
स्त्रीको जन्म भयो भन्या त पतिको सेवा छ साह्रै ठुली,
सो सेवा नगरी अनेक् अरु गरोस् सच्चा कुरामा भुली॥३३॥

★इति वधू-शिक्षा समाप्त★

१. सबै मुद्रित पाठहरुमाँ 'पितृहरुका' भन्नि नै पाठ पाइन्छ; तर तेस्तो पाठ मान्दा छन्दभङ्ग हुनि हुँदा र 'पितृ' लेखिए पनि नेपालिमाँ अगिदेखि नै 'पित्रि' नै उच्चारण हुँदै आठ हुँनाले यो पाठ मुद्रित गरिया हो –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# प्रश्नोत्तरमाला[1]

अपार-संसार-समुद्रमाहाँ
डूब्याँ शरण् कुन् छ मलाइ याहाँ ?
चाँडो कृपाले अहिले बताऊ,
श्रीरामको[2] पाउ छ मुख्य नाऊ॥१॥

कुन् हो सदा बन्धनमा पर्‍याको ?
जस्ले छ यो मन् सुखमा धर्‍याको।
मुक्ती भन्याको त पदार्थ कुन् हो ?
वैराग्य भन्नू चिज जान्नु जुन् हो॥२॥

ठूलो नरक् कुन् छ भनेर जान्नू ?
यही शरीरै छ भनेर मान्नू ।
कस्तो स्वभाव् स्वर्ग भनेर जान्नू ?
तृष्णा छुट्या स्वर्ग भनेर मान्नू॥३॥

---

१. प्रस्नोत्तरमालाको रचनाको इतिहास जिबनचरित्रखण्डमा चौबिसौं र छब्बिसौं प्रिष्ठमा छ । -स० ।

२. अमरयन्त्रालयमा मुद्रित तेजबाहादुर रानाको संस्करण-(१९४१ सम्बत्) मा 'श्रीकृष्णको' भन्नि पाठ छ ।-स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन् ज्ञान् छ ठूलो भनि लीनु पर्न्या ?
वेदान्तको ज्ञान छ दुःख हर्न्या ।
कुन् हो सहज् मोक्ष गरायिदीन्या ?
ज्ञान् हो अरूको किन नाम लीन्या॥४॥

कुन् मूल ढोका छ नरक्कि ? नारी,
लान्छे नरक् मोह ठुलो फिजारी? ।
कुन् धर्म हो स्वर्ग पुन्यायिदीन्या ?
तेस्तो अहिंसा छ बुझेर लीन्या॥५॥

सुतून्या सुखैपूर्वक आदमि कुन् हो ?
समाधि लायी रहन्या त जुन् हो ।
जागा कउन् हो कसरी उ जान्न्या ?
जो सत् असत्को छ विवेक गर्न्या। ६॥

कस्लाइ हो शत्रु भनेर जान्नू ?
आफ्ना दशै इन्द्रिय शत्रु मान्नू ।
कस्लाइ खुब् मित्र भनेर मान्नू ?
जीत्या तिनै इन्द्रिय मित्र जान्नू॥७॥

---

१. सङ्खराचार्यका वा वैदिकधर्मानुयाइहरुका परम्परामा सन्न्यासिका चेला पुरुसै मँत्तरै हुँनि भाकाले मुल उपदेस पुरुसका उपर् प्रब्रित्त भाकाले एसो भनिएको मँत्तै हो; पुरुसको स्त्रि-प्रतिको कामनालाइ र स्त्रिको पुरुसप्रतिको कामनालाइ लच्छ्य गरेरै यो कुरा भनिया हो । दसम पद्यमा यो कुरो प्रष्ट पनि छ; स्त्रिजातिलाइ तुच्छ्याएर एसो भनिया हैन; अरु पनि एस्ता पद्द्यका बिसयमा बिचार गर्दा एस कुरामा ध्यान दिन आवस्स्यक छ ।– स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरिद्र नाऊँ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को ।
कुन् हो धनी सब् नरले कह्याको ?
सन्तोषले जो छ खुसी रह्याको ॥८॥

जिउँदै मऱ्याको भनि नाम् छ कस्को ?
उद्यम् विना विन्छ काल जस्को ।
अमृत्-सरी कुन् छ भन्या ? निराशा.
पाशा कऊन् हुन् ? ममतै छ पाशा॥९॥

को छन् सुरा झैँ अतिमोह गर्न्या ?
स्त्री जान्नु तस्तै गरि चित्त हर्न्या ।
कस्लाइ विद्वान्हरु तुच्छ भन्छन् ?
जो कामदेवका वशमा रहन्छन् ॥१०॥

मृत्यू भन्याको भन आज कुन् हो ?
अप्यश् भन्याको तिमि जान जुन् हो।
कुन् हो सबैले गुरु भन्नु पर्न्या ?
जो हो हितैको उपदेश गर्न्या॥११॥

कुन् शिष्य हो शिष्य भनेर जान्नू ?
जुन् गर्छ सेवा उहि शिष्य मान्नू ।
कुन् दीर्घ रोग् हो सबलाइ हर्न्या ?
संसार हो जन्मनु मर्नु पर्न्या॥१२॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो दीर्घरोग् फेक्न उपाय कुन् हो ?
अनित्य सब् जान्नु विचार जुन् हो ।
भूषण् छ कुन् सज्जनले बह्याको ?
शीलै छ भूषण् बहुतै बन्याको ॥१३॥

कस्लाइ खुब् तीर्थ भनेर मान्नू ?
जुन् शुद्ध मन् हो उहि तीर्थ जान्नू ।
विद्वान् कउन् चिज्कन तुच्छ मान्छन् ?
कान्ता र सुन् त्याज्य भनेर ठान्छन् ॥१४॥

कुन् सुन्न बेस् हुन्छ भनेर मान्नू ?
वेदान्तका बात् गुरुदेखि सुन्नू ।
कुन् ब्रह्म जान्नाकन हेतु मान्नू ?
सत्सङ्ग- वेदान्त-विचार जान्नू ॥१५॥

कुन् सन्त हुन् ? लोक्कन तुच्छ मान्न्या ,
सब् छोडि साँचो शिवतत्त्व जान्न्या ।
ज्वर् कुन् छ ? चिन्ता ज्वर- तुल्य मान्न्या ,
कुन् मूर्ख हो ? कत्ति विवेक् नगर्न्या ॥१६॥

कुन् काम हो मन् दिइ गर्नु पर्न्या ?
श्रीविष्णुको भक्ति छ दुःख हर्न्या ।
कुन् आद्मि हो यस् नरमा जियाको ?
निर्दोषि भै मन् हरिमा दियाको ॥१७॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या र बोध् कुन् चिजलाइ भन्छन् ?
जुन् पाउँदा मुख्य[1] भयी रहन्छन् ।
कुन् मुख्य लाभ् हो ? भन आज तेही ,
आत्मासरीको अरु छैन केही ॥१८॥

सारा जगत् जित्छ अवश्य कस्ले ?
अभ्यास् गरी मन्कन जित्छ जस्ले ।
कस्ता बली वीर्कन वीर् कहन्छन् ?
कन्दर्प जस्का वशमा रहन्छन् ॥१९॥

कुन् हुन् बडा धीर् सब धर्म जान्न्या ?
स्त्रीका कटाक्षैकन तुच्छ मान्न्या ।
कुन् हुन् ठुला विष् ? विषयै कहिन्छन्
ती कालकूटादि बरू सहिन्छन्[2] ॥२०॥

कुन् दुःखि हो यस् विषलाइ लीन्या ?
संसारमा खुप्सित चित्त दीन्या ।
कुन् धन्य हो ? जुन् छ परोपकारी ,
कुन् पूज्य हो ? तत्त्व लिन्या विचारी ॥२०॥

कौनै वखतमा पनि क्या नगर्नू ?
पाप्मा अगाडी कहिल्यै नसर्नू ।

---

१. 'मुख्य'-का ठाँममाँ मुक्त भन्नि पाठ भए अर्थ सुसङ्गत हुन्थ्यो ।-स०।

२. यो पद्द्य पुराना संस्करणहरुमाँ पाइँदैन ।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् पुरुषले कति काम गर्नू ?
स्वधर्म थामीकन शास्त्र पढ्नू ॥२१॥

संसारको मूल् भन आज कुन् हो ?
सबले अविद्या भनि भन्नु जुन् हो ।
कुन् हो ठुलो सर्व-विवेक गर्न्या ?
स्त्री सब् पिशाच् हुन् भनि दूर गर्न्या ॥२२॥

साँङ्ला कउन् हुन् सबलाइ बाँध्न्या ?
स्त्री हुन् सदा पाउ समाइ-राख्न्या ।
सब् व्रत्हरूमा व्रत मुख्य कुन् हो ?
सब्देखि सानो म छु भन्नु जुन् हो ॥२३॥

क्या जानिई दैन भनेर बक्नू ?
स्त्रीको चरित्रै छ नजानिसक्नू ।
क्या हो सबैले त नछोडि सक्न्या ?
ये हो दुराशा अरु कीन बक्न्या ॥२४॥

कुन् हो पशूतुल्य भनी कह्याको ?
विद्या नभै मूर्ख पडी रह्याको ।
सज्जन्हरू[1] कस्सित सङ् नगर्नू ?
खल्-पापि-निच्का नगिचै नपर्नू ॥२५॥

---

१. नेपालि-भाषाको स्वाभाविक-रुपअनुसार् याँहाँ ले-प्रत्यय आवस्यक देखिञ्च, छित का अनुरोधले भानुले राँमाँयँणादि अरु कबितामाँ पनि कताकति एस्तो अस्स्वाभाविक प्रयोग गर्‍या देखिञ्च । अथवा यो सम्बोधन होला ।– स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कस्ता पुरुष् मुक्त भएर तर्छन् ?
सत्पङ्ग-भक्तीहरु जो त गर्छन् ।
छोटो कउन् हो ? नलजाइ माग्न्या ,
कुन् हो बडो ? जो धनमा नलाग्न्या ॥२६॥

जन्म्यो कउन् ? जन्मनु फेर् न पर्न्या
मर्न्या कउँन् हो ? मरि फेर् नमर्न्या ।
कस्लाइ लाटो छ भनेर भन्छन् ?
जो ता बखत्मा पनि चुप् रहन्छन् ॥२७॥

बैह्रो कउन् हो ? हित बात् नसुन्न्या
कुन् हो अविद्या मित नारि मान्न्या ।
कुन् तत्त्व साँचो छ भनेर खोज्नू ?
साँचा शिवै छन् शिवलाइ रोज्नू ॥२८॥

उत्तम् भन्याको मन आज कुन् हो ?
सज्जन्हरूको सुचरित्र जुन् हो ।
कुन् कर्मले शोक्हरु दूर हुन्छन् ?
श्रीविष्णुका पूजनले ति टर्छन् ॥२९॥

कुन् शत्रु हुन् खुब् बलवान् भयाका ?
कामादि हुन् सब् नरले कह्याका ।
कुन् हो कसै पूर्ण गरी नसक्नू ?
कामै[1] छ त्यस्तो अरु कोन बक्नू ॥३०॥

---

१. काम = कामना = एषणा = इच्छा । – स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन् दुःखको मूल भनेर जान्नू ?
मेरा म हुम् भन्नु छ तेहि मान्नू ।
कुन् हो जगत्को गहना बन्याको ?
विद्यै छ सब्को गहना बन्याको ॥३१॥

कुन् सत्य हो सत्य कसोरि जान्नू ?
जुन् प्राणिको हित् छ उ सत्य मान्नू ।
कुन् छाडिदीन्या सुखि हुन्छ भन्छन् ?
स्त्री छाड्न सक्न्या सुखिमा गनिन्छन् ॥३२॥

ठूलो छ दान् कुन् गरि ताप हर्न्या ?
सब् प्राणिको निर्भय जो त गर्न्या ।
कुन् हो बुझ्यौ निश्चय नाश हून्या ?
त्यो भक्तको मन् छ भनेर जान्न्या ॥३३॥

कस्तो भयामा भय छुट्टि हुन्छन् ?
मुक्तै भयामात्र ति ताप टर्छन् ।
बाणतुल्य कुन् हो अति दुःख दीन्या ?
जुन् मूर्खता हो उहि जानि लीन्या ॥३४॥

कस्का सधैं दास् भइ पाउ पर्नू ?
बूढा गुरूमा लागि चित्त धर्नू ।
प्राणान्तका समयमा कति कर्म गर्नू ?
सम्पूर्ण छोडि रघुनाथ्-तिर् चित्त धर्नू[1] ॥३५॥

---

१. एस पद्यको पुर्वार्द इन्द्रवज्रा वृत्तको छ र उत्तरार्द वसन्ततिलका वृत्तको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन् चोर हो इ जनको भनि चोर जान्नू ?
जुन् वासना त छ असत् उहि चोर मान्नू ।
शोभायमान भयि वस्छ सभाविषे को ?
सब्को प्रसन्न मन गर्दछ शास्त्रले जो ।।३६।।

मातासरी सुख दिन्या कुन चीज् छ जान्नू ?
विद्यै छ त्यस्तो अरु कौन खोज्नू[१] ।
कुन् हो जती-जति दियो उति बढ्न जान्या ?
विद्यै रहेछ बुझि निश्चय तेहि मान्या ।।३७।।

कुन् काम हो अति डरायर दूर सान्नू ?
लोकापवाद् छ घटिया कहिल्यै न धान्नू[२] ।
कुन् कर्म गर्दछ भन्या उहि बन्धु मान्नू ?
आफ्नो सहाय यदि गर्दछ बन्धु जान्नू ।।३८।।

---

छ । भाँनुभक्तले ब्रित्तका चार पाउ पुरा गरेरै आर्को ब्रित्त थाल्न पर्ने भनि नियम नपच्छ्याको कुरा राँमाँर्यैणमाँ पँनि देखिन्छ । तथापि एस्तामाँ इन्द्रबज्ज्रा र बसन्ततिलकाको उपजाति मात्र पँनि सकिनि कुरा "इत्थं किलान्न्यास्स्वपि मिश्शिरतानु वदन्ति जातितष्ष्विदमेव नाम" ( छन्दोमञ्जरी दुतिवस्तबक, त्रिष्टुप्प्रकर्ण ) इत्यादिका आधारमाँ भन्न सकिन्छ । एसरी प्रयोग कतै-कतै 'रामल् लक्ष्मणपूर्वजम्' (रामरक्षास्तोत्र, श्लोक २६) इत्यादिमाँ सँस्क्रितमाँ पँनि पाँइन्छन् । -स०।

१. एस पद्यको यो पाउ इन्द्रबज्ज्राको छ, अरु पाउ बसन्ततिलकाका छन् एसमाँ पनि बैंतिसौं पद्यको टिप्पणिमाँ भनिया कुरा भन्न सकिन्छन् ।-स० ।

२. अमर-यन्त्रालयका (१९४१ सम्बत्का) संस्करणमाँ 'गर्नू', भूलि पारिएको छ । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कस्ता मनुष्यकन पित्त्रि[1] भनेर जान्नू ?
जस्ले त पालन गऱ्यो उहि पित्त्रि[1] मान्नू ।
कुन् चीज जानिकन चीज् रहँदैन जान्नू ?
यो चीज् त नित्य परमेश्वरलाइ मान्नू ॥३९॥

कुन् चीह्निया सकल चीज्हरु चिह्निइन्छन् ?
ईश्वर् चिह्न्या[2] सकल याँहि चिह्नी[2] सक्निन्छन् ।
कुन् चीज् रहेछ अति दुर्लभ खोजि जान्नू ?
सत्सङ्ग हो अधिक दुर्लभ तेहि मान्नू॥४०॥

कुन् त्याग् कहिन्छ ? शिवको सब तत्त्व जान्नू ,
कुन् जीत्न सक्नु छ कठिन् ? उ त काम मान्नू ।
कुन् हो पशूसरि भनी नरले कह्याको ?
आत्मा नजानिकन मूर्ख पर्डी-रह्याको॥४१॥

अम्मित्सरी अघि भई पछि वीष वन्या ,
कुन् हो ? स्त्रि हुन् किन अरू चिजलाइ भन्या ।

---

१. पुराना सबै संस्करणहरुमा 'पितृ' एस्तै मुद्रित पाइन्छ, तर तेसो गर्दा त्रित्तभङ्ग हुनि र 'पितृ' लेखिए पनि नेपालिमा अगिदेखि नै 'पित्त्रि' ने उच्चारण हुँनि गरेकाले यो पाठ मुद्रित गरिया हो । –स० ।

२. माँहा चिह्न्या–चिह्नीमा चिका इकार त्रित्तका-नियम-अन्सार् लगु चाहिन्छन्; तर समयोगादि हकार स्वपुर्वस्वराङ्ग हुनि हुँदा ति इकार लगु न सक्तैनन् ; तसर्थ लेख्ता परम्पराका प्रभावले चिह्न्या-चिह्नी लेखे पनि भानुका समयमाँ पनि चिन्या-चिनी नै उच्चारण हुँदाहुन् भन्नि देखिन्छ; अन्यथा भानु-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन् शत्रु हुन् अघि त मित्र सरी रह्याका ?
पुत्रादि हुन् सकल सज्जनले कह्याका।।४२।।

कुन् चीज् छ चञ्चल याँहाँ क्षण एक् घरीको ?
आयुष्य यौवन बुझ्या बिजुली सरीको ।
कुन् दान् ठहर्छ अति मुख्य यहाँ गन्याको ?
जुन् दान् छ पात्रहरुका मुखमा पर्न्याको ।।४३।।

प्राण् जान खोज्दछ भन्या पनि कुन् नगर्नू ?
संसार् अनित्य बुझि पाप् कहिल्यै नगर्नू ।
कुन् हो अघी सरिसरीकन गर्नु पर्न्या ?
पूजा सदाशिवजिको सब पाप हर्न्या।।४४।।

कुन् कर्म मुख्य भनि सद्गुरुले कहन्छन् ?
जुन् कर्मले त परमेश्वर खुश् रहन्छन् ।
कुन् स्थानमा बसु भनीकन दील् नदीनू ?
संसारमा भनि अवश्य चिह्नेर लीनू।।४५।।

रात्दिन् निरन्तर कतातिर चित्त धर्नू
संसार् अनित्य बुझि तत्त्व-विचार गर्नू ।
तत्त्वै-विचार् छ सबको सब पाप हर्न्या ,
ज्ञान् जान्नलाइ सबले यहि चित्त धर्न्या।।४६।।

---

का. ग्लाका नेपालिमाँ न्याउरे भाषाका 'ह्याकन्तला' इत्यादिमाँ सुनिन्छ सोस्म नकार नस्तो सोस्म नकार पनि मात्र आवस्यक हुन्छ ।-स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्नोत्तरै छ बढिया गुरुले भन्याको ,
सत्कर्म जान्नकन अर्तिसरी बन्याको ।
यस्को निरन्तर विचार् जसिले त गर्छन् ,
संसार्-समुद्रसहजै त तिनै त तर्छन् ॥४७॥

प्रश्नोत्तरै हो मणिरत्नमाला ,
यस्लाइ पैह्रे जहाँ त जाला ।
तेस्का यसैले सब पाप टाड्ला ,
फेर् अन्तयमा मुक्त गराइ छाड्ला॥४८॥

॥ इति ॥

"भानूभक्त भनी प्रसिद्ध जगमा जस्को त नाँऊँ पनी ,
तिन्को घर् तनहूँ छ बेसि चुँदि हो गाऊँ छ रम्घा भनी ।
प्रख्यात् छन् सब लोकमा ति गुणि हुन् विद्वान् कवी खुब् थिया ,
यो प्रश्नोत्तर बुझ्नलाइ सजिलो भाषा बनाई दिया॥"

(छबिलाल् नेपाल्)



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## भक्तमाला[1]

प्रतिज्ञा मैले यो यमसित गऱ्याँ जन्मि अब ता,
सिताराम् भज्न्याछू विषयहरुमा छोडि ममता।
प्रतिज्ञा सो बिर्सीकन जन–धनै खोजि झुलियो,
सिताराम् भज्न्या हो शिव शिव उसै आज भुलियो।

सिताराम् भज्न्याछू भनिकन प्रतिज्ञा अघि गरी,
गयाको हो आईस् कति दिन भजिस् भन् अघि।
यसो भन्नन् स्वामित् मकन यमराज् तेस् बखतमा,
कसो भन्नू मैले भुलिकन रह्याँ यस् बखतमा[2] ॥२॥

गयो बालक्–कालको वय पनि उसै बालरसले,
यसै रित्ले यौवन् पनि बितिगयो मोहवशले।
भयो वृद्धावस्था अझ पनि भजीदैन मनले,
कसो गर्नन् स्वामित् मकन यमका दूतहरुले॥३॥

---

१. भक्तमालाको रचनाको इतिहास जिवन-चरित्र-खण्डमा चौबिसौं र पच्चिसौं छ र अ र बिवेचना 'एकचालिस्-स्लोके भक्तमाला र अरु दुइ बिलकुल सम्बन्धमा' भन्नि परिसिष्टमा छ। -स०।

२, १९४१ सम्बतको सस्करणमा 'तखतमा' भन्नि पाठ छ। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घडी दिन् पक्षे मास् ऋतु अयन यै कालगतिले,
घट्यो आयू मेरो विषय अझ खोज्दैछ मतिले ।
कृपानाथ् हे स्वामी अब कसरि ससार तरुला,
कृपा राख्या-जावस् नतर त अनाथ् बीच परुला ॥४॥

बडो दुर्लभ् जानोस् भरतभुमिको जन्म जनले,
सहज् मिल्छन् ठाकुर् हरिभजिलिया शुद्ध मनले ।
बखत् यस्तो जानि हरिचरणमा मन् पनि धरोस्,
निरन्तर् श्रद्धाले हरि खुसिहुन्या दान् पनि गरोस् ॥५॥

जगत्मा पृथ्वीका अधिपति बडा दौलति थिया,
मरणका वेलामा बुझिलिनु ति क्या लीकन गया ।
निरन्तर् यै सम्झी हरि भजि रहोस् शुद्ध मनले,
परन्तू हक् मनैं छ त बटुलि क्या गर्नु धनले ॥६॥

कडोरन्का मालिक् अघि पनि बडा वीरहरु भया,
ति-मद्धे जो जो हुन् हरि भजिलिन्या पार् पनि गया ।
मरणका वेलामा हरि-बिनु त क्या भर् छ अरुको,
शरण् लेला सो नाथ् अधिपति[1] अजामेलहरुको ॥७॥

---

१. सबै संस्करणमा 'अधिपति' ने पाठ पाइन्छ; तर एक्चालिस-सिलके भक्तमालाको एक्चालिसौं सिलक हेर्दा ह्यां पनि 'अधम ति' पाठ हुँदो हो भनि अनुमान हुन्छ; त्यो पाठ भएमा 'अधम अजामिल' आदिका पनि नाथ (रक्षक) भएका ति हरिले भजन गरे मरणका वेलामा अवस्सेइ शरण् लेलान् भनि अर्थ हुन्छ र त्यो पाठ वर्ता सङ्गत हुनि देखिन्छ । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगत्मा सब् ढुँड्दै सबकन विचार्याँ जन पनी,
बडा हुँ भन्न्याका घरपर[1] रह्याको धन पनी।
रह्याछन् कालैका वशपरि रह्याका जन-धनै,
बुझ्याँ मैले सब्को रिपुसरि भयाको पनि मनै ॥८॥

मनुष्यै योनीमा यदि हरि भज्यो ता जन तर्‍यो,
अवश्यै फन्दामा हरिकन नभज्या फर्यि[2] पर्‍यो।
जगत्मा यो चाला बुझिकन विचार् गर्नु जनले,
निरन्तर् ठाकुर्को चरणकमलै धर्नु मनले ॥९॥

भजौँला मन्दैमा कति कति बित्यो जन्म जनको,
मरौँला भन्नाको अझ पनि विचार् हैन मनको।
अहो दैवी माया बडि बलवती जानि मनले,
विचार् गर्दै-गर्दै हरि भजि-लिनू भक्त जनले ॥१०॥

दया पाऊँ स्वामित् विनति छ हजूर्का चरणमा,
नलागून् पाशा फेर् मकन यमराज्का मरणमा।
दयाले पो छुट्छन् सकल जनका दुःखहरु ता,
उपायै क्यै छैनन् कहिँ पनि दयादेखि अरु ता ॥११॥

---

१. यहाँको -'पर' हिन्दिके अधिकरणार्थक बिभक्ति बुजिन्छ; भानुका रचनामाँ एस्तो कुरा पुराना अरु कविका रचनाका अपेक्षया साँरै थोरै ठाँममाँ मात्रै पाइन्छ। -स०।

२. १९४१ सम्वत्का सँस्करणमाँ फेरि ने मुद्रित छ, भानुका पालामा नेपालि भासामाँ पनि रस्रव एकार थियो र ऐलेका नेपालिमाँ पनि त्यो



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरोसा स्वामित्को[1] गरिकन रहन्छू दिनदिनै,
सहन्छू सब् आपत् जति-जति त पर्छन् छिनछिनै ।
पन्याका पर्न्यैछन् मकन करुणा दूर् हुनगया,
सहज्मा टर्यैछन् मकन करुणा पो यदि भया ॥१२॥

मुगारे स्वामित्का चरणतलमा मन् नधरि ता,
बडो दुर्लभ् देख्याँ सकल जनको मुक्ति गति ता ।
विचार् गर्छू क्याऽ मन पनि बलैले हरि लिया,
दशेन्द्री डाँकूले बिच-बिच पसी दुख् पनि दिया ॥१३॥

नकैन्हे भक्तीले गुरुचरणको ध्यान गरियो,
न ठाकुर्को पूजा गरि तुलसिको पत्र धरियो ।
दया भो स्वामित्को भनिकन भया पार तरियो,
अवश्यै साँचै हो नतर यमका पाश परियो ॥१४॥

पुकारा गर्दो छू घरि-घरि रुँदो छू चरणमा,
दया छे[2] स्वामित्की म त हरि घरी[3] छू शरणमा ।
विचार् गर्थ्यौं क्याऽोस् भनिकन दया हुन्छ त पनी,
झलक् पाइ् सुन्या होस् भनिकन रिसै हुन्छ त पनी॥१५॥

---

छ, तथापि भाँनुले अन्त एस्तो पनि प्रयोग गऱ्या छुजिएकाले 'पयरि' पाठ नै मुलमा राखिया हो । स० ।

१. एकचालिस-सिलके भक्तमालामा 'ठाकूर्को' भन्नि पाठ छ । -स० ।

२. 'दया छे' भन्नि प्रयोग स्वाभाविक् भासाको हैन तापनि वृत्तका अनुरोदले कविले तेस्तो प्रयोग गऱ्या हुन् । -स० ।

३. १९४१ 'सम्वत्को संस्करणमा 'हरिवरी' मे पाठ छ, तेस्को अर्थ 'हे



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगत् कोइ् जान्दैनन् भनु त सबका बात् पनि सुन्याँ,
पलक्-भर् ता योगी अघिसरि बडो ज्ञान कहन्याँ।
उनै काम् गर्छन् ता यमपुरिमहाँ चोट मिलन्या,
अहो यो क्याले हो बुझि बुझि सबै लोक भुलन्या॥१६

भजन् रामको हूलो बुझिकन भजन् गर्नु जनले,
नभूल्नू कैल्यै यस् विषयसुखमा लागि धनले।
अविश्वासी चोला कति रहन जाला बितिगया,
पछीतो खुब् होला जप तप बिबेक् केहि नभया॥१७

टहल् ठाकुर्जीको अलिकति यहाँ केहि नगरी,
गभीर् सँसार्-सागर् सहजसित पार् पुग्नु कसरी।
टहल् ठाकुरज्यूको गरि लिन सक्या देखि तरियो,
बिपत्का खानीमा नतर सहजै फेरि परियो॥१८

अनाथ्को नाथ् मै हुम् भनिकन हँसीलो मुख गरी,
हरू यस्का पाप्-ताप् भनिकन अगाडी पनि सरी

---

हरि समय-समयमाँ मँ सरणमाँ परेकै छु' भन्नि हुञ्च र त्यो सुसङ्गत हुञ्च; 'हरघरी' पाठ मान्दा त 'सँदै' सरणमाँ छु' भन्नि अर्थ हुञ्च र सँदै सरण परेकालाइ 'झलक् पाइ् भुल्न्याँ होस्' भन्न नमिल्नि हुँदा तेसको 'झलक् पाइ् भुल्न्या होस्' भन्नि भनाइ-सित सङ्गति दुर्लब हुञ्च। अथवा 'दया भए पनि रिसै भए पनि मँ त द्रिड ग्याँन नभए पनि 'हरघरी' सरणमाँ त परेकै छु' भन्नि अर्थ पँनि हुन सक्च। सँस्क्रित अँनुवादमाँ पँनि 'प्रतिघटि' भन्नि नै अँनुवाद छ। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृपा-दृष्टी नाथ्ले यदि दिनुभया तर्छु अहिले,
कृपा-दृष्टी-बाहेक् तप गरि त पार् तर्छु कहिले।।१९।।

अबीवेकी मूढो त्रिभुवनविषे को छ म सरी,
बितायाँ व्यर्थै यस् विषय रसमा जन्म यसरी।
कउन् हूलो चिज् हो विषय-रस यस् पाजि रसमा,
दियाँ मैले यो मन् बुझि-बुझि पर्‍याँ मोह-वशमा ।।२०।।

जगत्मा खुब् धायाँ न त सुफल पायाँ कहिँ रती,
तपस्याको हानी हुनकन गयाको कहुँ कती।
तपस्या गर्‍यां काल् अघि बितिगयो क्यारु अहिले,
यसै योनीमा पार् सहज नतर्‍या तर्नु कहिले।।२१।।

कटीको पीताम्बर् करकमलका कङ्कणहरू,
किरिट्-कुण्डल्-कौस्तुभ् तुलसि-वन-मालाहरु अरू।
बसैले सम्झन्छू दृढ नरहन्या एकक्षण पलक्,
कउन् दिन्मा देख्छू प्रभु हजुरको सुन्दर झलक् ।।२२।।

॥ इति भक्तमाला समाप्ता ★ ॥

---

१. १९४१ सम्वत्को संस्करणमा र एकचालिससिलके भक्तमालामा 'झलक्' पाठ छ; तर त्यो राम्रो छैन; त्यो मुद्रणासुद्दि वा लेखनासुद्दि नै होला। —स.०।

★ मधुपर्कमा हरिहर भट्टराइजिले (६/१०) र कासिनाथ तमोटजिले (६/१२)



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकासितगरेको तेइसौँ पद्यको पछिल्लो भागबड प्रारम्भ भाको एकचालिस सिलके भक्तमालामाँ चल्तिका बाइससिलके भक्तमालाका १९ २०,२१,२२ सङ्ख्याका सिलबहरु क्रमैले २३,२४,२५,२६,२७ सङ्ख्याका तथा ११ र १२ सङ्ख्याका सिलक ४० र ३४ सङ्ख्यामाँ रएका देखिन्छन् एसरि एस भक्तमालामाँ तेइसौँ सिलकभन्दा अगि चल्तिका भक्तमालाका पन्द्र सिलक भँत्रै भएका र अरु सात सिलक नौला भएका बुजिन्छन् तर अनाकर्सक र भद्दा भएकाले भाँनुले नै छाँटेका (जिवन-चरित्र-खण्ड भक्तमालाको प्रसङ्ग (प्रि. ५५) र परिसिष्टको 'एकचालिससिलके भक्तमाला' र अरु दुइ सिलकका सम्बन्धमाँ भक्ति निबन्द द्रष्टव्य छन) ति सात सिलक ऐले उपलब्ध हुँन सक्नेका छैनन्; अट्ठाइसौँ सिलक-देखि सिलक पँनि (चौतिसौँ र चालिसौँ दुइ सिलक माथि नै आइसकेका तिनलाइ छोडेर) यद्यपि भद्दा र अँनाकर्सक भाकाले भाँनुले नै छाँटेकाले महत्त्वपुर्ण छैनन्. तथापि पाठकहरुको कौतुहल सान्त गर्न उपयुक्त प्रकासनमाँ कच्चा सम्पादक-प्रकासकले घेरै ठाँममाँ छन्दभङ्ग पारेका भएर छन्दानुरोधले अत्यावस्यक सम्सोधन गरि तिनै प्रकासनका आधारमाँ तल दिइन्छन् ~

आफ्नै कर्म रहेछ दुःख-सुखको दाता जगत्मा सबै-,
जस्तो आज म छू यसै म हुँला भन्न्या नठान्नू कबै ।
यस्तो जानि धनी म छू भनि पनी गर्वै न कैले नहोस् ,
ईश्वर् छन् सभका उपर् भनि सदा अन्तःकरण्मा रहोस् ॥

भजन् होला भन्थ्याँ अघि त जब जन्म्याँ उसघरी,
भजन् हुन्थ्यो काँहाँ रुन-तिरकि पो लागि लहरी ।
हजुरकै मायाका अधिक बलिया जाल परियो,
शरण् लीयाजावोस् बिनति कर जोरेर गरियो ॥२६॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभू की माया हुन् मति सकल मेरो हरि लिन्या,
फिराद् गर्छू रोज्-रोज् प्रभु पनि निसाफ् हेरि-नदिन्या।
हजूरका हाँजिर्मा पुगिकन निसाफ् केहि नभया,
विपत् पर्छन् ठाकुर् यस सित उसै फेरि म गया ॥३०।

मतीचोर् माया हुन् हजुरकि उ चोर् उम्कि रहन्या,
फजित् हुन्छन् मेरा अरुसित कता जाइ कहन्या।
हजुर् सबका खामित् भनि हजुरमा आर्जि गरियो,
निसाफ् बक्स्याजावोस् शरण-विनु अन्याय परियो ॥३१॥

हजुरकै मायाले मति गडिगयो तुच्छ रसमा,
कहाँ खेल्थ्यो प्रेमले प्रभु हजुरका भक्तिरसमा।
हजुरले ई मायाकन झिकिदिया देखि तरियो,
विपत् पाऱ्याँ ठाकूर् नतर नरकै फेरि परियो ॥३२॥

अघी ब्रह्माजीले पनि हजुरका पाउ न परी,
हजुरकी ई माया बुझि पनि सकथानन वल गरी।
अनाथ् हुम् सो माया जितिकन म पार् तर्छु कहिले,
दया आवोस् मेरा उपर करुणा राखि अहिले ॥३३॥

... .. ... ... ... ... ... ... ... - ... ... .. ... ॥३४॥

म कैल्हे हुम्ला नाथ् प्रभु हजुरमा नित्य रहन्या,
विपत् पाऱ्याँ ढेरै अरु अरु कती फेरि सहन्या।
विपत् भोग् गर्दैमा अघि पनि अनेक् जन्म त गया,
खुसी हून् होला अझ पनि कहाँ सम्म म भया ॥३५॥

स्मरण्देखी वाहेक् विधि कति छ जान्दीन म अरू,
नजानी हे खवामित् स्मरण-विनु कुन् काम म गरू।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मरणले जो मिल्न्या भनिकन सदा येहि गरियो,
दया आवोस् ठाकुर् भर त यतिकै मात्र परियो ॥३६॥

अनेक् ठक्कर् खाँदै छु त पनि डुलेको छु जनमा,
न मैले क्यै पाऊँ विषयसुखको लेश मनमा ।
अतौल्को तौल् भैयो जगतितलमा येहि धनले,
अहो धिक्कार् मेरो अझ पनि धनै खोज्छ मनले ॥३७॥

न मृत्यू टार्न्या छन् पछि मरणमा कोहि जनले,
न वाँचन्ज्याल् दिन्छन् मकन सुखभोग् गर्न धनले ।
दुराशाका पाशा परिकन झुल्याँ छू म जनमा,
कहाँ मिल्न्या ठाकूर् मकन सुख-सन्तोष मनमा ॥३८॥

खसम् मेरा स्वामित् प्रभु हजुरको दास त म हूम्,
गल्याँ साह्रै स्वामित् अझ कति वडा दुःख म सहूँ ।
हजुरले चाकर् हो भनिकन दया राखि नदिया,
दशेन्द्रीयै शत्रू भइकन वहूत् हूर्मत लिया ॥३९॥

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ॥४०॥

दयैले स्वामित्का अधम ति अजामेल् तरिगया,
विभीषण् राक्षस् हुन् त पनि अधिकै भक्त ति भया ।
दया पाया तीनै भुवन पनि तर्न्या छ अहिले,
नपाया को तर्छन् न त अगि तर्न्या कोहि कहिले ॥४१॥

— सम्पादकहरू।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुका हस्ताक्षरका लिखतहरु र तिनमाँ टिप्पणीहरु

## १

### १९१५ संवत्को चिठि

गिरिधारिसँगका बिर्ता-बगर-खेतका झगडामाँ काठमाडौँ बस्ता १९१५ संवत्का मार्गमाँ रमानाथ बार वर्षका हुँदा उनलाइ हौकाइ कविले आँफ्ना हस्ताक्षरले लेखेको चिठि एइ हो—

"स्वतिश्री चिरजीवि श्रीनानि रमानाथशर्मणि. श्रीभानुभक्तशर्मणः शुभाशीर्वादाः सन्तु. उप्रान्त पढ्दैनस् भन्दा सुन्दछु. मेरा कंठापरि जति उमूलंछस्. जाहाँबाट मक्यागरु. म ताहाँ आया पछि. तैले नपह्चाको ठहराजा भन्या, वावै. तेरा ज्यान्को आसा नरापि लात् मार्न्या छु. कि तैले मर्नु पर्ला. कि मरि सुख पाउंन्या छस्. कि पह्नि सुख पाउंन्या छस्. योबुझि. कि तैले मर्नु. कि पह्नु, तेरि आमाले पनि. यो चिठि हेरि साँझ वेहान तलाइ. लात मारि घोकन लावोस्. आज तेरि आमाका चेत आयेनन् र. तलाइ षेलन दियी भन्या मैले लात् मारि मर्नान्त पान्याको तमासा हेर्लि. हेर्वावै. पह्निनस् भन्या. तेरो जिउ खंज गराइ छोड्ला. रति जति माया मान्न्या छैन, सो जानी



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेरि आमाले तलाइ अदप्मा राषि घोकाउनु. तेले घोकनु. आजसंम कति पहिस् जाहाँ संम. पाठ पुऱ्याया को छु भनि लेषि पठा अघि पहुचाको पनि विसिस् कि आउंछ तेरा हातले लेषि पठा नहि भन्या. तेरो ज्यान् साबुद् राषन्या छैन. ढेरै क्या लेषु. किमधिकं मिति मार्ग शुदि १ रोज ३ मुकाम महावौद्ध टोल शुभम्----"

एइ चिठिका किनारा-पट्टि ब्राह्मणीलाइ मत्त्रै थप लेखेको —
"*ताहाँ पढदैन भन्या. मानिस् साथलाई मंसिर भित्रै जाहाँ पठाइदे. म आउंदा सगै लि आँउला. जाहिं पढाउंछु. ताँहि पढछ भन्या बढिया हो.*"

कविका चिठिमाँ छोट्करि सार कुरो मात्र छ । गन्थन छैन । रमा नाथका आँमाछोरा दुअैका मनमाँ ठुलो त्रास परि आँफ्ना-आँफ्ना कर्तव्यमाँ दुअै चल्नै पर्नि हिसाप पारि रामचन्द्रले लक्ष्मण द्वारा सुग्रीवलाइ हौकाए झैँ चिठिद्वारा सातो हर्नि युक्तिले हौकाएका छन् आँफु अन्य व्यवहारमाँ लाग्दा लाग्दै छोरो छाडा भै पड्नि काल व्यतित भै छोरो मूर्ख होला, सो नहोस् भन्नि कविको आशय चिठिका लेखले बुजाँउँछ । घर आँउदा छोराले नपडेकै भए पनि मूर्ख सामान्य जनले त रुञ्ज पार्दैन, तेस्ता देउता-जस्ता कविले के रुञ्ज पार्थे, डर ले पड्ला सप्प्रला भन्नि आशयले डर देखाएका मात्र हुन् । चिठिका लेखबाट कविमाँ चतुऱ्याँइ अधिकै बुजिऱ्छ । 'पढ्नु', 'पढ्निस्', 'पढ्निनस्', एस्तो लेखाइ उस-मौकाको-प्रचलित-बोलि-अन्साइको लेखाइ हो ।

'*पढदैन भन्या*', '*जाहिं पढाउंछु*' भन्नि लेखाइ पँनि एसै पत्त्रमाँ देखिएकाले कविजिका समयमाँ पढ्नु-पढ्नु इत्यादि दुअै थरि रुप बोलाइमाँ भएका बुजिऱ्छन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति श्री चिरजीवि श्रीनानिरमानाथशर्मणि-श्रीभानुभक्तशर्मणः अ
भाशीर्वादः सन्तु-उप्रान्त पढ्दैनस भन्दासुन्दछु-मेराकठापरि
जतिउमलंछस्-आहाँवाट मक्यारोस्-मतांहाआयापछि-तैलै
नपस्याकोठहराभन्या-वावै-तेराज्यानकोआसानराषिला
तमार्न्याछु-कितैलेमर्नुपर्ला-किमारि सुखपाइन्याछस-कि
पहिसुखपाइन्याछस-योवुहि-कितैलेमर्नु-किपर्हु-तेरी
आमालेपानि-योबिठिहेरि-साहुवेलानतलाइ-लात मारि
घोकनलागोस-आजतेरिआमाकाचेतआजेनगरतला
इषेलनदियीभन्यामैलेलात मारिमर्नानपाम्याकोतमा
साहेलि-हेर्वावै-पहिलसभन्या-तेरोजिउखंजगराइछो
डुला-रतिजतितेरोमायामान्याछैन-सोजानीतेरिआमा
लेतलाइ अदमारषि-घोकाउनु-तैलेघोकनु-आजसंम
कतिपहिस-आहांसंम-पाठपुस्यायाकोछुभनिलेषिपठा
अघिपस्याकोपमिदिसिसकिआइंछतेराहातले लेषिपठा
नहिभन्या-तेरोज्यानसावुदराषभन्याछैन-छैरेक्यालेष-
किमधिकंमिति मार्ग आदि १ रोज ३ प्रकामपहा
वोद्रयोल अमम्

ॐ पहिलेमन्या-माहिसमाथलाइ अंषिरषेमा गंप्रहरेंम
अंदरासमैलिअंदला-माहिंपलाइंछ-मोहिंपलाइंछ-मोहिंपलाइंछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२

## कालु जैसिको तम्सुक्

कवि भानुभक्त तनुङ-घरमाँ बसेका मौका १९१७ संवत्का अन्त्यमाँ उनैका हातले लेखेको उस मौकाका-चलन-अन्सार्को भोगबन्धकि-तम्सुक् —

" स्वस्तिश्री शाके १७८२ मा. धनीकनाम श्री भानुभक्त उपाध्या. ऋणीकनाम. कालु जैसी ऋण-गृहीतं मोहोर रूपया. १२ अक्षरेपि वाह्र कर्जा लिआ. ( आपत् साल १७ को वालि तिर्ना निमित्त. ) इ रूपयाले लामा षेत १।८० मध्ये षेत मुरि ।२ र. येसैको लगा पाषा मध्ये. मेरो अंस भाग वन्धक लेषि दिआ. भाका भरि पुसको. साक्षि. श्यामलाल उपाध्या. विस्नुहरि उपाध्या. यज्ञलाल उपाध्या. शुकदेव उपाध्या ढुंगाना. गोपीवल्लभ उपाध्या कोइराला. लेषकसाक्षी भानुभक्त उपाध्या. इति सम्वत् १९१७ साल मिति फाल्गुन शुदि ३ रोज ५ शुभम् "

३

## साधुरामको तम्सुक्

१९१८ संवत्माँ तनुङ्-घरमाँ हुँदा कविका हातले लेखेको कपालि तम्सुक् —

" स्वस्तिश्री शाके १७८३ मासे ११ एहि सालमा धनीकनाम भानुभक्त पण्डित. ऋणीकनाम साधुराम



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेवार. गत मोहोर रूपया २० अक्षरेपि विस्. इ रूपयांका व्याज वाइसा भाका भरि पुस यस पत्रका साक्षि लक्ष्मी-प्रसाद पण्डित. इति संवत् १९१८ साल मिति फाल्गुन वदि १२ रोज ३ शुभम् ”

४

## १९१९ संवत्को चिठि

१९१९ संवत्का वैशाखका आदिमाँ कवि भानुभक्तले काठमाडौँबाट आँफ्ना छोरा रमानाथलाइ लेखेको चिठि—

“स्वस्तिश्री सकलमंगलालय श्रीनानी रमानाथ शर्मणि श्रीभानुभक्तशर्मणः शुभाशिषः सन्तु. उप्रान्त येतिञ्ज्यालमा. म घर आइपुगन्या थीजा. उत्तरकाण्ड रामायण केहि बाँकि वनाउनु रह्याको थियो र सभै इष्ट-मित्रले. त्यो रामायण समाप्ति गरि जानुभया. लोकले गाउन्या छ. तपाजिलाइ पनी जो हुनु सिद्धि यतै वाट हुन्या छ. सिद्ध गराइ जाउ भनि वडा वडाले पनी भन्दा. वेस् हो भनी. त्यै सिद्ध गराउन लागि रह्याँछु. सय डेढ सय सिलोक् वनाउन बाँकि छ. त्यो सिद्ध गराई भरिवैशा-षमा. अवश्य. आइपुग्छू. दुंसिमा, मगरहरुले हाम्रो सुर बाधि-दिया भन्या. तिनको याद पनि. हामिले रापनै पर्छ. हेमलाल



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति श्रीशाके १७८२ मा॰ धनीकनाम
श्रीभानुभक्त उपाध्या॰ अणीकनाम॰ का
लुजैसी अरण गृहितं मोहोर रुपया १२अ
क्षरे पिवाहुकर्जालिआ॰ इ रुपया लै
लामाषेत १।८० मध्ये षेत मुरि ।२र॰
येसै कोलगापाषामध्ये॰ मेरो अंस भो
गवन्चकलेषिस्त्रिआ॰ भाका भरिपुस
को॰ साक्षि॰ रुपामल्लाल उपाध्या॰ दि
ल्लुहरि उपाध्या॰ यज्ञलाल उपाध्या॰ उ
कदेव उपाध्या ढुंगाना॰ गोपीवल्लभ उपा
ध्याको इराला॰ लेषकसाक्षी भानुभ
क्त उपाध्या॰ इति सम्वत १९१७ साल
मिति फाल्गुन शुदि ३ रोज ५ अमर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीप्रसादले· रुपया लियेनन् भन्या पनि· संतोषमा रह्यास्· येस्ले पछि कल्याणैं हुन्याछ. अवश्य· म आउँछू. म आइपुगन्ज्याल घरका लाल्वाल्[1] वस्तुहरुको संभार गन्यास् भाइलाइ पह्राउंदै रह्यास्· किमधिकं मिति १९१९ साल वैशाष वदि २ रोज शुभम्"[2]

एसै चिठिका किनारामाँ लेखिएको भाग—

"दुंसिका थरि लक्षोमन् थापाले मागन आया अट्क्यो भन्छन् भन्या २५।३० दियास्. अरुलाइ म आइ दिउंला."

---

[1] एस पदलाइ स्त्रिबालक्रिष्णपाख्रे लले पान सए बर्स-(२०३१: प्रि. ३८४) मां अन्यथा पन्नुभा देखिन्छ; छायाचित्रछाप साथैमाँ छ, पाठकहरु आँफै पनि बिवेक गर्न सक्नु हुनि नै छ।—स०।

एस चिठिको मितिका विषयमाँ केइ भन्छु। कवि भानुभक्तका साक्षात् नाति १९४६ संवत्मां जन्मि २०१२ संवत्मां परलोक भएका देवीभक्तका मौखिक भनाइलाइ चिठिका वेहोराले पनि पुष्टि गरेकांले तेसै भनाइलाइ सत्य मांनि यो मिति राखिएको हो। कवि भानुभक्तको सुकीर्ति झन्-झन् बडेर आएबाट २००६-७ संवत्-तिर कता हो उनै देवीभक्तका घर पिंडिमाँ फुसंदमाँ उनिसित बात गरि बसेका मौका चिठि र लेखहरु माँगि हेर्दा मितिमाँ अलिकति च्यात्तिएको देखि 'थैक्क्क, मिति च्यात्तिएर गएछ' भन्दा उनले 'अङ्क ज्यादै मैलिएको भए पनि १९१९ संवत् भन्न खासै सकिनि नै देखियाथ्यो, तर खएर-मैसि हुनाले पाँनिमाँ परेपछि झन् चअकिलो हुँनि जात हुँदा प्रष्टै देखिन्छ कि भनि-पांनि लगाइ पुछैको त कागत सारै नै गलेको हुनाले कागतै समेत पुच्छियो' भन्थे। विचार गर्दा १९१९ संवत्मा रमानाथ सोरसत्र वर्षका थिए। एस चिठिमाँ छोरा रमानाथको नाम मत्रै लेखिएको भएपँनि रमानाथकि आँमां र निज रमानाथ समेत दुअैलाइ समष्टिरुपको अरावट गरेर यो चिठि लेखिएको बुजिन्छ। तेस उमेरका छोरालाइ एस चिठिको शिक्षा लोकमाँ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा रमानाथ सोर-सत्र वर्ष भएका घरको व्यवहारमाँ कविले केइ मद्दत पाएका भए पनि बुद्धि नपुगेर बिगार्ला भनि हालखबर-सहितको अर्तिको चिठि लेखेको बुझियो ।

हेमलाल-श्रीप्रसाद कविकै गाँमघरकै ब्राह्मण हुन । तिनिहरुलाइ आँफ्ना जग्गामाँ मात्र खेति गर्दा खाँन पनि नपुगि रछ । कविजिको फालिएको कविजिका भैंसि चराउँन पनि पाइ नपरेको बाँझिएको पाखो जग्गा कविजिसित उनिहरुले आँफुलाइ खेति गर्नि जग्गा नपुगेकाले वन्धकीमाँ खाँन मागेका रछन्। कविले दयालु हुनाले थोरै नै रुप्पियाँमाँ बन्धकीमाँ खाँउन् भनि दिइराख्नु भएको रछ । सो जग्गामाँ दास्ति पुऱ्याइ पुरा उब्ज्या गराइ हेमलाल-श्रीप्रसादहरुले खाँन पुऱ्याँउनि गरेका रछन् । त्यो जग्गामाँ मकै, घय्या, माँस फलेको देखेर रमानाथले त्यो जग्गाका रुप्पियाँ बुजाइ झिकि अरुलाइ अधियाँ दिएमा धेरै फाइदा हुँनि देखेकाले त्यो जग्गा झिकन आँफ्ना बाउ कवि भानुभक्तसित भनेका रछन् । तेसमाँ कविले जग्गा झिकिदिएको साह्रै पिर माऱ्छन् । रुप्पियाँ बुच्छन् भने बुजा भनि वचनसम्म छोरालाइ दिया रछन् । एस्तैमाँ बाउ काठमाडौँ गएका बखत रमानाथले रुप्पियाँ बुजाँउन लैजाँदा तपैँलाइ हाल जग्गा चाय्या छैन, हाँमिलाइ जिविका चलेको छ, एसो नगर्दिनोस् बाबु ! भनि

---

ठिक देखिञ्च । हुनत रमानाथ विस-एक्काइस वर्षका भैसकेका भए पनि उक्त शिक्षा बिल्कुल् नमिल्नि हैन, मिल्नि नै हो, तथापि देवीभक्तको किटानि भनाइ नै १९१९ संवत् भन्नि थियो । तसर्थ एस पत्रको मिति उपर्युक्त कुराहरुका आधारमाँ व्यवस्थापित गरिएको हो' —प्रथम सस्करणको भुमिकाबड ।-स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुप्पियाँ नबुजेकाले 'बन्धकीका रुप्पियाँ बुजाउन लाँदा बुजेनन्' भनि बाउलाई रमानाथले लेखेकाले तेसको जवाफ र टुम्सि भन्नि जग्गा भैँसिको खरक सारै मिलेको किलामाँ घाँस कत्ति नहालि चराँउँदा मँत्रै पनि भैँसि जङ्गल खाई बडाबडा मोटा हुनि ठाँम हो र तेल ठाँमका मगरहरुलाइ खाँन नपुग्दा उधारो धान र गर्जमाँ नगत् समेत दिनि गरेर उनको चित्त प्रसन्न गराइ कविजिले भैँसि हेर्न चराउन समेत लाँउँदा घिउ-गोरस ज्यादा खान पनि कविजिलाइ भैँसिबाट लाभ भएकाले ति मगरहरुको पनि खाँचो टारिदिनु भनि लेखेका हुन्।

५

## बेनुपाद्ध्याको चलन-दान-पत्र

कवि भानुभक्त परोपकारि, दयालु, शक्तिवाला पनि हुँनाले कविसँग १९२३ संवत्पाँ उनका तिनदिने भाइ चालिस वर्षको उमेर भैसकेका बेनुपाद्ध्या भन्नि अत्रार्ज कविजिसित आइ 'मेरो बिया भएन, सन्तति मास्सिनि भयो, हजुर उठिबसिदिए तैपनि केइ उपाय लाग्थ्यो कि' भनि कराएछन। तेसमाँ कविले "एस् उमेरमाँ मायाले कसैले दिँदैनन्, उसको आँफुले उपकार गरे आँफ्नु उपकार उसले गर्छ, जगत् एस्तै छ; तसर्थ शिवलाल अधिकारिको घर-घडेरि पनि छैन, साउने खाइसके उनकि बैनि माँग्न पऱ्यो, तिम्रो आधा जग्गा उनलाइ देउ, बिया नगरि बसे जम्मै जग्गा (जेथा) आर्काले तेसै खाञ्छ. एस कुरामाँ तिमि के भञ्छौ?" भन्दा बेनुले कविजिका विचारलाइ पूरा मञ्जुर गरेछन। अनि कविले शिवलाललाइ "हेर बाबु, तिम्रि एगार वर्षकि बैनि छन, ति बेनुलाइ देउ, उन्को आदा खेतपाखो जग्गा तिमिलाइ दिञ्छन्, तिम्रो पनि बास-गासको बन्दबस्त भए-पछि बिया समेत हुञ्छ, भाग्य आँफ्नु छैन भने दम्तर मिलाएर दिएकामाँ पनि भताभुङ्ङ भएको देखिएकै छ, तिम्रो पनि उनको पनि दुअैको उपकार हुनि कुरा छ; तिमि के भञ्छौ?" भन्दा पच्चिस वर्ष भएका शिवलालले



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूरा मञ्जुर-गरेछन्, तेत्ति मात्र हैन. उनि बहुतै खुसि समेत भए-छन् र कविले शिवलालकि बैनिसँग बेनु आचार्जको बिया गराइ-दिएछन् । एउटा देउकोटा ब्राह्मणकि छोरि माँगेर शिवलाल अधि-कारिको पनि बिया गराइ-दिएछन् । बेनु अचार्जका दुइ भाइ छोरा जन्मि हुर्कि बिया समेत भै छुट्टिइ दुइ घर भै वसे-पछि तिनि-हरु दैववश मारिसएछन् । शिवलालको सन्तति छँदैछ । बेनु र शिव-लाल दुअैको उपकारको काँम कविजिले गरिदिँदा भएको कविजिका हस्ताक्षर भएको बेनुपाद्ध्याको चलन-दान-पत्रको लिखत एइ हो—

"लिपितं तनहुं चुंदि रंघा गाउं वस्न्या· बेनुपा-द्ध्या आचार्य. उप्रान्त मेरो जीन्ला डिहि मध्ये. ३० तिस् पाथि धैयाको बिउ जान्या. पाषो जग्गा र. साल्-बोट्या षेत मध्ये मुरि ।१० दश्. पड्क्या षेत मध्ये मुरि ।१० दश् जम्मा मुरि ।२० बिस्. लेषियाको येति षेत पाषो· शिवलाले उपाध्यालाइ. कागत लेषि· तिमिले चलन गर्नु भनि चलन दिजा. शिवलाल अधिकारिलाइ दियाको यो जगा· मैले कैह्रै न पोसनू भनि मेरा बुसिराजी सित कागतपत्र लेषी दिजा येस पत्रका साक्षी काशीनाथ पण्डित. लक्ष्मीप्रसाद पण्डित· श्रीधर उपाध्या ढकाल. देवदत्त उपाध्या· आचार्य. लेषकसाक्षी भानुभक्त पण्डित इति सम्वत् १९२३ साल मिति फाल्गुन वदि८ रोज ४ शुभम्"

कविमाँ दुक्ख परेका दुक्खि दिन उपर आँफुले गरेर हुनि सम्मको उपकार गरि पिर हटाइदिनि स्वभाव भएकोर अरुले पनि कवि निस्स्वार्थ परोपकारि हुनाले पूर्ण विश्वास लिएर आधार लिनि गरेकोकुरा एसै लिखतको उत्पत्ति हुनामाँ सुनिएको उपर्युक्त जन-श्रुतिबाट र मौका-मौकाका कविजिका चरित्रबाट समेत बुझिन्छ ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिखितं तनहं बुंदि रंघा गाउं वस्न्या· वेनुपाध्या आचार्य·उमाना
मेरोजीह्ला डिहि मध्ये· ३० तिस पाधि धेयाको विउजान्या·पाषो
जगार· साल वोट्या षेत मध्ये मुरि ।१० दत्र· पडुक्या षेत मध्ये
मुरि ।१० दत्र जम्मा मुरि ।२० विस· लेषियाकोयेति षेत
पाषो· शिवलाले उपाध्यालाइ·कागतलेषि·ति मिलेचलर्नुभ
निचलन दिन्ना· शिवलाल अधिकारिलाइ दियाकोयोजगा·मै
लेकै हैनचोसनू भनि मेरा·पुसिराजी सित्त कागत पत्र लेषी दिन्ना
येस पत्रकासाक्षी काशीनाथपण्डित· लक्ष्मीप्रसाद पण्डित·धी
धर उपाध्याढकाल·देवदत्त उपाध्या·आचार्य लेषकसाक्षीभा
जुभक्तपण्डित इतिसम्वत् १९२३ साल मिति फाल्गुनवदि
८ रोज ४ शुभम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



गिरिधारि सितको कुलोमुद्दामाँ भानुभक्तले इजहार्
(प्रतिवादिपत्र)दिनपर्दालेखेकोइजहारको खेस्सा—

उप्रान्त आज काल अघि २१ सालमा पानि यस् बाँदवाट चलाउन सकियिदैन भनि मेरा रिसले छोड्याको पुरानो बाद कुलो (चलाई) चतुर्भुज उपाध्या वेद्शर्म पण्डित गौरीदत्त उपाध्या येति लिनै जनाले चलाइ पुरानै वाद कुलाका पानिले वाइसै सालमा षेत रोप्या २१ सालमा लाया पन्याको वाद कुलो चाहिदैन व्यर्थ भानुभक्त पण्डित. मसित झगर्छ भन्दोरहेछ—२१ सालमा लाया पन्याको कुलो चाहिदैन. पुरानै वाद कुलो सिद्ध भयो (भनेर भाइले चिठि लेषि पठायाको छ) (भनि मेरा भाइले चिठि पनि लेष्याको छ) भन्छस् भन्या. पुरानै वाद कुलो सिद्ध भयो

२१ सालमा ... ... लायाको पन्याको बाँद कुलो चाहिदैन पुरानै वाद कुलावाट पानि चलाइ षेत रोप्या पुरानु बाँद कुलो चलाइ षेत रोप्याको ठहरेन २१ सालमा पन्या लायाको वाद कुलो चाहिन्यै ठहऱ्यो भन्या. अयन वमोजीम जो लाग्याको गुनाहागार तिरुला भनि. जवानबंदि लेषीदे तव भन्दा (पनि) तेस्ले सहि हाल(न शक्तैन) फरेपै मात्र गर्छ वषतमा कुलावाट पानि चलाइ विउ राषि वेलामा षेत रोपन नपाजिन्या कैन्हे पानि वर्षला चाडै पानि वस्यो. विउ चाडै राषता हुं चाडै षेत रोपता हुँ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनि विउ रापनालाई पनि अकासको पानि पुकानु पर्छ, असौज कालिकमा पनि पानि वर्सिदिया षेत भिज्दा हुन भनि आकाशैको पानि पुकानु पर्छ (आफ्ना कुलाका पानिले षेत भिज्दैनन्) भन्या तेस्तो वाद लाग ठहर्छ कि अलाग ठहर्छ पुरानु छोड्याको वाद तेस्तो छ— २१ सालमा लाया षन्याको वाद कस्तो छ भन्या सभै षेतको जुन वेलामा विउ राप्न सूर्वस्यो उसै वेलामा विउ राप्नलाइ कुलावाट पानी लैगी वीउ रापन पाईन्या असौज कात्तिकमा पनि आकास्को पानि पुकानु नपर्न्या कुलैको पानि प्रसस्त हुन्या यस्तो छ— ----- १६ । १७ षेत् कुन् वाद् कुलाले वन्न्या ठहर्छ (न) तजवीज गर्न्या जावस्

गिरिधारि रानाले अव उप्रान्त पनी अंतै (वाट) माथितिरवाट वाद कुलो लगाइदियो अघि वेलामा विउ रापन हुन्या पछि असौज कातिकमा पनि कुलैका पानिले षेत भिजन्या देष्याँ भन्या २१ सालमा षन्याको वाद थाम्नै पर्छ भनि गिरिधारि रानाको मन् पिराउन्या छैन उसै वादमा जांला अघि सल्लाह दिन्या पछि वल मिच्या भनि फिराद गर्न्या यो क्या अर्थ हो ।

---

यो खेस्त्रा स्रिकासिनाथ तमोट-बड २०३४।८।२।७ मितिको गोर्खापत्रमा प्रकासित भा छ । एसको साफि रुप माँथि टिप्पणिमा (प्रिष्ठ-सङ्ख्या ५१–५२) दीसक्किया छ । सबै द्रिष्टिले साफि रुप नै वर्ता मंअस्त्र पुर्ण छ । तथापि पाठकहरुलाइ सानो कुतुहलले पँनि दुक्ख नदंओस् भनेर यो खेस्त्रा पँनि ह्यां दिय्या हो । –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुको चित्र

कवि भानुभक्तको चित्र मोतिरामले खडा गरेको कृत्रिम हो कि भन्नि कसैले शङ्का गरेको पनि बुजिञ्छ, तर कृत्रिम हैन। माँजामाँ भानुभक्तका भिनाजु अर्जेल पण्डित (कुलचक्क-केसरि)र उनका बाँयाँतिर कविजिकि दिदि महाविद्या देवी, दाँयाँतर्फ कविजि एति तिन जाना भएको फोटो काठमाडौँमाँ कविजिकि दिदिका घरमाँ पत्ता-लगाइ तेसैबाट आवश्यकतानुसार कविजिको मात्र चित्र मोतिरामले ठिक गरेका हुन् भनि दाजु यज्ञनिधिले भन्नुहुन्थ्यो। त्यो कुरो साँचो हुनु मनासिब छ।

हाल जिवित खडा रएका त्रिपन्न वर्षका कविका साक्षात् नाति शिवभक्तलाइ● हेर्दा पनि तिन्को कविजिकै जस्तो वेष गराइ, खाइ पिइ केइ दिन सुबिस्तामाँ रइ हृष्ट-पुष्ट भएका मौका चित्र झिक्नि हो भने कविकै चित्रले सदृश चित्र उनको आउला। संवत् २०१२ संवत्माँ परलोक भएका कविका साक्षात् नाति देवी-भक्तका नासिकाको बनोटको आधारमाँ विचार गर्दा पनि कविको चित्र खासै साक्षात् हो भन्नि ठहर्छ। कुलमाँ शरीरको र अनारको सादृश्य-परम्परा पनि प्रायः देखिञ्छ। तसर्थ एसै आधारमाँ

● एस ग्रन्थको रचना हुँदा स्रि-सिबभक्त आचार्यको अवस्था त्रिपन्न वर्सको थियो, ऐले त एकत्तर-बअत्तर वर्सको छ। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कविको मोतिरामले प्रकाशित गरेको चित्र मूल रूपमा अकृत्रिम हो भन्न सजिलै सकिन्छ ।

१९१२ संवत्माँ जन्मि १९८९ संवत्मा परलोक हुनि हाँम्म्रि जेठि आँमाँ कुबिल्ला देवीले पनि मैँले माइतबाट घर आँउँदा एक-दुइ-पल्ट भेंट राखि ससुरा पर्नि कविलाइ ढोग दिएको हुम् , नाक र शरीर ठुलो भएका गोरा बुडा थिए भनि मैँले नै सोद्दा भन्नु हुन्थ्यो र १९१४ संवत्माँ जन्मि १९८६ संवत्मा परलोकहुनि हाँम्म्रा ज्येष्ठपितृव्य सुयोग्यविद्वान् पण्डित विश्वनाथ हुनुहुन्थ्यो, जस्ले आँफ्ना भाञ्जाभाञ्जि ठुला विद्वान् वीरेन्द्र-केसरि-विज्ञान-केसरि अर्जेजहरुका बैठकमाँ ( काठमाडौँमाँ ) बसेका मौका उनिहरुको महत्ताको वर्णनमाँ "कथङ् कविवराविमौ" भन्नि माँथि नै उल्लिखित ( पृ० ३१, पाद्–टिप्पणी ) संस्कृत-श्लोकको रचना गर्नुभएको थियो; वाँहाँले पँनि "कवि बाको बुद्धिको विचार गर्नि अवस्था मेरो नपुगेको भए तापनि सक्कल राँम्रो गरि देखे-जानेको हो" भन्नुहुन्थ्यो र वाँहाँले गरेको कविको शरीर-अनुहारको वर्णन पनि मोतिरामले प्रकाशित गरेको कविको चित्र-सित मिल्दो-जुल्दो थियो । तसर्थ कविको चित्र मोतिरामले सोदि-सोदि किर्ते खडा गरेका हैनन् । एसमा कविप्रेमि महाशयहरु कसैले पनि सङ्का लिन पर्दैन ।

---

एस बिसयमाँ अरु कुरा "भानुभक्तको चित्र : थप बिवेचना" भन्नि परिसिष्टमाँ छँन । –स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुभक्तको व्यक्तित्त्वको र कृतिको सङ्क्षिप्त समालोचना

## भानुभक्तको स्वभाव, जीवन-दर्शन र कवितामाँ उनको प्रवृत्तिको हेतु

### भानुभक्तको स्वभाव

कवि भानुभक्त जता गयो उतै पवित्र हाँसो हुनि चाल-सँग बात गर्नि ठट्टा खेलाँचि जस्तो गर्नि, भित्रि कपट र क्षुद्रता कतै नगर्नि, एस्तै काँम गर्नि गरेर गाँम-घर मात्रै हैन देशै रमाइलो पारि व्यवहार गर्नि गर्थे। भानुको ठट्टेउलो स्वभाव 'मान्माथी पनि"[1] इत्यादि पङ्क्तिबाट प्रष्ट देखिन्छ। जस्तै अश्जिलो गारो पर्दा पनि भानु हँसिलै रहन्थे पिर लिँदैन्थे भन्नि कुरा भयालखानमाँ बस्ता रामायणको रचना गरेकाले प्रष्ट हुन्छ। मनमाँ साँचो र गैरो पिर भए त तेस वेला रामायणको तेस्तो सुन्दर कविताको काँम कसरि हुँदो हो र।

भानुभक्तको आँफ्नो आर्यवंशमाँ र भरतभूमि-(भारत-वर्ष) माँ स्वाभिमान भाको कुरा उनको " पाहाड्को अति बेस

---

[1] भानुका मुक्तक पद्य, सङ्ख्या ५, प्रिष्ठ० ६५।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देश् . ..." इत्यादि कवितामाँ र "बडो दुर्लभ् जानोस् भरत-भुमिको जन्म जनले" इत्यादि कवितामा प्रष्ट झल्केको छ।

भानुको स्वदेश-प्रेम "पाहाड्को अतिवेस देश् तनहुँ-मा" भन्नि भनाइबाट, "यत्ती छन् सब देवता" इत्यादि कविताबाट र "चपला अबला" इत्यादि कविताबाट झल्कन्छ। उनको नेपालिहरु प्रतिको र नेपालि भाषा प्रतिको प्रेम उनका सबै कविताहरुबाट प्रष्ट हुन्छ।

भानुभक्तको हकि स्वभाव वधू-शिक्षाको रचनासम्बन्धि घटनाले देखाँउँछ। उनले १९१९ संवत्माँ रमानाथलाइ हेमलाल-श्रीप्रसादले रुपियाँ नबुजे पनि सन्ताप नगर्नु भनि लेख्या चिठि-बाट उनमाँ दयालुता, प्रसस्त देखिन्छ। वेनुपाध्यासम्बन्धि घटनाले उनमाँ परोपकारिता र दुक्खि प्रति सहानुभूति प्रसस्त भएको देखाँउँछ। लोकोपकारका लागि नै जल्ले तेत्रो साधना गरि रामायणादि ग्रन्थको रचना गऱ्यो उस्को परोपकारितामाँ अरु के प्रमाण दिनु आवश्यक होला र।

कवि भानुभक्तका हस्ताक्षर सारै राम्म्रा रछन् र उनमा आलस्य पनि कात्ति पनि रहन्छ भन्नि देखिएको छ। उनले लेखेको बडा सुन्दर अक्षर भएको अमरकोशको बलियो पुस्तकमाँ उनका नाति शिवभक्तले पडेको देखिन्थ्यो। लघु-कौमुदी समग्र पनि कविजिले लेखेको पाइएको छ। अरु पनि कविजिका हस्ता-क्षरका पूजाविधि र व्यावहारिक लेखहरु भेटिँदै छन्।

---

भानुका मुक्तक पद्य, सङ्ख्या १, प्रिष्ठ० ६०।

भक्तमाला, श्लोकसङ्ख्या ५, प्रिष्ठ० ११५।

भानुका मुक्तक पद्य, सङ्ख्या १, प्रिष्ठ० ६०।

" " " " ३८, " ९१।

" " " " ३, " ६१-६२।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## भानुको जीवन-दर्शन

भानुभक्तको कुनै भिन्नै व्यक्तिगत जीवन-दर्शन थिएन। वर्णाश्रम-धर्मले र शास्त्र प्रतिपादित सर्वमनुष्य-साधारण धर्मका मर्यादाले स्थापित गरेको पुरुषार्थ-चतुष्टयको समन्वय भएको वैदिक जीवन-दर्शन नै उनको जीवन-दर्शन थियो।

## कविता गर्नमाँ भानुको प्रवृत्तिको हेतु

पछि अरुहरुले भन्दा र आँफ्ना कवितामाँ लोकले चाख गरेको देख्ता कविताबाट आँफ्नो कीर्ति रअनि कुरा भानुका मनमाँ आएको कुरा उन्ले १९१९ संवत्‌माँ रमानाथलाइ लेख्या चिठिबाट समेत देखिन्छ ता पनि पैलेइ कीर्ति राख्छु भनि घाँसिका प्रेरणा-बाट कविले कविताको प्रारम्भ गरेका हैन्न।

गुमानि कवि, वीरशालि पन्थ, वसन्त कवि, रघुनाथ, एस्तै कविहरुले अलि-अलि फट्याफुट्ट भाषाका कविता गरि छाडि गैसकेको समय थियो। जिबाउ श्रीकृष्णले वृद्धावस्थामाँ काशिवास गरेका मौका आँफ्ना नाति भानुभक्तलाइ वैराग्यका कुरा घेरै सुनाँउथे र तिनै कुरा भानुका हृदयमाँ गडेकाले भानुले पमि तेसैको अभिव्यक्ति गर्नि रअरले नै भक्तमाला-मद्ध्येका वैराग्यका दुइ-चार श्लोक बँनाएका हछन्।

अनि शङ्कराचार्यकृत प्रश्नोत्तर-मालिका जिबाउले सँधैं पाठ-गरेको सु दा तेसै पनि कण्ठस्थ भै मन-परे-मन-परेका घतिला केइ श्लोकको अनुवाद गरि लेखि आँफ्नु कविता आँफैले भन्दै रँदा मजा लागि केवल आनन्दकै भरमाँ रउस चडि घर-व्यवहार गर्न परेका भौकामाँ पनि फुर्सत मिकि प्रश्नोत्तर-माला-को अनुवाद गरेर सकेका रछन्।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवितामा रउस बडैकाले रामायणको श्लोकबद्ध भाषानुवाद गरेमाँ तेसबाट ठुलो लोकोपकार पनि हुनि देखेकाले रामायणैमा अँगालो हालेछन्। बालकाण्ड अलि अलि गर्दा-गर्दै सकिएछ। भाषाप्रेमि ठिटाहरुले असाद्ध्य चाख गरेछन्, सार्छन्, लाञ्छन्, घोक्छन्, भन्दै हिँण्छन्; एस्तै गर्न थालेछन्।

भानुभक्तले आँफुभन्दा अगिकाले बनाएका—

(क) ढड्क्याङ् र ढुड्डुङ् डर्लाग्दा बाजा,
राति-राति हिँण्नी गोर्खालि राजा।
गोर्खालि राजालाइ् धनैले पुगेन,
बाँउन्को टण्टा कहिलेइ टुटेन ॥';

(ख) "नवगाम्को तोरी बहुतै फुल्याको,
तेइ तोरि पेली करेला भुट्याको।
करेलाको दोस्रो त चिचिन्नाको मूली,
सिलक् हाल्नि ठीटालाइ् चिलाउनेको सूली ॥"

(ग) "एक् रानी पुतली जलै छ पखरी सुनै–सरीको कपाल्,
म जाञ्छू शिवजी मल्यानि घाटमा सम्चार् पुऱ्याइदेउ् नेपाल्।
नेपाल्को समचार् बडो भलो थियो रुडी बहूतै चल्यो,
जागिर्का रुपयाँ सबै घर पठाञ्जाँ मै आम्ला मङ्सीर्-पुँडो ॥"

एइ ढाँचाका भासा-सिलक भानुभक्तले देखे-जानेका थिए। इ श्लोकमाँ न छन्द (वृत्त) मिलेको छ, न कुरो मिलेको छ, के भन्नु न के भन्नु। एस्ता लखन्दासे सिलकलाइ पनि सिलकै भनेर घोकेर माञ्छे हिँण्थे।

फेरि—

"देखीनऽ कस्तो छऽ कसोगरि त्यो आँउछऽ कऽन हाउ।"

इत्यादि बाल-गोविन्द-चरितका श्लोकमाँ; द्रौपदी-विलापका श्लोकमाँ, गोपिकास्तुतिका श्लोकमाँ पनि विषय राँम्रो हो तापनि वतै श्लोकको छन्दै (वृत्तै) नमिलेको र धेरै



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसोमाँ भनाइको शैली राम्रो गरि राख्न कत्ति नसकेको देखिन्छ। भानुभक्तले आँफुभन्दा अगिका कविका भासासिलक एस्तै मँत्रै सुनेकाले र आँफ्नु कवितामाँ छन्द विषय भनाइको शैली सम्पूर्ण राँम्रो बन्दै गएको देखेकाले आफसेआफ कवितामाँ उनको रउस बड्दै गै एइ रामचरित्र पूरा लेखि सक्न पाए हुँदो हो भन्नि उत्कण्ठा भै फुर्सदमाँ अलि-अलि कवितानुवाद गर्दा-गर्दै ठुलै ग्रन्थ सिद्ध हुन गएको हो।

उनले बनाएका वधू-शिक्षा भक्तमाला समेत सबै कविता सुन्दर देख्ता लोकले सारै चाख मानि पुस्तक सार्नि घोक्नि गरि उनका कविताको नेपालिहरूमाँ प्रचार भएकाले र मोतिराम समेतले छपाइ प्रकासित समेत गरिदिँदा उनको कीर्ति स्वयम् खडा भै बड्दै आएको हो। कविताबाट कीर्ति राख्छु भन्नि आशय प्रारम्भदेखि नै राखि कविता गर्न सुरगरेका हैनन्।

भाषारामायण ग्रन्थ सिद्ध गरि प्रकाशित गरि कीर्ति राख्छु भन्नि उनको पूरा लक्ष्य भै कविता गर्न सुरगरेका भए धमाधम् कविता गरिसकि आँफैले छपाइ प्रकाशित गर्निथिए। आँफुले गर्दा-गर्दै नभ्याइ जानपरेकै भए पनि छोरा रमानाथलाइ एति छापि प्रकाशित गरिदिएस् र मेरो कीर्ति रअला भन्नि पनि थिए। तेसो भनेका भए रमानाथले प्रकाशित गराँउनि यत्न गर्नपर्थ्यो। त्यो गरेको देखिएन। छपाँउनि खर्चका डर-लोभले रमानाथले सो यत्न गरेनन् कि भन्नलाइ मोतिरामले पनि आँफुले खर्च गर्न सारै परेको हैन। उनले कविता ग्रन्थ जम्मा गरि प्रेसाधिकारि-लाइ सुम्पिदा उसैले छपाइ नाफा उसैले खाएको हो। ☞ एति प्रबन्ध मिलाँउन प्रयासै परे पनि रमानाथले पनि नसक्नि कुरा देखिँ-दैन। वाराणसीमाँ मुद्रणालयको चल्ति बडेको र भारतीय भाषाका पुस्तक छाप्पिन थालेको कुरा वाराणसी-र-तनुङ पाँनि-

☞ भानुका ग्रन्थहरुको मुद्रणका बिसयमाँ अरु कुरा भानुका क्रितिहरुको सम्पादन र मुद्रण भन्नि परिसिष्टमाँ हेर्नोस्। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पँदैरो–जस्तो भाकाले रमानाथलाइ थाहा हुन नसक्न कुरा पनि देखिँदैन ।

उस मौकाका विद्वान्हरु भाषाविरोधि धेरै थिए । तसर्थ आँफुले गरेका अरु कविता र रामायणले मेरो (ऐले हाँमिले देखेजस्तो ) ठुलो कीर्ति रहन्छ भन्नि पुरा विश्वास कविताको प्रारम्भ गर्नु भन्दा अगि कवि भानुभक्तमाँ थिएन । रामायण धेरैजसो लेखिसकेपछि र तेसलाइ समाप्त नहुँदै पनि लोकले चाखले पढ्न थालेपछि भानुमाँ तेस्तो विश्वास परेको भए पनि पैलेइ परेको थिएन । सहज कवि हुन् । उनका आनन्द-मजामा भएको कविता छोडे गए, तेत्तिकै हो ।

## भानुका कविताको गुण

भानुभक्तका कविताको गुणको जति बयान् गरे पनि थोरै नै हुन्छ; पूरा बयान गर्न सकिँदैन । उनका कविता सबैले बुजेर सारै पियारो गरि उच-नीच-विद्वान्-अविद्वान् सबैले गाँउनु; अक्षर नचिनेका मानिसले पनि अक्षर चिनेकालाइ भन्न लगाइ चाखले काँमै बिताएर सुन्नु; एउडा पुस्तक एउडा रसिकले पायो भने आर्का रसिकले त्यो पुस्तक एकछिन् माँग्दा पँनि भर्सा दिँदै नदिनु र दिए पनि बडा कष्टले एग-दुइ दिनको म्याद राखेर मात्र दिनु; म्याद-भित्र त्याएन भने हराईदिन्छ कि च्यातिदिन्छ कि दिँदै-दिदैन कि भनि आँफै गएर माँगेर धुन् गरेर त्याउनु पुस्तक आँफ्ना अधीनमाँ राख्नु इत्त्यादि काँम गरेको देखिन्छ । भानुका कवितामाँ वर्णनातीत गुण भएकामाँ प्रमाण एइ हो । भानुभक्त-भन्दा अगिकाको त के कुरा भयो र, उनिभन्दा पछिका ऐले-सम्मका कविहरुका कवितामाँ तेस्तो गुण देखिँदैन । बसैले विद्वान्लाइ मात्र प्यारो लाग्नि र कसैका भयाउरे जस्ता अविद्वान्लाइ मात्र प्यारो लाग्नि छन् । विद्वान्ले हेरे पनि दङ् पर्नि अविद्वान्ले हेरे पनि दङ् पर्नि कविता त भानुभक्तको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्र हो, अरु वसैको पनि ऐले सम्मलाइ छैन; ईश्वरको सृष्टि हो, पछिलाइ कसो होला हुँदैन भन्न त भएन, तर हुन त कुन्नि ।

तसर्थ कवि भानुभक्तका कविताका गुणको बयान् गरेर निखार्नु र खोलाको पाँनि घैँटाले घरमाँ ओसारेर निखार्नु एकै हो । बयान् गरि साद्ध्य छैन । उनका चार पुस्तकका कविता र फुट्कर् कविताले नै उनको गुणको स्वयम् जो बयान् गर्छन् गर्छन् । पुस्तकमाँ अरुले लेखेर के बयान् पुग्छ र । उनका कविता पढ्दा रसिक जनहरु रुञ्छन्, नाच्छन्, कुँम नचाँउछन्, शिर हल्लाउँछन्, अनार बिगार्छन्, हर्षाश्रु झार्छन्, बिहोस हुञ्छन्, आँफ्नु काँम बिर्सञ्छन्, आनन्दमाँ मग्न हुञ्छन्; उनका कविता पढ्दा माञ्छेलाइ ज्ञान आँउँछ, वैराग्य आँउँछ, भक्ति आँउँछ; उनको कवितामाँ पदन्यासको शैलीको भावको र रसको समावेश देख्ता दङ्ङ्ङ्ङ्ङ पर्न पर्छ । एइ कुराले कविताको गुणको बयान गरेको छ, अरुले बयान गरेर पूर्ण गर्न सकिँदैन ।

रामायणमाँ भानुभक्तको विचार केइ देखिँदैन, ग्रन्थको अनुवाद गरेका हुन्, अनुवाद गर्निको तेसबाट ल्याकत देखिँदैन भनि कसै-कसैले ठाँम-ठाँममाँ लेख्या देखियो । तर लेखिनहरुले विचार पुऱ्याएर लेखेको देखिएन; किनभने विचारै नभै अनुवाद मात्रै गर्दा तेस्तो विद्द्वान्देखि अपठित-तकलाइ प्यारो लाग्नि ग्रन्थ बन्न सक्नि भए सुब्बा-होमनाथादिका ग्रन्थ पनि तेस्तै हुनपर्थ्यो, सुब्बा-होमनाथले श्रीमद्भागवतको दशम-स्कन्धको र महाभारतका विराटपर्वादिको अनुवाद गरेकै छन; त्यो पुस्तक विद्द्वान् अविद्द्वान् सबैमाँ प्यारो भएको देखिँदैन, केवल अविद्द्वान्हरुले सम्म चल्ति गऱ्या देखिञ्छ, उनै होमनाथका छोरा केदारनाथले अनुवाद गरेका भागवतका अरु एगार स्कन्धका श्लोक पनि होमनाथकै जस्ता छन्, अरु कति मानिसले कति ग्रन्थको अनुवाद गरेर रचेका भाषाश्लोक-ग्रन्थ छन्, ति ग्रन्थहरु-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माँ विद्वान्हरुले टेरपुछार लाएको देखिँदैन। भानुभक्तको रामायणानुवाद-ग्रन्थ हेर्दा त इङ्लिस्माँ एम० ए० पास् गरेका बडे-बडे विद्वान् र संस्कृतका आचार्य विद्वान् पनि दङ्परि अनेक-गुण-वर्णन गरि लेखहरु प्रकाशित गर्दैछन्। तसर्थ उनले गरेका अनुवादैबाट पनि भानुभक्तमाँ विचार-पूर्णता र ठुलो योग्यता देखिञ्छ।

उपर्युक्त कुराको प्रमाणका लागि केइ निदर्शनहरु तल दिइञ्छन्—

(क) रामगीता—

तत्तो जगन्मङ्गलमङ्गलात्मना,
विधाय रामायणकीर्तिमुत्तमाम्।
चचार पूर्वाचरितं रघूत्तमो
राजर्षिवर्यैरभिसेवितं यथा ॥

एसको भानुले गरेको अनुवाद—

"लीला मेरि भनी सुनीकन तरुन् ई लोक संसार् भनी,
लोकैका हितका निमित्त भगवान् मानिस्-स्वरूप्का बनी।
लीला गर्नु भयो र वृद्धहरुले जो गर्दथ्या सो गरी,"

एत्तिले श्लोकार्थको अनुवाद पुगेकामाँ प्रष्ट पार्नाका लागि चौथो पाउ आँफ्ना विचारले मिठो हुनि तबरसँग सुन्दर र पक्कि कुरो पारि—

"सत्कामै गरि दिन् बिताउनुभयो बाधा सबैका हरी ॥"

एस्तो लेखे। उनका तजबिजले बोलेका बोलिमाँ मनुष्यको कर्तव्यको सार झल्केको छ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) रामगीता—

"आदौ स्ववर्णाश्रमवर्णिताः क्रियाः
कृत्वा समासादितशुद्धमानसः ।
समाप्य तत्पूर्वमुपात्तसाधनः
समाश्रयेत् सद्गुरुमात्मलब्धये ॥

एस्को भानुले गरेको अनुवाद—

ई वर्णाश्रमका क्रिया जति त छन् तिन्लाइ पैह्ले गरी,
दश् इन्द्रीय र मन् जितेर गुरुका साम्ने अगाडी सरी ।
आत्मज्ञान मिलोस् भनेर गुरुको सेवा निरन्तर् गऱ्या,

एत्तिले मूलको भनाइभन्दा धेरै राम्रो भनाइ पारि, अर्थात् मन रुद्ध गरेर भन्नि कुरा मात्र मूलको अर्थ भएकामाँ मन जितेपछि अरु इन्द्रिय जितिनि नै हुन त पनि सामान्य लोकलाइ त्यो कुरा प्रष्ट नहुनि हुँदा इन्द्रियको कुरा मूलमाँ दबेको भएपनि प्रष्टरुपमाँ तेस्को उल्लेख गरेर, मूलको अनुवाद पूरा गरि फेरि आँफ्नु प्रतिभाले उपर्युक्त कुराको राँम्रो पुष्टि हुनि गरेर चतुर्थ पाउ—

आत्मज्ञान् पनि मिल्छ येहि रितले संसार् कतीले तऱ्या ।।

एस्तो लेखेका छन् । शास्त्रका कुरामाँ पारङ्गत नभएको र विचार पूरा नभएको माऱ्छे भए मूलमाँ मनको कुरो मत्रै छ, तेसमाथि दस् इन्द्रिय भनेर थप्न ठिक पर्ला-पऱोइन, शास्त्रज्ञले दोष पो दिऱ्छन् कि भनेर डराँउनि थियो तेसो गर्न सक्नि थिएन, कविजिमाँ त शास्त्रज्ञान विवेक र प्रतिभा पनि प्रचुर मात्रमाँ भएकाले उपर्युक्त प्रकारले उनले अनुवाद गरेका छन् । एस्तो अनुवादमाँ पनि अनुवाद गर्निको विचार केइ देखिँदैन भन्न हुऱ्छ र ?



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) रामगीता –

"यः सेवते मामगुणङ् गुणात् परं
हृदा कदा वा यदि वा गुणात्मकम् ।
सोऽहं स्वपादाश्चितरेणुभिः स्पृशन्,
पुनाति लोकत्रितयं यथा रविः ॥"

एसको भानुले गरेको अनुवाद—

"मेरो येहि सगुण् स्वरूप् वन असल् मानी भजन् वा गरुन्,
वा निर्गुण् परिपूर्ण आत्मरूपमा लैगेर यो मन् धरुन् ।
तो दूवै मञ्जितुल्य हुन् ति मञ्जि हुन् ती मैसरीका बनी,
गर्छन् सब् भुवनै पवित्र तिनले कुर्च्चा दिदामा पनी ॥"

मूलमाँ उपमा सूर्य छन्, कविजिले त्यो कुरै लेखेनन्, तेस्ता पाउमाँ कति ठाँममाँ पुनरुक्ति जस्तो छ, तेस्ले अनुवाद नराँम्रो हुन पर्नि हो; तर तेसो हुनको सट्टा अनुवाद मूल भन्दा धेरै राँम्रो भएको छ । कुरो अति नै प्रष्ट भएको छ र अति दृढ भएको छ । ठाँम हेरि पद-प्रयोग गरि श्लोकको ओज बढाउँन र रस-भावादि धपक्क बलाउँन उनले – झेइँ अरु कसले जान्ला र !

एस्तै रीतिसित जाँहासुकै कँहि मूलको कुरो छुंडेका छन्, कँहिँ मूलको कुरालाइ बढाएका छन्, जनतालाइ कतिले चाखिलो र प्रष्ट हुन्छ, त्यो अङ्कन पूरा गरेर झिजो लाग्नि किसिमकी भद्दा नपारि कविता रन्काएर लगेका छन् । काँहाँको अनुवादका भरमाँ मत्रै छन् र ! रामायणमाँ त उनको ठूलो विचारपो छ। व्यासजिको अध्यात्मरामायणमाँ दौडाहा (जाँच) गरेर छाँट्छुँट् पारेर अच्फाल्का-मानिसको-स्वभाव-अन्सार् तिनलाइ मनपर्नि गरि ठिक पारि दिएको पो हो कि जस्तो छ । अनि रामायणबाट भानु-भक्तको विचार किन नदेक्खिनि हुन्थ्यो !*

*एस विसयमाँअरु कुरा बालकृष्णसमजिका भनाइ'भन्नि परिसिष्टमाँ छन् ।-स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुभक्तको आदिकवित्व

लौकिक संस्कृत काव्यका आदिकवि वाल्मीकिलाइ मानेझैं नेपालि भाषाका काव्यका आदिकवि भानुभक्तलाइ मानै पनि देखिन्छ ।

गुमानि कवि, वीरशालि कवि, वसन्त कवि, रघुनाथ कवि इनिहरु उनिभन्दा अगाडिका देखिएपछि भानुभक्त कसरि आदिकवि भए र ? भन्नि भनाइ आउँन सक्छ । तर जुन गुमानि-आदिका कविता लोकप्रिय भएर प्रचारहुनै सकेनन; केवल छापाखानाका अभावले मात्र उनिहरुले लेखेका कविता प्रचारहुन नपाई लुप्त भएका हुन् कि भनम् भने पनि निज कविहरुका ऐले भेट्टिएका जो जति कविता- पद्य छन् ति पनि लोकप्रिय भएर यत्र तत्र डुल्न शकेका छैनन् । तिनमाँ पदन्यास र कसैकामाँ त छन्दै (वृत्तै) पनि मिलेको देखिँदैन । जब भानुभक्तका भाषाश्लोक उदाएका थिए तब सूर्य उदाएपछि चन्द्रमा विरूप भै हराए झैँ भानुभक्तकाभन्दा अगिका भाषा-कविता-श्लोक हराए । भानुका श्लोकले सम्पूर्ण लोक छायो । तसर्थ लोकप्रिय भएर स्थिर हुन नसक्ति कविता गर्निलाइ कवि भन्नै उचित देखिँदैन, अनि त आदिकविको त कुरो परै हुन्छ । तस्मात् हाम्रा नेपालि भाषाका काव्यका आदिकवि भानुभक्त नै हुन आर्को हैन ।

हुन त यो आदिकवि भन्नि विषयको कुरो मैँले भनिरन परेको कत्ति हैन; किनभने सूर्यविक्रम ग्यँमालि आदि अरु नै ठुला र धेरै विद्वान्हरुले आदिकवि इनै हुन भनि लेखिसकेका छन् र सर्वारले समेत भानुभक्तलाइ आदिकवि मानिसकेको छ ; अनि प्रसिद्ध नेपालि-भाषाप्रेमि श्रीपारसमणि प्रधान कविले भानुबन्ध समेतका विचित्र कविता गरि चित्रभाँ विचित्र रूपले राखि भानुभक्तलाइ नै आदिकवि भनि



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचार गरिसकेकै पनि छन् । एसैले मैँले हिजोआज भानु-भक्त नै नेपालि भाषाका आदिकवि हुन् भनिरन पर्नि कुरो हैन । तथापि प्रसङ्गात् छोट्करिमाँ एति लेखेको हुम् ॥◆

## भानुभक्तले प्रयोग-गरेका छन्द, अलङ्कार, भाषा र शैली

छन्दः—

भानुभक्तका समयमाँ भक्तहरुले भजन गर्नि लय, गाँइने वा बादि-भाटहरुले राजा-रजौटाहरुको गाथा गाँउनि लय, पल्टनियाले सबाइ कहनि लय र लोकमाँ गाँइनि विविध गीतका अरु भाकाहरु पनि अवश्यइ थिए ।

तथापि भानुभक्त जुन परिस्थितिमाँ हुर्केका थिए तेस परिस्थितिको प्रभावले वा संस्कारले गर्दा र उनको विवेकको शक्ति-ले गर्दा पनि उनले उपर्युक्त लय वा भाका वा 'जातीय-छन्द'-लाइ पक्रेनन् र शार्दूलविक्रीडितादि शास्त्रीय वृत्तलाइ नै पक्रे । किनभने भानुभक्तका कुलीनता--वासनाका अतिरिक्त आभ्यासिक संस्कारले पँनि भानुभक्तमाँ शार्दूलविक्रीडितादि-वृत्तहरुको लय भिजेको थियो । भानुभक्तलेआँफ्नो बोलि नफुट्दै देखि सुनेका र उनका जिबाउ श्रीकृष्ण आचार्य तथा बाउ — तथा — सानाबाउहरुका मुखबाट प्रतिदिन निस्कनि "मातश् शैलसुतासपत्नि वसुधा— शृङ्गार— हारावलि", "रत्नैः कल्पितमासनं हिमजलैः स्नानञ्च दिव्याम्बरम्", "जन्मादद्यस्य यतोऽन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट्", "महिम्नः पारं ते परमविदुषो यद्यसदृशी", "न मन्त्रं नो यन्त्रं तदपि च नजाने स्तुतिमहो", "आदौ कर्मप्रसङ्गात् कलयति कलुषम् मातृकुक्षौ स्थितम्

◆ भानुभक्तको आदिकविस्वका विसयमाँ अरु केइ कुरा 'भानुप्रति बाल-कृष्ण समृजिका भनाइ' भन्नि प्रकरणमाँ पँनि छन् । —स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माम्", "करचरणकृतं वाक्कायजङ् कर्मजं वा" इत्यादि स्तोत्रका लयले उनको हृदय भावित थियो । बोलि फुटेपछि र लेख-पढ गर्न थालेपछि भानुभक्तले आँफै पनि उपर्युक्त स्तोत्रहरुको पाठ गर्न थाले । रघुवंशादि काव्यहरुका र रामायणादिका तथा शङ्कराचार्यकृत—प्रश्नोत्तरमालिका-आदिका अन्य वृत्तका लय पनि उनका हृदयमाँ भिजेका बुजिन्छन् । तेसैले गर्दा र धार्मिक-भावनाले पडिनि स्तोत्रादिका लयमाँ लेख्नु नै रामायणजस्तो पवित्र ग्रन्थको मर्यादाको वर्ता अनुकूल हुनि तथा तेसो गर्दा नै आँफ्नो ग्रन्थ धार्मिक पठित द्विज-वर्गका लागि समेत वर्ता ग्राह्य हुनि देखेकाले पनि भानुभक्तले आँफ्ना रचनामाँ उपर्युक्त वृत्तहरुको प्रयोग गरेको बुजिन्छ । अनुष्टुष् छन्दका वृत्तमाँ भने गेयता उस्तो नभएकाले भानुले तेसको धेरै प्रयोग गरेनछन् ।

उपर्युक्त वृत्तका लयहरु सामान्य हलि-गोठाला तथा सिपाइ-आदिमाँ सारै प्रसिद्ध थिएनन् त पनि उपर्युक्त वृत्तका संस्कृत-स्तुतिहरुको अर्थ नबुजिकन पाठगर्नि गरेका संस्कृतमाँ गति नभएका द्विजवर्गले रामचरित्रको उदात्त कथा भएको, आंफुले धार्मिक रचनाका रुपमाँ पढ्नि गरेका लयमाँ र आँफुले र लोकले बुज्नि भाषामाँ लेखिएको रामायण पाउँदा अति चाख गरि राग ढालि गाँउन थालेपछि तेइ छुनि अपठित स्त्री-बालक-हलि-गोठाला-सिपाइ-आदिले पनि त्यो लय टिपे र उनका वृत्तहरु 'जातीय छन्द' भेंइ नै वा त्योभन्दा पनि वर्ता स्त्री-बालकहलि-गोठाला-सिपाइतक्का नेपालि समाजमाँ भिजे ।

भानुले प्रयोग-गरेका वृत्तहरुमद्दे शार्दूलविक्रीडित प्रमुख छ । यद्यपि यो वृत्त संस्कृतमाँ पनि अमरुशतक-आदिमाँ शृङ्गारजस्तो कोमल रसमाँ पनि प्रयुक्त भाकै छ तथापि संस्कृतमाँ यो वृत्त वीर-रौद्रादि कठोर रसमाँ वर्ता उपर्युक्त



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छ, तर भानुका रचनामाँ यो वृत्त सबै प्रसङ्गमाँ मनोहर रूपमाँ प्रयुक्त छ। तेसैले यो वृत्त नेपालि समाजमाँ बर्ता भिजेको देखिन्छ। एस वृत्तको राँम्रो ज्ञान नभएका माछे हरु पनि, सुर-सुरैमाँ पनि, थोरबउत त्रुटि हुनगए पनि एस वृत्तमाँ आफ्नो उद्वेलित भाव पोख्न रचना पनि गर्छन्।

भानुभक्तले रघुनाथले पद्यै-पिच्छे छन्द वा वृत्त फेरे झैँ छन्द वा वृत्त फेरेका छैनन्। रघुनाथले—झैँ इ वृत्त फेरी कथाको रस सर्र्र्र्र बग्न पाँउँदैन। तेसैले संस्कृतका महाकाव्य हरुमाँ एउडा सर्गमाँ प्राय एउडै मात्रै वृत्तको प्रयोग गरिन्छ। भानुभक्तले यद्यपि काण्डका मद्ध्यमाँ पँनि ठाँसठाँमसाँ वृत्त फेरेछन् तथापि कथाको प्रसङ्ग आर्कातिर फर्कँदा, वा रसान्तरको प्रसङ्ग पर्दा, वा एकछिन कथाप्रवाह जाँको तइँ अड्याएर कुनै दृश्यको वर्णन गर्न पर्दा मात्र प्राय वृत्त फेरेका छन्। तेसले रघुनाथका रचनामाँ झैँइ छन्दको फेराइले कथाको रसलाइ बिगल्नु-वा-अवरुद्ध-पार्नुको सट्टा भानुका रचनामा वाक्क लाग्दो एकरसता आँउन नदिइ रचनालाइ बर्ता चखिलो पारेको छ।

भानुभक्तका रामायणमाँ पाँइनि आर्को अत्यन्त मनोहर रूपमाँ प्रयुक्त वृत्त शिखरिणी हो। संस्कृतमाँ शिखरिणीको प्रयोग विवेकको कुराको प्रतिपादनमाँ उपयुक्त मानिन्छ। भानुले

---

"आजै लेख्छु भनेर कविता श्रद्धा र भक्ति भरी
गुन्दै मन्मन चित्र उनको सारै द्रवीभुत भई
सन्देहै मनमा लिई कलमले कोऱ्यो अति कष्टले
थोपा आँशु बनेर मसीले हृदंम गरी सिञ्चित।

—श्रीकीर्तिनिधि विष्ट,

(त्यो वेला), चिट्ठी र कविताहरु, वि. सं. २०२४-२५;
प्रकाशक—श्रीपंचमहाराजाधिराजका प्रमुख सचिवालय, जेठ ३०गते, २०२५।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि शिखरिणीको प्रयोग "सुनेऊ् भाइ् सन्सारमाँ शरिर अति कच्चा छ जनको" "म ता नित्यै पो हुम् शरिरहरु हुन् चार घडिका" इत्यदिमा तेत्तै प्रसङ्गमा गरेका छन् । विवेक वैराग्य शान्त-रस पूर्ण भक्तमाला पनि एसै वृत्तमा छ ।

भानुले रामायणमा प्रयोग गरेका अरु वृत्त वसन्त-तिलका, मालिनी, स्वागता, द्रुतविलम्बित, उपजाति र इन्द्रवज्रा हुन् । इ-मद्ध्ये कुनैको साधारणतया कथा अगि बढाउनमा नै, कुनैको केइ विशेष-वर्णन गर्नमा र कुनैको काण्डका अन्त्यमाँ लय फेर्नका लागि प्रयोग भएको छ ।

प्रश्नोत्तरमालामा इन्द्रवज्रा उपजाति वसन्ततिलका र वधूशिक्षामाँ शार्दूलविक्रीडित वसन्ततिलका तथा मालिनी र अरु मुक्तक पद्यहरुमाँ उपर्युक्त वृत्तहरुका अतिरिक्त तोटक शालिनी र श्लोकवृत्त-(अनुष्टुप् छन्द) को प्रयोग भानुले गरेका छन् ।

छन्दोवृत्तविशेषले काव्यमाँ थप्नि रागात्मकता गेयता र रसभावदिलाइ प्रदीप्त गराँउनि कुरामाँ राँम्रो विचार पुऱ्याइ भानुले वृत्तहरुको प्रयोग गरेकाले उनका काव्यमाँ छन्दले सुनमाँ सुगन्ध भनेजस्तो काँम गरेको छ ।[*]

## अलङ्कार—

भानुभक्त सहज कवि भएकाले उनले कवितामाँ बाइरि अलङ्कार भोर्नमाँ धेरै ध्यान नदिएको पाँइन्छ । अन्त्यानु-प्रासले कवितालाइ अपठित-स्त्री-बालक-हलितकका लागि प्रिय हुन सहायता गर्नि हुँदा उनले तेसको समावेशमाँसम्म प्रयास गरेको देखिन्छ । कवितामाँ अन्त्यानुप्रासको बलात् समावेश गर्न परेकाले भावलाइ बिगारेको उदाहरण भानुका कवितावड निकाल्न गाह्रै पर्छ । "भूको भारि म दुष्ट मारि", "भरत् भोलीवेरै

[*] भानुका सफल वृत्त-प्रयोगको अरु परिचय प्राप्त गर्न 'वृत्तनक्षत्रमाला' (वितरक-साजा-प्रकासन) पढ्नोस् । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उठिकन सवेरै" इत्यादिमा पनि अनुप्रास कताकति पाइँछन् तो पनि तिनको समावेशमा कविले जोड दिएको बुजिँदैन। प्रस्तुत अर्थ -र- भावलाइ गैन्याँउन सहयोगि हुनि रुपमा कविले उपमाको सहज स्वाभाविक प्रयोग धेरै नै गरेका छन्। अतिशयोक्ति, उत्प्रेक्षा र रूपकको पनि कताकति तेस्तो प्रयोग पाँइञ्छ। "रसाक्षिप्ततया यस्य बन्धश् शक्यक्रियो भवेत्। अपृथग्यत्न—निर्वर्त्यस् सोऽलङ्कारो ध्वनौ मतः।" -(ध्वन्न्यालोक २।१६) भनेर आलोचकशिरोमणि आनन्दवर्धनले रसभावप्रधान काव्यमाँ जस्तो र जसरि अलङ्कारको समावेश उचित मानेका छन् तेस्तै र तेसरि नै समाविष्ट अलङ्कार मत्रै भानुका रचनामाँ पाँइञ्छन्।

भाषा—

भानुभक्तको भाषा पनि सहज स्वाभाविक छ। लोकमाँ प्रचलित भाषाको नै उनले आँफ्ना रचनामा प्रयोग गरेका छन्। लेखनाथादिका रचनामा जस्तो संस्कृत-शब्दको बाहुल्य उनका रचनामा पाँइदैन। आजभोलि लोकमाँ उस्तो नचलिराखेका 'तालिवर' 'कस्बी' इत्यादि केइ मुसल्बानि शब्द उनका रचनामा पाँइञ्छन् तथापि ति उस वेलाका लोकमाँ प्रचलित भएकाले नै कविले तिन्को प्रयोग गरेका हुन्। यो शब्द संस्कृत हो, मुसल्त्रानि हो वा अङ्रेजि हो, तसर्थ एसलाइ ग्राह्यता दिनि वा नदिनि भन्नि कुरा उनमा पाँइदैन। तेसैले लोकका-प्रयोगअन्सार् राजाको प्रस्थानका अर्थमा 'कूच' शब्दको प्रयोग गर्न पनि भानुभक्त हिचकिचाउँदैनन्। भानुको बनारसका बसाइका प्रभावले कताकति उनका प्रयोगमाँ हिन्दिको प्रभाव पनि देखिन्छ। तर यो सारै थोरै मत्रै छ। वृत्तका अनुरोधले गर्दा भानुका भाषामाँ ठाँमठाँमामाँ ह्रस्व-दीर्घादिका विषयमाँ केइ कृत्रिमता आएको छ ता पनि वृत्तका लयले गर्दा आएको भाषाको वि-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शैषतामाँ नै त्यो लीन हुनि हुँदा त्यो पनि खड्किनि रुपमा देखिँदैन । भानुभक्तले भाषालाइ रसभावादिको व्यक्तिको साधनका रूपमाँ लिएकाले तेसको ह्रस्वदीर्घादिव्यवस्थामाँ कट्टरपना लिनु अनावश्यक मानेका छन् । एसरि सामान्य लोकको बोलिले काव्यात्मक अभिव्यक्ति गर्न पर्दा तेसमा जति वैशिष्ट्य नआइ नछोड्नि हो वा ल्याउँन आवश्यक हो तेति मात्र वैशिष्ट्य भानुका भाषामाँ पाइन्छ; अरु कुरामाँ त्यो लोकको चलनचल्तिकै भाषा देखिन्छ; अनावश्यक कृत्रिम परिष्कार तेसमाँ केइ गरिएको देखिँदैन । भानुका रचनाका धार्मिक विशेषताका अतिरिक्त उनको भाषाका एइ विशेषताले पनि उनका कृतिलाइ स्त्री-बालक-हलि-गोठालातकूका लागि प्रिय बँनाउन ठुलो सहायता गरेको हो ।

शैली—१

भानुभक्तको अत्यन्त सजीव, स्वाभाविक, प्रवाहशालि र रसभावपूर्ण भाषाको प्रयोग गर्नि शैली छ । रामायणका काण्डहरुमाँ उरको शैली उत्तरोत्तर माँजिँदै गएको देखिन्छ । सुन्दरकाण्डमा पुगेपछि उनको शैली अत्यन्त उत्कृष्ट रुपमा देखा पर्छ । एस कुराको यथार्थता बुज्न चल्तिका संस्करणहरुमाँ पाइनि कच्चा सम्पादकहरुका थपघटहरुले र 'संशोधन'-ले गर्दा देखिँन आका गिर्खागुर्खिहरुलाइ निकालेर विचार गर्नु राम्रो हुन्छ । तेसका निमित्त रामायणको राम्रो सम्पादन हुनु परमावश्यक छ ।

---

१. एस विषयमा 'भानुप्रति बालकृष्णसम ...'भन्नि प्रकरण पनि पन्नांहु ।—स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुका कृतिका समालोचनाहरुको परीक्षा

## भानुप्रति मोतिराम भट्टजिको क्रियाकलाप

*(गजाधरसोतिकि घरबुडिको कविताको विवेचना, भानुले जागिर खाए-नखाएंको कुरा र भर्जन्म इत्यादि पद्यको विशेष-विवेचना समेत)*

१९२५ संवत्मा भानुभक्तको देहान्त भएको रछ। तैसका चौद-पन्द्र-वर्षपछि भानुभक्तका कविता फेलापार्दा देख्ता भन्दा मोतिरामजिका मनमा हर्षामृत-रसको भेल चलेछ र भानुका रचनाहरु प्राय सबैको खोजिनिति गरेर प्रकाशित गरेपछि एस्ता अनुपम कविको जीवनचरित्र पनि नलेखि भएन भन्नि लागि उनले तनुङ्तर्फबाट काठमाडौं जानि मानिसहरु र काठमाडौंका समेत जो-जोसँग सोद्दा ने-जे कुराहरु सुने फुट्कर् श्लोकहरु खोद्दा टुक्रा वा पूरा जो जति जे जस्तो पाए ति-ति श्लोकको उत्पत्तिमा कारण ज-जसले जेजे भने आँफ्ना मनमा जे लाग्यो तेसैका आधारमा उनले भानुको जीवनचरित्र लेखेका रछन्। यो कुरा उनैका "यथाशक्य कविका निर्मित श्लोक वयान समेत राखि यो जीवनचरित्र लेखेको छु" (कवि भानुभक्त आचार्यको जीवनचरित्र, १९४४, विज्ञप्तिपत्र) भन्नि र मोतिरामकृत जीवनचरित्रका अन्त्यमा आएको "स्वस्ति श्रीयुत भानुभक्त कविका"[1] इत्यादि-पद्य-रुप भनाइबाट पनि प्रष्टै बुजिन्छ।

---

[1] स्वस्ति श्रीयुत भानुभक्त कवि का जीवन् कथा जोथिया, भाषा का



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पैलेइ नै कविताको गुण र महत्त्व चिनि भानुभक्तका जीवनका घटनाहरुका सम्बन्धमाँ त्रुटिपूर्ण नै भए पनि जीवनचरित्र पुस्तक खडागर्नु भएकामाँ र कविजिको फोटो धुन् गरि खोजि छापि प्रकाशित गर्नि काँम गर्नु भएकामाँ आर्काको गुण देखता ईर्ष्या नलिइ प्रसन्न हुनि महात्मा कवि मोतिरामजिलाइ एकबाजि धन्यवाद मत्रै हैन धन्यवाद धन्यवाद भन्दाभन्दै थकै नलागुञ्जेल जति धन्यवाद भन्न सकिञ्छन् तेति धन्यवाद छन्। किनभने तेति जीवनचरित्र खडा गरि भानुको र उनका कविताको बयान् गरिदिइ राष्ट्रभाषाका र तेसका साहित्यका विषयमाँ नेपालिहरुमाँ उनले चेतना जगाइ दिएकाले अरुले पनि त्यो पुस्तक हेर्दा भानुभक्तको कविता कस्तो रछ र एस्तो बयान् गरेका हुन् भन्नि विचारले भानुकविका पुस्तक आद्द्योपान्त गतिला गतिला मानिसले पनि हेरेर बडे-बडे विद्द्वान्ले पनि गुण चिनि तेइ जीवनचरित्रका आधारमाँ समेत लेख पुस्तक

---

अनुरागि जनहरु सबै जानुन् भनी लेखिया ॥ यस्मा ऊँच र नीच के हि छ भन्या सज्जन् सबै माफ् गरुन् । इनका जीवन को कथा पढ़ि सबै आनन्द सागर्परुन् ॥१॥ जाहाँ जे जति पाइयो उ उति ह्यां गै गै सबै सोद्धथ्यां । पक्का हाल् कविराज को यसरि मो एक् एक् गरी जोड्दथ्यां । यस्तै रीत्सित तीन बर्ष बिति गो जो जत्ति जम्मा गऱ्यां । सो सप्पै अब छापि गर्दछु प्रकाश् भन्न्या इरादा धऱ्यां ॥२॥ आफ्ना सक् भर गद्य पद्य मइले मन् ले कथे कै थिऱ्या । यस्को सङ्ग्रह फैलियोस् अब भनी काशी पठाई दिऱ्या । भ(ध)न्यै भन्छु म रामकृष्ण कनता जस्ले मदत् खुप् दिया । भारत्जीवन यंत्र मा यति कथा छापी प्रकाश् गर्दिया ॥३॥ यस्मा ई कविराज को यति कथा जीवन् भरी का दिया । जाहाँ जो कविता जसोरि कविका हुंथ्या उती लेखिया । यस्मा पुग् रन पुग् मलाइ जसले देलामत्यो राखुला । फेरी छाप्नु परचो भन्यात खुशिभै बाँकी सबै छापुला ॥४॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निस्कँदानिस्कँदै आखिर् भानुभक्तस्मारकग्रन्थ खडा भयो । नेपाल राज्यको राजधानीमाँ भानुको सालिक सम्मरयो । रामको कथामृत भाषाश्लोक गानामाँ गाइ तरि नसक्नु दुःखसागर-संसार सबै सजिले तर्नि भए । मोतिरामजिले लेखेका भानुभक्तका जीवनचरित्रको महत्त्व एस दृष्टिले घेरै नै छ । तथापि उक्त जीवनचरित्रमाँ असम्भव कुरा र झुट्टा कुरा समेत घेरै पर्न गा छन् ।

मोतिरामजिले गजाधरका घर कवि पाँउना हुन गएका विषयमाँ एस्तो लेखेका छन्—

"विक्रमीय सम्वत् १९०१ मा कलाधर ब्राह्मण् लाई मंत्र सुनाउन भनी कार्त्तिक मास मा भानुभक्त लाई २/३ दिन्को बाटो हिँडी निज कलाधर का घर जानु पर्‍यो । रम्घा गाऊँ देखी दुइ कोस् पर रहने एक गजाधर सोती थिये इन्को घर रिस्ती नदी का किनारा नेरै थियो फुर्सत् पाये का बेला मा गजाधर सोती रम्घा गाउँ मा आई भानुभक्तजी सित भेट गरी एक् दिन त मेरा घर्पालु होस् भनी सद्धैं भन्थे । भानुभक्त पनो अनुकूल न पाई गजाधर का घर जान सके का थियेनन् र निज कलाधर कहाँ जानु पर्दा बाटा मा गजाधर सोती को घर पनी( र्ना ) ले तेस् दिन तहीं बास बस्न आँटी ती गजाधर का घर मा गै बोस् पाउँछू की भनी भने । तेस् दिन गजाधर सोती काम विशेष ले आफ्नू ज्येठो छोरो ली एक् दुइ दिन्को बाटो परदेस् गये का रहे छन् र गजाधर्की बुहारि ले भानुभक्त लाई पीढी मा बस्नु होस् भनी भन्दा भानुभक्त कविजी तहीं बसे फेरि गजाधर सोती की ब्राह्मणी आये र ह्यां न बस भनी पीढी मा बस्न दिइन छन् फेरी बुहारी अलिक् दयावती हुना ले ढीकी राखे को छाप्रो देखाई ह्यां बस्नु होस् भनी गइन् भला पर्देशमा यो छाप्रो पनी हत्तपत्त कहां पाइन्छ भनी सन्तोष गरी तेसै ढीकी राखे का छाप्रा मा बास् बसे तर सांझ हुने हुने बेलामा फेरि गजाधर्की पत्नी तेस् ढीकी राखे का छाप्रा मा गै हुंदैन ह्यां बस्न भोली बिहानै हाम्रा धान् कुट्ना पर्ने छन्



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनी बिचारा पर्देसी भानुभक्त लाई तेस् छाप्रा बाट पनी निकाल्लीन् । वर पर तांहां आर्का को झोपड़ी न देख्ता निरास् भै एक् रुख् भनी (मनी) गै रातभर् तहीं सित्मा डल्लिये भोली पलृ(ल्ट) बिहानै उठी बाटा लाग्ने बेला मा एक् ६/७ वर्ष को लड़िको देखे र को ह्वौ नानी तिमि कस्का छोरा ह्वौ भनी सोद्धा गजाधर को कांछो छोरो हूं भनी तेस् लड़्का ले भन्यो र उसो भये एक्कै छिन् पखहैत भनी यो श्लोक् बनाये:—

गजाधर्सोतीको घर बुद्धि अलच्छिन्कि रहिछन् ।
नरक् जाना लाई सब सित बिदा बादि भइ छन् ॥
पुग्यो (पुग्यौं) सांझ् मा तिन्काघर पिढिमहां बास गरियो ।
निकालिन् सांझैमा अलिक पर गुल्जार (गुज्रान) गरियो ॥

फेरि यो श्लोक लेखे को कागत् लड्का का तना मा बांधि दिये बाबा लाई घर आये पछी दिये हैं भनी फेरी यै श्लोक् तेस् लड़्का लाई कण्ठ गराई भानूभक्तजी आफ्ना बाटा लागे । गजाधर्का छोरा ले बालक्लै हुंदा श्लोक् को अर्थ न जानी यो श्लोक् भनी भनी अरु लड़्का हरु सित खेल्दा अरु अरु लड़्का हरू ले पनी यै श्लोक भने २।४ दिनपछी गजाधर्सोती घर आई पुग्दा साथ् लड़्का अरु (हरू) ले यो श्लोक् भने को सुनी मन मा बड़ो खेद् गरे, आफ्नी पत्नी लाई खुप् हप्काये ।" (पृ० १६–१९) ।

यो मोतिरामको लेख देखेर ब्रह्मसम्सेरजिले कवि भानुभक्त भन्नि पुस्तकमाँ तल लेखेका कुरा लेख्नु भएको छ—

"गजाधर सोतिकि ब्राह्मणीले आंफ्नो पाँउना मै आएकालाइ एसरि असत्कार गरि घर बाइर धपाँउनु बहुत नालायकको कुरा थियो । तर आंफुलाइ बास दिइन भनेर एक स्त्री उपर आक्षेप गर्नि उद्देश्यले उनका छोरालाइ कागत मात्र दिएर चित्त नबुजि उसलाइ सो श्लोक समेत कण्ठ गराएको हुनाले उनले सो बखत् उनको कविता-शक्ति कुमार्गमाँ लगाए भनि भन्नु पर्छ, र फेरि कस्तो क्रूर बचन लेखेका "अलच्छिन्कि" र, "नरक् जानालाइ सबसित बिदाबादि भइछन्" भन्नि कस्तो रिसले

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरिएको कसैले पनि भन्न नसुहाउने वचन । आँफुलाइ ठोक्निको पनि माया गर्नु सज्जनको गुण हो भनि भन्छन् ।

एस कुराको विचार गर्दा भानुभक्तको यो कर्म सारै नीच देखिन्छ । उनको जीवनचरित्र लेख्नि मोतिराम भट्टले यो श्लोकबाट माँथि लेखिएको कुरा देखिएला भनि तलका कुरा लेखेका छन्— "यस् श्लोक ले गर्दा भानुभक्त ले गजाधर्ब्राह्मण को बेइज्जती गरे भनि कसै ले दोष् न लाउन् भानुभक्त ले ब्राह्मण् को अखाजो गरे को हवैन, अतिथि को सत्कार न गर्ने लाई यस्तै दण्ड मिल्द छ भनी दृष्टान्त देखाये को हो तस् अर्थ अतिथि को सत्कार गर्नू सत्कार न गरे देखी पाप् लाग्दछ भनी शास्त्रा(स्त्र)कार हरू ले पनी भने को छ ।" तर निज गजाधर सोतिका ब्राह्मणीका घरमा सो बखत् कोइ लोग्नि मानिस नभएको बुजिन्छ । सायद तेस्ले वा अरु कोइ कारणले पनि निजलाइ औठेको परेको पनि हुन सक्छ ।

जे भए तापनि भानुभक्तको एकोहोरो भनाइबाट पनि उनलाइ दोषबाट फरक राख्न सक्तैनौं । तर यो हर्षको कुरो छ कि एस्तो काँम उनको-जिन्दगि-भर् सारै थोरै तथा दुइ-तिन पटक माँत्र भएको देखिन्छ ।" (प्रि० १७-१८) ।

तर एस कुरामाँ ब्रह्मसम्सेरजिको भनाइको मूल आधार मोतिरामको भनाइमाँ नै पैलेइ विचार गर्नु आवश्यक छ । मोतिरामजिका भनाइमाँ अयथार्थ कुरा धेरै परेका छन् । जम्मा सात-आठ कोस टाडा आँफ्ना माँमाँका घर कवि गएका हुन्; दुइ-तिन दिनको बाटो भनि मोतिरामजिले लेखेका छन् । कात्तिक मैनामाँ मन्त्र सुनाँउन जानि कुरो पनि विचारणीये देखिन्छ । गजाधरको घर रम्घाबाट पूरा पाँच कोस पर छ, भट्टजिले दुइ कोस पर भनि लेखेका छन् । गजाधर रम्घा गाँममा आँउनि-जाँनि गर्थे भनि कुरा पनि यथार्थ हैन भानुभक्त अगि-अगि पनि माबल जाँदा-आँउदा ति सोतिको घर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटामाँ पनि हुँदा बाटामाँ कविजिको गजाधर सोतिसित भेट-घाट र चौतारामाँ थकै मार्न बस्ता बाच्चित् अलि-अलि हुनि गरेको मत्रै हो । ढिकिमाँ वस्नुहोस् भन्दा ढिकिमाँ बसेर निर्वाह चल्नि किसिमसँग ओड्नि-ओच्छ्याँउनि-खाँनि-पिनि-भरिया-तरिया गरेर कविजि टाडाको पर्देस गएका पनि हैनन् र ढिकि राखेका छाप्रामाँ बसेका पनि हैनन् । गजाधर घर नभएका पनि हैनन् । सोतिको छ-सात वर्षको छोराका तनामा कविता लेखेको कागत् कविजिले बाँधेका पनि हैनन् । गजाधरको छोरालाइ आँफुले रचेको श्लोक कण्ठस्थ गराएर कविजि बाटा लगेका पनि हैनन् ।

हाहा-र-हुहुको लोक हुञ्छ । तेस्तो लोकका किंवदन्ती-बाट पाएका कुरामाँ विचारशील लेखकले सत्यासत्य के होला भन्नि अलिकति विचार चलाउँन पर्छ । तर मोतिरामजि पनि यो जीवनचरित्र लेख्ताका बखत् तेइस-चौबिस वर्षका भएको बुजिञ्छ । उमेर कच्चै भन्न पर्छ । तेस्ता उमेरमाँ सबै कुरामाँ विचार नपुग्नु मनासिबै पनि हो ।

अब अलिकति विचार गरम् त— बालक छोराछोरि पडाँउनलाइ तलब समेत ख्वाएर घरमाँ पण्डित राख्नुहोस् । ति पण्डितसँग छ-सात वर्षको आँफ्नो छोरालाइ पढ्न भनेर भिड्याइदिनुहोस् । ति पण्डितले बडो प्यारो पारि-पारि पडाँउन लाग्दा पनि त्यो लड्को राँम्रो गरि भयाम्मि दैन । कति दिन सम्म दुइ पङ्क्ति पनि कण्ठस्थ पार्न सक्तैन । यो कुरा सबैलाइ थाऱ्ऱै छ । एस्तामाँ चिन्नु-न-जान्नुका तेस्ता नौला मानिससँग आँफ्ना बाउ-आँमाँका परेक्षमाँ भिडिएर छ-सात वर्षको ठिटो कत्त्रो हुञ्छ, तेत्त्राले ढिटो भै मँ गजाधरको काञ्छो छोरो हुम् भन्नि र तेति लामु शिखरिणी वृत्तको श्लोक नौला मानिससँग आनन्दसँग घोकेर उत्तिखेरै कण्ठस्थ पारेर भन्दै हिँण्नि कुरो सम्भव हो कि असम्भव हो ? फेरि



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुख-मुनि सुति रात गुजानि पर्दैशि प्रायः केइ रात बाँकि हुँदैमाँ हिँण्छन् । नभए पनि उज्यालो भए पछि त जरुर बाटालाग्छन् । छ-सात वर्षका ठिटाहरु त प्रायः तिन-चार घडि दिन चडे पछि पो ओच्छ्यान्बाट उठ्छन् । तेस्ता उदाराशय कवि, जसलाइ सर्वस्व पार्ला जस्तो सर्खारि बाँकिमाँ पक्रिइ थुनाहामाँ परेका बेलामाँ पनि दुःख-रिस-र-शोकले दक्खल-गरेनन्, तेस्ता बेलामाँ पनि ठट्टालु हँसिला रएर जसले रसिला परोपकारि स्थायि कविता गरे; सदाकाल प्रसन्न रञ्जनि सर्वव्यवहारमाँ निपुण उदाराशय कविले त्यो श्लोक देख्ता जस्ले मजा मान्दैन तेसैका बालख छोराका तनामाँ श्लोक लेखेको कागत बाँधेर आँफुले पाँउना-सत्कार नपाएको रिस फेरेर गएहुन् भन्नि बुद्धिमान्ले सम्झनु त सारै बे-होसि कुरा हो । उनका कविता र सबै लेखहरुबाट उनको स्वभाव बुद्धि र चरित्र सबै कुरा बुद्धिमान्हरुका मनमाँ जस्ताको तस्तो झल्केको छ । एस्ता लायकका मानिसले एसो गर्‍यो होला एसो गरेन होला भन्नि कुरामाँ पनि एउडा अनुमान हुन्छ । एउडा संयोगबाट त्यो श्लोक कविका मुख-बाट निस्क्यो होला, आर्काका मुखमाँ चड्यो होला, लोकमाँ स्वयम् फैलियो होला भन्नि बुद्धिमान्ले ठअराउँछन् ।

काठमाडौँ-देखि तिस-पैँतिस कोस टाडा पाहाडका कविको देहान्त भएको बिस-बाइस वर्ष भै-सकेपछि काठमाडौँ-का ठिटै अवस्थाका मोतिरामले कविभक्तिले प्रेरणा गरि सोद्-दा सुनेका कुराबाट लेखेको जीवनचरित्रमा साँचा कुरा मत्रै नपर्नु, झुट्टा कुरा पनि पर्न जानु मनासिप कुरा हो भन्नि बुद्धिमान्ले सम्झन्छन् र तेसका लेखाइका आधारमाँ महाकवि-लाइ दोष कुनै अंशमाँ पनि दिँदैनन् ।

फेरि आँफ्नो नाता-सम्बन्ध केइ नपरेको आइ-माइ मत्रै भएका घरमाँ कवि भानुभक्तले मँलाइ खान-वस्न देउ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने हुन् भन्नि कुरा पनि चिताँउन हुन्छ र ? किनभने नाता भएकै घरमाँ पनि स्त्री-मत्रै रछन् भने उमेर पुगेका साधारण मानिसले पनि पाँउना हुन पर्दा याँहाँ त लोग्नि मानिस नभएको मौका रछ, लोग्नि मानिस भएकै घरतिर जाऊछु भनि हुँदा सम्म आइमाइ मत्रै भएका घरमाँ नाता--पत्नैमाँ पनि बस्तैनन् । झन् भानुभक्त-कवि-जस्ता विचारशील माऊछेले त तैसो गर्नि कुरो सारै नै असम्भवि देखिऊछ । नाता-न-पाताका घरमाँ लोग्नि मानिसै नभएर वास नदिएको भए तेसरि घरकि बुडिले वास दिइनन् भनेर उस्ताका मुखबाट तेस्तो कविता निस्कन्थ्यो र ।

कविता निस्कनाको कारण अगि नै मैँले लेखेको हो। तेसो भएपछि त गजाधरकि बुडिका उपरमाँ महाकवि भानुभक्तका मुखबाट त्यो श्लोक निस्कनु बहुत उचित छ। किन कि एकहल गोरु जोतेर तेसको अङ्ग-प्रत्यङ्ग मिलेर भएको गिरेस्ति-घरमाँ मालिक्नि सै बसेकि उपाद्ध्यायानी ब्राह्मणीले सांजमाँ असजिलै परि पाँउना हुन आएका, सांनु बालख छोरो पासमाँ भएका, देख्तैमाँ सज्जन भान पर्नि उपाद्ध्याय ब्राह्मणलाइ अरु जाहानले वास नदिनि सुर गरेका भए पनि बुडिले धर्म सम्जि वस्नुहोस् भन्न पर्नि हो, झन् उल्टो आँफ्ना पतिका विरुद्ध जिताहार भएर बुआरिको पनि चित्त दुखनि गरेर सत्कार गर्न सकिनि किसिमका सांजका पाँउनालाइ साँजैमाँ आशा-भङ्ग गरि लोक-शास्त्र-विरुद्ध दुष्ट-चाला गरि निकालेकिले भानुभक्तको त्यो श्लोक अत्यन्त रुचित देखिऊछ । जुन श्लोक देशभर फिँजिँदा साँजको पाँउनु धपाउँदा ठुलो पाप रछ, नरकमाँ जान पर्नि रछ भन्नि संस्कृत-शास्त्रमाँ रहेको कुरा पनि आज मगर-गुरुम् घर्ति-आदि मतवालि समेत सबैले शिक्षा पाएका छन् । फेरि तेस्तो आँफ्ना पतिको उचित



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आशयको भङ्ग गर्नि र घरमाँ जिताहार हुनि लोक-शास्त्र-विरुद्ध काँम गर्नि स्त्रीलाइ केइ दण्ड उचित छ। त्यो श्लोक घुम्दै उनै ब्राह्मणीका काँनमाँ आइपुग्दा उनैलाइ पनि पति-बुआरि-सज्जन-पण्डित-शास्त्र-लोक सबैको विरुद्ध काँम गरिछु भन्नि पश्चात्ताप जरुर भयो होला र तेइ पश्चात्ताप स्वयम् दण्ड भयो होला। फेरि-फेरि तेस्तो उनै ब्राह्मणीले पनि गरिन्हुन् र उनैलाइ पनि पूर्ण शिक्षा भयो होला र कल्याण-मार्ग जरुर समातिन् होला। एसरि उनलाइ पनि श्रेय नै भयो होला। सो श्लोक बँनाएकामाँ कविजिलाइ दोष कत्ति छैन। दोष नभएको मत्रै हैन; उपर्युक्त उपपत्तिबाट बहुतै गुण समेत छ।

मोतिरामजिले पाहाडका मानिसका यथार्थ मत्रै वृत्तान्तहरु सुन्न पाँउनु कसरि ? कोइ यथार्थ कोइ अयथार्थ वृत्तान्त सुन्न पाँउनु मनासिब हो। कुरा साँचा झुट्टा के हुन् भनि उनले नाना तर्क लिएर एस्ता कुराबाट के जीवन-चरित्र लेख्नु भनि कविजिको जीवनचरित्र (कतिपय वृत्तान्त-विषयमाँ त्रुटिपूर्ण भने पनि) नलेखि मन मारिदिएका भए कत्रो बरबाद हुनि रछ ! उनले सो जीवनचरित्र नलेखेका भए नेपालिहरुमाँ आँपनु भाषा-साहित्य-सम्बन्धि जागरण आँउन ढिलो हुनका साथै भानुका सम्पूर्ण कृतिको र व्यक्तित्वको विषयको जागरण पनि अवश्यइ ढिलाइँदो हो। तसर्थ

---

सिखारु आँखिल स्रिरामक्रिष्णसर्माले बस्तुस्थितिको र प्रमाणको परिच्छया गर्न तिर वैरै ध्यान नदिइ एक पच्छ्यका भनाइलाइ दलिकरै मानेर भए पनि स्वयम्सिद्द तत्थ्य माँनि 'गजाधर सोतिकि घरबुडिका पच्छ्यमाँ' गरेका आँपनु पेसा अन्सार्का ओकालतमाँ न्यायाधिस भाका परिपक्वत् रामक्रिष्णसर्माकै पँनि पत्यार निस्सेइ होओइन। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा मोतिरामजिले यथालाभ यथाश्रुत यथाविचारबाट पनि सो काँम गरि गएकामाँ तेस कुराको उनको गुन्को बयान गरेर कैलेइ सकिँदैन। भानुभक्तका र नेपालि-भाषा साहित्यका प्रेमि सबै उनका ऋणि हुन्छन् ।

गोर्खा-दक्षिणबाहु पण्डित रुद्रराज पाँडेले मोतिरामको उन्नाइस्से अड्चालिस् संवत्माँ कविका छोरा रमानाथसँग भेट भएको कुरा भानुभक्त-स्मारक-ग्रन्थमाँ लेख्नुभएको छ।

मोतिरामजिको रमानाथसित भेट भएको हो हैन भन्नि विषयमा विचारगर्दा भेटै भएन होला भन्न त सकिँदैन, तर कविको हालखबर रमानाथसित मोतिरामले राँम्ररि सोदेको र रमानाथले छताएको देखिँदैन; किनभने, भानुभक्तले जागिर एग दिन पनि खाएका हैनन्। १९२३ संवत् सम्मको कविको हस्ताक्षरको लिखत पाय्येको छ; तेसमाँ दर्जा केवल् पण्डित भन्नि मत्त्रै लेखिएको छ। अथवा उन्ताका दर्जा लेख्नि चलन् नभएको रछ भनम् भने पनि रमानाथसँग सङ्गतभएका मानिसले जागिर खाएको भन्न सकेनन् र नातिहरुले पनि जागिर खाएका हैनन् भन्छन्। केवल् बाउज्ञाइ लागेका बाँकिमाँ कुमारिचोकले थुनेको कुरा पाइन्छ। भट्टजिले जागिर खाएको कुरा लेखेकाले तै पनि खाएकै रछन् कि त भन्नलाइ उनले पनि यो दर्जाको जागिर यो अड्डामाँ खाएका भन्न नसकि "विक्रमीय सम्वत् १९०७ सालका बैसाखमासमा मदेस (तराई)को जागीर पाई गये तर भानुभक्त कवि ऐं सम्वत् १९०९ मा खोस्सिये" (पृ० २६) भन्नि मत्त्रै लेखेका छन्। भानुभक्त परलोक हुँदा रमानाथ बाइस वर्षका भै सकेका देखिँछन्। बाइस वर्षसम्म आँफ्ना बाउसित सहवास भएका रमानाथले बाबको दर्जा र जागिर खाएको अड्डा जान्न पथ्र्यो। सो कुरा भट्टजिले सोद्दा भन्न पथ्र्यो। भट्टजिले खुलाइ लेख्न सक्न पथ्र्यो। रमानाथ परलोक हुँदा उनका माँइला छोरा देवीभक्त पनि बाइस वर्षका थिए। रमा-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाथद्वारा देवीभक्तले पनि आँफ्ना जिबाउ कविको जागिरको दर्जा जान्न पर्थ्यो । उनि पनि बुडा-जिबाउ धनञ्जय पालपा-माँ खर्दार भएका कुरा मात्र गर्थे । हाँमि यथार्थ सुन्थेम् । बुडा-जिबाउको कुरो त जान्निले जिबाउको कुरो मन् जान्न पर्थ्यो । रमानाथका दुइ ब्राह्मणी परलोकभएको पन्द्र-बिस वर्षदेखि बर्ता भएको छैन । ति दुइलाइ काञ्छि खर्दार्नि र जेठि खर्दार्नि भन्थे । कवि भानुभक्तका हाल् जीवित काञ्छा नाति शिवभक्तलाइ पनि काञ्छा खर्दार् भञ्छन् । त्यो खर्दार् भन्नि धनञ्जयको दर्जा हो र परम्पराले उनका सन्तानमा आइराको हो । एउडाले दर्जा पायो भने तेसका चार-पांच पुस्ता मुनिसम्म पनि दर्जा नपाँउनिलाइ पनि गाँम-घरमा तेइ दर्जा भन्नि अगिको चलन सबैलाइ थाऐ छ । कविजिले जागिर्-दर्जा लिएका भए त्यो दर्जाले व्यवधान गर्न पर्थ्यो । धन-ञ्जयको दर्जा नै कसरि आउँथ्यो र । कविका नाति दुर्गाभक्त ले जागिर खाइ डिट्ठा दर्जा पाएकाले उनकि ब्राह्मणीलाइ पनि डिट्ठिनि भञ्छन् । उनि जीवितै छन् । तसर्थ भानुभक्तले जागिर खाको भन्नि कुरा मोतिरामजिले प्रामाणिक स्रोतबढ सुनेको देखिँदैन । केवल् "जागिर् छैन धनी म छैन घरको ..... ... - कैल्हुँ नखोस्न्या गरी" एइ श्लोकका आधारमाँ भट्टजिले आँफैले त्यो कुराको कल्पना गरेको बुजियो । भट्टजिले जा-गिर खाए-नखाएको मत्रै पनि यथार्थ बुज्न पाँउनुभएको रइञ्छ भने कविका छोरासँग भेट् गर्नु भएको कसरि भन्नि ? मोतिरामले आँफ्ना ग्रन्थका भूमिकामा कवि-सम्बन्धि कुरा बताइ सहायता दिएकामाँ रामदत्तलाइ धन्न्यवाद् दिएका छन्, रमा-नाथको उल्लेख छैन । तसर्थ मोतिरामको उन्नाइससे अड्चालिस् संवत्मा रमानाथसित भेट भाको भन्नि कुरा अत्यन्तै सन्देहास्पद देखिञ्छ ।

उपर्युक्त प्रकारले यथार्थ कुरा मात्र लेख्न नपाएका



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवि मोतिरामजिका लेखका आधारमा महापुरुष कवि भानु-भक्तलाइ दोष दिन के हुन्थ्यो । कविकै रचनाबाट गुण-दोष जो आउँछ सो भत्रै लेख्न हुन्छ ।

तेस्तै गरि—

"भर्जन्म घाँसतिर मन् दिइ धन् कमायो,
नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो ।
घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो,
मो भानुभक्त धनि भैकन आज यस्तो ॥

मेरा इनार न त सत्तल पाटि क्यै छन्,
जो धन् र चींजहरु छन् घर-भित्र नै छन् ।
यस् घाँसिले कसरि आज दिएछ अर्ती,
धिक्कार हो मकन बस्नु नराखि कीर्ती ।"

इ दुइ श्लोकलाइ 'विक्रमिय सम्बत् १८९१ सालमा (बाइस वर्षका उमेरमा) कवि भानुभक्त एक दिन् हावा खान एक नदीका किनार-तिर जांदा थकै लागि ढुङ्गामा पल्टेछन् र निदाए छन्; बिउँजदा उनले एउडा घाँसिले घाँस काटिराको देखि उसित बात भे बात सुन्दा एसले त कीर्ति राखेछ भने मँजस्ताको कीर्ति केइ छैन कीर्ति राख्न पर्‍यो भनि उनने कीर्तिका समेत आशाले कविता गर्न थाले-छन्, कविजिले सर्वप्रथम बनाएका श्लोक इनै दुइ हुन्' भन्नि कुरा मोतिरामले लेखेका छन् (पृ० ११-१५) ।

मोतिरामका एइ लेखले गर्दा कवि-विषयको केइ कुरा लेख्न मन गर्नि महाशयहरुले पुरा विश्वास लागे पनि नलागे पनि तेइ—अन्सार् लेख्न परिराकै छ । तर इ दुइ श्लोकको उत्पत्तिमाँ कारण माँथि मैँले लेखेको (पृ० ४६,८६-८८) नै साँचो



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो । सो कुआ अद्यापि खडै छ । रम्गाबाट मानुङ् जानि आँउनिले हिंजो-आज पनि पाँनि खाऊछन् । दश आठ जाना बस्न हुनि चिठेको ठाँम अलि अलि भत्केको छ ।

"मो भानुभक्त धनि भैकन आज यस्तो" एइ पाउमाँ मँ भन्नि पदको सट्टा 'मो' देख्नुभएको, 'मो' भन्नि पद भानुभक्तका श्लोकमाँ अन्यत्र कतै नदेखिएको र भट्टजिले घाँसि विषयका दुइ श्लोकको उत्पत्तिमाँ कारण देखाँउँदा पत्यार नपर्नि कुरा पनि कल्पना--गरेको देखि घाँसि—विषयका दुइ पद्य भानुभक्तका हैनन भट्टकै कल्पना हो भन्नि कतिपय विद्वान्हरुले कल्पना गर्नुभएको देखिऊछ । तर इ दुइ श्लोक भानुभक्तजि कवितामाँ प्रौढ भैसकेपछि उनैले बँनाएका हुन् । श्लोकै माँथि पनि आशङ्का लिन परेको 'मो' भन्नि पदले होला । तर काठमाडौँमाँ 'मँ'-को सट्टा 'मो' भन्नि भाषा भट्टजिका-पालासम्म कताकति रछ भन्नि कुरा काठमाडौँ निवासि भट्टजिका गद्य--पद्यबाट प्रष्ट देखिऊछ । भानुभक्त पनि काठमाडौँकै आँफ्ना घरमाँ बसेर पनि कविता गर्थे भन्नि कुरा उनका चिठिबाट देखिऊछ । तसर्थ काठमाडौँमा सुनेका र वसन्ततिलका वृत्तका अनुरोधले तेस ठाँममाँ दीर्घ 'मो' चाँइनि हुँदा भानुभक्तले नै त्यो 'मो' पद राखेका हुन् ।

---

खोलो नजिकै भए पनि खोलाको खऱ्याहा पाँनि ग्रिस्म-बर्सामा खाँने नहुनि खालको तातो र फोओर पँनि हुनि हुँदा त्याँहाँ सानु कुआ बँनाथ्या बुजिऊच । एस् कुआको थिति पँनि प्रिथ्वि— राजमार्गको निर्माणले गर्दा ऐले फरक पर्न गाऽ छ । -स० ।

एस बिसयमाँ अरु विमर्स 'भानुका भर्जन्म इत्यादि दुइ पद्य : सन्देह र समाधान' भन्नि र 'भानुभक्त र घाँसि : थप बिबेचना' भन्नि परिसिष्टमाँ हेर्नोस् । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाकविले लोकोपकारार्थ आँफ्ना मजा-लहडमाँ गरिछाडेका कविता रामायण-प्रश्नोत्तरमाला-वधूशिक्षा-भक्तमालाहरु भाषाप्रेमि पठित-अपठित जनहरुले कसैले पूरा एक काण्ड सार्नि, कसैले आर्काले कण्ठ पारेका श्लोक भन्न लगाइ सार्नि, कसैले अरुले भनेको सुनेरै मत्रै मुखै कण्ठ पार्नि एस्तै गरि तनुङ जिल्लामाँ बेस्सरि छरिएको थियो । रामायण लेख्ता प्राय काठमाडौँमाँ नै लेखेका हुनाले सो रामायण काठमाडौँमाँ पनि भाषाप्रेमिहरुमाँ फिँजिएको थियो । कविले सद्भावनाले गरेका श्रेष्ठ कविता यत्रतत्र भै आखिरमाँ गएर केइ कालमाँ लुप्त हुन कसै योग्य नपर्नि हुनाले भानुक्तका उपर् रामको कृपादृष्टि भै उनका कविताको सुरक्षाका र प्रचारका लागि रामले मोतिरामलाइ १९२३ संवत्माँ जन्माइदिएका रछन् । १९३७-३८ संवत्तिर विद्यार्थि-अवस्थाका मोतिरामले अरुले स्वर मिलाइ रसमाँ डुबि भनेका भानुभक्तका श्लोक सुन्दा सारै मजालागि ति श्लोकहरुको सङ्ग्रह नगरि मनले धर नदिएकाले जतातै खोजि पाएसम्मका बोटलि घोकि कण्ठपारि आनन्दले तानामिलाइ रसमाँ डुबि बिसुर भै भन्न थालेछन् । उनलाइ पनि कविता लेख्न मन लाएछ । जानि-नजानि अलि-अलि कविता लेख्न पनि थालेछन् । तर बडा मिहिनेतले दुइ-चार श्लोक लेख्छन् आँफ्नु कविता भञ्छन्, हेर्छन् भानुको जस्तो शैली मिलेको रस भावपूर्ण उनैलाइ लाग्दैन, एताउति जाञ्छन, भानुभक्तका विषयका कुरा गर्छन्, दुइचार सुन्दर श्लोक फेला पार्छन्, भाषाप्रेमिहरुले भानुलाइ 'धन्न्य कवि' नै भनेको सुञ्छन, फेरि इनले रामायण समग्र र अरु कविता पनि धेरै गरेका थिए, उनका घरमाँ र राँम्म्रि खोजि गरे इँहिँ (काठमाडौँमैँ) पनि ति कविता सबै फेला-पर्लान भन्नि कुरा पनि गरेको सुञ्छन्, एस्तै भएको रछ; मोतिरामले भानुका कविता खोजि सङ्कलन गरि छपाइ प्रकाशित गराँउनि कुरा मनमाँ दृढ सङ्कल्प गरे-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् र प्रयत्नपूर्वक सबै ग्रन्थ सङ्कलित गर्दै गै आफ्नो साथि-भाइ-मण्डलिद्वारा क्रमश प्रकाशित पनि गराएछन् ।✒

मोतिरामले रामायण समग्र छापिएपछि आद्योपान्त खुप् विचार गरि हेर्न लागेछन् । हेर्दा सारै मन दङ्ङ्ङ्ङ भएछ र एस्ता माहान् कविको गुन्-बयान् नगर्नु जीवन-चरित्र न-लेख्नु त सारै कृतघ्नता हुन्छ भन्नि ठाँनि जीवनचरित्र अव-श्य लेख्नि निश्चय गरेर सो लेख्नि धुन्माँ लाग्दा उनले कविजिको घर तनुङ रछ, परलोक भएको धेरै भएछ भन्नि जानेकाले काठ-माडौँ-आवत-जावत गर्नि तनुङतिरका माञ्छेको र काठमाडौँमाँ बस्नि भानुका सम्बन्धवाला वा भानुलाइ र उनका छोरालाइ चिन्नि जान्नि माञ्छेको र भानुका कुलका माञ्छेको खोजि गरि भेटि कुरा गर्न खोद्दा कविजिका काञ्छा-बाउ इन्द्रविलासका नाँति कविजिका भ-तिजा पर्नि रामदत्त उपाद्ध्याय तिनताका प्राय काठमाडौँमाँ रएकाले उनैसित भेट गरेछन्, कविजिसम्बन्धि कुरा सोदेछन्; रामदत्तले जे जति कुरा भने सो सबै टिपि सङ्कलन गरे-छन् ।

कविजिका फुटकर श्लोक र उनको चाल-चलन जान्नि-सुन्नि काठमाडौँका मानिसहरुसँग समेत सोदि बुजि पाएजतिबाट र आँफुले पनि कविता-श्लोक-अन्सार् केइ प्रबन्ध-कल्पना गरि★ लेखि १९४८ संवत्माँ कविको-चित्र-सहितको जीवन-चरित्र छपाइ प्रकाशित गरि १९५३ संवत्माँ मोतिरामजि

---

✒ अरु कुरा 'भानुभक्तका कृतिको मुद्रण-प्रकासन' भन्नि परिसिष्टमा हेर्नोस् । -स० ।

★ मोतिरामले कवि भानुभक्तको जिबनचरित्रका 'विज्ञप्ति-पत्रम्'-मा लेखेको "यथाशक्य कविका निर्मित श्लोक बयान समेत राखि यो जीवनचरित्र लेखेको छू" भन्नि बाक्यमा ध्यान दिय्योस् । --स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिस वर्षका उमेरमाँ परलोकभएका रछन् ।

इनै सबै कारणले र भानुका रसभावपूर्ण धर्म-दर्शन-निति मर्यादा-समन्वित, सरल लोक-भाषामाँ लेखिएका, प्रसन्न-गम्भीर कवितामाँ लोकले सारै चाख गरेकाले उनको कीर्ति उत्तरोत्तर फैलिँदै गएको हो; उनले धाँसिका प्रेरणाले कीर्ति राख्नि उद्देश्यले नै कविता गर्न थालेका हैनन् । तसर्थ मोतिराम भट्टले भर्जन्म इत्यादि पद्यको उत्पत्ति-आदिका विषयमाँ लेखेका कुरा कल्पित हुन् तापनि पद्य त भानुकै हुन् ॥

## भानुप्रति कृष्णप्रसाद रेग्मिको भनाइ

महाभारतका आदिपर्वको अनुवाद गर्नि कवि कृष्णप्रसाद रेग्मिले भानुभक्तका विषयमाँ रचेका दुइ पद्य—

"हाम्रा देशमहाँ महाशय ठुला श्रीभानुभक्तै थिया,
रामायण् कविता गरेर सजिलो भाषा बनाईदिया ।
ताँहाँदेखि चलन् चल्यो मुलुकमा श्लोक्बद्ध भाषा भनी,
शिक्षाले उनका गरिञ्छ कविता हामीहरूले पनी ॥१॥

ताँहाँदेखि पछाडिका कविहरू लाखै घमण्डी गरुन्,
दर्जामा उनका कदापि नपुगुन् अभ्यास गर्दै रहुन् ।
क्वै भन्नन् तिनले त हल् किन गरे ईकार् उकार्मा पनी,
यस्मा दोष् दिन हुन्न हामिहरुले येसो गरेछन् भनी ॥२।"

एस्ता श्लोक् दुइले अगाडि अइले आगामि काल्माँ पनी,
भाषामाँ कवि भानुका सरि अरू हुन्नन् कवि कोइ् भनी ।
रेग्मी ती कवि कृष्णले पनि भन्या आँफू त शिष्यै बनी,
भानूका पनि तेजमाँ अरु कउन् पुग्थ्यो र ठिक् हो पनी ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## भानुभक्तप्रति सूर्यविक्क्रम ग्यँमालिजिको क्रियाकलाप

मोतिरामले भानुभक्त कविको पुस्तकभरि सकुञ्जेल बयान् गरेझैँ सूर्यविक्क्रम ग्यँमालिजिले पनि कविका विषयमाँ धेरै बयान् लेख्नुभएकै छ । तथापि वाँहाँले लेखेका एक वाक्क्यले नै मोतिरामले सकुञ्जेल् गरेको बयान्भन्दा वढि बयान् भएको देखिञ्छ । एसैले भानुका कवितामाँ रएको विचित्र मिठो स्वाद् वाँहाँले राँम्म्रि पूरा जान्नुभएको अनुमान हुँदा कविताको यथार्थ गुन् जान्नि वाँहाँको बुद्धिशक्ति-र-रसिकत्त्वले हाँमिलाइ दिनुभएको हर्ष मनमाँ अटाएको छैन ।

सूर्यविक्क्रमजिले "भानुभक्त नेपालका कवि नभएर युरोपका कुनै देश वा अमेरिकामाँ जन्मेका भए आज उनका जीवनसम्बन्धि र उनका ग्रन्थका समालोचनाहरुका पुस्तकहरुले एउटा सानुतिनु पुस्तकालय भरिँदो हो ।"◆ भन्नि र 'संसारमाँ बाल्मीकिको अवतरण भयो, तुलसीदासले नेपालि नारीका कोखमाँ फेरि जन्म लिए ।"~ भन्नि इ दुइ-तिन अत्त्यन्त खँदिला वाक्क्य जो लेख्नु भएको छ, तेत्तिले वाँहाँले अरु एस्तो लेख्नुभयो उस्तो लेख्नुभयो भन्ने पर्दैन, वाँहाँबाट कवि-अन्सार् बयान् भएको छ भने हुञ्छ । तर मेरा बुद्धिमाँ त वाल्मीकि र तुलसीदासको भन्दा भानुभक्तको ग्रन्थ बडि चखिलो देखिञ्छ भन्नि लागेको छ; किनभने वाल्मीकिको रामायण विद्वान्देखि हलितक् सबैले बन्-पखेरा-मेलापातमाँ समेत कुन जुगमाँ गाएहुन् र, तुलसीदासको रामायणको भाषा प्रचलित भएकै देशमाँ पनि त्यो रामायण विद्वान्ले त गाउँदाहुन् अविद्वान्ले त कुन्नि ।

---

◆ मोतिरामबिरचित कवि भानुभक्तको जिवनचरित्त्र ( सुर्यबिक्क्रम सम्पादित, १९८३ ) प्रस्तावना प्रि. १ । -स० ।

~ भानुभक्त-स्मारक-ग्रन्थ (प्रथम संस्करण) प्रि. ४७ । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि भानुभक्त-स्मारक-ग्रन्थको सम्पादक भै कति वर्ष लगाई श्री ३ महाराज जुद्दसम्सेर-सम्मका आँफ्ना समयका ठुला-ठुला प्रभावशालि व्यक्तिहरुसित चिठिपत्र-लेखापढि गरि भानुभक्त-विषयक लेख झिकाइ मान्न्यताको अनुक्रम हो क्यारे भने जस्तो पारि सङ्कलन गरि हजार प्रति पुस्तक छपाइ प्रकाशित गरिदिनु भएकामाँ वाँहाँको ऋण भानुका र नेपालि-भाषा-साहित्यका प्रेमि नेपालिले केइ दिएर पनि तिरिसक्नु छैन। हनुमानलाइ रामले काख दिए झैँ इ सबै नेपालिले वाँहाँलाइ मनले काखमाँ राखेर प्रेमले मुस्मुस्याँउँन पर्छ।

मोतिरामलाइ थकै नलागुञ्जेल् भनेका मात्र धन्य-वाद चडाय्या हो; सूर्यविक्रम ग्न्यँमालिजिलाइ धन्यवाद-धन्य-वाद भन्दै जाँदा थकै नै लागे पनि बिच-बिचमाँ थकै मार्दै धन्यवाद-धन्यवाद भन्दै गर्दा दिनभरमाँ जति धन्यवाद भन्न सकिञ्छन् उति धन्यवाद छन् ॥

## भानुभक्त प्रति ब्रह्मसम्सेरजिका भनाइ

*('भानूभक्त भनी प्रसिद्ध नरमा' इत्यादि श्लोकको विवेचना, उक्त श्लोकका सम्भावित रचयिता छविलाल नेपालको परिचय, तथा भानुकृत बालाजिको-कविताको र वधू-शिक्षाको आलोचनाको विवेचना)*

'गजाधर् सोतिका' इत्यादि पद्यका सम्बन्धमाँ ब्रह्म-सम्सेरजिले लेखेका कुराको औचित्यानौचित्यको निरूपण 'भानु-भक्तप्रति मोतिराम भट्टजिको क्रियाकलाप' भन्नि प्रकरणमाँ माथि गै सकेको छ। ब्रह्मसम्सेरजिका अरु केइ भनाइहरुको विवे-चना तल गरिञ्छ –

"भानूभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊँ पनी,
तिन्को घर् तनहूँ छ बेसि चुँदि हो गाऊँ छ रम्घा भनी।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रख्यात् छन् सब लोकमा ति गुणि हुन् विद्वान् कवी खुप् थिया
यो प्रश्नोत्तर बुझनलाइ सजिलो भाषा बनाईदिया ॥"

यो श्लोक भानुभक्तले लेखेका हुन् भनि मोतिराम-जिले लेखि (क० भा० जि० पृ० ६) गएकाले सोइ लेखका आधारमाँ ब्रह्मसम्सेरजिले एस श्लोकका उपर्माँ तल लेखिएका कुरा भन्नुभएको छ — "आँफ्नु तारिफ एसरि आँफैले गर्नु असभ्यपना हो भन्नि लाग्दछ । पाठकहरुले पनि विचार गर्नुछन् भने याँहाँ बर्ता किन कोट्ट्याइरम् । [एसले गर्दा] उनका उपर्को श्रद्धा घट्तछ ॥"★

तर यो श्लोक भानुभक्तले बँनाएका हैनन् । मोतिरामले बँनाएका हुन् भनि कसैकसैले भनेको पाँइन्छ । मोतिरामले भानुले बँनाएका हुन् भनि लेखेको लेख खडा छँदाछँदै फेरि मोतिरामले बँनाएको भन्नु कसरि ? मोतिरामले बँनाएका खासै हैनन् । भानुभक्तले बँनाएको भन्न पनि श्लोकका रुपैबाट पनि उस्तो मिल्दैन । किनभने भानुभक्तले आत्मश्लाघा गर्न लाज नमानि साधारण तुच्छ विचार भएका मानिसले झैँ आँफ्नु बयान् गर्छु भनेर श्लोक लेखेका भए श्लोकको रूप एस्तो हुनपर्थ्यो ।—

"भानूभक्त भनी प्रसिद्ध नरमा मेरो छ नाऊँ पनी,
मेरो घर् तनहूँ छ बेसि चुँदि हो गाऊँ छ रम्घा भनी ।
प्रख्यात् छू सबलोकमा म गुणि हुम् विद्वान् कवी खुप् थियाँ,
यो प्रश्नोत्तर बुझनलाइ सजिलो भाषा बनाईदियाँ ॥"

किन्तु एस पद्यको माथि पैलेइ लेखिएका रुपमाँ एसरि क्रियापदमाँ उत्तम पुरुष राखेको नभै पैलेइ-लेखे-बमो-

---

★ कवि भानुभक्त, पृ० २७-२८ । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिम् प्रथम पुरुष राखेको देखिएपछि भानुभक्तले बँनाएको भन्न उकालै पर्छ र तेस् पद्यबाट भानुको अभिमान नझल्किनि हुँदा यो भानुकै रचना हो भन्नि मानेमाँ पनि एसका आधारमाँ भानुका उपर् श्रद्धा घट्न पनि सक्तैन ।

आँफ्नो तारिफ् आँफैले गर्न सक्नि मानिसले लेखेको पनि देखिएको छ । राजीवलोचन भन्नि एउडा पण्डितले हस्त-पादादि अङ्ग फर्फराएको शुभाशुभ फलको निरूपणका विषयको एउडा सानु संस्कृत ग्रन्थको श्लोकबद्ध-भाषा गरि उल्था गरे छन् । तेस उल्थाका अन्त्यमाँ उनले यो श्लोक लेखेका छन्—

"दाँयाँ फुऱ्याको शुभ हुञ्छ नीको,
बाँयाँ फुऱ्याको जनना जतीको ।
अङ्गस्फुरण् यो सजिलो बनाना,
राजीवलोचन् भनि नाम् कमाञ्ना ॥"

यो पो आँफ्नो तारिफ् । एस्तो उत्तम पुरुषको प्र-योग त उ श्लोकमाँ छैन । श्लोकका रूपैबाट आकैंले बँनाको देक्खीराकामाँ मोतिरामले श्लोकका रूप-तर्फ विचारै नराखि भुलैले भानुभक्तले लेखेको भनेका मात्र हुन् ।

त्यो श्लोक बँनाइ प्रश्नोत्तरका अन्त्यमाँ राख्दिनि पाल्पाका छविलाल् पण्डित देखिञ्छन् । काशि गै पढेका ठुला-ठुला पण्डितहरु तनुङ-चुँदिमाँ थिए । तिनैसँग पढ्न भनि पाल्पाबाट छविलाल् चुँदि आइ बसेका थिए । ति छविलाल् अट्ठार-उन्नाइस वर्षका उमेरमाँ पैला पटक पढ्न आइ बस्ता उनले भानुभक्तलाइ पनि देखेका रछन् र कविजिसित केइ सोद्नि बुज्नि र फुर्सदमाँ कविका भाषा-श्लोक घोक्नि सार्नि पनि गरेका रछन् ।

एस्तैमाँ के प्रतिबन्धबाट हो उनि पढ्न छोडि आँफ्ना घर पाल्पामाँ फर्केछन् । केइ वर्षपछि विद्याभ्यास पूरा नगरेकामाँ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चात्ताप भै पड्न भनि फेरि चुँदि-रम्गामाँ नै आइ पड्दा कवि भानुभक्त बितिसकेका रछन् । भानुभक्तले गरेका कविता सारै मजालागेकाले र भानुको वधूशिक्षा भन्नि सानु ग्रन्थ देख्ता मैं पनि एत्रै सानो भने पनि पुत्रशिक्षा बँनाँउछु भनि विद्यार्थि-जस्तो भै पडेकै बखत् चुँदिमाँ नै पुत्रशिक्षा भन्नि एउडा सानो ग्रन्थ बँनाएछन; जुन पुत्रशिक्षाका श्लोक बाल्ल्यावस्थामाँ मैंले आँमाँका मुखबाट सुनेको थिएँ, सोमद्ध्ये एक आद्द्रि एइ हो—

"जस्का छैन शरीरमा गुण भन्या सब्को अचानू भई,
जे भञ्छन् उहि मान्नु पर्छ दिनदिन् सुख् छैन काँही गई ।"

यस्ता श्लोक भएको पुत्रशिक्षा भन्नि ग्रन्थ वधू-शिक्षाका प्रभावमाँ परि छविलाजले लेखेको पनि देक्खियो ।◆ यो बँनाँउँदा र पड्दा चुँदिमाँ बसेका बखत कविका छोरा रमा-नाथसँग प्रश्नोत्तरमालाका पुस्तिका माँगि सानि घोक्नि गरेका रछन् । तेइ मौकामाँ उनले प्रश्नोत्तरमालाका अन्त्यमाँ एस्ले बँनाएको भन्नि प्रष्ट श्लोकैबाट देक्खिनि होस् भन्नि विचारले भानूभक्त भनी इत्यादि श्लोकको रचना गरि आँफुले सारेका सरौटामाँ र रमानाथसँग माँगेकापुस्तिकामाँ समेत त्यो श्लोक लेखि-दिएको बुजिञ्छ । तेइ पुस्तिका वा तेसैबाट सारिएका सरौटाहरु कुनै रीतिले काठमाडौँ पुगि मोतिरामले त्यो छपाँउँदा भानुले रचेका श्लोकका अन्त्यमाँ जोडिएको आकैंले बँनाएको भए पनि सो कुरा नखुलाइ राखिएकाले त्यो श्लोक पँनि भानुभक्तकै रचना हो भन्नि ठान्नु स्वाभाविक भएकाले त्यो श्लोक पनि प्रश्नोत्तरमालाका अन्त्यमाँ भानुभक्तकै रचनाका रुपमाँ छपा-एका र कवि भानुभक्तको जीवनचरित्रमाँ पनि (पृ० ६) श्लोकको-रूपतर्फ ध्यान नदिइ भानुभक्तले नै सो श्लोक लेखेको

---

◆ एस पुत्रशिच्छ्याको पुर्ण रुप र तेसका लेखकको विवेचनाका सम्बन्दमा नेपालि-(पुर्णाङ्क ४०, माँ प्रकासित सिद्धराज आचार्यको लेख पढ्नोस् ।-स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेका मत्र हुन् ।

भानुभक्तले आत्मश्लाघा गर्निभए तेत्रो ग्रन्थ रामायणका अन्त्यमाँ पनि त आँफ्नो-बयान्-सहितको परिचय लेख्ताहुन् ।

उनै छविलाल्ले आँफुले बँनाएका पुत्रशिक्षाका अन्त्यमाँ आँफ्नो परिचय दिँदा लेखेको श्लोक—

"भाषा श्लोकमहाँ सिपालु अघि खुप् श्रीभानुभक्तै थिया,
सो ओस्ताज् बितिगैगया अलि-अली जान्न्या छबीलाल् थियाँ ।
बाबाको दिननाथ पण्डित छ नाम् प्रख्यात् छ नेपाल थर्,
मेरो नाम् छविलाल् भनेर बुझ्नू पाल्पा सहर्मा छ घर् ॥"

पण्डित छविलाल् ठाँम-ठाँममाँ सामयिक कविता गर्नि मानिस रछन् भन्नि कुरा तलको बेओराबाट पनि बुजिन्छ—

पाल्पा-सहर्का छविलाल् पण्डितका माइला छोरा सतहत्तर वर्षका पद्मराजले हाँम्रा पिता छविलाल्ले राजै-तुल्यका खड्गसम्सेर राणा काठमाडौँबाट धप्पिएर आइ पाल्पा- सहर्माँ बसेका बखत् उनले कृष्णा गण्डकीको रानिघाट जाँनि बाटो अशजिलो भैराखेकामाँ सर्खारि बल लगाइ बँनाइ सजिलो पारेको देखि निज खड्गसम्सेरको स्तुति-रूप-माँ बँनाएका श्लोक हुन् भनि भनेका श्लोक—

"कालीगड्हरु देश-देशि हतियार् नाना प्रकार्का लिई,
जम्मा भैकन फौज मालिक-समेत् राज् भै तिँहीँ मन् दिई ।
ठूलो दुःख गरेर स्वर्ग-पदवी लोक्ले सहज् पाँइन्या,
एस्तो मार्ग बन्यो अहो अति असल् श्रीगण्डकी जाइन्या ॥

नामैले पनि गण्डकी भनिदिया सब् पाप-ताप् छुट्तछन्,
तिन्मा स्नान गरीसक्या त जनले स्वर्गादि - लोक् लुट्तछन् ।
एस् पृथ्वीतलमा अनेक् तरहका छन् धर्मका काम्हरू,
तेस्मा मार्ग-समान् कउन् छ थिर यश् भै धर्म मिल्न्या अरू॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अति असल नयाँ यो रानिवाट् बन्न आयो,
सुखसित सब लोक्ले गण्डकीस्नान पायो ।
बडनदि तँहिँ सङ्गम् गण्डकीस्नानलाई,
अति असल छ वेणी शास्त्रमा नै बताई ॥३॥

वैकुण्ठ पर्वत् तँहिँ पछि जाँदा,
जल् सुन्दरी मिल्दछ ताँहिँ खाँदा ।
दीर्घायु यस्ता प्रभुको हओस,
यो मार्गको कीर्ति सदा रहोस ॥४॥

पाल्पाको पनि तानसेन् सहरमा नारायणै छन् जाँहाँ,
तिन्का पूर्व तरफ् तलाउ छ ठुलो मेरो त घर् हो ताँहाँ ।
बाबाको दिननाथ नाम छ ठुलो छोरो उनैको त हुम्
मेरो नाम् छविलाल् भनेर बुझ्नू नेपाल थर्को म हुम् ॥"

तनुङ - चुँदि - रम्गाका हरिकृष्णका रुद्रीका पुस्तकमाँ लेखिएको छविलाल्ले बँनाएको श्लोक –

'पाल्पाको छविलाल् पढू भनि चुँदी आई बस्याको थिञ्याँ,
यो रुद्री हरिकृष्णलाइ अहिले माफीक लेखी दिञ्याँ ।
ह्रस्वो दीर्घ सकार सार अधिको पुस्तक् सरी नै छ यो,
एस्मा शुद्ध अशुद्ध सोद अरु थैँ मैले त एस्तै भयो ॥'

बुज्दा हरिकृष्ण भन्नि मेघनाथकै आर्को नाम हो भनि कोइ भञ्छन; जस्लाइ कवि भानुभक्तले 'ढ'-बाट उठि 'ढ'-माँ नै बस्नि एक्काइस श्लोक बँनाइदिएका थिए । कोइ हरिकृष्ण भन्नि मेघनाथका भाइ थिए पनि भञ्छन् ।

छविलाल् चौहत्तर बर्षका उमेरमाँ परलोक-भएका रछन् । १९०५ संवत्को जन्म १९७९ संवत्को मरण रछ । यो कुरा निज पद्मराज नै भन्थे ।

धन्यै हुन् छविलाल पण्डित पनी ओस्ताज एक् पद् दिया,
भानूका-कविता-रसज्ञ इ रछन् तेस्ले जनाई दिया ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरी त्यो "बितिगैगया" पद दिई मन्खत् बितेमाँ लिया,
जान्न्या हुम् भनि गर्व कत्ति नलिई साना भयाका थिया ॥

उक्त सबै कुराको विचार गर्दा 'भानूभक्त भनी' इत्यादि श्लोकका आधारमाँ भानुमाँ खोट लाँउन मिल्दैन । कदाचित् यो श्लोक भानुले नै रचेका भए पनि उत्तम पुरुषको प्रयोग नगरि प्रथम पुरुषको प्रयोग गरेबाट आत्मश्लाघा पनि उस्तो झल्किँदैन । तेसले पनि उनका उपर् यसबाट श्रद्धा घट्न जान पर्नि कुरा छैन ॥

फेरि ब्रह्मसम्सेरजिले भानुको बालाजिको कविताको विमर्शमाँ भन्नुभएको छ— "उस्माथि ऊन् असल सुन्दरि एक् नचाऊँ" भन्नि पद सुन्दा अलि अनौठो लाग्छ । माथि भने सरह उच्च र शुद्ध विचार भएका कविले सुन्दरीको नाँचमाँ रुचि देखाँउनु केवल् नसुहाउनि हो । उनले आँफ्नो विलासि कामनाको प्रभाव नजनाइ खालि इन्द्रका सभाको तस्बिर सम्म खिचेका होलान्, जुन कुराको अनुमान यस पछिको पद 'खैँचेर इन्द्रकन स्वर्ग तहीँ बनाऊँ'-बाट लिन सकिञ्छ तापनि हाँम्रो कविताको विचारमाँ केइ क्लेश पार्दछ ।"

तर ब्रह्मसम्सेरजिले भन्नु भए पनि तेसबाट कविमाँ विलासिताको झल्का मात्र पनि देखिँदैन । किनभने तलाउ, माछा, वन, बगैँचा, बाँस, लहरा, झुलि, तिनमाँ बस्नि बोल्नि राँम्रा चरा, बजार, पाहाडका अपेक्षाले राँम्रा घर हुँदा यदि याँहाँ सुन्दरीहरु पनि भए त स्वर्गका इन्द्र पनि आइ वस्न लायकै हुनि थियो भनि बालाजिस्थलको महत्त्व देखाएको मात्रै देखिञ्छ । किनभने स्वर्गमाँ रम्भा तिलोत्तमा उर्वशी-आदि नाम गरेका अप्सरा -(स्वर्वेश्या)हरु छन् भन्नि कुरा र उनिहरुका कथाहरु पनि वेदमाँ र पुराणहरुमाँ पनि प्रसस्त पाँइञ्छन् । भानुले "नचाऊँ" "बनाऊँ" भन्नि उत्तमपुरुषको

---

कबि भानुभक्त, प्रि० १३-१४ । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग पनि गरेको बुजिँदैन । "नचाऊ" "बनाऊ" भन्नि मद्ध्यमपुरुषको प्रयोग मान्दा अर्थमाँ बर्ता शिष्टता पनि आँउँछ । अथवा एस कवितामाँ केइ विलासिपना झल्केको मानेमाँ पनि मौका-अन्सार् विलासिपनाको झल्का दिनि कविता लेख्नु विचार-शील समालोचकका दृष्टिमाँ कविको कुनै दोष पनि ठह्रदैंन ।◆

पुनश्च ब्रह्मसम्सेरजिले वधूशिक्षाका उपर्माँ तल लेखेको कुरा भन्नुभएको छ---

"कविको जस्तो खुला स्वतन्त्र मनवाट एस्तो उपदेश निक्लेकामाँ केइ अनौठो लाग्छ । एस शिक्षामाँ पत्नी तथा स्त्रीलाइ स्वतन्त्ररूप भनेको एक छेउ पनि दिएको छैन । "भक्तीले पति ईश्वरै भनि बुझुन्" "स्त्रीको खालि निधार् कदापि नरहोस्" "सासू-ससूरा-पती, जे भन्छन उहि गर्नु छैन अरु ता सन्सार तर्न्या गती" "सब धन्दा सकि सासुको पाउ मिच्नु, अनि पतिको टहल् गर्न जानु" "आर्काका घरमा नजानु कहिल्यै आफ्नै घरैमा बसी" "यहि रित सित जो स्त्री नित्य रब् काम गर्छन्, उभयकुल सँगै ली ती सहज् पार तर्छन्" इत्यादि गन्थन्ले परिपूर्ण छ ।"~

तर ब्रह्मसम्सेरजिले एसो भने तापनि वधूशिक्षा गन्थन हैन, तेस ग्रन्थमाँ दोष केइ छैन । भानुभक्तले स्त्रीलाइ स्व-तन्त्रता दिएनन् भन्नि दोष ब्रह्मसम्सेरजिले देखाँउनु भयो । तर सबै कुरामाँ युग-अन्सार्को उपदेश हुन्छ । भानुभक्त उपाद्ध्याय ब्राह्मण र उनका मित्र पनि उपाद्ध्याय ब्राह्मणै हुनाले उनकि बुआरिको चाल ठिक नदेख्ना तेस मौका सद्विप्र-कुलमाँ वधूहरुको जुन चालचलन उच्च देक्खिन्थ्यो, तेइ भानु-

---

◆एस बिसयमाँ काव्यमिमाम्साको सप्ठ अद्ध्यायको "प्रवक्रमापन्नो नि-बन्धनीय एवायमर्थ इति यायावरीयो यदिदं श्रुतौ शास्त्रे चोपलभ्यते" इत्यादि सन्दर्भ विचारणिय छ । -स० ।

~ कवि भानुभक्त, प्रि० २८-२९ ।-स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तका मनमाँ आयो उनले तेइ लेखे।उक्त उपदेश लेख्ता बेलायत-र-अमेरिकाका मिम्को र तिब्बत-र-चिनका भोटिनिको चाल-चलन भानुका मनमाँ आएन । हाँम्रै देशमाँ पनि ब्राह्मण-देखि अन्य जातका स्त्रीहरुको चालचलन सारै मनमाँ आएन होला । फेरि हिजो आज झैँ इ स्त्रीलाइ स्वतन्त्रता दिइ अट्ठार-बिस-वर्षका मस्त तरुणी स्त्रीहरु लोग्निलाइ अन्यत्र छोडेर अमेरिका-रुस-आदि विदेशमाँ गै त्याँहाँका विद्यालयहरुमाँ भर्ना भै पड्नि कुरा उस मौका सबै नै जातमाँ अत्यन्तै परित्याज्य भएको कुरा सबैलाइ थाऱ्हे छ । भनाइ के त भने, कविले ब्राह्मणका वधूलाइ नै लक्ष्य गरेर शिक्षा लेखेको शिक्षा-पद्धतिले नै देखिएको छ, हाँम्रा भारतवर्षका द्विज-स्त्रीहरुका लागि हाँम्रा पूर्वाचार्य मनुमहाराजले भनेकै छन्— "पिता रक्षति कौमारे भर्ता रक्षति यौवने । पुत्रश् च स्थाविरे भावे न स्त्री स्वातन्त्र्यमर्हति ॥" (९/३) । [स्त्रीलाइ तबाल्यावस्थामाँ बाउले अधीनमाँ राख्नु, यौवन-अवस्थामाँ लोग्निले अधीनमाँ राख्नु, वृद्धावस्थामाँ छोराले पनि अधीनमाँ राख्नु, स्त्रीलाइ स्वतन्त्र कुनै अवस्थामाँ पनि छोड्न हुँदैन भन्नि उक्त श्लोकको भनाइ हो ]। शास्त्र पनि एस्तै भएको र चल्ति पनि तेइ भएका युगमाँ भानुभक्तले स्त्रीलाइ स्वतन्त्रता दिएनन् भन्नि कुरामाँ अनौठा मान्न पर्नि कुरो कत्ति पनि देखिँदैन ।

फेरि—

"झट् पट् स्नान गरेर शुद्ध जलले सब् देह निर्मल् गरी,
जस्तो पुग्दछ सोहि माफिक असल् धोती कटीमा धरी ॥"

यो शिक्षा राजाका रानि र सेठ्का स्त्रीलाइ मिल्दैन, किन, प्रातः स्नान गरेर थोत्रो-मोत्रो नै भए पनि धोए-पछारेको पवित्र धोति पैरि गृहधन्दा गर्नि कुरो विप्रपत्नीमाँ मत्रै मिल्छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि—

"माटो पानि खराउ औछन रुमाल् धोती दतीउन् धरी,
स्नान् गर्न्या अखडा जहाँ छ उहिँ गै राखुन् तयारी गरी।",

एसले पनि भानुको वधूशिक्षा विप्रवधू-प्रधान हो भन्नि कुरा देखाएको छ। विप्रपत्नीलाइ स्वतन्त्रता औले त स्वाँउन गारो छ, उस मौकाको के कुरा ?

"भक्तीले पति ईश्वरै भनि बुझुन्" यो भनाइ पनि ठिक छ; किनभने— "गुरुरग्निर् द्विजातीनाव्ँ वर्णानाम् ब्राह्मणो गुरुः। पतिरेको गुरुस् स्त्रीणां सर्वस्स्याभ्यागतो गुरुः।" भन्नि शास्त्रको भनाइ छ। (ब्राह्मणका मान्न्य अग्नि हुन्, अरु जातका मान्न्य ब्राह्मण हुन्, स्त्रीको परममान्न्य पति नै हो, सब जातको मान्न्य पाँउनो हो भन्नि उक्त वचनको अर्थ हो)। यो पनि सबै आर्यले मानेको शास्त्र हो।

स्त्रीजातिका शरीरैका प्रकृतिले गर्दा चौद-पन्द्र वर्षदेखि छोराछोरि पाँउन थाल्नि, शरीर निजर हुनि, छोराछोरिहरुको पोषण आँफ्नै शरीरका दुदले गर्न पर्नि, विवाह नै नगरि बार-तेर वर्षदेखि चौबिस-पच्चिस वर्षसम्म गुरुकुलमाँ पड्न जाँउन् भने पनि तिन्लाइ पडाँउनि गुरुलाइ नै अजेय कामदेवको भय भै आखिर काँम ठिक नहुनि, एस्तो प्रकृति परेकाले र छोराछोरिहरुको दिसा-पिसाब धुनु, थाङ्ना सफा गर्नु, समय-समयमाँ आठ-नौ वर्षसम्म बालखलाइ पनि खाँन दिइराख्नु, इत्यादि काँम पनि स्त्रीजातिले नगरि नहुनि हुनाले स्त्रीजातिलाइ गुरुकुलमाँ बसि पड्न र परदेश हिँण्न सत्-सङ्गत गर्न, ज्ञान सिक्न, तीर्थ जाँन, स्वतन्त्र जप-होमादि गर्न समेत नमिल्नि हुँदा सबै सत्कर्मको सट्टा तिनिहरुले पतिले गर्नपर्नि काँममाँ सहायक हुनु, खूप भक्तिले पतिको सेवा गर्नु, त्यो गर्नाले उपर्युक्त अन्य पनि सम्पूर्ण सत्कर्म गरेको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फल पाँउछन्, परत्र तेसैले सप्रञ्छ त्यो पतिसेवा नगरि अरु सत्कर्म गरेको फल छैन भन्नि शास्त्रकै आशय भएकाले भानुभक्तले शास्त्रानुकूल कुरो लेखेका हुन् । "पतिन् त्वपतितम् भजेत्" (स्त्रीले पतित नभएको आँफ्नो पुरुष जस्तो भए पनि तेस्को सेवा गर्नु) इत्यादि शास्त्र थिए, छँदैछन् । "कुलद्वयन् तारयति पतिव्रतपरायणा" (पतिव्रता स्त्रीले भर्तृकुल र पितृकुल दुअै तार्छन् ) । "कुलत्रयं पुनात्यत्र भर्तारयूँ याऽनुगच्छति" (सतीजानि स्त्रीले पितृकुल, मातृकुल, भर्तृकुल स्वर्ग लैजाञ्छन्) इत्यादि शास्त्रोक्त कुरामाँ पूर्ण विश्वास लिएर यौवनवती स्त्रीहरुले पनि मरेका वृद्ध पतिका दुर्गन्धि लासका साथ बाँधिइ कस्सिएर सती भै मर्नु इस मौका महापूज्य र परत्रमाँ ठुलो सुख दिनि कर्मका रूपमाँ लोकमाँ प्रचलित समेत थियो । ऐले पनि त मरेका पतिलाइ प्राणै नचडाए पनि आँफ्ना शरीरको अति प्यारो शृङ्गार-भूषणादि चडाँउदै आँफु विरूप भै बस्तैछन् भने उपर्युक्त प्रचलन भएका उस मौका भानुभक्तले "भक्तीले पति ईश्वरै भनि बुझुन्" भनेकामाँ तेस्तो शास्त्रलोकसम्मत वाक्क्य कसरि गन्थन हुञ्छ ? अबका युगमाँ कसो होला, उस मौकालाइ त्यो महावाक्क्य हो, गन्थन हैन । आर्ष-शास्त्र-सम्मत एस कुराको औचित्यानौचित्य कुनै कालका निमित्त पनि एकछिनका वा दुइ-चार-दस-आठ पुस्ताका विचारले मँत्रै एसै हो भनेर ठोक्कुआ गर्नु पनि कतिसम्म ठिक होला त्यो पनि विचारणियै कुरा छ ।

"स्त्रीको खालि निधार् कदापि नरहोस्" यो पनि राँम्रो वाक्क्य हो । किनभने शरीरमाँ शृङ्गार नगरेका मैला स्त्रीले बँनाएको खाँन घिन लाग्नि मत्रै हैन, तेस्ता स्त्रीले घरमाँ विशोभा पनि हुञ्छ; कुलच्छिन जस्तो देखिञ्छ । मनुले पनि स्त्रीशिक्षा - प्रकरणमाँ भन्नुभएको छ— "स्वयञ् च मण्डिता नित्यङ् गृहकर्माणि कुर्वती ।" (गृहकर्म गर्दि स्त्री आँफु



Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि भूपित रहोस् भन्नि तेसको अर्थ हो)। एसैलाइ सम्झेर भानुभक्त कविले सफा-सुग्घर र भूपित भै वधूहरुले धन्ना गरुन् भन्नि आशयले "स्त्रीको खालि निधार् कदापि नरहोस्" यो अत्यन्तै ठिक वाक्क्य लेखेका हुन्, गन्थन हैन।

"आर्काका घरमाँ कैलेइ नजानु" "सासू-ससूरा-पती जे भऱ्छन् उहि गर्नु छैन ३ रु ता संसार तर्न्या गती" "सब् धन्दा सकि सासुको पाउ मिच्नु, अनि पतिको टहल् गर्नजानु" "यो शिक्षामाँ लेखिए-बमोजिम् काम गर्नि स्त्रीहरु भर्तृकुल र पितृकुल दुऐलाइ तारि आँफु पनि सजिलै तर्छन्' भन्नि शिक्षा-लाइ गन्थन भन्नु भएकामाँ तल केइ लेख्छु।

डाक्ता र काँमपर्दा पनि आर्काका घरमाँ जाँदै-नजाँनु भन्नि कविको आशय हैन, विकाममाँ नजाँनु भन्नि नै हो। बिकाँममाँ त आँफ्नो घरको इलिम् छोडेर आर्काका घरमाँ लोग्नि मानिस त जाँन ठिक छैन स्त्री नजाँनु भन्नि कुरा कसरि अनौठो वा गन्थन हुऱ्छ र ? त्यो उपदेश ठिक छ। बिना-काँम ओल्ला पल्ला घरमाँ गै डोकानडालाका कुरा-गरेर समय खेरा फाल्नि आँफ्ना र अर्काका पनि घर बिगानि आइमाइहरु लोकमाँ ठाँमठाँममाँ देखिऱ्छन; तेसैले कविले तेस्तो कुलत छोड्न प्रेरणा दिनै यो उपदेश गरेका हुन। तस्र्थ यो उपदेश अत्यन्त महत्त्वपूर्ण छ।

शास्त्रको जडै उखेलेर शास्त्रै नमान्नि हो भने जनै पो किन चाय्यो र ? शास्त्रको मर्यादा राख्नि पक्षमाँ त जस्तो शुद्रले अरु सत्कर्म गर्न केइ पर्दैन, ब्राह्मण, क्षत्रिय वैश्य इ तिन जातको परिचर्या गरे तर्छ भन्नि शास्त्र प्रसिद्द छ; तेस्तै स्त्रीजातिलाइ ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम, स-न्न्यासाश्रम इ चार आश्रमको स्वतन्त्र रूपमाँ क्रमैसँग सेवा गर्नि कुरो र ज्ञान-योग इत्यादि समेत उक्त कुरा केइ चाँइ-दैनन्; शरीरका स्वभावले ति कुरा गर्न पनि सकृतैनन्; तसर्थ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँफ्ना पतिको पूर्णतया सेवागरि पतिव्रता हुनु नै आइमाइको तर्नि साधन हो भन्नि शास्त्र प्रशस्त पाँइनि र निर्विवाद समेत हुँदा उस जमानामाँ द्विज-स्त्रीजातिलाइ कविले शिक्षा दिँदा – "यस्तो ज्ञान् मनमाँ लिईकन रहुन् सासू-ससूरा-पती जे भञ्छन् उहि मान्नु छैन अरु ता सन्सार तर्न्या गती॥" यो भन्नु सबैले मानेको शास्त्र-सिद्धान्त-अनुसार्को व्यवहारमाँ मिल्नि कुरो पो थियो, काँहाँको गन्थन् हुन्थ्यो। फेरि एउडा ज्याँमि हुञ्छ त पनि नाइकेले जे-जे अरायो तेइ-तेइ मान्यो भने तेसको काँमको उन्नति चाँडो हुञ्छ। बुआरिले कसलाइ नाइके मानेर काँम गर्नि ? सासु-ससुराले जे भञ्छन उहि नमानेर एकथोक भञ्छन् आर्कोथोक गरेर बुआरिलाइ कल्याण त हुँदैन। तसर्थ सासु-ससुरा जे भञ्छन् उइ मान्नु भन्नि कविको शिक्षा तेस्ता सासु-ससुरासँग बाज्नि बुआरिका प्रसङ्गमाँ लेख्ता पूरा काँमदिनि राँम्रो कुरो देखिञ्छ, तेसलाइ बिकाभि गन्थन् भन्न सकिँदैन।

फेरि—

"हाँस्नूछैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्,
वेश्या लौ नहउन् तथापि घरको काम् ता सबै नास्तछन्।
एक्लै हाँस्न हुदैन कोइ नभई आर्को सँगी भो जसै,
हाँस्तैमा दिन जाञ्छ एहि रितले सब् काम बित्छन् तसै॥"

यो श्लोक लेख्ता कवि आँफ्ना कोठामाँ कविता गर्न लागेका मौका कविपत्नीले पैलो एकपाउ लेखेपछि हात सँमातेकि रछन् भन्नि कुरा पनि ब्रह्मसम्सेरजिले लेख्नुभएको देखिञ्छ।✒ तर यो श्लोक आँफ्ना घरमाँ बसेर लेखेका हैनन्, पत्नीले हात समातेको कुरा पनि हैन। मित्र तारापतिका पिँडिमाँ

---

✒ कवि भानुभक्त, प्रि० २२। -स०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रिमाँ लेख्ता त्याँहाँ कविपत्नी नै थिइनन्, कताबाट हात सँमा-तेको कुरा हुन्थ्यो । कुलका स्त्रीले हाहा-र-हिहि गरि खित्का छोडि हाँस्नि कुरो ठिक हुँदैन, तेस्तो वेश्श्या गर्छन् भन्नि कुरो कविका मनमाँ आँउनि बित्तिकै—

'हाँस्नूछैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्"

भन्नि पाउ लेखिहाले; तेसपछि 'हाँसो ज्यादा गर्नु ठिक न-भए पनि वेश्या हुनि आशयले मात्र नारिहरु हाँस्नि हुन् भन्न त अल्लि ठिक परेन' भन्नि कुरा कविकै मनमाँ आइ आर्का पाउमाँ सुदारेर हालेछन्—

"वेश्या लौ नहउन् तथापि घरको काम् ता सबै नास्तछन्"

हाँस्तैमाँ काँमै नासिञ्छ र ? हाँस्तै गर्दै गरे पनि त काँम हुञ्छ भन्नि तर्कले गर्दा अञ्जै कविजिको मन रमाएनछ र फेरि दुइ पाउ थपेर सुदारेछन्—

"एक्लै हाँस्न हुदैन कोहि नभई आर्को सँगी भो जसै,
हाँस्तैमा दिन जाञ्छ एहि रितले सब् काम बित्छन् तसै ॥"

तेति भएपछि कविको मनले पनि भैगो नै भनि श्लोक कायमै राखि छाडेको कुरा श्लोकका रूपबाट पनि बुजिञ्छ।

वधूशिक्षाका श्लोकहरु शास्त्रको- आशय-अन्सार्का व्यवहारमाँ मिल्नि, पदन्न्यास-र- वाक्क्यहरुको शैली पनि अत्यन्त सुन्दर भएका अमृत-सरिका छन् । तेसैले विप्र-पत्नीहरु अझै पनि ताना मिलाइ राँम्म्रा स्वरले रसूले बार-म्बार् इ श्लोकहरु भनिरञ्छन । एस्ता धर्मपथ-प्रदर्शक पद्यले भूषित भएको वधूशिक्षा-ग्रन्थलाइ पनि गन्थन्ले परिपूर्ण छ भनि ब्रह्मसम्सेरजिले भन्नुभएकामाँ सारै अनौठा लाग्यो, चित्त बुजेन; वाँहाँले एस विषयमाँ राँम्ररि गैरिएर विचार गर्नुभएको रइञ्छ ।

—:—



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुभक्त प्रति विष्णुमायाको क्रियाकलाप

(भानुभक्तको भाषाको अनुपालनको आवश्यकताको स्पष्टीकरण समेत)

कवि भानुभक्तकि नाँतिनि विष्णुमायाले आँफ्ना जिबाउका कविता पाएसम्म सबै जम्मा गरि रमानाथका कविता समेत राखि छपाँउनु- भएकामाँ भानुभक्तले बँनाएका पद्य पनि रमानाथले बँनाएका पद्य भन्निमाँ परेका छन्; साथै छन्दशशास्त्रादिको शिक्षा नपाएकि हुनाले बाउ-बाजेको महत्त्वसम्म जान्नि भए पनि श्लोकमाँ छन्द(वृत्त) मिले-नमिलेको नजान्नि, कवि भानुभक्तले रचेका रामायणैमाँ समेत अपभ्रंश (अक्षर-मात्रा-विकार) हुँदै गै श्लोक बिग्रिसकेका कुराको केइ विचार राखन नसकनि हुँदा कच्चा सम्पादक-प्रकाशकले जस्तो-जस्तो छपाए तेसैको अनुसरण गर्नु भएकाले जताततै श्लोक बिग्रेका छन् र भानुभक्त- रमानाथ - मद्ध्ये कुनैले पनि नबँनाएका कस्का- हुन्- कस्का, आँफ्नु मुखमाँ आएका जति श्लोक कोइ रमानाथले बँनाएका भन्नि कोइ भानुभक्तले बँनाएका भन्नि समेत गरि अण्डबण्ड गर्नु भएको छ तापनि वाँहाँ अपठित स्त्रीजाति हुनाले वाँहाँलाइ दोष दिँइँदैन । आँफ्ना जिबाउ तेस्ता महापुरुषको कवितालाइ खर्चसमेत आँफैले जुटाइ विना-मूल्य वितरण गरि लोकको उपकार गर्नु भएकामाँ वाँहाँलाइ सहस्रशः धन्यवाद छन् ।

तर जान्नि महाशयहरुले उपर्युक्त कुराको विचार राखि श्लोक बिग्रिसकेका ठाँमगाँ बुद्धि पुऱ्याएर पुराना लेखोटसित रुजु समेत गरि मिलाँउन सपार्न पनि पर्छ । विचार पूरा नभएका सम्पादकहरुले र प्रकाशकहरुले समेत थप- घट अदल- बदल गर्दागर्दै धेरै श्लोकमाँ अक्षर- मात्रा बिग्रिसकेका छन् र कतै पदै पनि आकैं हालिसकेका छन् । कतै त हिरामाँ काँच घुसाएजस्ता आद्रिहरु क्षेपक गरि घुसा-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एका पनि छन् । यो कुरा पुराना छापा र हालका छापा हेर्दा पनि केइ थाहा हुन्छ । लेखोट र छापा भिड्याए यो कुरा राँम्ररि बुजिन्छ । पुराना छापामाँ उस मौकाका बोलचाल-अन्सार्का मात्रा छन्, हाल्का छापामाँ न ऐलेको बोलि शुद्ध छ न त अगिको बोलि कायम छ । ऐलेको-बोलि-अन्सार् गर्नभन्दा उस मौकाको बोलि नै कायम गर्न पर्छ । किनभने उस मौकाको बोलि पनि ऐलेसम्म बुज्दैनबुजिनि केइ भएको छैन र कविजिले जस्तो बँनाउनु-भएको थियो उस्तै कायम राख्न ठिक पर्छ ।

कवि भानुभक्तका पाला 'गऱ्या, भन्या, रह्या, हिँड्या मकन' एस्ता शब्द भाषामाँ बोलिँदा रछन् र प्रायः तेस्तै शब्द कविले प्रयोग - गरेका छन् । हिजोआज ति शब्द 'गरे, भने, रहे, हिँडे मँलाइ' एस्ता रूपमाँ बोलिन्छन् तापनि मकन भनेका ठाँममाँ मँलाइ भन्दा त छन्दै (वृत्त नै) बिग्रनि भयो, त्यो बदलिएला भन्नि त सम्भावना नै छैन; 'गऱ्याँ हिड्याँ' इत्त्यादिका ठाँममाँ 'गरेँ हिडेँ' भनि एकारान्त पारिदिए पनि र तिम्रा इत्त्यादिका ठाँममाँ तिम्म्रो इत्त्यादि गरिदिए पनि छन्द (वृत्त) र अर्थ नबिग्रिनि हुँदा बदलि छापुन थालेका छन् । जस्तै—

"कोहीं वर्पनि आँउदैन गरु वया यौवन् त तिम्रो भयो ।"

उस मौकाको बोलि 'तिम्रा भयो' अथवा 'तम्म्रा भयो' भन्नि थियो । पुराना छापामाँ एस्तै छापिएको थियो ! हाल-

---

एस बिसयमाँ सुर्य बक्कम ग्यँमालिजिले भानुस्मारक ग्रन्थका उत्तरार्दमाँ छपाँउनु भाको 'भाँनुभक्तको रामायण- बालकाण्डको नबिन पाठ' र भाँनुदर्सन [काठमाण्डु]का अङ्कहरुमाँ सिबराज आचार्यबड प्रस्तुत भाको भाँनुभक्तकित भासा राँमार्यणको सम्भावित सुद्द पाठ १-५ काण्ड, पँनि पठनिय छन् । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का छापामाँ बदलि "तिम्रो भयो" एस्तो छापिएको छ त पनि तेसो गर्न पनि योग्य छैन । कविले जस्तो लेखेका थिए उइ कायम राख्न पर्छ । गम्भीर र राँम्रो पनि तेइ हुन्छ ।

पुस्तकमाँ छापिएर मुलुकमाँ प्रचलित भैसकेका शब्द अब उप्रान्तका कविले पनि पुरानु भाषा भनेर शङ्कित हुन पर्दैन । लोकले निरन्तर गाएर हिँडेकाले प्रचलित ठअर्छ । व्यवहारि बात गर्दा र लेखापढिमाँ समेत 'गऱ्याँ, हाऱ्याँ, हिड्याँ' भन्नि बोलि हराइ गरेँ, हारेँ, हिडेँ एस्तो मात्र प्रायः बोलिऱ्छ तापनि श्लोकबद्ध भाषाहरुमाँ त आदिकविले प्रयोग गरेकामाँ पुरानै आकारान्त शब्द नै ठाँम- अन्सार् प्रयोग गरेकामाँ मँलाइ त अच्काल्का प्रयोग पनि मन् राँम्रो लाग्छ, आदिकविकै प्रयोगको त मन् कुरै गर्न परेन; जस्तै आकारान्त शब्दहरु प्रयोग गरेको श्लोक—

"लङ्का यो जितिसक्नु छैन अहिले इन्द्रादिले ता पनी,
बानर् पो तिनि ह्वौ त क्या गरु कुरो यो स्थान् जितौला भनी।
सीताजि अहिले हऱ्याँ त मजिले श्रीरामकी पो हऱ्याँ,
भाई ह्वौ मितका विरोध् नगर यो तिम्रो विराम् क्या गऱ्याँ॥"

तिनै शब्द एकारान्त गर्दा श्लोक —

"लङ्का यो जितिसक्नु छैन अहिले इन्द्रादिले ता पनी,
बानर् पो तिमि ह्वौ त के गरु कुरो यो स्थान् जितौला भनी।
सीताजी अहिले हरेँ त मजिले श्रीरामकी पो हरेँ,
भाई ह्वौ मितका विरोध् नगर यो तिम्रो विराम् के गरेँ॥"

इ दुइ श्लोकमाँ अर्थमाँ र छन्द- [वृत्त]माँ फरक कत्ति नभए पनि आकारान्त राखेकै श्लोक पट्टि अलिकवि गुरुत्व र बर्ता रमणीयता पनि मेरा मनमाँ भान पर्छ; के भएको हो कुन्नि ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानु प्रति ख० बाबुराम आचार्यका मनाइ

(भानुभक्तको संस्कृतव्याकरणज्ञानको तथा भक्तमालाका संस्कृतानुवादको विमर्श समेत)

ख० बाबुराम आचार्यले "भानुभक्तले व्याकरणविषयक शिक्षा पूर्ण लिन पाएको देखिँदैन। उनका हस्ताक्षरमाँ "राधादामोदरः प्रीयताम्" र "सम्वत्" इ दुइ पद अशुद्ध लेखिएका छन्"[1] भनेका छन्। तर 'राधादामोदरः प्रीयताम्' यो पुराना पुस्तकमाँ लेखिएको शिष्टप्रयोग भानुले सारेका हुन्। उनले एस प्रयोगको आँफ्नै रचनागरेका हैनन्। त्यो पद शिष्टले प्रयोग-गरिराखेको शुद्ध पनि हो। कसरि भने, 'राधया सहितो दामोदरः' भन्नि एस विग्रहमाँ "समानाधिकरणाधिकारे शाकपार्थिवादीनामुपसङ्ख्यानमुत्तरपदलोपश्च" एस वार्त्तिकका प्रामाण्यले त्यो पद पूर्ण शुद्ध ठअर्छ।

"सम्वत्" का विषयमाँ विचार गर्दा तलका कुरामाँ पनि ध्यान दिन पर्छ। कवि भानुभक्त संस्कृतका विद्वान् मत्रै हैनन्, उनि खर्दारका छोरा र रकम-कलम् पनि जानेका माञ्छे हुँन् र उनका गाँम-घरमाँ र जिल्लामाँ सबैले उनलाइ खर्दार नै भन्थे। उनि रकमिका छोरा र उस मौकाका अड्डाखाँनामाँ र गाँम-घरमाँ परि-आएका अँइँन्-सबालको रित पुऱ्याइ लेख्न पनि कागत लेख्न र काँमहरु गर्न जान्नि, हँसिला, आर्काको गर्ज टार्नि, आँफुले गरेर हुँनि काँम आर्काको पनि गरिदिनि, घरमाँ पूर्ण बन्दबस्त भएका, आँफ्ना बन्धुले र जिल्लाका अरु मानिसले पनि मानिएका माञ्छे थिए। किंवदन्ती मँत्रै हैन, उनका लेख-पत्रैबाट पनि यो कुरा झल्कञ्छ। उनि स-

---

[1] पुराना कवि र कविता, ने. भा. प्र. स. द्वि. सं. २०१७: पृ० ११४। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बैको लेखापडि समेतगरिदिन्थे। लौकिक व्यावहारिक लेखापडि गर्दा शुद्धाशुद्धको वास्तै नगरि अपठित रकमिले व्यवहारलाइ मात्र लक्ष्य गरि लेखे झैं लेखनि उनको हात बसेको बुजिञ्छ। कालु जैसिसँगका भानुभक्तका हस्ताक्षरका तम्सुकमाँ "लेषक साक्षी" "सम्वत्" एस्तो लेखिएको छ। साधुरामसँगका भानुका हस्ताक्षरका तम्सुकमाँ "यस पत्रका साक्षि" "संवत्" एस्तो लेखाइ देखिञ्छ। तुलसीपूजामाँ 'शुभं भूयाल्लेखकपाठकयोः' एस्तो लेखेका छन्। त्याँहाँ 'ख' लिपिकै प्रयोग छ, 'ष'-लिपिको प्रयोग गरेका छैनन्। १९१९ संवत्का चिठिमाँ "वैशाष" एस्तो छ। अतः तुलसीपूजाविधि लेखिसके-पछि मितिलाइ भाषा नै सम्जि रकमि लेखाइमाँ छाडा भैसकेका कविजिका हातले चल्ति-अन्सार् "सम्वत्" लेखेको बुजिञ्छ। कविजिको महाबौद्धका घरको उनका पिता ख० धनञ्जयका नामको लाल्मोहोर्माँ पनि "सम्वत्" एस्तो लेखिएको देखिएको छ र अन्त पनि ठाँमठाँमै पुराना रकमि लिखतमाँ देखिञ्छ। तसर्थ "सम्वत्" एस्तै लेखाइ चल्तिमाँ चलेको बुजिञ्छ। कविजि रकमिसरअका पनि थिए। जस्ले सबै रकमकलमको काँम गरि बाउलाइ लागेको बाँकिमाँ तेत्त्रो मालको स्रेस्ता भिड्याइ कुमारिचोक फर्योट-गऱ्यो, जस्ले आँफ्ना सम्पतिमाँ दाबा गर्नि गिरिधारि-जस्ताहरु-सबलाइ निसाफ्बाट हरायो, उसबाट रकमिचालको लेखाइ लेखिनु स्वाभाविक छ। उनि रकमि लेख इष्टमित्त्रहरुको समेत गरिदिनि वाला हुन्। कविजि रकमि जस्तै पनि भएकाले नै तेस्तै लेख्नमाँ हात बसेकाले तेसो भएको मत्त्रै हो; संस्कृत-व्याकरणको राँम्रो ज्ञान नभएर त्यो पद अशुद्ध लेखेका हैनन्। जस्ले गम्भीर संस्कृतमाँ लेखिएको अद्ध्यात्म-रामायणको आत्मनिरूपण-जस्तो विषयको अर्थ चुनेर झिक्यो, उसलाइ सँस्कृत-व्याकरणको राँम्रो ज्ञान नै नभएको भन्न हुञ्छ र ?✓

✓ भर्जन्म इत्यादि दुइ पद्यका बिसयमा बाबुराम आचार्यले उठाउनुभएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि, कवि भानुभक्तले लेखेका भक्तमालाका आदिका पन्द्र श्लोकको अनुवाद पाल्पाका पण्डित दुण्डिराजले गरेको हो भनि पाल्पाका प० अखिलनाथ नेपालबाट मैँले पाएको भनि इतिहासशिरोमणि खर्दार बाबुरामले "पुराना कवि र कविता" भन्नि पुस्तकमाँ लेख्नु भएकामाँ ति पन्द्र श्लोकको अनुवाद गरेको पाल्पाका दुण्डिराजले नभै कवि भानुभक्तका साँइला बाउ पद्मनाभका नाति पण्डित विश्वनाथले होला भन्न सकिन्छ। किनभने, दुण्डिराजले तेस्ता गम्भीर पद सुन्दरताका साथ राखि अन्यत्र पनि संस्कृत-श्लोक-रचना गरेको देखिन्छ भने उनले अनुवाद गरेका हुन् कि भनि अलिकति तर्क लिन हुन्छ। तेस्तै सुन्दर कृति उनको अन्यत्र केइ देखिँदैन भने उन्ले भक्तमालाको समानवृत्तमा पद्यबद्ध अनुवाद गरेका अवश्य हैनन्।

पण्डित विश्वनाथको त राँम्रो उक्ति भएको भाषा-श्लोक पाएपछि फुर्सद-लहडमाँ समानवृत्तमाँ अनुवाद गर्नि स्वभाव र ल्याकत थियो। वाँहाँले भानुभक्तको वधूशिक्षाको पनि केइ अनुवाद गरेको छु भनि केइ श्लोक मुखै भनेर मँलाइ सुनाँउनुभएको थियो। मैँले सुने पनि उस मौकाका बुद्धिले तेसमाँ केइ आवश्यकता नदेखि ति श्लोक सारेर राखिनँ। वाँहाँले भन्दैमाँ एकपाउ शार्दूलविक्रीडित मँलाइ उसै मौका मुखमाँ चडेको अजै आँउदै छ। त्यो "हास्नूछैन कदापि नारिहरुले वेश्या हुन्या हास्तछन्" एस्को पण्डित विश्वनाथले गरेको अनुवाद— "हास्यं नैव करोतु जातु वनिता हास्याद् भवेत् स्वैरिणी" हो।

---

समस्याको समाधान 'भानुभक्त र वाँसि : थप विवेचना' भन्नि परिसिस्टमाँ हेर्नोस्। - स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि वाँहाँले प्रोफेसर हरिनाथ खनालले बनाउनु-भएका "गर उद्योग नफाल व्यर्थ काल" भन्नि आठै श्लोकको अनुवाद गर्नु भएको पनि सँलाइ सुनाँउनुभएको थियो । ति श्लोक पनि उस मौका सारेर यत्न गरि राख्नि कुरा मेरा बुद्धि-साँ केइ आवश्यक लागेन । ति पनि तेसै हराए । ति-श्लोक-मद्ध्ये एउडा श्लोक मँलाइ आँउदै छ । त्यो—

"हरदम् मन शास्त्रमा दिएर,
उसको सार जती सबै पिएर ।
मनको सब कालिमा पखाल,
गर उद्योग नफाल व्यर्थ काल ॥"

एस श्लोकको पण्डित विश्वनाथले गरेको समानवृत्तको अनुवाद श्लोक—

"हृदि सायमुषः सुचिन्त्य शास्त्रं
सततं सारतरन् निपीय तस्य ।
मनसो ऽखिल कल्मषन् धुनीहि,
कुरु यत्नन् न वृथा जहीहि कालम् ॥"

यो हो ।

आर्को कुरा, "एउडै गाँमका दुइ जाँना मानिस केइ काँमले कतै डुल्न जाँनि सल्लाआ गरेकाले आँफ्ना-आँफ्ना घर-बाट निस्कि गाँमका छेउमाँ भेटभै सँगै हिँडेछन् । एकादशी-को दिन रछ । एउडाले "आज तिमिले खाएउ् किउपासेउ् ?" भनेछ; आर्काले जबाफमाँ "बाटामाँ हिँण्न सकिँदैन कि भनेर मैँले त भातै खाएर आएँ" भनेछ र 'तिमिले के गरेउ् नि ?' भनेर उल्टे पनि सोदेछ । आर्काले 'एकादशी भनेर मैँले त निराहारै गरेको छु' भन्नि उत्तर दिएछ । परस्परमाँ एति बात् भएछन् र दुअै दिनभोरि सङ्सङै बाटो हिँडेछन् । बाटामाँ, खाँनिचाँइँले नखाएकै भए पनि बाटो हिँण्न सकिनि नै रछ, इ हिँडेकै छन्, मैँले व्यर्थै खाएँ, मँदेखि भगवान्



Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रिसाँउनुभयोहोला भनि खाएकामाँ मनमाँ सन्ताप लिएर हिँडेछ । नखाँनि चाँइँले इनले मोज पेटभोरि भातै खाएर आएछन्, मँ व्यर्थै भोकै कष्ट सहेर हिँडेको, खाऽभए पनि हुनि रछ भनि नखाएकामाँ मनमाँ सन्ताप लिएर हिँडेछ । परिणाममाँ ति बटुआमद्ध्ये खाँनि चाँइँले उपवास गरेको फल; उपवास गनि चाँइँले खाएको फल पाएछ ।" यो अत्यन्त राँस्रो, धर्मको रहस्य जनाँउनि लोकप्रसिद्ध कथाको सङ्क्षिप्त अनुवादका रूपमाँ प० विश्वनाथले रचनागर्नुभएको सङ्ग्रह श्लोक—

"द्वौ मर्त्यौ हरिविसे क्वचित् प्रयातुम्✧
भुक्त्वैकश् चलित उपोष्य चापरस् तु ।
गच्छन्तौ पथि स्वकृतानुतापतसा-
वन्योन्यम्✧ फलमपि तद्विलोममेव ॥"

आर्को भानुभक्तकै कविता—

"जागिर् छैन धनी म छैन घरको केवल् कुदालो खनी,
खान्थ्याँ दुःख गरेर चाकरि गऱ्याँ मान् पाउँला की भनी ।
एक् मन् चित्त लगाइ चाकरि गऱ्याँ खुसी भयाछन् हरी,
मान्मार्थी पनि भुक्तमान् थपिदिया कैन्ह्यँ नखोस्न्या गरी ॥"

एस्को पण्डित विश्वनाथले गर्नुभएको अनुवाद—

"मद्गेहे न धनन् न भूपजनता वृत्तिः खनिः ✍ केवलं
सेवा दुःखनिवारणे ऽभिलषिता मानम् परंल् लिप्सुना ।

---

✧ 'प्रयातुम्'- पदका ठाँममाँ 'प्रयातौ' भन्नि र 'अन्योन्यम्'- पदका ठाँममाँ 'लेभाते' भन्नि पाठ हुनगर्नि देखिन्छ । स्वकृत-को सकार-वकार सम्योग पर भए पनि सकारको द्वित्व नभएका पच्छधमाँ र सकार परस्वराङ्ग भएका पच्छधमाँ पथिको इकार गुरु हुँदैन र ब्रित्तभङ्ग हुँदैन -स० ।

✍ केवलो वा खन्नि क्रिया । —स० ।



Nepal Sanskrit University, Bal Deeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानङ् केवलमेव मे ऽभिलषितन् तुष्टस् त्रिलोकीश्वरो
मानम् भुक्तपदाधिकन् दृढतरम् प्रादात् स मह्यम् प्रभुः ॥''

आर्को पनि कवि भानुभक्त कै कविता—

रोज् रोज् दर्शन पाँउछू चरणको ताप् छैन मनमा कछू,
रात्भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चयनमा म छू ।
लाङ्खुट्ट्या उपिजा उडुस् इ सँगि छन् यिन्कै लहड्मा बसी,
लाङ्खुट्ट्याहरु गाँउछन् ति उपिजा नाच्छन् म हेर्छू बसी ॥''

एस्को पण्डित विश्वनाथले गर्नु भएको अनुवाद—

नित्यन् दर्शनतो ऽधिपस्य भवतो नो कोऽपि तापो हृदि,
रात्रौ नृत्यमवेक्ष्यते च सततं नैव व्ययो ऽर्थस्य मे ।
इष्टास् ते प्लवमत्कुणाश् च मशकास् तेषाव् विलासे स्थितो
नृत्यन्ति प्लवकाश् च दीर्घचरणा गायन्ति पश्याम्यहम् ॥''

भक्तमालाका आदिका पन्द्र श्लोकको अनुवाद चुँदिमाँ भएको पाल्पा कसरि पुग्यो होला भन्नि तर्क उठ्न सक्च । एसमाँ विचार गर्दा; छविलाल् नेपाल चुँदिमाँ आइ पढ्थे भन्नि कुरा अगि नै लेखियो ; जसले 'भानूभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊ पनी'' भन्नि कविको परिचयको श्लोक बँनाइ प्रश्नोत्तरमालाका अन्त्यमाँ राखिदिएको बुजिन्छ; जसले भानुको वधूशिक्षाको अनुकरण गरि पुत्रशिक्षा बँनाएका थिए, उनैले तनुङ्-चुँदिबाट पाल्पा पुग्याएको हुन पर्छ; अथवा पाल्पा-र-चुँदिमाँ पड्न जाँनि-आँउनि चल्ति भएकाले अरु कसैले पुग्याएको हुनपर्छ र अखिलनाथ नेपालले ख० बाबुरामलाइ दिएको हुन सक्छ भन्नि देखिन्च । प० विश्वनाथको छाप्नि प्रचार गर्नि केइ उद्देश्य नभएको र वाँहाँले केवल् लहड्माँ त्यो अनुवाद गर्नु भएकाले सबै श्लोकको अनुवाद नभएको वा भए पनि कुनै कारणविशेषले तेत्ति मँत्रै



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाल्पा पुगेको अथवा त्याँहाँ पाय्येको हुनसक्छ ॥

बाबुराम आचार्यले प्रकाशित गरेका, उपक्रम तथा उपसंहारले युक्त, उक्त अनुवाद-पद्यहरु पनि पाठकहरुका सुविधाका लागि तल सङ्गृहीत गरिञ्छन्—

यो वै काव्यविधानबोधनिपुणः श्रीभानुभक्तः कविर्
भाषाकाव्यकलाकलापरचनैर् विद्वन्मनोरञ्जकः।
तेनाऽकारि सुरम्यप्राकृतपदैर्+ या पद्यराजिर् मया
सेदानीं क्रियते सुसंस्कृतपदैर् नाम्ना विषादावलिः ॥०॥

प्रतिज्ञा कालाग्रे जननमपरं प्राप्य च मया
रमेशं सेविष्ये सकलविषये प्रोज्झ्य ममताम् ।
तदेतां विस्मृत्य द्रविणमृगयायां समटित-
मिदानीं तत्सेवा ध्रुव शिव वृथा विस्मृतिमगात् ॥१॥

प्रतिज्ञां कृत्वा श्रीरमणपदसेवासु च पुरा
गतोऽस्यत्र प्राप्तः कति च दिवसास् त्वत्सफलिताः ।
वदाऽप्यग्रे याहि त्वमिति वचने भास्करभुवः
प्रभो किं भाषिष्ये तव चरणसेवासु विमुखः ॥२॥

गता बाल्यावस्था तदनु सखिभिः खेलनरसैर्
वयस् तारुण्यं तत् तरुणरमणीमोहनरसैः ।
इदानीं वार्धक्ये सभयमनसा नैव भजनं
कृतं किं कर्तारो द्युमणिजभटा मां रघुपते ॥३॥

घटी-घन्त्रैर् मासैर् ऋतुभिरयनैः कालपतिभिर्
गतं सर्वायुर् मे तदपि विषयानिच्छति मतिः ।

---

+ 'प्रह्वे वा" इत्यादि-वचन्-अनुसार् पनि ह्यां व्रित्तभङ्ग हुँदैन ।-स० ।

एस पुर्वाधमा 'इति' 'या' 'कृता' इ तिन पद न्युन छन् । —स० ।

ह्यां 'आयाहि' पद भए बर्ता राम्रो हुन्थ्यो । —स० ।

ह्यां 'मम नु' पाठ हुनु आवस्स्यक देखिञ्च । —स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृपानाथ स्वामिन् भवजलनिधिस्तारणविधिः〰

कथं स्यात् त्वत्पादाम्बुजनिकरुणा ★ नास्ति मयि चेत् ॥४॥

अलभ्यं जानीयाद् भरतभुवि यज् जन्म जगतां

सुलभ्यः श्रीनाथो भजनमनसां यत्र सुविदाम् ।

विचार्यैवं कालं हरिचरणपद्मार्पितमनाः

सदा श्रद्धां कुर्याद्धरिचरणतुष्ट्यै वितरणम्// ॥५॥

जगत्यां पृथ्वीशा बहुलवसवः प्रादुरभवन्

समे ते प्राणान्ते वसु किमपि वाऽऽदाय न गताः ।

सदैवैतज् ज्ञात्वा हरिमभिभजेच् छुद्धमनसा

जनो मृत्युं स्मृत्वा धनचयनकार्येव न भवेत् ॥६॥

निखर्वेशा आसन् विगतसमये शौर्यधनिनो

गताः पारं तेषां हरिभजनसक्ता अपि च ये ।

विना रामं के वै मरणसमये सन्ति प्रभवः

शरण्यः सैवाजामिलमुखजनानामधिपतिः ॥७॥

जगत्यां सम्भ्रम्याखिलजनविचारो बहुकृतो〰

महार्थम्मन्यानां गृहधनविचारो ऽपि च कृतः ।

वशः कालस्यैवाखिलधनजनानां च निचयः

पुनर् ज्ञातं स्वान्त निखिलजनिभाजां रिपुसमम् ॥८॥

मनुष्यत्वे मर्त्यो हरिमभिभजेत् तर्हि सुतरेत्

पुनः संसाराब्धावकृतहरिचर्चः परिपतेत् ।

---

〰 "भवजलनिधेर् लङ्घनविधिः" भन्नि पाठ भए अर्थ मिल्थ्यो; मूलको पाठ असङ्गत देखिञ्च । — स० ।

★ अम्बुजनि = अम्बुजम् = कमलम् । —स० ।

// 'सश्रद्धन् ना कुर्याद्' एस्तो पाठ भए अर्थ सुसङ्गत हुन्थ्यो । — स० ।

〰 '... विचारस् सुविहितो' भन्नि पाठ भए राम्मरो हुन्थ्यो, 'बहुकृतो' यो पाठ अमनोहर छ । — स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गतिं चैतां बुद्ध्वा जगति मनसा पादकमलं
स्मरेन् नित्यं विष्णोः सुरगणनुतं पापहरणम् ॥९॥

भजामस्तं ◊ पश्चादिति वचनमात्रे गतमभून
नृणां जन्माऽनल्पं भयमपि मृतौ नैव मनसि ।
अहो देवीं मायां बहुबलवतीं भक्तमनुजो
द्रुतं स्मारं स्मारं हरिमभिभजेच् छुद्धहृदयः ॥१०॥

दया कार्या स्वामिन् तव चरणयोरस्ति विनतिर्
न लग्नाः स्युः पाशा अपि च मरणे भास्करभुवः ।
दयैवास्ते नृणां दुरितशमनी दुःखहरणी
तदन्यन् नो जाने किमपि जगति क्लेशशमने ॥११॥

त्वदेवाऽऽशां कृत्वाऽनुदिनमिह तिष्ठामि नृहरे
अनल्पान्यल्पानि क्षणपतितदुःखानि च सहे ।
भविष्यन्ति प्राप्तानि यदि करुणादूरभवनं ◊
ध्रुवाणि ग्लास्यन्ति त्वयि सकरुणे राम झटिति ॥१२॥

मुरारे त्वत्पादाम्बुरुहयुगले चित्तमधुपं
न नीत्वा दुर्लभ्यां जनिमरणभाजाममृतताम् ।
प्रविद्मः किं कुर्मो हृदपि सहसैवेन्द्रियमिषैर्
हृतं चोरैर् दुःखानि च बहुविधानि प्रतिददु ✿ ॥१३॥

---

◊ 'भजिष्यामः' पाठ राँम्रो हुन्थ्यो । —स० ।

◊ एस पाउमाँ 'प्राप्तानि'- माँ यति-भङ्ग छ र 'यदि'- अधिक छ ।—स० ।

✿ एस पाउमाँ 'ते'- पद छुटेको छ, 'दुःखान्यपि च बहुधा ते प्रतिददुः' भन्ने पाठ भए राँम्रो हुन्थ्यो । —स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कदाचिद् भक्त्या तद्गुरुचरणसेवा न रचिता ॥

तुलस्याः पत्रैर् वा हरिचरणचर्चा च न कृता ।

दयाप्रादुर्भावो यदि च भवतोऽपारभवतो

विधास्यामः पारं न यदि यमराजस्य निकटम् ॥१४॥

सदा संयाचे नु क्षणमहमतो रोदिमि यदि

प्रभोः स्यात् कारुण्यं प्रतिघटि वितिष्ठामि शरणे ।

बुभुत्सुः किं कुर्यादिति मयि दया ते भवतु वा

विमूढोऽयं ज्ञात्वा भ्रमित इति रुड् याति मयि वा ॥१५॥

भानुभक्तकविना पुरा कृता भाषया ललितया विराजिता ।

पद्यराजिरधुना मया कृता संस्कृता जनमुदे तदर्थिका ॥०॥

## भानुभक्त प्रति बालकृष्ण समका भनाइ

[*भानुका-कृतिको-रसभावपूर्णताको-र-वैशिष्ट्यको-स्पष्टीकरण-समेत*]

श्रीबालकृष्णसमले 'भक्त-भानुभक्त'-माँ पाआडका ठाँममाँ दुइ कोस परदेखि घाँसि घाँस काट्न आको कुरा देखाँउनुभाको, कथोपकथनमाँ भानुका र सम्बद्ध पात्रहरुका स्वाभाविक स्थिति-सित नमिलिन भाषाको प्रयोग गराँउनुभाको, भानुले आइमाइ मँत्रै

---

॥ 'तद्गुरुचरणसेवा'- का ठाँममा 'सद्गुरुचरणसेवा' र 'रचिता'- का ठाँममा 'विहिता' पाठ भए राम्रो हुन्थ्यो । —स० ।

 'हरिचरणचर्चा'का ठाँममा 'हरिचरणपूजा' पाठ राम्रो हुन्थ्यो, कविले च-वर्णको अनुप्रासका लोबले तेस्तो पाठ राखे जस्तो बुझिन्छ । — स० ।

 अपारभवतः = अपारसंसारात् । -स० ।

 याँहा आत्मनेपद उचित थियो, 'समवप्रविभ्यस् स्थः' अष्टाध्याइ १।३।२२॥ अतः 'च तिष्ठाति' वा 'वितिष्ठे च' पाठ राम्रो हुन्छ -स० ।

 'मायया भ्रमितः' भन्नि बिबच्छ्याले वा सबै धातुबड स्वार्थमा पनि णिच् हुन सक्छ भन्नि मान्यताले यो प्रयोग उपपन्न हुन सक्छ । —स० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाको घरमाँ बास माँगेकै भए पनि रूपकमाँ औचित्य ल्याँउन लोग्नि माञ्छे पनि भाकै वेनामाँ बास माँगेको देखाँउन पर्निमाँ तेतातिर ध्यानै नदिनुभाको, भानुभक्तले 'बेकाइत भनेको काँहाँ छ ? एताबाट दुइ-चार कोस त टाडा होला' भनेको देखाँउनुभाको, संस्कृत - भाषासम्बन्धि मान्यतामाँ भानुको भन्न नमिल्नि दृष्टिकोण भानुको भनि प्रस्तुत गर्नुभाको, नागरजीवन प्रति र ग्रामीणजीवन प्रति भानुको भन्न नस्वाँउनिद्दृष्टिकोण उन्को भनि देखाँउनुभाको, कृष्णबादुरका शोकमाँ भानुभक्त दर्बारिया आशामुखि अनन्यगतिक चाकडिदारहरु झैँ रोएको देखाँउनुभाको, भानुको कृष्णबादुरलाइ रामायण समर्पित गर्नि इच्छा भाको देखाँउनुभाको, तारापतिका घरमाँ तारापतिले र भानुभक्तले सितार- तबला नारेको देखाँउनुभाको, भानुलाइ 'रामायणमाँ मेरो केइ छैन' भनाँउनुभाको पनि पाँइञ्छ । एस्ता नमिल्दा कुराहरुले गर्दा भानुको व्यक्तितत्त्वको यथार्थ चित्र वाँहाँले राँम्ररि ग्रहण गर्न नसक्नुभाको देखिन आँउछ । वाँहाँले ग्रहण गर्नुभाको भानुको व्यक्तितत्त्वको तेस्तै अयथार्थ चित्रका आधारमाँ वाँहाँले ऐले पनि भानुका विषयमाँ कलम चलाँउनुभा रछ । तेस विषयमाँ वाँहाँका केइ भनाइहरुको उद्धरण गरि तिन्माँ आँफ्ना विचारहरु तल प्रस्तुत गर्छु ।

श्री - बालकृष्णसमले "केवल् शैलीमाँ मत्रै भानुभक्त सिपालु हुन्" "अनुवाद गरेको रामायणले उनको देन केइ देखिँदैन" "दार्जिलिङमाँ उनको जन्मजयन्ती धुमधामसित मनाएको सुन्दा याँहाँका साहित्यिक लज्जित भए", "भानुको प्रतिमा दार्जिलिङमाँ नबनेको भए काठमाडौँमाँ कुन्नि" "भानुभक्त आदिकबि पनि हैनन्" इत्यादि कुरा 'भानुभक्त-स्मारक-ग्रन्थ'को उत्तरार्धमाँ प्रकाशित जगत् छेत्रिलाइ लेखेको २०१८।५।१६ दिनाङ्कको चिठिमाँ लेख्नुभाको देखिञ्छ ।

फेरि उसै ग्रन्थको पुर्वार्धमाँ— "भानुभक्तीय श्लोकका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयमाँ कुरा गर्दा हाँमिले प० होमनाथका पुस्तकहरु र बडाकाजि मरीचिमानसिंहको सत्यहरिश्चन्द्र-वर्णनलाइ विर्सन हुँदैन— ति तुल्ययोग्य छन्" इत्यादि कुरा पनि लेख्नुभएको छ। तर दार्जिलिङका विद्वान्हरुले मँत्रै भानुभक्तलाइ महान् राष्ट्र-विभूति मानेका त हैनन्। प० होमनाथ र मरीचिमान आदि पनि तुल्ययोग्य भएर भानुभक्तका दर्जामाँ जाँनि भए दार्जिलिङका चौरस्तामाँ सबैको प्रतिमा किन नरएको? दार्जिलिङेहरुका भानुभक्त काकाबाउ र होमनाथ अदि वैरि त हैनन्।

भानुभक्तका कवितामाँ परेका महावाक्य अमृतवाणीका स्वादिष्ट रसले तृप्त भएका दार्जिलिङनिवासिहरुको उल्लास भानुको प्रतिमाका रूपमाँ परिणत भएको हो। उनिहरु भञ्छन्— "भानुभक्तका अर्तिरूपि अमृत पान-गरेर पनि तिमि वीर हुन सकेनौ भने तिमिलाइ जगत्ले के भन्ला?" (भानुभक्त-स्मारक-ग्रन्थको भूमिका [पूर्वार्धमाँ])। तेसरि कविता-रसामृतले तृप्त भएका दार्जिलिङे मँत्रै हैनन्, जगतै तृप्त छ। काठमाडौँकै बडे-बडे विद्वान्हरुको लेख पनि देखिएको छ। प्रकाण्ड विद्वान्का नाति, विद्वान्का छोरा, आँफु पनि विद्वानै भैसकेका मिर-सुब्बा राममणि आचार्य दीक्षितले भानुभक्त-स्मारक-ग्रन्थको पूर्वार्धमाँ भानुभक्तलाइ व्यास-वसिष्ठ-वाल्मीकि-आदि लोकलाइ सदुपदेश दिनि महर्षिहरुको स्थान दिनुभएको छ। भानुभक्तलाइ वाँहाँ महात्मा मानुञ्छ। भानुका—

सुनेउ् भाइ् सन्सार्मा सरिर अति कच्चा छ जनको
सरीर् कच्चा जानी जगर तिमि रिस् कत्ति मनको।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै भोग् चञ्चल् छन् बिजुलि-सरि एक् छिन् नरहन्या
विचार् एस्तो राखी सहु तिमि बडो हुञ्छ सहन्या ॥

★ ★ ★

भ्यौलो खाँ बनि खोञ्छ डाँस् दुखविषे साप्ले बन्याको पनी
तस्तै भोग् गरुला भनेर मनले ठाञ्छन् दुनीयाँ पनी ।
क्याको रस् छ याँहाँ विचार मनले काल्-सर्पका मुख् परी
क्या होला वन जानलाइ सबलाइ आनन्द राखुन् हरी ॥

★ ★ ★

जगत्मा पृथ्वीका अधिपति बडा दौलथि थिया
मरणका वेलामा बुझिलिनु ति क्या लीकन गया ।
निरन्तर् एइ सम्झी हरि भजिरहोस् शुद्ध मनले
परन्तू हक् मन्नैं छ त बटुलि क्या गर्नु धनले ॥

★ ★ ★

जगत् कोइ् जान्दैनन् भनु त सबका बात् पनि सुन्याँ
पलक्-भर् ता योगी सरि बनि बडो ज्ञान कहन्या ।
उनै काम् गर्छन् ता यमपुरिमहाँ चोट मिलन्या
अहो यो क्याले हो बुझिबुझि सबै लोक भुलन्या ॥

इत्यादि शान्तरसले भरिपूर भएका अनेकौँ सुन्दर कविताहरुमाँ केवल् शैलीको वैशिष्ट्य मात्र नभएर पाठकलाइ शान्तरसमाँ चुर्लुम्म डुबाइ उपदेश्य विषयलाइ निर्मल रूप दिँदै हृदयमाँ गड्नि गरेर बुजाइदिनि सामर्थ्य भएका शिक्षकको रूप भानुभक्तको देखिञ्छ, स्पष्टै छ । एस्तै अनेकौँ अमर उपदेशहरु देखेर मि. सु. राममणि दीक्षितले भानुभक्तलाइ महात्माको दर्जा दिनुभएको होला ।



Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि काठमाडौँ - सहरमाँ बस्नि, संस्कृतका प्रकाण्ड विद्वान्, संस्कृत एवम् नेपालि भाषामाँ ग्रन्थहरु लेख्नि, साहित्याचार्य, साहित्यमणि, विद्यारत्न पण्डित कुलचन्द्र गौतमले पनि "समालोचनात्मक दृष्टिले हेर्दा पनि इनि ठुला साहित्यकार छन्" भनि लेख्नुभएको छ । यहाँ भानुभक्त-स्मारक-ग्रन्थको पूर्वार्धमाँ रएको आँफ्नो लेखको उपसहार एसरि गर्नुहुन्छ—

"इनको रचनाप्रणालि अत्यन्त सरल र आकर्षक छ । काव्यमाँ (कवितामाँ) रअन पनि प्रसाद -अर्थव्यक्ति -ओज -कान्ति -समाधि-प्रभृति गुण र रसाभिव्यक्ति -समेत इनका काव्यमाँ यत्रतत्र व्याप्त छन् । एसै कारणले इनका कविता अबालवृद्ध सबैलाइ रुचिकर हुन गएका हुन् । अतएव साहित्यका दृष्टिले समालोचना गरेका पक्षमाँ पनि इ महाशय उच्च श्रेणीका कवि ठअरिनि छन् ।"

भानुका—

पक्का बेस् रथमा चढी धनु लिई साम्ने अगाडो सरी
लाग्यो लक्ष्मणलाइ भन्न अब हेर् मेरा अगाडी परी ।
आँटिस् मर्न भन्यो र ताहिँ नजिकै थीया विभीषण् पनी
तिन्लाई पनि खुब् भन्यो तँ कुलको शत्रू अधम् होस् भनी ॥

★ ★ ★

एती भन्यो र रिसले रथमा बस्याको
सब्लाइ जित्न भनि कम्मर खुप् कस्याको ।
केही नटेरि अरु बानरलाइ हेला
सारै गराइकन भञ्छ परे इ फेला ॥

★ ★ ★



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरि किन बहूतै गर्दछस् सेरि घेरै
प्रभुकन त परै राख् ओरि छैनस् तँ मेरै ।
अवि सरु त तँ जस्ता कोटि राघव् म मारू
हुकुम त नभयाको मानको आज क्यारू ॥

इत्यादि वीरादि अवसरोचित रसले भरिपूर भएका अनेकौं स्वादिष्ट कविता देखेर साहित्याचार्य कुलचन्द्रले माँथिको विचार व्यक्त गर्नु भएको होला । एसरि प्रसाद- अर्थ-व्यक्ति—रसाभिव्यक्ति-आदि काव्यगुणले गर्दा आबालवृद्ध वनिता सबैका अतिप्रिय उच्च कविको कवित रसको स्वादको पैदान गर्न नसकि समजिले उनलाइ कनिकुथि सत्त्यहरिश्चन्द्र-वर्णन पद्यमाँ लेख्नि बढाकाजि मरीचिमानको र विद्वान्- बुज्रुक- बाहेक जस्ता भए पनि भापा श्लोक मँत्रै पाँउदा पनि खुसि हुँनि साधारण लोकलाइ हुँनि किसिमसँग कठिन विषयलाइ छोडेर छन्द (वृत्त) र कथासम्म मिलाएर महाभारतको र भागवतको अनुवाद गर्नि सुब्बा होमनाथको पङ्क्तिमाँ मिलाएको देख्ता र "उनि ठुला कवि हैनन्", "उनि आदिकवि पनि हैनन्" भनि "तेसमाँ (रामायणमाँ) उनको देन के छ ?" आदि प्रश्न गरेको देख्ता आश्चर्य लाग्यो, तेसरि गाड्- गङ्गा बराबर गर्नि व्यक्तिमाँ रसिकता र विवेकता रइन्छ जस्तो लाग्यो । जस्तै नुन- घिउ-मसला-पाक सबै थोक यथोचित मिलेर स्वादिष्ट बनेको तर्कारि र ति चिज यथोचित नमिलि बनेको नमिठो खल्लो काँचो तर्कारिको पनि भेदै नपाइ खाएर मात्र हिँडनि मानिस पनि जगत्मा घनेरा पाँइन्छन्; तेइ चाल पो देखिन्छ । काँहाँको सरस स्वादिष्ट कविता गर्नि मानुभक्त, काँहाँको स्वाद- न- ब्यादको खल्ला कविता गर्नि अरु ?



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तले आँफ्ना कवितामाँ राजाले सेवकसँग, सेवकले राजासँग, दाजुले भाइसँग भाइले दाजुसँग, घरका बुडाले जाहानसँग, लडाँइमाँ शत्रुसँग, आर्काका दूतसँग, बोल्नि—अर्थात् जुनसुकै अवस्थामाँ पनि जल्ले जोसँग बोल्नि हो, राजाले-राजकाजको—काँम—गर्दा-बोल्नि देखि लिएर गाँम-घरले-आँफ्ना-आँफ्ना -व्यवहारमाँ—बोल्नि—तक्को उचित एवम् सरस बोलिचालिको शिक्षा दिएका छन्। एसैले उनको कविता रसिकजनलाइ अत्यन्त प्यारो हुन्छ।

\+ + +

भानुका—

"जम्मा भैकन बालुआ जसरि फेर् फिर्छन् ति गङ्गामाँहाँ
तेस्तै रित्सित फिर्दछन् इ दुनियाँ कोइ् छैन आँफ्नो याँहाँ।"

इत्यादि कवितामाँ केवल् शैलीको मात्र वैशिष्ट्य छ कि अमर महावाक्य पनि परेको छ भन्नि कुरो त स्पष्टै छ नि।

फेरि —

"जो यो देह निमित्त यो रिस गरेउ् चिन्छौ कि कस्तो छ यो
हाड् माँसु र रगत् नसा यति कुरा जम्मा भई बन्छ यो।
विष्ठा हुन्छ कि भस्म हुन्छ पछितक् बाँच्तैन यो ता कसै
यस्का खाँतिर घात् गरेउ् यदि भन्या पाप् मात्र लाग्ला उसै॥"

इत्यादि महावाक्य अमृतवाणी परेका अनेकौँ कविता ताना फिकेर भन्दा, सुन्दा रसिकजनको मन धर्कन्छ; आँखाँभरि आँसु आउँछन्; अरसिकलाइ भने कत्ति केइ नहुन पनि सक्छ। अरसिक जनलाइ त कुनै युगका कविले पनि वास्ता



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको देखिँदैन[*] । कविता रसिलो हुन पर्नि रछ । रसिलै कविता गरे पनि अरसिकले स्वाद जान्दोरइञ्छ र व्यासजिले पनि श्रीमद्भागवतको रस रसिकहरुले पान गर्नपर्छ भनेर गएका रछन् । तर मरीचिमानको र होमनाथ—आदिको कविता पढेर कसको मन धर्केर आँसु झऱ्यो खै ? कसैले घोकेर कण्ठ-पारेर भन्दै हिँडेको पनि सुनिदैन, कता परे कता; भानुभक्तको रामायण त यत्रतत्र सर्वत्र कुटीर—पाहाड-बिसि—पाखा—पखेरामाँ रन्काएर भनेको सुनिञ्छ । आँफुमाँ रएका सुगन्ध गुणले दुनियाँमाँ स्वयम् प्रसिद्ध भएको कस्तुरीलाइ कसैले एसमाँ केइ गन्ध छैन, एसको केइ वैशिष्ट्य

---

[*] "इतरपापफलानि निजेच्छया विलिखितानि सहे चतुरानन ।
अरसिकेषु कवित्वनिवेदनं शिरसि मा लिख मा लिख मा लिख ।"

भावार्थः- हे ब्रह्मन्, अरु पापको फल-भोग मेरा निदारमाँ जे जे लेख्नो मन्पर्दि लेख; सबै सहन्छु; अरसिकमाँ कविता सुनाउनि कुरो भने केइ गरे पनि सहन सक्तिनँ, त्यो नलेखिदेउ ।

\+ + +

"मदुक्तिश् चेदन्तर्मदयति सुधीभूय सुधियः
किमस्स्या नाम स्स्यादरसपुरुषानादरभरैः ।"

भावार्थः- मेरा भनाइका चमत्कारले रसिक विद्वान्लाइ आनन्द दिएर सबैथोक बिर्साइदिञ्छ भने, कतिपय अरसिकले मेरा कवितालाइ अनादर गरेर के हानि ?

\+ + +

"निगमकल्पतरोर् गलितम् फलं शुकमुखादमृतद्रवसंयुतम् ।
पिबत भागवतं रसमालयम् मुहुरहो रसिका भुवि भावुकाः ।"

भावार्थः- वेदवृक्षको गलेर पाकेको फलरूपि भागवत अमृतजस्तो छ, हे रसिक जनहो, वारंवार पान गर ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन भन्यो भनेर वा सुगन्धै नभएको पलाँसको फुललाइ एक-दुइले 'सुगन्धि' भनेर भने दुनियाँले पनि तेइ कुराको अनुमोदन त गर्दैन; जस्तो पदार्थ हो उस्तै देख्छ भन्छ। भनिएको पनि छ—

"यदि सन्ति गुणाः पुंसाव् विकसन्त्येन ते स्वयम्।
न हि कस्तूरिकामोदश् शपथेन विभाव्यते ॥"

यद्यपि श्रीसमले जगत् छेत्रिलाइ लेख्नुभएको पत्र 'चाख लाग्दो भएकाले (त्याँहाँ) छापिएको हो' भनिएको छ ता पनि "हाँमिले नेपालि भाषाका वीर पूजा गर्न पाएनौँ भनेर थपना गरिएका मूर्ति हुन् ?" भन्नि श्रीसमको भनाइलाइ दार्जिलिङनिवासि विद्वद्वर्गले रुचाएको देखिएन। भानुभक्त-स्मारक-ग्रन्थको भुमिका-(उत्तरार्ध) माँ उनिहरुले व्यक्त गरेका छन्:— "न त वीरपूजा गर्न पाएनौँ भनेर तिनको थपना नै गरिएको हो। भानु त आँफ्नै प्रकाशले पूजनीय र श्रद्धाका पात्र हुन गएका छन्।"

भानुभक्तले—

व्यर्थैमा म कुमारिचोक थुनियाँ वाँहाँ विरामि भई
आयाँथ्याँ घरमा विराम् अति बढ्यो ठूलो विपत्ति सही।
काट्याँ दिन् अब सञ्च भो अझ पनी थुन्छन् त मेरो गति
आर्को छैन कृपा रहोस् हजुरको मेरा त स्वामित् पति ॥

स्वामित् आज हजुर्हरू पृथ्वीमा मालिक् छँदामा पनि
ब्राह्मणको व्रतबन्ध अड्कन तयार् देख्याँ र मालिक् भनी।
जाहीरात गऱ्याँ प्रभू चरणमा जो मर्जि होला भनि
कण्ठैसित् भनि मर्जि हुन्छ त भन्या क्यारू सहन्छू पनि।"

भनि लेखेका छन्। राणाशासनकालका चिफ्लाइ हजुर भन्नि बोलि राख्न र कण्ठैसित् भन्छौ भने भैगो सहम्ला



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर घुर्कि लाए झेइँ गरि कवितामाँ बोल्न त केवल् चाकडिले मत्रै त सकिँदैन; चिफ्ले गुरुभावना जस्तो गरेकाले नै भानुले तेसरि बोल्न सकेका हुन् । कवितामाँ 'चरणको' 'चरणमाँ' 'पाऊ पर्‍याँ' भन्दिनु आकैं कुरो हो र तेसले भानुको चिफ्हरुसितको व्यवहार साँच्चै नै दासत्वभावनायुक्त नै थियो भन्नि त जनाँउदैन । तसर्थ भानुभक्त चिफ् सम्मका पनि गुरुकोटिमाँ जाँन सक्दिन, भरतखण्डको विद्या-केन्द्र काशिमाँ बसि राँम्ररि अद्ध्ययन गरेका, विद्वान् कवि हुन् । उनलाइ कृष्णबाहुर प्रति रामायण समर्पण गर्नि इच्छा भएको अथवा कृष्णबाहुरका निधनका शोकमाँ रोएको देखाँउनु अस्वाभाविक देखिन्छ । आँफ्ना कठिनाइसित सम्बन्ध भएका विषयमाँ बाएक अरुमाँ उनले शासकहरुका बारेमाँ स्तुति या निन्दा गरेको भेटिँदैन । उनि एक स्वतन्त्रताप्रिय र स्वतन्त्र व्यक्ति थिए । तर उनि राजकाजदेखि जङ्गल-पाआड-सम्मको सबै व्यवहार जान्नि हुन; जङ्गलि हैनन् । अथवा कसैले 'जङ्गलि नै हुन् केइ हैनन्; साधारण पाआडिया बाउन् हुन्' भने पनि कालिदासको— "वनौकसो ऽपि वयलँ लौकिकज्ञा एव" भन्नि र भवभूतिको- "आरण्यकाश् च गृहिणश् च रतास् स्वधर्मे, सांसारिकेषु विषयेषु वयं रसज्ञाः" भन्नि उक्ति त जुनसुकै पनि सच्चा कविमाँ अवश्य लाग्छ । अर्थात् कवि जाँहाँसुकैको भए पनि अरुले जस्तोसुकै ठाने पनि लौकिक विषयहरुमाँ उसको दृष्टि भित्रसम्म पुगेकै हुन्छ । तेसैले भानुभक्तले पनि सारा दुनियाँलाइ अवसरमाफिक्को सभ्य बोलि कवितामाँ लेखेर सिकाएरै गएका छन् । उनि लोकगुरु हुन् । साधारण माञ्छे हैनन् ।

"उनि [भानुभक्त] ठुला कवि हैनन्, उनि आदिकवि पनि हैनन् ..... उनकै समयमाँ उनिभन्दा धेरै ठुला कवि र विद्वान् नेपालमाँ थिए, ति कुलचन्द्रभन्दा मूक भएर मरे" भनि संभजिले लेख्नुभएको छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तका समयमाँ उनिभन्दा बडि विद्वान् नेपालमाँ थिएनन् भनिँदैन, धेरै ने पनि हुँदाहुन् । तर "का विद्या कवितावँ विना" भन्नु विद्या कवितामाँ देखाँउन नसक्नि मानिस जति विद्वान् भए पनि विद्वान्का रूपमाँ विरस्मरणीय हुँदैन हुँदैन भन्नि सदुक्ति ति विद्वान्हरुले जाँनेका हुँदाहुन् । कविता- शक्ति उनिहरुको रइन्छ, कविता-शक्ति. भएकाले त सँस्कृतमाँ वा भाषामाँ दुइचार मँत्रै भने पनि आँफ्ना बुद्धिको र विद्वत्ताको फोटो देक्खिनि गरि कविता गरेरै मोर्छ । लोकप्रिय लेख कविता केइ लेख्न नजान्नि मँ सबैभन्दा ठुलो विद्वान् छु भन्नि आँफ्नो मानसिक अभिमान-रुप घोडामा चडेर "मँ ठुलो हुम्" भनेर बाँचुञ्जेल् हिँण्नि जो छ त्यो मोरेपछि तेल्लाइ केका निसानाले विद्वान् भन्नि ? कुकुर-मराइ भयो गयो त्यो ,सिद्धियो। "बाँचेको भए मेरो छोरो पनि त्योभन्दा कम्ति हुनि थिएन" भनेर मोरेका छोराको धाग लाएर त केइ काँम हुँदैन । तेस्तै आँफ्नो कृति वा कविता नदेखाइ मोर्नि विद्वान्को वा कविको कुरा गरेर के काँम ?

भानुभक्त नेपालि भाषाका आदिकवि नै हुन् । भानु-भक्त- भन्दा अगिका कोइ - कोइले केइ भाषाका श्लोक रचेर गएका भए पनि बिरसिला हुँनाले दुनियाँका जिउरामाँ अडिन नसकि उकेलिएर मिल्किए । र कोइ केवल् पुस्तकका अक्षरमाँ मात्र अडिएका छन् । तेस्तो कविता गर्नि त कवि नै हैन; केको आदिकवि हुन्थ्यो । भानुभक्तका कविता सरस स्वादिष्ट र परिपूर्ण सन्दर्भका रूपमाँ नेपालिमाँ सर्वप्रथम निस्केका हुनाले विद्वान् देखि मूढजनतक् दुनियाँका जिउरामाँ गडेर स्थिर भएर वसेकाले सुयोग्य पैला नेपालि कवि तिनै-



Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई भनिञ्छ । आदिकवि तिनै हुन् ★ । भानुभक्तमाँ विशिष्ट कवित्व नभए तेस्ता रसभावपूर्ण सर्वप्रिय कविता कसरि निरक्न्थे र ? तसर्थ भानुभक्त ठुला कवि पनि हुन् ,नेपालिका आदिकवि पनि हुन् ।

कोइ अल्पज्ञहरु भानुभक्तले नारीलाइ हाँस्न पनि दिएनन् स्वतन्त्रता पनि दिएनन् , 'स्त्रीले नरक लाञ्छन्' भने भनेर दोष दिञ्छन् । तर ग्रन्थकर्ताको अभिप्राय बुजेर अर्थ गर्नपर्छ ,नबुजि दोष दिन हुँदैन; अगिकाले भनेका छन् —

"अतश् च प्रकृतम् बुद्ध्वा देशकालान्तराणि च ।
ग्रन्थकर्तुरभिप्रायमुपायांश् चार्थमादिशेत् ॥"

(अर्थ— कुन् प्रसङ्गमाँ कुन् देशमाँ कुन् समयमाँ भन्यो, ग्रन्थकर्ता को आशय कस्तो छ सबै जानेर अर्थ गर्नपर्छ ।)

विप्रपत्नीहरुले परपुरुषसँग उनिहरुको कामोद्दीपन हुनि गरेर हाहा-र-हिहि गरि हाँस्न हुँदैन, तेसले सतीत्वमाँ विघ्न पर्छ भन्नि भानुभक्तको आशय हो, तेसो नभए—

"पाउन् पापि कठोर चोरहरुले सोही-बमोजिम् जवाफ्,
राखोस् इष्ट-कुटुम्ब-मित्रहरुमा अम्म्रित् सरीका रवाफ् ।"

यो किन भन्थे ? इष्टमित्र—कुटुम्बहरुसँग रवाफ् राख्ता

---

★ एस्तो दृष्टिकोण कुनै असाधारण कुरो हैन । अरुले पनि भनेका छन् :—

It is true that no play or poem or novel qualifies to be regarded as a clasic of literature unless it continues to be read generation after generation by many people."

—A. C. Ward

—जयराज आचार्य ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाचचितमाँ उचित हाँसो खान्पिन् आदिको सम्मान फुर्ति देखाइ आँफ्ना घरको गौरव सभ्यता देखाँउन शिक्षा दिए पछि उचित हाँसो गर्न पनि छेकेको कसरि ठहर्छ ? "यौवनवती स्त्रीले छाडा भै हास्य गर्न ठिक छैन " भन्नि उनको आशय देखिन्छ । त्यो बिलकुल ठिक कुरो हो । फेरि हिन्दु-समाजमाँ तिनताका आइमाइहरुले बेस्सरि हाँस्नि चलन पनि थिएन । जुन समाजमाँ जुन समयमाँ उनि हुर्के तेसको प्रभाव उनमाँ पर्नि नै भयो । समयानुकूलको धर्मप्रचार गर्दैमाँ मानिस थोत्रो धर्मको प्रचार गर्नि भनि निन्दित हुनि भए व्यास-वाल्मीकि-वसिष्ठ-मनु-पराशर-आदि महापुरुषहरु किन महर्षिमाँ गनिएका हुन् ? हिन्दु-समाजको निर्माण त मनु-आदि प्राचीन नीति-निर्माताहरुकै उपदेश-अन्सार् भएको छ र तेस्को औचित्यानौचित्यका विषयमाँ तेसै केइ भन्दीहाल्न सकिन्न पनि भन्नि कुरो सबै विवेकशील व्यक्तिहरुले मानेकै छन् ।

ग्रन्थकर्ताको आशय नबुजि एउडा बोलिलाइ लिएर दोष दिनि हो भने "आत्मवत् सर्वभूतेषु यः पश्यति स पण्डितः" एसै उक्तिमाँ पनि दोष दिन सकिन्छ । आँफु धनिले सबैलाइ धनि देख्न पर्‍यो, आँफु अघाएकाले सबैलाइ अघाएकै देख्न पर्‍यो । तेस्तो सम्जिनि हो भने त बिलकुल अनर्थ हुन्छ । किनभने ग्रन्थकर्ताको आशय त्यो हैन । आँफुलाइ रोग-व्याद लाग्दा, चोट पर्दा, भोक-तिर्खा लाग्दा, गर्ज पर्दा कस्तो दुःख हुन्छ तेस्तै अरुलाइ पनि हुन्छ भनेर जान्नु, र कसैलाइ पनि दुःख नदिनु, भोकमाँ खाँन दिनु, सकभर उसको दुःख हटाइदिनु भन्नि आशयले "आत्मवत् सर्वभूतेषु यः पश्यति स पण्डितः " भनिएको हो ।

शङ्कराचार्यकृत प्रश्नोत्तरमालिकामाँ — " द्वारङ् किमेकन् नरकस्य नारी ।" भनिएको हुँदा तेसको भाषानुवाद



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा भानुभक्तले "कुन् मूल ढोका छ नरकको नारी, लाञ्छे नरक् मोह ठुलो फिँजारी" भन्ने । त्यो बिल्कुल ठिक कुरो छ । किनभने नरक भन्नु दुःखको नाम हो । नारीको सङ्ग्रहबाट कतिपय क्षणिक सुख मिले पनि आखिर् घेरै दुःख-टण्टा नै हुन्छन् भनेर नारद आदि ऋषिहरुले स्त्रीको सङ्ग्रह नगरि सत्कर्म गरेर जीवनयापन गरेको इतिहास पाँइन्छ । नारीका सङ्ग्रहले नेल-गलफन्दि-जस्ता पुत्रादिको सृष्टि हुन्छ । ति पुत्रादिको दुःख देख्न पऱ्यो भने पनि आँफैलाइ दुःख हुन्छ । तिनको पालन-पोषण गर्दा कर्त्तव्याकर्तव्यको विचार नगरि आडम्बर-दम्भ देखाइ वा ढाँटिछलि जाँहाँ जसरि पाँइन्छ धन-सङ्ग्रह गर्नि काँम गर्न आवश्यक हुन्छ र तेसै गरिन्छ । धन-सङ्ग्रह गर्दा अनेकौँ दुःख हुन्छन्. यौवनवती स्त्रीको मोहक चाल चेष्टा देख्ता र धन-सङ्ग्रह घेरै गर्न-पर्दा सद्वासना हराँउछ, मनमाँ दुर्वासना थुप्रिन्छ र इह-लोक परलोक जतातते दुःखै पाँइन्छ । र नरक भनेको पनि तेइ हो । तेसैले शङ्कराचार्यले तेसो भनेका हुन् । तेइ कुरा संस्कृतमाँ लेखिएकाले सबै दुनियाँले बुजेन भनेर लोकोपकारि भानुभक्तले सबैले बुज्नि गरि सरल भाषामाँ उल्था गरि-दिए । 'कुन् मूल ढोका छ नरकको नारी' एत्तिले पदार्थको अनुवाद पुगेकामाँ व्याकख्यारूप आर्को मिठो वाक्य थपे— "लाञ्छे नरक् मोह ठुलो फिजारी ।" इ सबै कुरा मनन नगरिकन सिल्लिहरुले भने भन्दैमाँ हाहामाँ लागेर बडा-बडा-ले तनि तेइ कुरो दोओऱ्याँउन त उचित हुँदैन ।

समजिले आर्को एउडा प्रश्न गर्नुभा छ: "उनि (भानु) तेति ठुला हुन भनेलाइ पर देशिलाइ देखाँउन-लाइ हामिसित के साधन छ ? के अद्ध्यात्मरामायणको 'समरि' बसेको पुस्तक रामायण ? तेसमाँ उनको देन के छ ?"



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोड्करि उत्तर यो हो— कालिदासको अभिज्ञान-शाकुन्तलको विषयबस्तु लिएर लक्ष्मीप्रसाद देउकोटाले शाकुन्तल—महाकाव्य लेखे झैँ भानुभक्तले अद्ध्यात्म-रामायणको आड लिएर रामायण लेखेका हुन्। तेसैले भानुभक्तको रामायण मौलिक कृति हो भन्नि चलन भएको भए 'एसमाँ अद्ध्यात्म-रामायणको ज्यादै नै ठुलो प्रभाव छ' भन्नि चलन हुन्थ्यो होला। तसर्थ रामायणमाँ भानुको धेरै वैशिष्ट्य छ।

अरु पनि केइ भनम् भने - रामायणमाँ भानुभक्तको देन तेइ छ जसका अभावले गर्दा प० कोमलनाथ-अधिकारिले अनुवाद गरेका रघुवंश-मेघदूत-जस्ता सरस एवम् अमर र कालिदास-जस्ता कविका कृतिका अनुवादमाँ पनि कत्ति सरसता आँउन सकेको छैन। भानुभक्तको त्यो देन केवल् भाषाशैली मत्रै हैन। उसो भए के हो त भन्नि प्रश्न आँउछ। तल प्रस्तुत उदाहरणले एस प्रश्नको उत्तर दिन सक्छ—

"पितृमातृसुतब्भ्रातृदारबन्धवादिसङ्गमः।
प्रपायामिव जन्तूनान् नद्याङ् काष्ठौघवच् बलः॥"

यो अद्ध्यात्म-रामायणको (२।४।२३) श्लोकलाइ भानुभक्तले उइ छन्दमाँ उइ तरिकाले अनुवाद गरेर—

'बाउ, आँमाँ र छोरा भौ भाइ बान्धव सङ्गम।
पाटीका पन्थको, वा, छन् नदीका काठ झैँ चल॥"

एस्तै वा अरु कुनै तरिकाले कनिकुथि भावसम्भ पनि राँम्ररि नखुलाइ अनुवाद गरेर पनि 'अनुवाद गरेँ' भनेर भन्न सक्थे। हाँमि पनि अनुवादै भएन भनेर भन्नि साहस गर्थेनम् होला। किनभने प० कोमलनाथका अनुवादलाइ अनुवादै हैन भन्न कसले साहस गरेको छ र? जस्तै एउडा उदाहरण—

अद्रेः शृङ्गं हरति पवनः किस्विदित्युन्मुखीभिर्
दृष्टोत्साहश् चकितचकितम् मुग्धसिद्धाङ्गनाभिः।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानादस्मात् सरसनिचुलादुत्पतोदङ्मुखः खेन्
दिङ्नागानाम् पथि परिहरन् स्थूलहस्तावलेपान् ॥१४॥

एसको कोमलनाथले गरेको अनुवाद –

"हावा हर्ला शिखरि–चुचुरो की भनी भोलिभाली
सिद्धस्त्रीले नजर गरिँदै कार्यं, घाँटी उचाली ।
याहोँबाटै उड, निचुल छन्, उत्तरी मार्ग खेप
दिङ्नागैका पथ–बिच हरी घेर हस्तावलेप ।"

—मेघदूत-कोमलच्छया (पृ० १४)

एसलाइ कसैले अनुवादै हैन भनेर भनेको सुनिएको छैन । तर एसमाँ सरसता भने कत्ति पनि छैन । यो कुरो निर्विवाद छ । भानुका पद्यहरुका तुलनामाँ यो अनुवाद एति संस्कृतमय र अस्पष्ट छ कि शुद्ध नेपाली भाषाभाषिले यो अनुवाद बुद्दै-बुद्दैनन् । एस्ता अनुवादले जनताका हृदयमाँ स्थान पाउलान् जस्तो कत्ति देखिन्न ।

तर भानुभक्तले तेसो नगरि, अद्ध्यात्म-रामायणको उपर्युद्धृत श्लोकलाइ—

"देश्‌देश्‌का बोटलिन्छन् बुझ तिमि मनले बाटका पाटिमाँहाँ
वाच्‌चित् गर्दै रहन्छन् खुसिसित ति सभै बन्धु झैँ राति ताँहाँ ।
प्रातः काल् भो जसै ता उठिकन ति सबै दश्‌दिशा लागि जान्छन्
बन्धूको सङ्ग एस्तो बुझिकन गुणिले दुःख सुख् एक मान्छन् ॥

एसरि उल्था गरे । नदी-प्रवाहमाँ भएका काठको उदाहरण नेपालि सन्दर्भमाँ तेति प्रसिद्ध र प्रभावकारि नहुँदा तेसलाइ छोडिदिए र "बन्धुवर्गको संयोग अनित्य हुन्छ" भन्नि कुरालाइ मनमाँ राखि आँफ्नो एक मौलिक कविता गरिदिए; दुनियाँले प्यारो गऱ्यो, घोक्यो । अब एसभन्दा बडि रामायणमाँ भानुको के देन छ भन्नी? जस्तो व्याकरणका सूत्रकार



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाणिनिको कृतिको वार्त्तिककार कात्यायनले कैँ 'यो भन्न पर्दैन बडि भयो' कैँ 'यो पनि भन्न पर्छ, चाँइन्छ' भनेर परिष्कार गरेका छन् उस्तै अध्यात्मरामायणको भानुभक्तले नेपालि परिष्कार गरे झैँ गरेको पो देखिन्छ। रामायणमाँ उनको वैशिष्टय एस वाहेक अनेक मौलिक भावभङ्गीहरुको अभिव्यक्ति छ ,जसले गर्दा आजसम्म कुनै पनि अनुवादग्रन्थ भानुभक्तकृत भाषा-रामायणसित तुल्ययोग्य भएर निस्कन सकेको नेपालि साहित्यजगत्माँ देखिँदैन।

भानुभक्तलाइ सामान्य देखि मानिसले उनको भन्दा पनि प्यारो हुनि, पक्कि कुरो परेको, रसभावपूर्ण, मिठासले भरिएको, महावाणीहरुले गम्भीर हुन गएको, सरल र गम्भीर कविता गरेर दुनियाँका जिउरामाँ भानुभक्तले झैँ राख्दिन सकेको देखेपछि मत्त्रै तेस मानिसको पनि भानुभक्तको जत्तिको रछ भनिएला। अरु वैशिष्ट्य नै नभै शैली आँउनि भए सबैसाइ शैली आँउँथ्यो। किम् बहुना॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानुभक्तका विषयमाँ विभिन्न कविहरुका उद्गारहरु—

(क) रामायण् छ अगम्म्य संस्कृतमाँहाँ पुग्दैन सब्का गती,
भाषा श्लोक बनाइदिन्छु र पढुन् लागोस् हरीमा मती।
एस्तो सुर् गरि भानुभक्त कविले भाषा बनाईदिया,
थर् आचार्य छ घर् त हो तनहुँमाँ साह्रै दयालू थिया॥
—अज्ञात✍।

(ख)भानूभक्त भनी प्रसिद्ध नरमा जस्को त नाऊँ पनी,
घर् तिन्को तनहूँ छ वेसि चुँदि हो गाऊँ छ रम्घा भनी।
प्रख्यात् छन् सब लोकमा ति गुणि हुन् विद्द्वान् कवी खुप् थिया,
यो प्रश्नोत्तर बुझनलाइ सजिलो भाषा बनाईदिया॥
—( छविलाल )✍

---

✍ यो पद्य काठमाण्डुका कुनै सज्जनले बँनाएको बुजिञ्च। यो कुरा चौथो पाउले सुचित गरेजस्तो लाग्च। यो पद्य राष्ट्रिय अभिलेखालयको लेखोट पुस्तक -(च० ल० नम्० ३१०)माँ युद्धकाण्डका समाप्तिमाँ पुस्पिकापछि लेखिखया छ। एस पुस्तकका लेखाइबड यो पुस्तक भानुका नजिकका माँन्छेले लेख्या हुन रुके पँनि भानुभक्तले नै लेख्या चाईं हुन सक्तैन जस्तो बुजिञ्च। युद्धकाण्ड चाइँ त कुनै लिपिकर बाँडाले लेख्याजस्तो छ। तीँको आर्को लेखोट पुस्तक-(च० ल० नम्० १० ५,माँ (लेखनसमय-१९३९) पँनि यो पद्य पाँइञ्च। तेस्माँ यो सिलकपछि युद्धकाण्ड -समाप्तिको पुस्पिका छ। अरु लेखोटमाँ पँनि या पद्य युद्धकाण्डका अन्त्यमाँ पाँइञ्च। देवराज-डमरु बल्लब-बद्रिनाथहरुका सात काण्ड रामायणका संस्करण -(१९४२,माँ पँनि उत्तरकाण्डका अन्त्यमाँ यो पद्य छुट्टै मुद्रिच् छ। -स०।

✍ यो पद्य भानुभक्तले नै बँनाका हुन् भनि मोतिरामले लेखेका



Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) भानूभक्त भनेर आदिकविमा भाषा सरल्ले गरी,
रामायणकन श्लोकले रचिदिया वैराग्यरसले भरी।
ठान्ठाम्मा करुणा र वीररसको खासा मजा पाइन्या,
यस्ता यी कविराजको गुण उसै भुल्नन् कसोरी भनि॥

—मोतिराम◆

(घ) भाषाको दिव्य शैलीमय दृढ जगमा रामको सच्चरित्र
पक्की गारो बनाइ उपर गजुरमा भक्ति राखी पवित्र।
हाम्रो साहित्यको यो महलकन खडा गर्नमा अग्रगण्य
उत्साही भानुभक्त प्रिय कविवर हुन् लोकसम्पूज्य धन्य॥★

—लेखनाथ।

---

छन् (कबि भानुभक्तको जिबनचरित्र, प्रि० ९)। तर यो सिलक भानुको हैन कि भन्नि सङ्खा उनका मनमाँ उठ्या हुनाले तेस्को समाधान टिप्पणिमाँ गर्न खोज्याऽ छन्। यो पद्य प्रश्नोत्तरमालाका प्रथम संस्करण -(१९४१)माँ प्रश्नोत्तरका अन्त्यमाँ मुद्रित छ। प्रश्नोत्तरका अन्त्यमाँ मुद्रित गरेर पँनि हरिहर आ० दि० ले रामायण-(१९६७) को उत्तरकाण्डका अन्त्यमाँ पँनि राखि एस पद्यलाइ मोतिराम भट्टको ठान्या देखिञ्च। बिष्णुमायाले पँनि भानुभक्तमणिमाला -(१९९८,माँ तेसै गरेड्छन्। किन्तु एस पद्यका सम्भाबित रचयिता पाल्पाका छबिलाल् हुन् भन्न कुरा भानुप्रति ब्रम्मसम्सेरजि भन्नि प्रकणमाँ (प्रि० १६९) प्रस्तुत जिबनचरित्रका रचयिताले प्रतिपादित गर्नुभएको छ। -स०।

◆ यो पद्य मोतिरामले रामायणका भुमिकामाँ लेख्या छन्। कबिसमुहबर्णनमाँ "तत्रादौ कविकुलमुकुटमाणिक्यभानुभक्तवर्णनम्" भनि लेखिएका बार सिलकमद्दे यो पैलो सिलक हो भन्नि प० नरदेबसर्माको भनाइ छ। (कबिबर मोतिराम भट्टको सचित्र जिबनचरित्र, १९९५, प्रि० ३७-३८)। -स०।

★ भानुभक्त-स्मारक ग्रन्थ (प्रथम संस्करण) प्रि० १७। -स०।

Nepal Sanskrit University, Dhimeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) भानुभक्त कवि हुन् जसलाइ
बाल-वृद्ध-वनिता ति रमाई ।
पढ्दछन् सतत स्वाद लिएर
खान-पान-पकवान भुलेर ॥〰

—धरणीधर कोइराला ।

(च) सानैमा भानु मेरो सरल हृदयको भावको सिन्धुलाई
निद्रामा घच्घच्याई हृदतक यसको माथि सोसी उँडाइँ ।
रुञ्चे वर्षा सिकायौ शुभ हरिपदको जो त्यसैले विशेष
मेरो यो अश्रुबिन्दु प्रति टलवल भै नाच्छ तिम्रो प्रकाश ॥❀

—बालकृष्ण सम्सेर ।

(छ) साहित्यिक श्रेष्ठताको नाप जनतामाँ परेको प्रभाव र सर्व-कालिन हृदयस्पर्शितामा निर्भर गर्दछ । नेपाली साहित्यको इतिहास हेर्दा हाँमिलाइ तेत्तिको प्रभावकारि र सर्व प्रिय रचना अरु जच्तैन, जत्तिको भानुभक्त कविको रामायण ।*

—लक्ष्मीप्रसाद देउकोटा ।

(ज) कुन मन्त्र गरी कुन जादु छरी, कविजी , तिमिले जनतामा,
नव जीवनको स्रोत सरलता बहाईदियौ कवितामा !
न हिँडेको जन निर्जन बाटो कविजी, तिमिले पहिल्यायौ ।
नेपालीको स्वर्णदिवस त्यो नजिक पुगेको देखायौ ।
डाँडा काँडा गौचरमा जब गुञ्ज्यो तिम्रो रामायन,
राम र सीता सबका हुन गै पाए कतिले कति लछ्मन !

---

〰 तीँ, प्रि० ३८ । -स० ।

❀ तीँ प्रि० ३७ । -स० ।

* नेपालि साइत्यका इतिहासमाँ सर्वश्रेष्ठ पुरुस, लछ्मि-निबन्द-सङ्ग्रह, साजाप्रकासन, २०३२, प्रिष्ठ २७ । -स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुप्त थिए सब, तर तिमि जागौ जाग्रत क्षणको पाठ दियौ;
टाढा देख्ने प्यारा कविजी, नेपालीमा राम दियौ।

—सिद्धिचरण श्रेष्ठ।

(झ) हाम्रा यी अति मान्य आदि-कवि हुन् अत्यन्त धर्मी थिए,
लेख्थे धर्म-र-भावपूर्ण कवि-ता भाषा बनाईदिए।
नेपालीहरुलाइ भानु-सरि भै बाटो बनाईदिए,
भाषा-राष्ट्र-र-राम- भक्त कवि यी साह्रै रसीला थिए॥

—पारस्मणि प्रधान।

---

भानुभक्त-स्मारक ग्रन्थ (प्रथम संस्करण) प्रि० १६। -स०।

तीं, प्रि० १०८। -स०।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भानु प्रति उपसंहारात्मक उद्गार

श्रेष्ठ श्रीकवि भानुभक्त गुरुले भाषासरीका जती,
संस्कृत् शब्दहरू नराखि उनको ह्रस्वादिको केइ स्थिती ।
गर्नूमो कविता उ पूज्य हुन ओ भाषा-सिलोक् हो भनी,
वाच्यार्थै गहिरो भया रछ ठुलो ह्रस्वादिभन्दा पनी ॥१॥

संयोग् पन्तिरमा हुँदा गुरु हुन्या अक्षर् पनी ह्रस्व भै,
अच् काट्नू अरु वर्ण काटनु पनी देखिञ्छ ठाँमूठाँम नै ।
भाषा हो कविसिंहका कृतिविषे ठान्दीन यो दोष् म ता,
भाषामाँ सब लोक बोल्छ जसरी त्यो शब्द तेस्तै छ ता ॥२॥

भाषाका कविता ति गीत र भजन् इन्माँ त संस्कृत् सरी,
साह्रै बद्ध नियम् त गर्नु किन यो ठूलो प्रयासै गरी ।
भन्दामाँ लय-भङ्ग हुन्न रसिलो भावार्थ भो ता भयो,
साधारण्-जन-लोकको मन खुसी पूरा भया भै गयो ॥३॥

जस्तो गद्यमाँहाँ सकिञ्छ मनको भाव् लेख्न आँफनू कुरा,
तेस्तो पद्यमाँहाँ कठिन् छ सबथोक् भाव् लेख्नलाई पुरा ।
उस्माँ वर्ण नकाटि संस्कृतहरू सब् शुद्ध कायम् गरी,
लेखोस् ता कविबुद्धिको त बलियो एइ हुञ्छ बिर्कोसरी ॥४॥

लेख्ला लेख्न त कोइ बडा कठिनले सब् शुद्ध सँस्कृत् गरी,
अक्षर् कत्ति नकाटि केइ अलिकती खुप् काव्य-ढङ्ले भरी ।
लाँमो लेखन ग्रन्थ मुस्किल बहुत् पर्न्या छ एस्तो गरी,
भाषा-श्लोक त ठाञ्छु लेखन हुन्या आदीकवीकै सरी ॥५॥


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ाणी शुद्ध गरेर काव्य पनि खुप् छाँटेर संस्कृत् भरी,
भाषा-श्लोक भनी बँनाइ जनता बुज्दैन उस्तो गरी ।
भाषा श्लोक भने पछी त ति ठुला विद्वान्हरूले सरी,
स्त्री-बालक्-हलितक् बुजुन् त कविता भाषा भयो त्यो घरी ॥६॥

भाषाका कविका गुरू इ कविका भन्दा सिलोक् लोकमाँ,
विद्वान्देखि लिएर मूढ जनतक् सब् पर्दछन् मोजमाँ ।
तस्तो पो कविता त एकइ पटक् हेरेपछी फेरि ता,
हेर्नै मन् नहुन्या ति क्यानु कविला स्वादै टुटेका तिता ॥७॥

आँफ्ना वीर् पुरुषार्थि स्वामिसँगमाँ एक्लै छँदामाँ जती,
नारीहेरु रमाँउछन् रसिक जन् अक्षर् चिनेका जती ।
माया भानु-किताब ता खुसि भया तेही हिसाब्ले गरी,
एक्छिन् देउ् न किताप् भनेर नदिन्या हुन्छन् ति दुष्टै सरी॥८॥

दर्दा फुर्सद कम्ति हुन्छ र किताप् राखिन्छ बाँधीवरी,
फेरी मन् उहि हेर्नको टक लिन्या सुन्दर् कुराले गरी ।
लोकी कण्ठ गराँउनै मन हुन्या करतो भनाई वचन् ,
नाँच्यो ता उँहि चित्त लीन हुन गो हेरी अघाउन्न मन् ॥९॥

भक्ती ज्ञान र धर्म-कर्म रसिला वैराग्य नीति स्तुती,
वीरादी करुणादि योग्य रस छन् बात् छैन भद्दा रती ।
नीति-ज्ञान-रहीत काँहि त कथामात्रै भए ता पनी,
पद्को न्यास विचित्र भङ्गित हुँदा अम्मित्सरी तेइ् पनी ।१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाँटी काव्य नकाटि वर्ण कविता हाल्माँ बने तापन,
भानूभक्तजिकासरी मन लिन्या निस्केन कोइ्का पनी ।
अत्युक्ती न कतै न कम्ति छ कतै उक्ती न उत्ताउलो,
उक्ती सभ्य सरल् भएर मनमाँ श्रद्धा हुन्या खुप् ठुलो ॥११॥

संस्कृत्को पनि ह्रस्व-दीर्घ-विघटन् अच्काट्नुको दोष् पनी,
के हेर्थ्यो रस-भावलुब्ध दुनियाँ सुन्दर् छ भावै अनी ।
भुन्लो टाँस्सिन गो बनेर उखुका सुन्दर् असल् ठाँकमाँ,
दोष् को दिञ्छ र मुक्ख्य रस् छ उसकै पर्छन् सबै चाखमाँ॥१२॥

दश्-आठ्-वर्ष उमेरका पुरुषले पाए पनी सुन्दरी,
तिन्को त्यो मन विक्क्रिती नहुनु झैं इ् तेही हिसाप्ले गरी ।
भानूभक्तजिको पडेर कविता स्वादै नहून्या पुरा,
कोही मानिस छन् विचित्र छ जगत् धिक्कार् गरम् क्या कुरा॥१३॥

मिस्सरीमाँ गुलियो छ तेइ गुलियो जेठीमधूमाँ पनी,
भाषा हो कवि भानुभक्तगुरुको भाषै अरूको पनी ।
मिस्सरीमाँ मधु-यष्टिमाँ छ जति भेद् मिष्टन्नमाँ एस् घरी,
भानूभक्तजिको र और कविको भाषा छ तेस्तै सरी ॥१४॥

कोठाका अति-अन्धकार-विचका माल्तालहेरू सरी,
रामायण्-विच आत्मबोधसितका थीया कथा घेर् थरी ।
संस्कृत् नै दृढ अन्धकार झैं नै देख्तैनथे केह् पनी,
भाषारूपक वत्ति बालिदिनु भो देखे सबैले अनी॥१५॥


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदव्यासजिले बँनाँ उनुभयो अद्ध्यात्मरामायण[1] ,
त्यो हेर्दा बरु लाग्छ अन्छि कहिले हेरेपछी एक् क्षण ।
तेसैको अनुवाद हो तर कवीजीको त रामायण,
मीठो छोड्करि भाव सुन्दर हुँदा गर्दैन आलस् मन ॥१६॥
रामायण् अति योग्य खास तुलसीदास्ले रच्याको छ त्यो,
भाषा छन्द विदेशि सर्व हुन गै बुज्नै-कठिनको भयो ।
नेपाली अपठित् पठित् पुरुष जन् स्त्रीजन् सबैलाइ ता ,
रामायण कविसिंहको सरि अरू ठान्दीन कोई मँ ता ॥१७॥
दण्डी भारवि कालिदास कविगण् जो जो अगीको थियो,
षट्शास्त्रतत्व र तीक्ष्ण बुद्धि उसको हेरेर लेख् देखियो ।
मन्मा हर्ष-विराग-शान्ति गरन्या ग्रन्थै त तिन्को पनीं,
भानूभक्तजिका त लेख सरिको पाइन्न केई पनी ॥१८॥
जस्तो व्यासजिको छ भागवतमाँ श्रद्धेय वात् गम्भिर,
उक्ती श्रीकवि भानुभक्त गुरुको उस्तै गहीरो स्थिर ।
अक्षर् छैन अधीक वाक्क्य पद केई छैनन् निरर्थक् कँहीँ,
सार्पूर्णै पद वाक्क्य राखनुभई सुन्दर् छ जाहीँ तहीँ ॥१९॥
श्रेष्ठ श्रीकविदेखि केइ पछिका श्रीहोमनाथ्ले पनी,
सामान्यै गनि भानुलाइ मँ पनी उस्तै कवा हुम् भनी ।
लेखे भारतको र भागवतको केही अनूवाद् पनीं,
डोरो मात्र कथा छ वाक्क्य वलिलो पाँइन्न एउटा पनी ॥२०॥

---

१. अद्ध्यात्मरामायण व्यासप्रोक्त ब्रह्माण्डपुराणको उत्तरखण्डको अन्तर्गत मानिन्छ । —स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्क्यैको रति सार केइ नबुजन्या केइ छन्द मिल्न्या सिलोक्,
भन्दामाँ लय मिन्नि पाइ पनि यो खुश् हुन्छ कोइ मूढ लोक् ।
तेस्तालाइ त होमकै पनि भयो तेस्माँ कथा सम्म छ ,
वाक्क्यैको पनि सार् लिन्या त अनले के लाभले हेर्दछ ? ॥२१॥

दिञ्छिन् वाणि खुलेर खास कविता एउटा कवी गर्दछ,
त्यो देखी कवि हुन्छु मैं पनि भनी आर्को अगी सर्दछ ।
वाणीले दिनुमो र पो उ कबि भो सब्लाइ कल्ले दियो,
बल्ले बञ्छ कवी सिलोक् बिरसिला एइ चालले लोक् लियो॥२२॥

छोटो बुद्धि हुन्याहरूकन बहुत् प्यारो हुन्या चाल् गरी,
एक् छिन् भन्न रमाइलो छ घतिलो बात् छैन हाँसो सरी ।
भ्याऊरे गित गाँउन्या पनि कवी स्वर् गाँउन्या गाँइने,
एस्वा छन् कवि हाल भानु सरिका पक्की काँहाँ पाँइने? ॥२३॥

छन्दै-शास्त्र नजानिले गित रचे भन्न्या लहैमाँ गई,
छाडे पिङ्गलशास्त्र हाल कविले ज्ञाता उसैका भई ।
घाँसी ज्यामि र गाँइने ति जति छन् छन्दै नजान्न्याहरू,
तिन्ले ठीक् छ सबाइ-गीत-लयमाँ, उस्माँ उनैले गरून् ॥२४॥

शास्त्री भैकन गर्नु ठीक् छ कविता शास्त्रीय छन्दैमाँहाँ,
शास्त्री भै पनि भ्याउरे गित रचे त्यो शास्त्र टिक्ला काँहाँ ।
भो को युद्ध सबाइमाँ र बेहिर कोइ बन्टनीया मिली,
गाँम्-घर्माँ पनि गीत् सबाइहरू ता रच्छन् बुआरी मिली ॥२५॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाणी शुद्ध गरेर काव्य पनि खुप् छाँटेर संस्कृत् भरी,
भाषा-श्लोक भनी बँनाइ जनता बुज्दैन उस्तो गरी ।
भाषा श्लोक भने पछी त ति ठुला विद्वान्हरूले सरी,
स्त्री-बालक्-हलितक् बुजुन् त कविता भाषा भयो त्यो घरी ॥६॥

भाषाका कविका गुरु इ कविका भन्दा सिलोक् लोकमाँ,
विद्वान्देखि लिएर मूढ जनतक् सब् पर्दछन् मोजमाँ ।
तेस्तो पो कविता त एकइ पटक् हेरेपछी फेरि ता,
हेर्नै मन् नहुन्या ति क्यानु कविला स्वादै टुटेका तिता ॥७॥

आँफ्ना वीर् पुरुषार्थि स्वामिसँगमाँ एक्लै छँदामाँ जती,
नारीहेरु रमाँउछन् रसिक जन् अक्षर् चिनेका जती ।
पाया भानु-किताब ता खुसि भया तेही हिसाब्ले गरी,
एक्छिन् देउ न किताप् भनेर नदिन्या हुन्छन् ति दुष्टै सरी॥८॥

हेर्दा फुर्सद कम्ति हुन्छ र किताप् राखिन्छ बाँधीवरी,
फेरी मन् उहि हेर्नको टक लिन्या सुन्दर् कुराले गरी ।
पोकी कण्ठ गराँउनै मन हुन्या करतो भनाई वचन् ,
बाँच्यो ता उँहि चित्त लीन हुन गो हेरी अघाउन्न मन् ॥९॥

भक्ती ज्ञान र धर्म-कर्म रसिला वैराग्य नीति स्तुती,
वीरादी करुणादि योग्य रस छन् बात् छैन भद्दा रती ।
नीति-ज्ञान-रहीत काँहि त कथामात्रै भए ता पनी,
पद्को न्यास विचित्र भङ्गित हुँदा अम्मित्सरी तेइ् पनी ॥१०॥


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाँटी काव्य नकाटि वर्ण कविता हाल्माँ बने तापन,
भानूभक्तजिकासरी मन लिन्या निस्केन कोइ्का पनी ।
अन्युक्ती न कतै न कम्ति छ कतै उक्ती न उत्ताउलो,
उक्ती सभ्य सरल् भएर मनमाँ श्रद्धा हुन्या खुप् ठुलो ॥११॥

संस्कृत्को पनि ह्रस्व-दीर्घ-विघटन् अच्काट्नुको दोष् पनी,
के हेर्थ्यो रस-भावलुब्ध दुनियाँ सुन्दर् छ भावै अनी ।
मुन्लो टाँस्सिन गो बनेर उखुका सुन्दर् असल् ढाँकमाँ,
दोष् को दिञ्छ र मुकख्य रस् छ उसकै पर्छन् सबै चाखमाँ॥१२॥

दश्-आठ्-वर्ष उमेरका पुरुषले पाए पनी सुन्दरी,
तिन्को त्यो मन विक्क्रिती नहुनु झैँइ् तेही हिसाप्ले गरी ।
भानूभक्तजिको पडेर कविता स्वादै नहून्या पुरा,
कोही मानिस छन् विचित्र छ जगत् धिक्कार् गरम् क्या कुरा॥१३॥

मिस्सरीमाँ गुलियो छ तेइ गुलियो जेठीमधूमाँ पनी,
भाषा हो कवि भानुभक्तगुरुको भाषै अरूको पनी ।
मिस्सरीमाँ मधु-यष्टिमाँ छ जति भेद् मिष्टन्नमाँ एस् घरी,
भानूभक्तजिको र और कविको भाषा छ तेस्तै सरी ॥१४॥

कोठाका अति-अन्धकार-विचका माल्तालहेरू सरी,
रामायण्-विच आत्मबोधसितका थीया कथा धेर् थरी ।
संस्कृत् नै दृढ अन्धकार झैँइ मै देख्तैनथे केइ् पनी,
भाषारूपक वत्ति बालिदिनु भो देखे सबैले अनी॥१५॥


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदव्यासजिले बँनाँ उनुभयो अद्ध्यात्मरामायण[1] ,
त्यो हेर्दा बरु लाग्छ अन्छि कहिले हेरेपछी एक् क्षण ।
तेसैको अनुवाद हो तर कबीजीको त रामायण,
मीठो छोड्करि भाव सुन्दर हुँदा गर्दैन आलस् मन ॥१६॥
रामायण् अति योग्य खास तुलसीदास्ले रच्याको छ त्यो,
भाषा छन्द विदेशि सर्व हुन गै बुज्नै-कठिनको भयो ।
नेपाली अपठित् पठित् पुरुष जन् स्त्रीजन् सबैलाइ ता ,
रामायण कविसिंहको सरि अरू ठान्दीन कोई मँ ता ॥१७॥
दण्डी भारवि कालिदास कविगण् जो जो अगीको थियो,
षट्शास्त्रितत्व र तीक्ष्ण बुद्धि उसको हेरेर लेख् देखियो ।
मन्मा हर्ष-विराग-शान्ति गरन्या ग्रन्थै त तिन्को पनीं,
भानूभक्तजिका त लेख सरिको पाइन्न केई पनी ॥१८॥
जस्तो व्यासजिको छ भागवतमाँ श्रद्धेय वात् गम्भिर,
उक्तो श्रीकवि भानुभक्त गुरुको उस्तै गहीरो स्थिर ।
अक्षर् छैन अधीक वाक्क्य पद केइ् छैनन् निरर्थक् कँहीं,
सार्पूर्णै पद वाक्क्य राखनुभई सुन्दर् छ जाहीँ तहीँ ॥१९॥
श्रेष्ठ श्रीकविदेखि केइ पछिका श्रीहोमनाथ्ले पनी,
सामान्यै गनि भानुलाइ मँ पनी उस्तै कबा हुम् भनी ।
लेखे भारतको र भागवतको केही अनूवाद् पनीं,
डोरो मात्र कथा छ वाक्क्य वटिलो पाँइन्न एउटा पनी ॥२०॥

---

१. अद्ध्यात्मरामायण व्यासप्रोक्त ब्रह्माण्डपुराणको उत्तरखण्डको अन्तर्गत मानिन्छ । —स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्क्यैको रति सार केइ नबुजन्या केइ छन्द मिल्न्या सिलोक्,
भन्दामाँ लय मिन्नि पाइ पनि यो खुश् हुन्छ कोइ मूढ लोक् ।
तेस्तालाइ त होमकै पनि भयो तेस्माँ कथा सम्म छ ,
वाक्क्यैको पनि सार् लिन्या त जनले के लाभले हेर्दछ ? ॥२१॥

दिन्छिन् वाणि खुलेर खास कविता एउटा कवी गर्दछ,
त्यो देखी कवि हुन्छु मैं पनि भनी आर्को अगी सर्दछ ।
वाणीले दिनुभो र पो उ कवि भो सब्लाइ कल्ले दियो,
वल्ले बन्छ कवी सिलोक् बिरसिला एह चालले लोक् लियो॥२२॥

छोटो बुद्धि हुन्याहरूकन बहुत् प्यारो हुन्या चाल् गरी,
एक् छिन् भन्न रमाइलो छ घतिलो बात् छैन हाँसो सरी ।
भ्याऊरे गित गाँउन्या पनि कवी स्वर् गाँउन्या गाँइने,
एस्वा छन् कवि हाल भानु सरिका पक्की काँहाँ पाँइने? ॥२३॥

छन्दै-शास्त्र नजान्निले गित रचे भन्न्या लहैमाँ गई,
छाडे पिङ्गलशास्त्र हाल कविले ज्ञाता उसैका भई ।
घाँसी ज्यामि र गाँइने ति जति छन् छन्दै नजान्न्याहरू,
तिन्ले ठीक् छ सबाइ-गीत-लयमाँ, उस्माँ उनैले गरून् ॥२४॥

शास्त्री भैकन गर्नु ठीक् छ कविता शास्त्रीय छन्दैमाँहाँ,
शास्त्री भै पनि भ्याउरे गित रचे त्यो शास्त्र टिक्ला काँहाँ ।
भे ट्को युद्ध सबाइमाँ र चदिर कोइ् बन्टनीया मिली,
गाँउ-घरमाँ पनि गीत् सबाइहरू ता रच्छन् बुआरी मिली ॥२५॥


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केवल् छन्द कथा मिलाइ कविता अच्काल कोइ गर्दछन्,
रस् भेटिन्न सिलोकमाँ र जन ता हेर्दा उराठ् पर्दछन् ।
कोईका कविता त छैनन कवै छन्दै मिलेका पनी,
कोईको बुजिदैन केइ पनि कुरो भावार्थ एइ हो भनी ॥२६॥

तस्ता तीं कविता छपाइ ति किताप् बिक्री गरी हिँड्दछन्,
हेर्न्यो के छ त लौ भनी किनि किताप् उस्माँ हटीजाञ्छ मन् ।
अच्काले पनि गर्दछन् कवि कुनै सुन्दर् कवीताहरू,
भानूभक्तजिकोसरी अति गभीर् लाग्दैन लौ क्या गरू ।२७॥

हाल्माँ छन् अति स्वादिला ति कविता श्रीलेखनाथ्का पनी,
बुद्धी बुद्धिविनोदमाँ छ उनको सत्यैकलीमाँ पनी ।
बोली सभ्य विराग त्यो सरलता कस्तै विचार्दा पनी,
सम्राट् श्रीकवि भानुका त सरिको देख्दिन तिन्को पनी ॥२८॥

संस्कृतमाँ कुलचन्द्र गौतम थिया नेपालराज्-भर्-माँहाँ,
सर्वश्रेष्ठ उनीसरी त सहसा पाइञ्छ विद्वान् काँहाँ ? ।
संस्कृत् ग्रन्थहरू मनोहर रची छाडी गया स्वर्गमाँ,
तेस्तै हाल्तक भानुभक्तसरिको कोइ छैन भाषामाँहाँ । २९॥

"का विद्या कविताम् विना" भनि अगी विद्वान गर्थे कुरा,
दर्पणमाँसरि बुद्धि देखिनगयो भानू कबीको पुरा ।
फक्ती मैं पनि छैन ठाञ्छ उनमा लेख्ला कवीता जब,
चोक्ले चाख गऱ्यो भन्या उ कविता देख्दिञ्छ बुद्धी तब॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साँधेको निबुआ अगाडि परि को सक्ला नखाई उसै,
तामाको रस नेपकान समज्या पग्लञ्छ जिउ्रो यसै ।
के तत्तो इनमाँ मिली प्रिय भया छन् आँमिला धेर् अरू,
भाषा छन् अरु भानुकासरि त स्वाद् आएन लौ क्या गरू॥३१॥

मौकैमाँ कविता यथार्थ बुजन्या श्री मोतिरामै रछन्,
तेस्भन्दा पछि सूर्यविक्रमजिले हेरी बुजेछन् र भन् ।
छापेछन् कविराजको बुजि-बुजी जीवन्-चरित्रै पनी,
तेस्रा लेखक ब्रह्मजी हुनुभयो बेसै कबी हुन् भनी ॥३२॥

धन्यै हुन् कवि मोतिरामजि अहो धन्यै रह्याछन् इनी,
पैलेइ् विष्णुसमान वर्णन गऱ्या श्रीभानुको लेख् चिनी ।
भानूजीवन-वर्णनादि-कविता छापी गयाछन् र पो,
पाएम् हेर्न समग्र नत्र डडि पो जान्थ्यो कि देख्थ्यो र को?[१] ॥

धन्यै हुन् गिरिधारि भाट खि गजाधर् छोति ब्राह्मण् पनी,
सुब्बा ज्योतिषि धर्मदत्त इनचिफ् श्रीकृष्णबादुर् पनी ।
जस्को नाम त भानुका चरितका सम्बन्धमाँ पर्दछ,
तिन्को नाम् पनि भानुका चरितले धेर् काल् अमर् गर्दछ॥३४॥

---

१. भानुभक्तको रामायणको धार्मिक-सांस्कृतिक महत्त्व बुजि तेल्लाइ मोतिरामले भन्दा अगि नै पनि अरुले पनि प्रकाशित-गरेका भए पनि भानुका कविताहरु धुन गरि खोजि तिनलाइ समग्र रूपमाँ छाप्नमाँ मोतिरामको जस्तो लगन उमका समयमाँ अरुमाँ देखिँदैन, तसर्थ एसो भनिएको हो । —स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छापेथे जब सूर्यविक्रमजिले जीवन्-चरित्-पुस्तिका,
लागे हेर्न बडाइमि बुज्ज्नु क पनी भानू-कवीता निका ।
देखे रत्न समान सर्व कविता आश्चर्य मन्माँ परी,
भानुस्मारक ग्रन्थ नै रचिदिया विक्रमजि योजक् परी ॥३५॥

फेरी श्रीकविबालकृष्ण समजी श्रीबालचन्द्र पनी,
खर्दार् ती इतिहास-लेखक ठुला श्रीबाबुरामै पनी ।
एस्ता धेर् बुधले पृथक् पनि क्तिताप् लेख्या समालोचना,
हेर्ला ता कविता रसीक बुधले सक्ला नलेखी काँहाँ ? ॥३६॥

नेपाल्-राष्ट्रपिता महेन्द्र नृपती बाद्शाहले नै पनी,
भानूको कविता चिनि इनि ठुला आदीकवी हुन् भनी ।
राख्या सालिक राजधानिनगरी-शिक्षानिकेतन्माँहाँ,
उस्ताको गुण हाँमिज्ञे गरि बयान्के साद्ध्य हुन्थ्यो याँहाँ॥३७॥

पश्चिम् तर्फ सबारिमाँ सुकबिको हो जन्मभूमी भनी,
दुर्बिन्बाट[२] नजर्भएर खुशि भै यो चुँदिरम्गा पनी ।
बक्सिस् पाँच हजार भै कबिजिको यो जन्मथल्माँ पनी,
स्मारक् राखिदिनू भनी हुकुम भो माग्दै-नमागे पनी ॥३८॥

तेत्तोल्ले अपुगै बुझेर कविको नाम् समजन्या नाममाँ,
संस्कृत्-भानुमिडील बक्सिसभयो एइ् चुँदि रम्गामाँहाँ ।
तेस्माँ बालक-बालिका युवक ती सब् जात लड्का पनी,
खूसी भै कन पड्दछन् कबिजिका नाम्ले मिन्याको भनी॥३९॥

---

२. 'दोर्दोर्बाट' भन्नि पाठान्तर पनि छ । —स० ।

Nepal Sanskrit University, Bhaneeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होईस्कूल र पुस्तकालय, मिडिल् स्कूल् जो खडा तो भया,
सम्म्राट् श्रीकविजन्मभूमितिरका तेइ्-नामले नै रह्या ।
हेर्दा त्यो कविता प्रसन्न दुनियाँ हूँदा भयो काँम त्यो,
राम्म्रो काम् यदि गर्छ कीर्ति नचली कस्को काँहाँ त्यो रह्यो?॥४०॥

तेस् रीत्ले कविको बयान् गरिदिँदा अच्काल् अरू जन् पनी,
थाले हेर्न विचार् गरेर ति सिलोक् कस्ता रहेछन् भनी ।
आद्योपान्त रसीकले सब किताप् हेर्ला कवीका जब,
उक्ती श्रीकविसिंहको अति उचित् देखेर चिन्ला तब ॥४१॥

भाषा संस्कृत जे हओस कविता बूजून् अरूले भनी,
भन्दा माव गडेर त्यो हृदयमाँ हल्लोस खुप् शिर् पनी ।
बाः बाः भन्नुपरोस आँसुराहितै विग्रोस् अनूहार् पनी,
एस्ता श्लोक बँनाँउन्या जन छ जो माँहाँकवी हो पनी॥४२॥

गोरू किन्न गए पनी सिलक छन् पर्देशवास्माँ पनी,
वादी औ प्रतिवादि अर्जि समथोक् सुन्दर् सिलोक्ले भनी ।
जाञ्छन् जाँहिँ रमाइलो छ कविता सो माफिकै लेखियो,
कूनाकाँनि दबे माँहाँकविजिका केइ् श्लोक यो देखियो ॥४३॥

लाग्याँ भन्न भन्या सिलोक कविका बिसञ्छु काँमै पनी,
गाँठो पर्छ मुटुबिसे गिरि ठुला हर्षाश्रु-धारा पनी ।
भन्नै शक्तिनँ कण्ठ रोकिन [illegible] केइ् बेर् पछी ता मँ ता,
भन्नै शक्ति नभै किताप पनि त्यो पञ्छाइदिञ्छू डता ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्छू काँम्तिर पो तथापि मुखमाँ आईरहन्छन् भनी,
मनमाँ रस् बनिरञ्छ मेट्छु रसले काँम्को परिश्रम् पनी।
हुञ्छे साथि मँलाइ धन्य कविता एक्लै हिँडेमाँ पनी,
सुद्धी कत्ति हुँदैन धेर बिचको बाटो कटेको पनी ॥४५॥

लड्डूका पनि गोलबाट नमिठोमीठो बिभाग् हुन् गरू,
उस्तै छन् कवि भानुका ति कविता सुन्दर् सबै श्लोक्हरू।
पाँच्-सात् श्लोक यहाँ समुद्धृत गरी लेखू भनी हुन् बडा,
अम्मित्का सरिका कितापभरिका सब्का अगी छन् खडा ॥४६॥

साकी-काँमि-दमै-गुरुम्-मगर ती भोटे-दनूआर् पनी,
रामायण् शुभ-स्वर् मिलाइ रसले हिँड्छन् मजाले भनी।
राम्को नाम कथा त गन्ध पनि केइ् धोएन तिन्माँ अगी,
युक्तीले उ सुधा पियाइदिनुभो तिन्का अगाडी लगी ॥४७॥

डाक्ता पुत्र पन्यो र नाम हरिको तेस्ले अजामिल् तन्या,
तिन्को फल् भनिसक्छ को र जस्ले राम्को कथा गानुगन्या।
एस्तो काँम् गरि भानुभक्त कविले लोकोपकार् खुप् गन्या,
रामायण् पडि उच्च नीच सब जन् संसारसागर् तन्या॥४८॥

हे ब्रह्मज्ञ परोपकारि तिमिले वेदान्तका प्रक्रिया,
दुर्बोध् हुन् त पनी करामलकवत् [illegible] पो लेखिया।
तेस्तो ज्ञान पनी सरल् सिलकमा लेखर छाडी गएउ्,
तिम्रो रिन् तिरिसक्छ को र ? सबका माता-पिता-झैं इ् भएउ् ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामगीता तिमिले करामलकवत् जानुन् सबैले भनी,
भाषाश्लोक-गरेउ् बडा कठिनको आत्मानिरूपण् पनी ।
ठाँउ्ठाँमै कति आत्मबोध सजिलो सुन्दर् बनाई गएउ्,
भद्दा हुञ्छ भनेर अड्कल गरी ठिक् मान्त्र लेख्ताभएउ् ।।५०।।

हिन्दुस्थाननिवासि हिन्दु जनको सर्वस्व भारत् पनी,
भ्यायाको तिमिले भया यसरि नै भाषा-सिलोक्ले भनी ।
रत्नै ग्रन्थ हुन्याथियो भुलिदिएउ् घर्काजको वाँम् गरी,
एइ् हाँम्रा मनमाँ त शल्य हुन गो निस्कन्न यो केइ् गरी।।५१।।

भाषा-भारत लेख्छ एक जनले बुज्दैन मन् तेसमाँ,
आर्काको र मँ लेख्छु सुन्दर भनी धामा गरी तेसमाँ ।
लेख्छन् भारत लेख्न्या बहुत छन् एइ् चाल उस्माँ बस्यो,
रामायण् तिमिले गरेउ् र कविता त्यो ग्रन्थको बास् बस्यो।।५२।।

कूलाको मुखिया हुन्या तक पनी घर्काज् तिमीले गरेउ्,
दर्बार् गै इनचीफको पनि सबै अज्ञान् तिमीले हरेउ् ।
आँफ्नू त्यो ग्रहकुण्डलीकि कविता ह्वार्-ह्वार्ति मुख्ले भनेउ्,
यो ज्यानमाँ विस थोक् कदेखि उठन्या एकै सिलोक्माँ गनेउ्।।५३।।

फुर्की उन् गृहलक्ष्मि घर्कि भनि त्यो शृङ्गारको श्लोक् रचेउ्,
बाऊको भनि बाँकि पक्रिइ ठुलो स्तेस्ता भिड्याई बचेउ् ।
दाऊ चिन्दिनँ व्यर्थमाँ धन गयो क्यारे यही ताप् बुजेउ्,
चिनुन् दाउ भनी सिलोक सजिलो तत्कालमाँ नै रचेउ् ।।५४।।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जूआडे-सरि भै नकस् र छरुआ पाशा पनी खेन्दिएउ,
चौथीका दिन पत्र खोज्न सञ्चिलो श्लोकै बनाईदिएउ ।
देखाऊँ भनि बाँद्-कुलो बगरमाँ एकछिन् बसी श्लोक् रचेउ,
श्लोकैले छलफल् पनी गरिदिएउ बौडाहदेखी बचेउ ॥५५॥

उठ्छन् श्लोक ढबाट फेरि घुमदै वश्छन् ढमाँ नै गई,
ठीटाका खुसिका सिलोक् रचिदिएउ ठीटै-सरीका भई ।
एस्ता हास्य रमाइला सब कथा आयूभरीमाँ गरी,
लेखी रामचरित्र रामसित मिलेउ दुष्पार संसार् तरी ॥५६॥

सद्दे कागतमाँ असल् किसिमले कुण्डल् बुटाले भरी,
सन्दुस्का रुपको गरेर बिचमाँ खुप् शुद्ध अक्षर् गरी ।
सप्का साफि गरेर रत्न कविता सब् छाप्न लायक् थिया,
कच्चा प्रेस्हरुले त अक्षर जथाभावी गराईदिया ॥५७॥

भानूभक्त कबी कबी तुलसिदास् व्यासै पनी हुन् कबी,
भयाऊरे गित लेख्छ तेइ् पनि कबी कोइ् चार् सिलोक्का कबी।
गङ्गा भागिरथी पनी ति जल हुन् जल् हो समुद्रै पनी,
जल् हुम् भन्दछ हैन भन्नु कसरी लोटा-कुलाको पनी ॥५८॥

आद्योपान्त रसीकले सब किताप् हेर्ला कबीका जब,
मेरो भानु-बयान् सुनेर उसको खुप् चित्त बुज्ला तब ।
भानूको कविता यथार्थ नबुजी यो मात्र पुस्तक् भनी,
अन्युक्ती अति भो भनेर मनमाँ लेला कि ईर्ष्या पनी ॥५९॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाहाड्को जन्म पाई अति अबुध छुचा क्रोधिजन् सङ्ग पाई,
लेखेछन् ग्रन्थ सुन्दर् तर पनि कविको धन्य लाग्यो मँलाइ ।
जन्मैदेखी निरन्तर् बुधजन-र-सबै-ग्रन्थको सङ्ग होस् ता,
के के भ्याएर जान्थे किसिम-किसिमका बन्दथे ग्रन्थ कस्ता!! ॥

रामायणै र वधुशिक्षण भक्तमाला,
प्रश्नोत्तरै यति किताप् सबको त चाला ।
हेर्दा महापुरुष हुन् कवि भानुभक्त,
जस्का कृतीहरु पढी सब छन् सुरक्त ॥६१॥

भानुर् मनुष्यरूपेण जातोऽसौ पृथिवीतले ।
कीर्णा यत्-कविताकान्तिर् लोकाज्ज्ञानतमोपहा ॥६२॥

विचित्रपृथिवीभानोः कविताकान्तियोगतः ।
नेपालभाषाभिज्ञस्य चित्तपद्मवँ विकासते ॥६३॥

कवितागिरिसम्भूता रामविलस्स्वरूपिणी ।
पवित्रोदा नदी लोक-संसारमलहारिणी ॥६४॥

नृपतिनखमिते तु वैक्रमाब्दे,
कविरचितन् नरनाथशर्मणोक्तम् ।
निजकविकुलजेन सर्वँविलोक्क्य,
कविकृतिलुब्धनरा मुदम् प्रयान्तु ॥६५॥

॥★॥ इति शुभम् ॥★॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# परिशिष्टहरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## परिशिष्ट १

## भर्जन्म इत्यादि दुइ पद्यमाँ सन्देह र तेस्को समाधान

"भर्जन्म घाँसतिर मन् दिइ धन् कमायो,
नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो ।
घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो,
मो भानुभक्त धनि भैकन आज यस्तो ॥
मेरा इनार न त सत्तल पाटि क्यै छन्,
जो धन् र चीजहरु छन् घर-भित्र नै छन् ।
यस् घाँसिले कसरि आज दिएछ अर्ती,
धिक्कार हो मकन वस्तु नराखि कीर्ती ॥"

भानुभक्तले अन्त कतै प्रयोग नगरेको मोतिरामले प्रचुरमात्रामाँ प्रयोग गरेको "मो"-शब्द उपर्युक्त कवितामाँ देखिएकाले इ दुइ पद्य भानुभक्तले बँनाएकै हैनन्, भानुभक्तको जीवनचरित्र लेख्ता मोतिराम भट्टले कल्पनागरेर खडा गरेका हुन् भन्नि केइ मानिसले तर्क लिएका छन् । तर इ दुइ श्लोक भानुभक्तले नै बँनाएका हुन् । इ दुइ श्लोक बँनाउँनाको प्रसङ्ग लेख्ता भट्टजिले आँपनो कल्पना घेरै दौडाएका छन; त्यो प्रसङ्ग भट्टजिको कपोलकल्पना मात्र हो । श्लोक त भट्टजिले बँनाएका हैनन्; खास भानुभक्तले नै बँनाएका हुन् । ति पद्यको रचना-प्रसङ्गका विषयमाँ मैँले 'भानुभक्तको सच्चा जीवनचरित्रका ४६, ८६-८८ पृष्ठमाँ लेखेका कुराहरु नै भरपर्दो परम्पराबाट प्राप्त भएकाले साँचा हुन् । किनभने भट्टजि भानुभक्तका कविताका रसज्ञ, भानुका पूरा भक्त, भाषाप्रेमि, आर्काको गुण देख्ता डाह नगर्नि र गुण-अन्सार् बयान् गरिदिनि सज्जन मात्र हुन्; आँफै ठुला कवि त हैनन् । उनका प्रह्लाद-भक्ति-कथा आदि कविता पनि देखिएका छन् । भानुका कविताको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो सौन्दर्य र छरितोपना मोतिरामका कवितामा पाइदैन। एस कुराबाट र 'ससुरालि जांदा एस ठांममां घांसको भारि ल्याउनिले एस्तो बात गर्दा इ दुइ श्लोक भानुभक्तले बँनाएका हुन्' भन्नि परम्परागत कुरा भानुका धेरै फुट्कर कविता भन्नि, भानुका नाति पनि यज्ञनिधिबाट थाआ पाय्येकाले पनि इ पद्य मोतिरामले बँनाएका हुँदैहैनन् भन्नि कुरा मैं किटेर भन्न सक्छु।

मुख्य कुरो, भानुभक्तले अन्यत्र प्रचुर मात्रामां आँफ्नो विशिष्ट शैलीमां प्रयोग गरेका धेरै शब्दहरु उसै शैलीमां इ पद्यमां पनि प्रयुक्त भएका हुनाले अन्तस्साक्ष्यबाट पनि इ पद्य भानुभक्तकै हुन् भन्नि कुरा निर्विवाद हुन आँउछ। भानुभक्तका विशिष्ट शैलीमां प्रयुक्त भएका ति शब्दहरु— १. भर्जन्म, २. मनदिइ, ३. आज, ४. न त, ५. यस् ६. चीज, ७. अर्ती, ८ धिक्कार, ९. मकन र १०, बस्नु इ दश हुन्।

इ दश शब्दहरुको भानुभक्तका आँफ्नै विशिष्ट शैलीमां उनका अरु रचनामां प्रयोग भएका केइ उदाहरण तल दिइञ्छन्—

## १. भर्जन्म

जन्म-भर् भन्नि ठांममां भर्जन्म भन्नि भाषा तनुङ-चुँदितिर अगि खुप् थियो र 'भरिबर्खा भलिएर बस्यो, कांमै दिएन' 'उ भरिबर्खा माइतै बसि, आइन' इत्यादि भन्थे। तेसैले भानुभक्तले— 'भर्रात् जाग्रन झैं भयो मकन ता लागेन आँखा कसै' एस रचनामां 'रात्भर्' भने पनि वृत्त (छन्द) मिल्निमां आँफ्ना प्रदेशमां प्रचलित बोलि हुनाले 'भर्रात्' भनेका छन्। १९१७ संवत्को कालु जैसिसँगको बन्धकी-तम्सुक्मां 'भाका भरीपुसको' एस्तो लेखेका छन्। तेसै गरि १९१६ संवत्मां रमानाथलाइ लेखेको चिठिमां पनि 'भरिवैशाषमा - अवश्य आइ पुग्छु' भन्नि लेखेका छन्। तेसैले "आजन्म घांसतिर मन् दिइ धन् कमायो' भने पनि हुनिमां उनका आँफ्ना क्षेत्रका बोलिमां 'भर्जन्म' नै प्रचलित भएकाले "भर्जन्म घांसत्तिर मन् दिइ धन् कमायो" एस्तो लेखेका हुन्।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## २. मन् दिई

ध्यान दिनु, चित्त लगाउनु, मन् लगाउनु वा मन् दिनु इ विन्न्यासले प्राय एकै अर्थ दिञ्छन् तापनि भानुभक्तले चाँइ सबै ठाँममाँ 'मन दिनु' नै प्रयोग-गरेका छन् । अध्यात्मविषयक चिन्तनलाइ हाँमि ध्यान् गर्नु भञ्छम्, उनले तेसमाँ पनि 'मन् दिनु' नै प्रयोग गरेका छन् । जस्तै— "यस्माँ तीन् पद छन्, इ तीन पदका तात्पर्यमा मन् दिनू" । तेस कारणले यो 'मन्-दिइ'-शब्दको प्रयोग भानुभक्तको विशिष्ट शैलीकै चिह्न हो । अन्य उदाहरणहरु—

१. खुप् उच्चा-कुल आर्यवंशि हुनगै सत्कर्ममा मन् दिया ।
२. सो फल् भोग् पनि गर्छ गर्छ अरु फेर् कर्मै बहुत् मन् दिई ।
३. धिक्कार्का यति बात् सुन्या र झट्पट् श्रीराममा मन् दिई ।
४. ईश्वर्लाइ गरौं प्रसन्न भनि खुप् तिन्ले पनी मन् दिया ।
५. देख्यो विभीषणजिलाइ गदा लियाका
श्रीरामका चरणमा दृढ मन् दियाका । इत्यादि ।

## ३. आज

'आज' यो पद भानुभक्तले अन्यत्र प्रयोग गरिरएको र याँहाँ पनि प्रयोग गरेकाले उनको एस पद्य-रचनामाँ उनका अरु पद्य-सित साम्य पाँइञ्त्र भनेको सुन्दा कसैलाइ आश्चर्य लाग्ला; किनभने 'आज'-पदको अर्थ दिनलाइ त भोलि भनेर पनि हुँदैन, हिजो भनेर पनि हुँदैन 'आज' एहि पद नै चाँइञ्छ नि भन्नु अति स्वाभाविक छ । त्तर उनका प्रयोगमाँ 'आज' भन्नि पद कुनै वर्तमान दिन भन्नि अर्थमाँ आएको छैन । तेल्ले केवल् उनको बोल्नि शैलीको परिचय दिएको छ भन्नि कुरामाँ ध्यानदिनु आवश्यक छ । जस्तो— "स्वामित्, आज हजुर्हरू पृथिविमा मालिक् छँदामा पनी", "मो भानुभक्त धनि भैकन आज यस्तो ।" इ प्रयोगयाँ 'आज'- पदले आँफ्नो अर्थ- (वर्तमान दिन) लाइ छाडेर एक व्यक्तिको बोल्नि शैलीको परिचय मात्र दिएको छ । यो कुरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुज्न इ उदाहरणहरुको आवृत्ति र मनन गर्दै जानपर्छ । अरु उदाहरणहरु—

१. दुष्टे आज सिताजिलाइ किन यो वस्तर् पुराना दियौं ।
२. मेरा आज शरण् पऱ्यो भनि दया आयो उ काग्मा पनी ।
३ मेरा आज वचन् लियौ भनि भन्या खुप् हीत होला भनी ।
४. मकन तिमि भयौ खुप् प्राणका आज दाता ।
५, चोरी आज सिता हऱ्यो भनि बहुत् खेद रामलाई पऱ्यो ।
६. आर्को आज कथा कहन्छु रघुनाथ् सीताजिलाई पनी ।
७ हे प्यारी नडराउ को छ मसरी विर् आज दोस्त्रो यहाँ ।
८. आज्ञा आज हवस् म सुन्छु भगवान् विन्ती छ पाऊ परी ।
९. छोरी गर्भिणि भै छ आज ऋषिका साँचा सराप्ले भनी ।
१०. कसरि सहज जित्ला रामले आज लङ्का ।
११. मुक्ती भो आज तिम्रो सब फजिति छुट्या खूसि भै आज जाऊ ।

इत्यादि ।

## ४. न त

"मेरा इनार न त सत्तल पाटि क्यै छन्" याँहाँ मेरा इनार छैनन्, पाटि क्यै छन् भनम् भने पाटि पनि क्यै छैनन्' भनिएको हो र त्यो अर्थ बुर्जाउनलाइ निषेधार्थक शब्द 'न त' अगाडि नै प्रयोग गरिएको छ । एस्ता स्थलमा क्रियाको निषेधरूप अर्थ बताँउनलाइ विद्व्यात्मक क्रियाको रूप बदलेर निषेधात्मक क्रियाको रूप प्रयोगगर्नभन्दा क्रियाभन्दा धेरै नै अगाडि निषेधात्मक अर्थ बुजाउँनि 'न त' वा 'न' शब्दको प्रयोग गर्नि भानुभक्तको शैली रछ । एस शैलीका अरु उदाहरणहरु—

१. न ता फर्की जान्या न त मकन लान्या बस पनी,
भन्या मछूं स्वामित् अब अरु कुरो केहि नभनी ॥
२. अगत्मा खुप् धार्या न त सुफल पार्या कहिँ रती ।
३. 'न कैल्हे भक्तीले गुरु चरणको ध्यान गरियो,
न ठाकुर्को पूजा गरि तुलसिको पत्र धरियो । इत्यादि ।

Nepal Sanskrit University, Bangeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## ५. यस्

'यस्'- पदको प्रयोग गराइमाँ पनि भानुभक्तको आँफ्नै शैली छ । कुनै कुरामाँ विशेष जोड दिन पर्दा 'यस्' पदको प्रयोग गर्नि उनको शैली देखिञ्छ । भानुका शैलीका 'यस्' पदका प्रयोग गराइसित "यस् घाँसिले कसरि आज दिएछ अर्ती" याँहाँको 'यस्'- पदको प्रयोग-गराइ अत्यन्तै मिल्दोजुल्दो छ । भानुका "यस्"- पदको प्रयोग-गराइका उदाहरणहरु —

१. सीता छोरि दिन्याछु तेस्कन फिका होव् न यस् वातमा ।

२. यस् रावण्कन मार्नलाइ सजिबो यै वीर जाँदा भयो ।

३. यस् लोकमा छन् नररूपधारी ।

४. यस् विच्मा त विभीषणै अघि सरी हात् जोरि विन्ती गऱ्या ।

५. कउन् ठूलो चिज् हो विषय-रस यस् पाजि रसमा ।

६. यस् जीव्ले विहकै विचार नगरी मन्त्री अहङ्कार् लिंदा ।

७. राम्लाई अब राज्य द्यूँ भनि यसै मन् यस् लहड्मा गयो ।

८. जाग्रत् स्वप्न सुपुप्ति वृत्ति तिन छन् यस् बुद्धिका ई पनी,
झुट्टै देखिलिइञ्छ नित्य सुख-रूप् यस् ब्रह्मरूप्मा भनी ॥

९. यस् बातले ऋषिले मनुष्यहरुको सब् मन् बुझाईदिया । इत्यादि ।

## ६. चीज

घरमाँ रएका आँफ्ना मालताल वा सामान वा कुनै पनि चल सम्पत्तिलाइ भानुभक्तले चीज-पदले व्यवहार-गरेको पाँइञ्छ । तेस्कारणले "जो धन् र चीजहरु छन्" एस प्रकृत पद्यांशमाँ र वधूशिक्षाका कतिपय श्लोकमाँ चलसम्पत्ति- ( भाँडा-कुँडा-पैसा ) लाइ चीज भन्नि पदले भानुभक्तले व्यवहार-गरेका छन् ।

अच्काल् "चीज"-को ठाँममाँ प्राय "वस्तु" वा "मालताल" नै भनिञ्छ । अच्काल् कसैले "मेरा घरमाँ चीज छन्" भन्यो भने वाक्यनमिल्दो भएजस्तो लाग्छ । तेसैले एस्तो प्रयोग—शैलीबाट यो पद्य भानुभक्तको हो भन्नि सिद्ध हुन आँउछ । चीज शब्दको एस्तो विशिष्ट



Nepal Sanskrit University, Banaeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग भएका भानुका केइ पद्यांशहरु—

१. विश्वास पार्न जननीसित चीज माँग्या ।

२. जउन चिज दिँदामा राम विश्वास माञ्छन्
उहि चिजपनि पाऊँ जान्छु दिन् मात्र जाञ्छन् ।

३. सीता र लक्ष्मण सहित् गरि रामलाइ
भोजन् म दिञ्छु भनि खुप्सित चिज् बनाई ।

४. जो चिज् छन् घरमा हिरा तल पिरा ती चीज मन्मा रहून् ।
जो खाञ्छन् पतिले उ चिज् उहि बखत् ल्याएर चाँडो दिऊन् ॥

५. खान्या चीज बनाइ खान दिनु जो खाञ्छन् परीवारले,
जुन् चीज् राख्नु भँडार पर्छ नभुली सब् राख्नु सम्भारले ॥

६. चीज् ता छन् घरमा तथापि मनमा छैनन् त भै क्या भयो ।
आखीर् चीज् घरमा भई वखतको काम् सब् विती गै गयो ।

७. चाहिञ्छन् जति चिज् ति खोज्न गुरुले खोलेर सब् चीज् कह्या ॥
इत्यादि ।

## ७. अर्ती

"यस् घाँसिले कसरि आज दिएछ अर्ती ।" भन्नि उक्त कविता-को एक अंश छ । वास्तवमा भानुभक्तलाइ एसो गर उसो गर; किनभने मैले गरिए् भएर पनि एसो गरें, हेर, इत्यादि भनेर घाँसिले अर्ति ने दिएको त हैन । उसका मिठा बात सुन्दा र आँफुले चिसो पानि खाएको त्यो कुआ समेत उसैले बँनाएको कुरा सुन्दा जेठ मैनाका घाँमले थाप्पिएका भानुभक्तलाइ धेरै खुसि लाग्यो र उनले इ दुइ श्लोक बँनाएका मात्र हुन् । मोतिरामले कल्पना गरे झैं इ गरि घाँसिवाट कविता लेख्नि प्रेरणा ने लिएर भानुभक्तले कविता गर्न प्रा-रम्भ-गरेका त हैनन् । इ दुइ श्लोक त भानुभक्तले आँफ्ना अन्त्य कृतिहरुको रचना गरिसकेपछि लेखेका हुन् । परम्परा मात्र हैन, इ दुइ पद्यमा देखिनि भानुको परिपक्व शैली पनि एस कुराको प्रमाण छ । प्रस्तुत "अर्ती"- शब्दका विषयमा विचार गर्दा कुनै कुराको उपदेश, शिक्षा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा प्रभाव भन्नि अर्थमा भानुभक्तले 'अति' शब्द प्रयोग गरेका छन् भन्नि विचार राख्नपर्छ। कुनै कुराको सूचना दिनु वा निवेदन गर्नु भन्नि बुजाउन पनि भानुभक्तले 'अतिदिनु' भन्नि शब्दको प्रयोग गरेका छन्। उदाहरणार्थ— विभीषणले "रावणको नाभिको अमृत नशोषि उसलाइ मार्न सकिंदैन।" भनेर रामचन्द्रलाइ जो सूचना दिए त्यो अति हैन। किनभने विभीषण त रामका भक्त हुन्; भक्तले मालिकलाइ अति दिंदैन, तर भानुभक्तले भने "त्यो अम्रित् जब शोषिवक्सनु भयो यो दिञ्छ अर्ती भनी" एस्तो लेखिंदिए। एसबाट भानुभक्तलाइ एइ शब्दको बडि अभ्यास भएको भन्नि देखिन्छ र घाँसिबाट आँफु प्रभावित हुँदा पनि उनले "अति दिएछ" भनि लेखेका हुन् भन्नि बुजिञ्छ। अति-शब्दको विशिष्ट शैलीमा प्रयोग भएका भानुका रचनाका अरु उदाहरणहरु—

१. यस्तो अति दिई गइन् सँगिनिज्यू जुन ब्रह्मलोक् हो वहाँ।
२. भार्या जस्कि हरिस् उनै जगतनाथ् रामको म दास् हुम् मती,
तेरो नष्ट भयो र अति दिन पो आर्या न ले यो मती।
३. ..... पाजि शुक यो अर्ती दिन्या भो ञहाँ।
४. भेटी रावणलाइ अति पनि दी फिर्नू असल् हो भनी।
५. फेर् उत्तीर्ण हुनू कठिन् छ अहिले अर्ती दिञा यो पनी।
६. मेरै भाइ समान ह्वौ भनि बहुत् हित् जानि अर्ती दिञा। इत्यादि

## ८. धिक्कार

"धिक्कार हो मकन वस्नु नराखि कीर्ती" एस पद्यांशको धिक्कार -पदको प्रयोग-गराइसित मिल्दा-जुल्दा धिक्कार पदका भानुका प्रयोगका केइ उदाहरणहरु —

१. हे रावण् किन गर्दछस् ब्रह्मनि यो धिक्कार मान्छू बरू।
२. झन् धिक्कार् गरि खड्ग लीकन उठ्यो काट्छू तँलाई भनी।
३. राक्षस्का कुलमा अधम् यहि भयो धिक्कार दिन्छू वरू।
४. मेरा आज नजीकमा रहनको लायेक् तँ छैनस् भनी,
धिक्कार् हो तँ अधम् भइस् भनि बहुत् धिक्कार दीयो पनी।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. धिक्कार्का यति बात् सुन्या र झटपट् श्रीराममा मन् दिई,
आकाशमा झटपट् कुँदीकन गया चार् मन्त्रि साथ्मा लिई।
६. धिक्कार् पो तिमिले दियौ नबुझि झन् शत्रू त हो यो भनी । इत्यादि ।

## ९. मकन

"धिक्कार हो मकन बस्नु नराखि कीर्ती" एस पद्यांशको मकन-पदको प्रयोग-गराइसित मिल्दा जुल्दा भानुभक्तका मकन पदका प्रयोगका उदाहरणहरु—

१. न ता फर्की जान्या न त मकन लान्या बन पनी ।
२. मकन तिमि भयौ खुप् प्राणका आज दाता ।
३. कस्को पुत्र तँ होस् बता मकन रे जाबो पुरानो धनू,
भाँच्तैमा अति गर्व भो तँकन ता धेरै कुरा क्या भनू ।
४. जस्ले सागर नाम् धऱ्या मकन सो राजा सगर् जो भया ।
५. पऱ्याका पर्यँ छन् मकन करुणा दुर् हुन गया,
सहज्मा टर्यँछन् मकन करुणा पो यदि भया ॥
६. तिमिकन सब नाघी काम सिद्ध्याइ भाग्यो,
मकन त हनुमान्का कामले लाज लाग्यो ॥ इत्यादि ।

## १०. बस्नु

"धिक्कार हो मकन बस्नु नराखि कीर्ती" एस वाक्यको बस्नु-पदको-प्रयोग-जस्ता प्रयोग पनि- "यां गादि ता याँहि हजूरको हो, मैले त सेवा गरि बस्नि पो हो" इत्यादिरूपमाँ पाइञ्छन् । "मैले त सेवा गरि बस्नि पो हो" भने पनि दुनियाँमाँ प्रचलित बोलिकै नै प्रयोग हुनि र राँम्रै पनि हुनिमाँ "बस्नु पो हो" भन्नि लेखेकाले यो पनि भानुको विशिष्ट प्रयोग नै देखिञ्छ । भानुका पालामाँ बस्न्या वा बस्ने भन्नि मत्रै लोक-बोलि भएको भए पनि अरु नै किसिमले पनि कुरा मिलाँउन सक्थे । तसर्थ 'बस्नु'-को त्यो प्रयोग भानुका विशिष्ट शैलीकै चिह्नका रुपमाँ लिन सकिनि देखिञ्छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एसरि "भर्जन्म"—देखि 'मकन वस्तु'—सम्म भानुभक्तकै विशिष्ट शब्दहरु र शैली श्लोकैभरि पाय्येका हुनाले अब इ पद्य अरुका हुन् भन्नि तर्क उठ्ने सक्तैन ।

'मो' यो एउडा पद देखेर धेरै तर्क लिन पर्नि केइ छैन । किनभने 'मैं'-का ठाँममाँ 'मो' भन्नि भाषा नेपाल अधिराज्य-भित्र ग्रामीण मगर-र-गुरुम्हरु कोइ-कोइले कतै-कतै बोलेको अझै पनि सुनिञ्छ । काठमाडौं-नगरमाँ पनि भानुका समय-भन्दा पछि १९४८ संवत्-सम्म कताकति रछ भन्नि कुरा काठमाडौं-निवासि मोतिरामका गद्यपद्यबाट देखियो । अच्छाल् प्रचलित स्वाभाविक प्रवाहको नेपालि-भाषामाँ तेसको प्रयोग कत्ति पनि छैन । तेस्ता एकदेशि भाषा (शब्द) भानुभक्तले आँफ्ना कवितामाँ ठाँमठाँममाँ प्रयोग-गरेका छन् । मिल्काँउनुलाइ 'अफाल्नु' "दिन्नौ' भन्नलाइ "दिदौन" भन्नि भाषा पूर्व-नेपालमाँ मात्र ऐले पाँइञ्छ, अन्त सुनिँदैन । "बक्सिएस्" भन्नलाइ अगि "बक्स्याजावस्" भनेको कताकति सुनिँदै थियो; त्यो हाल् बिल्कुल् हरायो; त्यो पनि एकदेशि भाषा (शब्द) नै थियो । ति शब्दहरुको भानुभक्तले प्रयोग गरेकै छन् । जस्तै—

१. 'ती मन्दोदरिलाइ रावणनजिक् पौंचाइ हुर्मत् लिया,
चोलीखोलि अफालि फेरि कटिको सारी खसाली दिया ।
लायाका गहना समेत् शरिरका वस्त्रै अफाल्या जसै,
रूँदै रावणका नजीक रहँदी विन्ती गरिन् यो तसै ।।

२. रामलाई वनवास् भरत्कन रजाँइ देऊ भनी जिद् गरी,
दुइ् वर्ने यहि द्यौ दिदौन त भन्या बाच्नू त मुर्दासरी ।।

३. विदा बक्स्या जावस् खुसिसित म जान्या छु वनमाँ,
म चाँडै फिर्न्या छू विरह नरहोस् कत्ति मनमा ।।

एसरि भानुले एकदेशि भाषा पनि प्रयोग गर्नि गरेका हुनाले "म" भन्नलाइ "मो" भन्नि एकदेशि भाषा उनले आवश्यकतानुसार् प्रयोगगरेका हुन् । इ पद्य भानुभक्तकै हुन, भट्टजिका हैनन् । इति ।।

—मधुपर्क-(वर्ष ४,अङ्क५;२०२८संवत्,असोज)बाट ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# परिशिष्ट २

## एकचालिसश्लोके भक्तमालाका र अरु दुइ श्लोकका सम्बन्धमाँ

भानुभक्तका काञ्छाबाउ इन्द्रविलासका पलांति, मोतिरामलाइ भानुभक्तका जीवनचरित्रका विषयमाँ भन्नि रामदत्तका काँइला छोरा प० ज्ञानिशङ्करबड पाइ हरिहर भटराइजिले र काशिनाथ तमोटजिले भानुभक्तकृत प्रसिद्ध भक्तमालामाँ केइ सिलक थप हुनि गरेर क्रमैले 'एकचालिसश्लोके भक्तमाला' र 'भक्तमालाका अरु सिलकहरु' भनि छपाँउनुभएको रछ ।

भानुभक्तले विद्यार्थिकालमाँ काशिमाँ बस्ता नै वैराग्य का केइ सिलक र भक्तमालाका केइ सिलकहरु बँनाएका हुन् भन्नि कुरा कवि भानुभक्तकै छोरा रमानाथबाट मेरा चार–पुस्ते दाजु यज्ञनिधिले र वाँहाँबाट मैँले सुनेको कुरा भानुभक्तको सच्चा जीवन-चरित्रको प्रथम-संस्करण–( २०१७ संवत् ) माँ नै जनाइसकेको हुम् ।★

ऐले हरिहर भटराइजिले (मधुपर्क ६।१०, पृ० ६१; २०३० फागुन) र काशिनाथ तमोटजिले (मधुपर्क ६।१२, पृ० ३२) छपाँउनुभएको एकचालिसश्लोके भक्तमालाका श्लोक देखेपछि मँलाइ एस्तो लाग्यो –

काशिवास बसेका वृद्ध मरणासन्न वैरागि ज्ञानि आँफ्ना जिबाउ श्रीकृष्ण आचार्यका सङ्गतले वैराग आइ भानुभक्तले विद्यार्थिकालको सिखारु अवस्थामाँ नै काशिमैँ ज्ञान–वैराग्य भएको भक्तमालाका केइ श्लोकहरु बनाएका रछन् । कविका काञ्छा बाउ इन्द्रविलास मूत्रशर्करा

---

★ एस विसयमाँ 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा-जिबन–चरित्र'–(२०१७) का प्रि० ६, ४६–४७, ९३; भूमिका प्रि० (ख) र प्रस्तुत ग्रन्थको भूमिका तथा प्रि० २४, ५५-५६, पठनिय छन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोगले धेरै समय दुःख पाइ दुर्बल भै धेरै वर्ष पिंडि कुरेर बसि तेसै बेथाबाट गलि परलोक भएको कुरा भानुकै ठाँइला बाउ गङ्गा--दत्तकि नातिनि-बुआरि विधवा बुडिबाट मैंले १९९५ संवत्तिर सुनेको हुम् । तेस स्थितिमाँ, खाँन-सम्म खाँनि, टाडा हिँड-डुल गर्न नसक्नि, विषयराग शिथिल भएका इन्द्रविलासले भतिजा भानुभक्त-सित "तैंले बँनाएका ज्ञान-वैराग्य आँउनि श्लोक मँलाइ लेखिदे बाबु, मँ तेइ हेरे-र दिन काट्छु" भनु र भानुले पँनि खुसिसाथ काञ्छा-बाउका निमि-त्त भक्तमालाका नएँ पुराना सबै श्लोकहरु लेखेर दिनु स्वाभाविक देखिन आँउछ । एस्तै वस्तुस्थितिले गर्दा इन्द्रविलासका पासमाँ रए-को उक्त एकचालिसश्लोके भक्तमाला इन्द्रविलासका सन्ततिले पँनि हेर्नि र सार्नि पँनि गरेको र ऐले प० ज्ञानिशङ्करले आँफ्ना कागत-पत्रहरुका मुठामाँ उक्त भक्तमालाको अपूर्ण सरौटो भेट्टाएको देखिन आँउछ ।

रामायण वधूशिक्षा र प्रश्नोत्तरमाला सबै पुरा तयार गरि-सकेपछि कवितामाँ प्रौढ भैसकेका भानुले 'यो पँनि प्रचारै गरि लोको-पकार गर्न पर्नि किसिमको छ' भनि एकचालिस-श्लोके भक्तमाला हेरेछन् क्यारे । ६२ सिलकको संस्कृत-रामगीताको तात्पर्य र भावार्थ ३० सिलकमाँ स्वादिष्ट घतिलो छरितो छोड्करि र प्रष्ट रुपमाँ उतार्न सक्निगरि शैलिमाँ परिष्कृत र परिपक्व भैसकेका भानुका आँफ्ने दृष्टिमाँ एकचालिस-श्लोके भक्तमाला भद्दा अपरिष्कृत र अनाकर्षक देखिएछ क्यारे । किन भने तेस एकचालिस-श्लोके भक्तमालामाँ विद्यार्थिकालको सिखारु अवस्थामाँ बँनाय्येका र पछि पनि विभिन्न समयमाँ बनाय्येका सिलकहरुको सङ्ग्रह थियो । तसर्थ उक्त एकचालिस-सिलके भक्तमालाको तात्पर्यार्थ र भावार्थ पूर्ण झल्कनि गरेर कुनै श्लोक उनै कायम रअनि, कुनै श्लोक बिल्कुलै छोड्नि, कुनै थप्नि गरेर छोड्करि स्वादिष्ट लोकमनोहर तथा लोकोपकारक बाइस-श्लोके भक्तमाला खडा गरि अरु भद्दा जस्तो खारिच गरेर लोकमाँ प्रचा-र गर्नलाइ बाइस-श्लोके भक्तमाला मात्र भानुले योग्य ठहऱ्याएको बुजिञ्छ । तेसैले नै बाइस-श्लोके भक्तमालाको मँत्रै लोकमाँ प्रचार



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाका होला । एस्तो कुरा अन्त पँनि पाइञ्छ । कवि लेखनीथले पँचि पैलेइ घेरै श्लोकको बुद्धिविनोद छपाएका हुन्, पछि उनैका विचारले महत्त्वपूर्ण श्लोक मत्रै राखि अरु खारिच गरि छपाएर तेसैको विशेष प्रचार गरेको देखिञ्छ ।

प० ज्ञानिशङ्करले भनेका भनि भटराइजिले छपांउनुभएको 'यो एकचासिस-श्लोके भक्तमाला वाँहाँका ( ज्ञानिशकङ्रका ) पिताको ( रामदत्तको ) अनुरोधमाँ कवि भानुभक्तले बँनाएका हुन्' भन्नि कुरा पँनि अनुपपन्न देखिञ्छ; किन भने रामदत्तको जन्म १९१५ संवत्का भदौ मैनामाँ भएको हो, भानुभक्त परलोक भएको मिति १९२५ सवत् आश्विन शुक्ल पञ्चमी हो; एसरि भानु परलोक हुँदा रामदत्त एगार वर्ष-पुगेका मत्रै देखिञ्छन्; एगार वर्षको मानिस कत्रो हुन्छ, कुनै एगार वर्ष भक्खर पुगेको ठिटालाइ हेर्नोस्; तेत्रा ठिटा कुनैले पँनि तेस्ता सिलक बँनाउन पँनि लाउँदैनन्; तेस्ता ठिटाले भन्यो भनेर भानुले तेस्ता सिलक बँनाएका हुन् भन्न पँनि कत्ति पँनि मिल्दैन । तसर्थ यो कुरो सत्य हुन असम्भव छ । तमोटजिका-भनाइ अन्सार् भानुले राम दत्तका अनुरोधमाँ एकचालिस-सिलके भक्तमाला रामदत्तलाइ घोक्न सारेर दिएका हुनन् भन्न पँनि सकिँदैन; किन भने तेत्रा ठिटालाइ घोक्न भनेर तेस्ता ज्ञान वैराग्यका सिलक सारेर दिनु पँनि नस्वाँउनि नै कुरो देखिञ्छ । तमोटजिलाइ पनि एस कुरामाँ पत्यार परेनछ । पत्यार नपर्नु अत्यन्तै उचित छ ।

× × ×

भानुभक्त नौ-दश वर्षका अवस्थामाँ मावलि गएका वेलामाँ उनले श्राद्ध गराँउन आवश्यक पर्दा सो काँम गर्न भानुले सकेनछन्, तेसमाँ भानुका माँमाँले उनलाइ कटु वचनले आक्षेप गरेकाले भानु उतै-बड पड्न अर्घौं (पाखरा) गएछन्, त्याँहाँबाट भानुले आँमाँलाइ पठाएका चिठिमाँ यो सिलक लेखेका रछन्—

खोलाखालि गईकन निउरो टिपि म ल्याउँछु ।
उपर् पानि तल आगो फुकि थपि पकाउँछु ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोंत खान लाग्छु आँमा डाँडा-भाटा चियाउँछु ।
दिसा जान्छु मेरि आँमा पेट समाइरहन्छु ॥

एइ सिलक भानुको प्रथम कविता रछ, यो कुरा मैँले भानुभक्तका काञ्छा नाति उनान्सत्तरि-वर्षे शिवभक्त आचार्यबाट थाहा पाएँ भनेर पँनि हरिहर भटराइजिले उपर्युक्त पत्रिकामैँ छपाउनुभा रछ ।

किन्तु त्यो भानुको चिठिको पद्य हैन । किन भने नौ-दस वर्ष-जतिको भाँनिचलाइ श्राद्ध गराँउन सकेन भनेर भानुका माँमाँले उनि कति मूर्ख हुँदा हुन् र कटुवाक्य गर्दा हुन् । तेत्रा बालकले श्राद्ध गराँउन जान्दैनन् भन्नि कुरा अलिकति पँनि विचारशक्ति भएका सबै माञ्छेले आँफै जान्दछन् । तसर्थ एस सिलकको भानुबाट उत्पत्ति हुनमाँ दिय्येको कारण अनुपपन्न छ । तेसैले यो सिलक भानुको हैँन भन्न सकिन्छ । यो सिलक भानुले बँनाएका हैनन् भन्नमाँ आर्को पँनि कारण छ । जिबाउ श्रीकृष्ण पूरा बन्दबस्तवाला गृहस्थ र पूरा विद्द्वान् थिए; श्रीकृष्णका विषयमाँ 'विद्द्यामाँ पनि जो धुरन्धर भई शिक्षा मलाई दिया' भनेर भानुले नै भनेका छन्; तसर्थ भानुले पड्न अर्घीँ जान पर्नि स्थिति कत्ति पनि थिएन । भानुभक्त पड्न अर्घीँ गएको कुरा अन्त कतैबाट पनि सुनिएको छैन । भानुका पालातिर त घुँदि नै पाल्पादेखिका माञ्छे पड्न आँउनि विद्द्या-केन्द्र भएको कुरा पो छविलाल नेपालका लेखबाट समेत बुजिञ्छ । फेरि नौ-दस वर्षको ठिटो तेसरि पड्न जानि कुरो पनि असम्भवै देखिञ्छ ।

उक्त प्रकारकै निराधार किंवदन्ती विवेक-बिन्दु भन्नि पत्रिका-(३।३) माँ प्रकाशित दुर्गाभक्त ढकालजिका लेखमाँ पँनि परेको छ । त्याँहाँ भानुभक्त मावलि गएका समयमाँ माँमाँले श्राद्धको पुस्तक बाँच्न लाएका थिए अरे, भानुभक्तले त्यो पुस्तक बाँच्न सकेनछन् र तेसै समयमाँ माँमाँले केइ घोचपेच गरि गालि गरेका हुँदा तेतैबाट भागेर बनारस पुगि जिबाउ श्रीकृष्णलाइ भेटि पड्न थालेका हुन्, एइ नै भानुभक्तलाइ विद्द्वान् र कवि बँनाउनि प्रेरणा-स्रोत हो । एस भनाइमाँ भानुभक्तका नाति (शिवभक्त) नै सहमत भएका हुँदा उचित प्रेरणा-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्रोत देखिन आउँछ' भनिएको छ । अब याँहाँ भानुभक्त पढ्नका लागि भागेर अघौँ गएकामा शिवभक्तको सहमति भएको हो कि बानरस गएकामा निजको सहमति भएको हो भन्ने प्रश्न उठ्छ । वास्तवमा उक्त भनाइमा सत्यता नभएकाले नै एउडैका भनाइमा पँनि कैले केइ कैले केइ कुरा आइ विरोध देखिन आएको हो ।

औरै कुनै ठाँमका कुनै मानिसले पढ्न गएका मौका खर्चले हर्जा भै आँमालाइ चिठि लेखेको कुरा होला, कुन चाँइ फस्सुवाले भानुलाइ ठुलो कविका रूपमा प्रसिद्ध भएको देखेर 'पैलेइ त एसरि पडेका हुन् अरे' भनेर बोल्दियो; हाहाको दुनियाँ हुञ्छ, वास्तव कुरो बुज्नि त कोइ-कोइ मँत्रै हुञ्छन्, तेसैले तेस्तै फस्सुवाका कुरा पँनि पत्याएर आकलि पँनि उक्त कुरा भन्दियोहोला, तेस्तै भनाइमा शिवभक्तकि आँमा बालकुमारीले पँनि अपठित आइमाइ माञ्छे हुनाले पत्यार गरि विना-विचार कसैबाट सुनेकै भरमा त्यो कुरा शिवभक्तलाइ भनेकि हुनन् र शिवभक्तले पनि धेरै विचार नगरि 'आँमाँले भन्या कुरा' भनि भटराइजिलाइ भनेका हुनन्; तर तेसमा सत्यता छैन ।

'मोतिरामले बाजेको रामायण छापि सके पछि त्यो बाले हेर्नुभएछ; तर—

कराले भुल्छौ जगत्मा नरहरि बहुतै दुःखले पक्रिएका ।
लोक्को चाल् हेरी बुझ्दा शिरतिर यमराज् मार्नलाई टक्रिएका ॥
जान्दै सुन्दै वताउँदै अब हरि नभजी क्यान यो चित्त लायौ ।
तापै होला मरणमा हरि भज, नभजी व्यर्थ सो दिन् बितायौ ॥

यो श्लोक तेसभित्र नपाए पछि "हेर ! एस्तो राम्रो श्लोक पँनि छुटाएछन्, कस्ता त मोतिराम !" भन्दै हिँण्न लाग्नु भएछ; अनि धेरैलाइ यो श्लोक कण्ठ भएछ; यो श्लोक पँनि मैंले आँफ्नि आँमा बालकुमारीबाटै सुनेको हुम्' भनि शिवभक्तले भनेको भन्नि कुरा पनि हरिहर भटराइजिले उपर्युक्त पत्रिकामा छपाउनु भएको रछ ।

शिवभक्तको भनाइ भनि छाप्पिएको उक्त कुरामा केइ नमि-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्दो अंश पनि छ त पनि उपर्युक्त श्लोक भानुभक्तले बँनाएको श्लोक हो । तर मौकामाँ छाप्पिन नसकेकाले कच्चा मानिसका मुखमुखमाँ हुल्दादुल्दै तेसमाँ भानुले राखेका अक्षर र पदहरु फेरिनि र बिग्ग्रिनि भैसकेछन् ।

कसैका घरमाँ उमेरकै मानिस मऱ्यो र शोक र बिर्चाँजो पऱ्यो भने अरु दुनियाँ– 'ईश्वरको लाठि सबैको शिरमाथि घुमेको छ, त्यो कैले कँइ कैले कँइ बज्ज्रऱ्छ, तेस लाठिबाट बच्न कोइ पाँउनि हैंन, आज त्याँहाँ बज्ज्यो, भोलि आँफ्नै शिरमाथि पँनि त बज्ज्रऱ्छ, सन्सार के छ र !' भनि भऱ्दछ । त्यो सारै नै पक्कि गम्भीर महावाणी हो । तेसैको भावार्थ लिएर कवि भानुले 'ताना मिलाइ गाउँदै त्यो भावरस लोकले पिउन् र त्यो हृदयमाँ गडि हरिभजनमा लोकको चित्त लागोस् र हरि भजि लोक तरोस्' भनि छन्दोबद्ध कविता गर्नुभएको बुजियो ।

एइ सिलक भनम् कि एइ भाव आँउनि सिलक भनम्, एउडा सिलक अगि कोइ दिनमाँ उपल्ला चुँदि–सिम्पानि–निवासि मेरा मावलि दाजु अंशुमालि डिट्ठाले मँलाइ सुनाँउनुभएको थियो। उस मौका भानुभक्तको जीवनचरित्त्र लेखि प्रकाशित गरुला भन्नि मेरो विचार दृढ भैसक्नु थिएन, उसै मौकामाँ श्लोक लेखेर राखिएन, तथापि मनमाँ भावरस त बेस्सरि भिजेकै थियो; कता-कता श्लोक पँनि सम्जे जस्तो पनि हुन्थ्यो, तर उक्त श्लोक बिसियो; मेरो भानुभक्तको जीवनचरित्त्र लेख्नि समय आयो; तर तेस वेला डिट्ठा अंशुमालि परलोक-भैसक्नु - भएको थियो । पछुतो लाग्यो; तेत्तिकै भयो । एस कुरामाँ संक्षिप्त उल्लेख मैंले भानुभक्तको सच्चा जीवनचरित्त्रमाँ पनि गरेकोछु★ ।

ऐले भानुका विषयमाँ खोजिनिति गर्दै हिँण्नि हरिहर भटराइजिले भानुको उपर्युक्त अप्रकाशित श्लोक विकृतै रूपमाँ भने पनि फेला-पार्नु-

---

★ एस बिसयमाँ प्रस्तुत मुल ग्रन्थको प्रथम संस्करण–(२०१७ संवत्) को प्रि० ६३ र एसै संस्करणका प्रि० ६१-६२ पँनि पठनिय छन् । -स०।



Nepal Sanskrit University, Balmeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएछ; एसमा वाँहाँलाइ धन्यवाद छ । डिट्ठा अंशुमालिले भन्दा त यो श्लोक एसरि बिग्ग्रि सकेको र 'एस सिलकमाँ के भन्न खोजिया होला ?' भनेर घोराँउन पनि पनि थिएन । ऐने एस सिलकको सहायता पाएर मैंले मनन गरि सम्जँदा डिट्ठाले त एसो पो भन्थे भन्नि सम्जन्छु—

क्याले भुल्छौ जगत्मा नरहरु बहुतै दुःखले पक्किएका
सब्का शिर्माथि लाठी दिन-दिन यमका बज्रनै टक्किएका ।
देख्छौ सुन्छौ कहन्छौ अरु हरि नभजी वित्तमै चित्त लायौ
ताप् होला खुप् मरण्मा हरि जभ नभजी व्यर्थ सब् दिन् बितायौ ॥

एस श्लोकको भावरसरूपि नदीले दुनियाँका मनमाँ भएको नचाँइदो रागद्वेषरूप मल खूप सफा गर्छ र आवश्यकभन्दा वर्ता धन थुपार्नि तृष्णालाइ पँनि बगाइ बिपत्ता पारिदिन्छ । हरि भनेको के हो त भने 'हरति तापत्रयमिति हरिः' अर्थात् आधिभौतिक आधिदैविक र आद्ध्यात्मिक इ तिनै प्रकारको तापको नाश गर्निलाइ हरि भन्छन् । तेसो गर्नि आत्म-ज्ञान नै हो । आत्मा चिन्यो भने मानिस पूर्ण सुखि हुन्छ । एसरि कविजिले लोकलाइ सम्बोधन गरि ज्ञान वैराग्य आँउनि उपदेश गरेर गएका रछन् । इति ॥

—मधुपर्क-(७।३, २०३१,साँउन,बाट ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# परिशिष्ट ३

## सत्त्रसिलके वधूशिक्षाका विषयमाँ

भानुभक्तले १९१९ संवत्मा रचना - गरेको वधूशिक्षा भनि मोतिरामले छपाएको तेत्तिस- सिलके वधूशिक्षा - भन्दा जेठो देखिनि १९१३ संवत्मा रचित सत्त्रसिलके वधूशिक्षा भेट्टियो, उक्त रचनाका पुष्पिकामा तेस्का रचयिता सत्कवि भनिएका छन्. ति सत्कवि भानुभक्त नै हुन पर्छ एसरि सत्त्रसिलके वधूशिक्षा ग्रामीण कवि भानुभक्तको र तेत्तिससिलके वधूशिक्षा नागरक कवि मोतिरामको रचना भन्नि कुरा देखिन आँउछ र एस कुरालाइ उक्त रचनाका भाषाशैलीले र विषयवस्तुले पुष्टि गर्छन्' भन्नि आशयको टिप्पणी राखि उक्त सत्त्रसिलके वधूशिक्षा श्रीबालकृष्ण पोखरेलले छपाँउनुभएको रछ ।

एस विषयको राम्म्रो अनुसन्धान र परीक्षण गरि वर्तमान राजगुरु प्रा० जुननाथ पण्डितले भानुका-लघु-कृतिहरु-(२०२३) का भूमिकामा आँफ्नो विचार प्रस्तुत गर्नुभएको रछ ।

एसमाँ मँ पनि आँफ्नो विचार प्रस्तुत गर्न चाहाञ्छु, तर आँफ्नो विचार प्रस्तुत गर्नभन्दा पैलेइ उक्त दुइ वधूशिक्षाको तुलना गर्न पाठकहरुलाइ पनि सुविधा होस् भनि श्रीबालकृष्ण पोखरेलले छपाँउनुभएको सत्त्रसिलके वधूशिक्षा वाँहाँले वृत्तभङ्ग भएकामा ध्यान पुऱ्याँउन नसक्नुभएकाले लिपिसम्बन्धि र वृत्तका अनुरोधले अत्यावश्यक संशोधन गरि तल अविकल रूपमा उद्धृत गर्छु—

पैल्हे ता घरका बुहारि जति छन् नित्यै सबेरै उठी ।
प्रात कृत्य गरून् र मान्य जति छन् तिन्का चरणमा परून् ॥
आफूस्मा पनि ढोगभेट पुसि भै गर्दै गरून् सब जना ।
श्रीलम्बोदरको स्मरणकन गरून् काम् गर्न कम्बर् कसुन ॥१॥

पूजाको सरजाम वेस् गरि गरून् श्रीदेवता छन् जाहा ।
भिक्षुक् विप्र अतीतलाइ दिनदिन् सन्तुष्ट गर्दैरहुन् ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्रत्-पूजा-उपवास-आदि जति छन् सम्झुन् र गर्दैगरून् ।
मर्नू एक वषत् अवस्य छ भनी श्री-धर्म-चर्चा गरून् ॥२॥

अैना हेरि निधारमा पति हुन्या सिन्दूर टीका धरून् ।
पातिव्रत्य बडो बुझी पुरुषका सेवा टहल्मा रहुन् ॥
चर्णामृत् पनि पाउको दिनदिनै षाउन् बडा भक्तिले ।
केही काम अह्राउँदा पुरुषको आज्ञा न लङ्घन् गरुन् ॥३॥

सासूले-कहिया-बमोजिम गरी डर् मानि धन्दा गरून् ।
चाकर्लाइ अदप् गरी टहलमा हाजीर रापुन् सधै ॥
आफुस्मा रिसराग कोहि नगरून् मिल्जुल् सबैमा गरून् ।
काम् गर्दा सबलाइ जित्न म सकू भन्न्या परस्पर् धरून् ॥४॥

भान्साको सरजाम नित्य जति हो जाउन् भडार्मा झिकुन् ।
तर्कारीहरु वेसवेस वटुली काटी केलायी दिउन् ॥
जेठाज्यू-ससुरा-पती-देवरको इच्छा भयाको कुरो ।
षान्या वेस बनायि चट्पट गरी भोजन् तयारी गरून् ॥५॥

षादापेरि अदप् भई बसिरहुन् कल्मल् नगर्नू भनुन् ।
केही थप्नु पर्न्या जुरुक्कनि उठी थप्थाप गर्दैरहुन् ॥
आमाज्यू-फुपुसासु-नन्द-गुरुमा इत्यादि आया भन्या ।
भोजन्-पान-सुपारि सप्रुन दियी सन्मान तन्को गरून् ॥६॥

भाडा-वर्तन यत्रतत्र छरिया सम्भार गर्दैगरुन् ।
सप् ठाऊँ कसिङर् बढारि लिपनू भन्दै अह्राउँदैगरुन् ॥
चूल्हो चौकि अध्यानु भत्कन गया टाल्धै बनाउँदैगरुन् ।
अन्नादी छरिया पनी सब मिली टिप्तै उठाउँदै रहुन् ॥७॥

कोही मानु मुठी फुल्याउन भनी छल्कारले आउछन् ।
सासूछेउ नसोधि केहि नदिउन् चेष्टा बिचार्दैरहुन् ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोही चोर्न भनी ठुलो मुटु गरी आउँछन् बडा जुक्तिले ।
ताला कूचि बहुत् यतन्सित धरी सम्भार गर्दैगरून् ॥८॥
सासूछेउ गयी कपाल दिनदिन् कोरी र बाटी दिउन् ।
भोक् लाग्यो कि भनी सुध्याइ तनको षान्या तयारी गरून् ॥
सौताको रिसराग कत्ति नगरौँ क्या हुन्छ तस्ले भनी ।
मन्मा पाप नराषि मिल्जुल गरी बोल्वाल गर्दैगरून् ॥९॥
केटाकेटि गमार छन् भनि पनी झर्को नमानुन् सधै ।
भोका छन् कि भनी षुवाउन लगी तन्को उदर् भर्दिउन् ॥
घर्छोडी पनि यत्र तत्र नहिंडुन् आलस्य छोडीदिउन् ।
बोल्नू नम्र भई कसैसित पनी झूटो नबोल्न्या गरून् ॥१०॥
षानूपर्छ भनी दुना र टपरी षुट्तैरहुन् हातले ।
गर्नू पर्छ सवेर आरति भनी तस्को सराजाम गरून् ॥
सिन्का वेस चिरून् जरी (?) मिहिमिही कातुन् बडा सीपले ।
धागा ढेर बनाउदै पनि रहुन् बत्ती उतार्दैगरून् ॥११॥

चाड्बाड् आइपुग्यो भन्या सब कुरो निर्बाह तिन्ले गरून् ।
लोभी चित्त पनी बहूत नगरुन् गाल् पर्छ भन्न्या बुझुन् ॥
सन्ध्याकाल पऱ्या पछी बषतमा बत्ती जगाईदिउन् ।
राती षानु पिनू सकुन् र घरको ढोका लगाऊ भनुन् ॥१२॥
ताल्चा षोलि भडारमा पनि पसी मूसा चमार् छ(न्) भनी ।
छोप्नु-छाप्नु-गरुन् र सासुसित गै सेवा चरणमा गरून् ॥
सासूछेउ विदा हुउन् र पति छन् आफ्ना जजस्का जाहा ।
जाउन् पान-सुपारि तन्कन दिई हुक्का समाती रहुन् ॥१३॥

हुक्का षाइ सक्यापछी चरणमा जाउन् र सेवा गरुन् ।
कोही दुःख पुकार गर्नु छ भन्या कर् जोरि विन्ती गरून् ॥
मर्द न् गर्नु पऱ्या पतीचरणमा सम्झुन् र गर्दैगरून् ।
आफ्ना शील स्वभावले पुरुषका मन्पर्न दिन्-दिन् सकुन् ॥१४॥


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँपाले पतिका नजरकन बुझुन् निद्रा पऱ्यो की भनी ।
ढोका बन्द गरून् र धैर्य मनले जाई पलङ्मा चढुन् ॥
नाना ख्याल अनेक बात रसका ठट्टा चमत्कारका ।
क्रीडा-भोग-विलास सुन्दर गरी निद्रा-समाधमा पुगुन् ॥१५॥

यस् रितले गृहकृत्य गर्न सकन्या जस्का बुहारी हउन् ।
यो सन्सारमाहा बडो यस धरी वैकुण्ठ-धाम्मा पुगुन् ॥
बाबाको महतारिको र ससुरा-सासूहरूको पनी ।
नाऊँ वेस चलाई तिन्सित सँधै आसीष माग्न्या हुउन् ॥१६॥

ब्रह्मा विष्णु-महेश-आदि सुरले नाना मुनीले पनी ।
तत्पर् बेस कृपा गरून् र घरमा कैल्है नछोडी बसुन् ॥
नाना धान्न्य अनेक वित्त सबले घर् पूर्ण दिन्-दिन् रहोस् ।
लक्ष्मी वास गरून् सदा गृह विषे आफै बडा हर्षले ॥१७॥

*इति सत्कविविरचितायां वधूशिक्षा । इति संवत् १९१३ साल मिति श्रावण वदि २ रोज ७ शुभम् ।"*

–नेपालि भाषा र साहित्य, पृ० २०१–२०४।

भानुभक्तका रचनाहरुको बारंबार पाठ गरि उनको शैलिसित केवल् तार्किक रूपले हैन अभ्यासले पनि परिचित भएको कुनै पनि माञ्छेले यो सत्र-सिलके वधूशिक्षा पढ्यो भने यो भानुको रचना हैन भन्न सजिलै सक्छ । भानुका रचनाको आँपनो अभ्यास समेतका आधारमा नै मैं यो सत्र-सिलके वधूशिक्षा भानुको हैन भनेर दृढतापूर्वक भन्न सक्छु ।

भानुले बडो विचार गरेर युक्तिपूर्वक प्राय सर्वत्र समावेश गर्नि-गरेको अन्त्यानुप्रास एस रचनामाँ धेरै ठाँममाँ छोडिया छ । भानुको भाषा सहज भएकाले उनका प्रयोगमाँ पण्डित्याँइँ वा कृत्रिमता अत्यन्तै दुर्लभ छ । तर एस सत्रसिलके वधूशिक्षामा भने 'प्रातःकृत्य' (श्लोक १) 'श्रीदेवता (श्लोक २) 'श्रीधर्मचर्चा' (श्लोक २) 'पातिव्रत्य' (श्लोक ३)


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्णामृत (श्लोक ३) इत्यादि पण्डित्याँइयुक्त प्रयोग 'स्मरण्कन गरून्' (श्लोक १) 'आज्ञा न लङ्घन् गरुन्' (श्लोक ३) 'परस्पर धरून्' (श्लोक ४) 'तर्कारीहरु बेस बेस बट्टुलो काटी केलायी दिउन् ...चट्पट् गरी भोजन् तयारी गरून्' (श्लोक ५) 'कल्मल् नगर्न् भनुन्' (श्लोक ६) 'मानुमुठी फुल्याउन भनी छल्कारले आउछन्' (श्लोक ८) 'ताला कूचि बहुत् यतन्सित धरी' (श्लोक ८) 'केटाकेटि गमार छन् भनि' (श्लोक १०) 'वत्ती उतार्दै गरून्' (श्लोक ११) 'सन्ध्याकाल पऱ्यापछी' (श्लोक १२) 'मूसा चमार् छन् भनी' (श्लोक १३) 'हुक्का खाइसक्या पछी' (श्लोक १४) 'धैर्य मनले जाई पलङ्मा चढुन्' (श्लोक १५) 'निद्रा समाध्मा पुगुन्' (श्लोक १५) 'वैकुण्ठ–धाम्मा पुगुन्' (श्लोक १६) इत्यादि भानुका शैलीका समेत विचारबड अस्वाभाविक देखिनि प्रयोग धेरै छन् । 'खानूपर्छ भनी दुना र टपरी खुट्तैरहुन् हातले' (श्लोक ११) भन्नि सत्त्रसिलके वधूशिक्षाको भनाइ पनि नमिल्दो छ । समान्न्य खान–पिनमाँ थाल कटौराले नै काँम चलाँउनि र चाडबाड इत्यादि विशेष काँममाँ मात्र दुना-टपरिको प्रयोग गर्नि कविजिका जन्मभूमितिरका व्यवहारका परम्पराले समेत तेत्तिससिलके वधूशिक्षाको 'दुना बोहोता पनी, सिन्का सफि चिरेर लाउनु अनी चाहिन्छ काम्माँ भनी' (श्लोक १०) भन्नि भनाइ नै मिल्दो देखिन आँउछ । 'गर्नूपर्छ सबेर आरति भबी' (श्लोक ११) भन्नि सत्त्रसिलके वधूशिक्षाका भनाइमाँ साँजको साटो सबेरको प्रयोग पनि नमिल्दो छ । भानुले एस्तो प्रयोग गरेहोलान् भन्न उनका अरु रचनाको विचार गर्दा मिल्दैन ।

सत्त्रसिलके वधूशिक्षामाँ पाय्येको 'पैलेइ मान्दा माञ्छेलाइ ढोगभेट-गररे पछि लम्बोदरको स्मरण गर्नि' कुरा (श्लोक १) नमिल्दो छ ! ईश्वरको स्मरण गरुन् नभनेर लम्बोदरको स्मरण गरून् भन्नि भनाइ पनि तेति युक्ति–सङ्गत भन्न सकिँदैन । एस्तो भुल भानुभक्तबड हुन असम्भव देखिञ्छ । हुन त तेत्तिससिलके वधूशिक्षामाँ पनि 'स्वामीका चरणारबिन्दयुगको जल् भक्तिले पान् गरुन्, निर्मल् देह गराउनाकन उ जल् केही



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीर्मा छरुन्' (श्लोक ५) भन्नि पद्यार्धमा व्यावहारिक अर्थक्रम मिलेको छैन र साथै यो पद्यार्ध व्यावहारिक-अर्थक्रम-अनुसार् 'यस्ता रित्-सित चीज् बनाइ बढिया सासू-ससुरा-पती-लाई ख्वाइ सकेर फेरि घर-का ख्वाउन् जाहान् छन् जती' (श्लोक ८) एस पछि आँउन उचित देखिञ्छ भन्न सकिञ्छ; 'स्त्रीको खालि निधार् कदापि नरहोस् खाली निधार् भै जती गर्छन् कर्म फलै हुदैन तिनको टीका लगाया जती। तस्मात् नित्य टिका लगाइ पहिल्यै धन्दा पछाडी गरून्' (श्लोक ६,७) इ तिन पाउ अर्थक्रम-अनुसार् 'भट्पट् स्नान गरेर शुद्ध जलले सब् देह निर्मल् गरी। जस्तो पुग्दछ सोहि माफिक असल् धोती कटीमा धरी' (श्लोक २) इ दुइ पाउपछि आँउन उचित देखिञ्छ, र छब्बिसौं पद्य तेइसौं पद्य पछि आँउन उचित देखिञ्छ भन्न सकिञ्छ र क्रम-मा केइ त्रुटि भएको मान्न सकिञ्छ; तथापि इ त्रुटि सानातिना भन्न सकि-ञ्छन्। एक रातमा रिसका झोकमा र जाग्रम् भएका अवस्थामा भएका रचनामा माँजातिर तेस्तो त्रुटि भएकामा तेल्लाइ क्षम्य भन्न सकिञ्छ; सत्त्रसिलके वधूशिक्षाको उपर्युक्त त्रुटि भने ठुलो छ र 'प्रथमग्रासे मक्षिका-पातः' भने जस्तो पर्न आँउछ। सत्त्रसिलके वधूशिक्षामा 'भिक्षुक्-विप्र-अतीतलाइ' (श्लोक २) इत्यादि पाउको, 'चर्णामृत्' (श्लोक ३) इत्यादि पाउको, 'गर्नूपर्छ सबेर आरति भनी' (श्लोक ११) 'सन्ध्याकाल पन्या पछी' (श्लोक १२) 'चाड्वाड् आइपुग्यो' (श्लोक १२) इत्यादि पाउहरुको र अरु अंशहरुको पनि क्रममा त्रुटि धेरै नै पाँइञ्छ।

तेत्तिससिलके वधूशिक्षाले भानुभक्तका जन्मभूतितिरका उच्च-मद्ध्यमवर्गीय विप्रकुलका बुआरिहरुले तेस कालमा गर्नि र गर्नपर्नि कर्तव्य जुन स्वाभाविक र पूर्ण रूपमा निर्देशित गरेको छ तेस्तो कुरा एस सत्त्रसिलके वधूशिक्षामा पाँइदैन। स्नानको स्पष्ट उल्लेख र आँफ्नु गच्छे-अन्सार्को राँम्रो (शुद्ध) धोतिमा सन्तोष गरेर काँम धन्दामा लाग्नि मार्मिक र विप्रपत्नीको गम्भीर-जीवन दर्शनलाइ सूचित गर्नि कुरा पनि सत्त्रसिलके वधूशिक्षामा छुट्या छ। सत्त्रसिलके वधूशिक्षाको अमाजुहरुको मात्र विशेष उल्लेख गरि तिनको भोजन-पान-सुपारि दिइ सन्मान


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नि कुरा (श्लोक ६) र जरि कात्ति वा भोनि कुरा (श्लोक ११) पनि उपर्युक्त भानुका परिस्थितिसित मिल्दैन । सफा चालले जुठो-भाँडो गर्नि बडार-बुहार लिपो-पोतो गर्नि बुआरिहरुको महत्त्वपूर्ण काँमको कुरा पनि सत्त्रसिलके वधूशिक्षामाँ छुट्या छ । तेत्तिससिलके वधूशिक्षामाँ 'भञ्छन् ल्या न तमाखु खाञ्छु भनि ता चाँडै तमाखू भरोस्' भनेर पतिले तमाखु खानि गरेको र तेसबेलामाँ तमाखु खानि इच्छा व्यक्त गरेको छ भने सो इच्छा पनि पुरा गर्नु भन्नि मात्र युक्तियुक्त भनाइ पाँइञ्छ भने सत्त्रसिलके वधूशिक्षामाँ 'हुक्का समातीरहुन्' (श्लोक १३) 'हुक्का खाइ-सब्यापछी' (श्लोक १४) भनेर हुक्का खाँनि वा तमाखु खाँनि काँम-लाइ सबैका लागि तेसबेलाको नित्यकर्म जस्तो पारिया छ, जो युक्ति-सङ्गत देखिँदैन । 'पतिकन यति काम्ले बातले खुस् बनाओस्, जब त पति निधाउन् काखमा त्यो निधाओस्' (श्लोक ३०) भन्नि तेत्तिस-सिलके वधूशिक्षाको भनाई भानुको सभ्य र गम्भीर शैलीको अनुकूल छ भने 'ढोका बन्द गरुन् र धैर्य मनले जाई पलङ्मा चढुन् । नाना ख्याल अनेक बात रसका ठट्टा चमत्कारका, क्रीडा - भोग - विलास सुन्दर गरी दिद्रा - समाध्मा पुगुन्' (श्लोक १५) भन्नि भनाइ असभ्य र उत्ताउलो हुँनाले भानुका शैलीको प्रतिकूल देखिञ्छ । सत्त्रसिलके वधूशिक्षाको अन्तिम श्लोकको भाषाले प्रसङ्गसित सम्बन्ध जोर्नि सक्या छैन । एस्तो असम्बद्ध-भाषा-प्रयोग भानुका रचनामाँ देखिँदैन ।

माथिका तार्किक विश्लेषणका आधारमाँ पनि सत्त्रसिलके वधू-शिक्षा भानुको रचना हैन भन्न सजिलै सकिञ्छ । राजगुरु प्रा० जुन-नाथ पण्डितले पनि भानुका-लघु-कृतिहरुका भूमिकामाँ आँपना तार्किक विश्लेषणका आधारमाँ एस्तै निर्णय गर्नुभएको छ । भानुका कविता-का सच्चा पारखिहरु पनि सबै नै यो सत्त्रसिलके वधूशिक्षा सर्र्र्र पड्दैमाँ यो भानुको रचना हैन भनेर सजिलै निश्चय गर्न सक्लान् भन्नि कुरा माँथि नै भनि सकेकै छु ।

इ दुइ वधूशिक्षाका जेठ्-काञ्छिका विषयमाँ पनि राजगुरु प्रा० जुननाथ पण्डितले विचार गर्नु भएको छ । 'भानुको तेत्तिस-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिलके वधूशिक्षा अगाडि राखि उनको उपदेशलाइं छोड्करिमाँ प्रतिसंस्कार गर्न सत्कविको कलम चलेको छ' भन्नि वाँहाँको भनाइ पनि सत्य हुँन पनि सक्ला । सत्कविको वधूशिक्षा वै जेठो भए पनि तेस वेलाका-परिस्थिति-अन्सार् र सत्कविका कृतिको कत्ति प्रचार हुन नसकेको देखिएकाले पनि भानुको रचना सत्कविका रचनाबाट प्रभावित हो भनि निश्चयपूर्वक भन्न त कथमपि सकिँदैन ।

तेत्तिससिलके वधूशिक्षा मोतिरामको हो भन्नि शङ्कालाइ पनि भानुका रचनाका पारखिहरुका हृदयमाँ कुनै स्थान प्राप्त हुन सकिन देखिँदैन । मोतिरामका भनि निश्चित भाका कविता पनि धेरै नै देखिएका छन् । मोतिरामको र भानुको कविताको पनि छयानपैचान गर्न नसकिन आलोचकले भानुका रचनाहरुको राँम्रो अद्ध्ययन गरेको रइञ्छ अथवा तेस्ता आलोचकमाँ आलोचकका लागि अत्यावश्यक विवेकशक्तिको मात्रा रइञ्छ भन्दिए हुञ्छ, फरक पर्दैन ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## परिशिष्ट ४

# भाँनुभक्त र घाँसि : थप विवेचना

दैलो भन्नि तिनमैने साइत्तिक पत्रिकाको छैटो बर्सको दोस्रो अङ्कको ( २०२६, फागुन-चइत् ) एक्सट्ठियौं ब्रिष्ठमां "मोतिरामले आँपना क्रिति भाँनुका नामबडि प्रकासित गरे अरे भनेर साइत्तिक इतिहासमां भ्रम फैलाउनिहर्लाइ याँहाँको जवाफ ?" भन्नि प्रस्नको उत्तरमां इतिहास-सिरोमणि बाबुराम आचार्यको भनाइ भनेर तल-लिखित कुरा छाप्पिया छ—

'भाँनुभक्तको पैले कविता लिनोस् न, कुआ पोखरामां खँनिदेन, आर्को; पोखरामां घाँस काटिन्थ्यो बनारसमां हुनाले खुकियो; भाँनुभक्त कुनै ठुला कबि हैनन्, मोतिरामले आँफुले रचेर भाँनुभक्तका नाँमले धेरै कुरा प्रकासित गरे । आँफुलाइ केटाकेटि भनेर नपयताउलान् भनेर होला उन्ले आँपना धेरै क्रिति भाँनुभक्तका नामबड प्रकासित गरेर भाँनुभक्त-र-नेपालि-साइत्त्यलाइ माथि उचाले ।'

"स्रि५ महेन्रबडि वाँहाँलाइ 'इतिहास-सिरोमणि' को पदबि मिल्यो" (दैलो ६।२, प्रि० ५७) भन्नि दैलोपरिबारका पांच युबकहरुको उपर्युक्त प्रस्तुतिकरण सारै भर्पर्दो माथ सकिन्न; फेरि तेसमां तनुङलाइ छोडेर पोखरा भनिएकाले पँनि सङ्खा उठ्च; तथापि इतिहास-सिरोमणिले निराकरण नगर्नुभएसम्म उक्त भनाइ वाँहाँ कै हो भन्नि मान्नै पर्‍यो ।

उपर्युक्त कुरा सुन्दा भाँनुभक्त-र-घाँसिका बिसयमां एकपल्ट राँम्ररि बिचार गर्न आबस्स्यक हुँन आऽ छ । 'पश्चिम-तनुङ घर-हुनि कबि भानुभक्तको जिबन-चरित्र कवि परलोक—भएका बाइस-तेइस बर्सपछि काठमाण्डु-निबासि युबक अबस्थाका मोतिराम भट्टले सोद्दा खोद्दा जे जे सुने जे जे पाए होलान् तेसका आधारमां सन्दर्ब मिलाँउनका लागि आँपना युबक-बुद्दिले केइ कुरा कल्पना -समेत -गरि' लेखेकाले तेल्ले नेपालि साइत्त्यलाइ उठाँउनि ठुलो काँम गऱ्या भए



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पँनि केइ भ्रम फैलाऽ छ । "घाँसी दरिद्रि घरको" इत्यादिमाँ घाँसि-पद सुन्नासाथ मोतिराम भट्टका बुद्दिमाँ 'घाँस काटि डोकामाँ हालेर गाँमतिर जाँनि, दुइ-तिन आँनाँ जति पायो उतिमाँ घाँसको भारि बेचि राति घर जाँनि' घाँसिको चित्र आएच र तेसै- अन्सार् 'भर्जन्म घाँसतिर' इत्यादि भाँनुरचित पद्यको कल्पित वर्णन गरेचन् । एस्ता कुराको सुचना उनैका विग्यँसि- पत्रका "यथासक्य कविका निर्मित स्लोक बयान् समेत राखि जिबनचरित्र लेखेको छु" भन्नि भनाइबडि पँनि मिलेजस्तो लाअ्च ।

तनुङ-तिरको चालचलन केइ थाऽ पाका हुनाले लम्जुङका स्रि-टुकराजमिस्त्र-स्रिपद्मराजमिस्त्रहर्ले मोतिराम भट्टका उक्त भनाइमाँ असङ्गति देखेर 'रामक्रिष्ण कुँबर राणा' भन्नि उपन्न्यासमाँ 'लेखकको गन्थन' भन्नि सिर्सकका मुँनि तललिखित कुरा लेख्नु भाऽ रच—

'एसमाँ राँम्मरोसित चरित्र-चित्रण भाऽ छ-छैन ? यो सम्जँदा आर्कै ध्यान आउँच । आदिकवि भाँनुभक्तका नाँममाँ स्रद्धाञ्जलि बर्सिराऽ छ । उनका जिबनिमाँ लेक्खिएको कबिता-उदय -भएकै बखत्को कुरा गरम्, आजभन्दा पचत्तर-असि-बर्स अगि त तनुङजस्तो ठाँममाँ घाँस काटेर मँत्रै जिबिका गर्नि मानिस होलान् ( हुँदाहुन् ? ) र ? उस बखत् राजधानि नेपालमाँ पँनि सो प्रथाले मँत्रै जिबिका गर्नि माँञ्छे थिए-थिएनन् भने तनुङको के कुरा ? जुन् बखत् करियाको प्रथा थियो ।

तेस्ता जिबनि जस्ता पुस्तकमाँ त अनेकौं एस्ता निर्दा त्रुटि पाँइछ्वन् भने यो त उपन्न्यास, उसमाँ पँनि अयोग्य लेखकको हात, जस्तो भाँनुभक्तको कथा साँचो हो, घाँसि -सब्दमाँ केइ कल्पित जस्तो भाँन पर्च याँहाँ पँनि हाँम्रा रामक्रिष्ण साँचा हुन् ।'

मिस्त्रजिहरुको उपर्युक्त लेख पड्दा ह्वाँहर्का बुद्दिमाँ पँनि घाँसिसब्दले मोतिरामकै बुद्दिमाँ जस्तै चित्र खडा गरेजस्तो लाअ्च, किन्तु ह्वाँहर्को 'भाँनुभक्तको कथा साँचो हो, घाँसिसब्दमाँ केइ कल्पित जस्तो भान पर्च' भन्नि भनाइबडि ह्वाँहर्ले मोतिराम भट्टका बर्णन-माँ केइ अम्समाँ मँत्रै फरक पर्नगाको देख्नुभाऽजस्तो बुजिञ्च; किन्तु



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्ग नपरेर होला तेतापट्टि कलम चलाँउनु भएनच ।

मोतिराम भट्टको बर्णनको र मिस्त्रजिहरुको टिप्पणिको बिचार गरेर बाबुराम आचार्यले 'पुराना – कबि — र — कबिता' — को परिसिष्टमाँ तललिखित कुरा लेख्नु भाऽ छ —

'परन्तु तनुङमाँ घाँस काटि पैसा लिएर बेच्नि चलन न अगि थियो न अचेल छ । यो कुराको पैचान लम्जुङका बासिन्दा पण्डित टुकराजमिस्त्र-पद्मराजमिस्त्रहरुले गरेर एस घटनाका उपर् सङ्खा प्रकट गरेका छन् । हुन ता इनिहर्लाइ एस घटना-उपर् बिल्कुल् प-त्यार होओइन तैपनि भट्टजिका बिरुद्द लेख्न डराएर इनिहरुले सङ्खासम्म प्रकट गरेका होलान् ।···एस कारणले घाँसि बा भानुभक्त कुआ बा इनार सब्द एउडै अर्थमाँ ब्यबहारगर्न कदापि सक्तैनथे ।

घाँसिको हतियार भट्टजिले खुर्पि बताएका छन् ।··· ··· ··· तर भट्टजि तनुङमाँ गएका भए इनार-र- कुआमाँ तथा खुर्पि-(पक्कि घरका कौसि बा पेटिको घाँस खुर्कनि खुर्पि) र -खुर्पामाँ एस्तो भुल कदापि गर्दैन्थे ।

··· ·· यो पद्य काठमाडौँ नआँउदै भाँनुभक्तले बँनाएका भए यो सब्द (सत्तल) कसरि ब्यबहारगर्थे ।

··· भाँनुभक्तले कैँ पँनि 'भो' सब्द ब्यबहार -गरेको देखिँ-दैन, एस कारणले इ दुअै पद्य भट्टजिका कलमबड निस्क्याऽ देखिञ्चन् ।'

उपर्युक्त उद्धरणबडि इतिहाससिरोमणिले पँनि घाँसिसब्दले वाँहाँका बुद्दिमाँ उपस्थित गरेको चित्रको र तनुङको परिस्थितिको समन्वय हुन नसकेकाले भट्टजिका बर्णनमाँ पुर्ण रुपले कल्पितता देखेर 'भर्जन्म' इत्यादि दुइ पद्य भाँनुभक्तले रचेके हैनन् भन्नि निस्कर्स निकाल्नु भाऽ रच भन्नि कुरा बुजिञ्च । तथापि मोतिराम भट्टको "यथासक्क्य बयान्" बस्तुस्थितिसित मेल नखाँनि भयो भन्देमाँ भाँनु-भक्तको भनिएको रचनालाइ उनको रचनै हैन भन्नमाँ केइ युक्ति छैन । इतिहाससिरोमणिका भरु युक्तिको परिच्छ्या तले गरिनि छ ।

तनुङ-चुँदि-तामाकोट-निबासि भाँनुभक्तका नाँति पर्नि प्रस्तुत-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्त–आचार्यको सच्चा–जिवन–चरित्र'का— लेखकको– वर्णन-अनुसार् उक्त दुइ पद्यका रचनाको प्रसङ्गको बिवरण एस्तो छ—

'उन्नाइस्-से-विस सम्बत्मा उनञ्चास वर्सका कबि भानुभक्त ससुराला जाँन जाँदैरचन् । घरबडि निस्केर तिन कोस जति हिँडेपसि जेठको मैना हुनाले चर्का घाँमले पोल्दा सारै तिर्खा लाएकाले कबिजि (खोलाको पाँनि खन्याउ र तातो भै अपेय भाकाले) खोलाका किनारमा घाँचमा एउडा चिसो पाँनिको कुआमा पाँनि खाँन गएचन् र पाँनि खाउर तीँउ हुड्डा चिठेका ठाँममा एक छन बिस्राम गर्दैरचन् । तेस्तैमा एगजाना माँञ्छे मास्तिरबड घाँसको ठुलो भारि बोकेर आएच र भारि बिसाउर पाँनि खाइ तीँ बसेर कबिजिलाइ देख्तैमा सज्जन पण्डित ठाँनर कबिको घर थर-गन्तब्यस्थल सोदेच । कबिजिले उत्तर दिएपछि सज्जन पन्नित बाजे रचन् भन्नि थाउ पाउर उक्त माँञ्छेले ग्याँनगुनका कुरा गर्न थालेच । उल्ले भनेच— 'बाजे, एस्ता बडा माँञ्छेले पँनि एस कुआको पाँनि खाँनु भएच, यो काँम राँम्रै भयो भनेर मँलाइ सारै नै सन्तोस लायो, चिसो पाँनि इहीँ थियो, किन्तु त्यो पअराबड छिरेर गाउ थ्यो, खाँन पँनि राँम्ररि मिल्थेन, खडेरिमा सुकेर सारै सानो हुँनि हुँदा धारो बँनाँउन ठिकपर्थेन, कोदालासोदालाले मँत्रै खँनेर पँनि नहुनि थियो, पाँनि खाँनिहर्लाइ अश्जिलो भैराउ थ्यो पाँनि खाउर एक्छिन् बस्न पँनि ठाँम थिएन, मैँले आग्रि लाउर पअरो काट्न लाइ एति कुआ खनेको, आउ-दस जाना माँञ्छे बस्न मिल्नि एति ठाँम पँनि चिठाइदिएँ, के गर्नि, पासमा धेरै धन छैन, भए त ठुलो किर्ति रअनि अरु काँम पँनि गर्निथिएँ; मेरो गोठ तीँउ पारि छ, (फाँटमा चरिराका भैँसिहरु देखाँउदै) भैँसि तिने हुन, तिनैलाइ घाँस हाल्चु, तिनकै मोलमा अलि-अलि खेति पँनि गरेर जाआन पाल्चु. भैँसिको जिउ र घिउ बेचेर लुगा-फाटाको र नुनको निर्बाआ गर्चु: बाजे, मेरो जिबिका एस्तै छ, धेरै धन घरमा भएर पो के हुञ्च र 'मैँ हुम्, धन्कट छु' भनेर हिँण्निहरु पँनि नाङ्ङै जन्मञ्चन्, सब धन छोडेर नाङ्ङै जाँञ्चन् , इनै



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँखाले कनि देखिसक्कियो, तेस्ताको धन भएर पो के काम लाग्यो र, तिनको केइ नाम निसान रएन, माँञ्छेले किर्ति राखेर जानु ठुलो काँम हो, घरभित्र धन छाडेर गएर त के हुञ्च र, धनको भोग अरु गर्चन्, धन कँमाँउदा पाप गरिया भए सो पापको फल आँफुले भोग्न पर्च; केइ काल मेरो नाँम लिएर पाँनि खालान् कि भनेर भला एति कुआ खनिदिएँ, मेरो त एस्तै बुद्दि छ, ह्याँले के ठान्नु भो, भैँसि परतिर जान लागे, सारै पर पुगे भने फर्काउँन धौ हुञ्च, जाँन पन्यो बाजे मँ त' भनेर उक्त माँञ्छे घाँसको भारि बोकेर गएच । उक्त माँञ्छे पन्थ थर भाका जैँसि बाँउन रचन् । उनि गरुडपुराणादिका कथाऽ सुनेर अलिकति ग्याँन-गुन घुसेका बात गर्न पँनि जान्नि नै माँञ्छे रचन् । तिनका उक्त कुरा सुनेर कबि भाँनुभक्तका मनमाँ जुन भावना आयो तेल्लाइ ब्यक्त गर्न कबिले 'भर्जन्म घाँसतिर' इत्यादि दुइ पद्द्य-को रचना गरेचन् ।'

एस-बिबरण-अन्सार्को घाँसिको चित्रमाँ र मोतिराम भट्को-बर्णन-अन्सार्को घाँसिको चित्रमाँ धेरै अन्तर छ । तनुङ्ङे घाँसि डोकामाँ घाँस काटेर दुइ-चार आँनाँमाँ बेच्नि घाँसि हैन, गाइ-भैँसिगोठ राखेर घाँसका खोजिमाँ पाखा-पखेरामाँ गएर सानो खुर्पा-(खुर्पि)ले खोल्सा-खाल्सिमाँ पाँइनि घाँस बा रुख-घाँस काट्नि र त्यो घाँस आँफ्नै गाइ-भैँसिलाइ हाल्नि तल्लो तअको पसुपालन-प्रधान किसक घाँसि हो । एस प्रकारको तनुङ्ङे घाँसिको चित्र काठ्माण्डुका बा दार्जिलिङ्का बिचारकहरुका बुद्दिमाँ चन्न नसकेकाले होला कोइ इतिहाससिरोमणि ठेँइ नै उक्त दुइ पद्द्य पँनि भट्टजिकै हुन् भन्नि पच्छ्यमाँ छन्, जस्तै बालचन्दरसर्मा-आदि [भानुभक्त (नेपालि साइत्य सम्मेलन, २०१४) हेनोस्], कोइ मोतिराम भट्टको बर्णनलाइ पुरै प्रामाणिक ठाँञ्चन्, जस्तै पारसमँणि—प्रधान—आदि ( भानुभक्त-स्मारक - ग्रन्थ [सम्मोदित र परिबर्दित संस्करण] हेर्नोस्) ।

भाँनुभक्तको प्रस्तुत जिबनचरित्रको उपर्युक्त प्रकारको बिबरणको बिचार गर्दा 'भर्जन्म घाँसतिर' इत्यादि दुइ पद्द्यलाइ भाँनु-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तको रचना मात्रमा केइ अनुपपत्ति देखिँदैन । 'सो कुआ अद्यापि खडै छ, रम्गावड मानुङ जाँनि-आँउनि माँञ्छेले हिजो-आज पँनि पाँनि खाँञ्चन् । दस-आठजाना बस्न हुनि चिठेको ठाँम अलि अलि भत्क्याऽ छ' भन्नि तत्थ्यले समेत एस कुरामाँ धेरै सङ्खा गर्नि ठाँम नराखे जस्तो लाग्च ।

इतिहास-सिरोमणिले इनारको र कुआको एउडै अर्थमाँ प्रयोग भट्टजिले घाँसिका मुखबड र भाँनुका पद्यमा पँनि गराऽ छन्, यो हुन नसविन कुरा हो भन्नु भाऽ छ । घाँसिका मुखबडि कुआको र इनारको एउडै अर्थमाँ प्रयोग गराँउनमा भट्टजिकै कल्पनाको हात छ । पद्यमाँ भने कुआको र इनारको एउडै अर्थमाँ प्रयोग भा छ भन्नमाँ केइ युक्ति छैन । 'नाम केइ् रहोस् पछि भनेर कुआ खनायो' एस पाउमाँ कुआ सब्दको जुन अर्थमाँ प्रयोग भाऽ छ 'मेरा इनार न त सत्तल पाटि केइ् छन्' एस पाउमाँ इनारसब्दको उइ अर्थमाँ प्रयोग भाऽ हो भन्नमाँ के युक्ति छ ? आँ-आँफ्ना छुट्टाछुट्टै अर्थमा नै तिनको प्रयोग भाऽको मान्न सकिञ्च । कथञ्चित् एउडै अर्थमा नै प्रयोग भाऽको मानेमा पँनि उक्त प्रयोग भाँनुभक्तकै हो भन्नमा केइ बादा छैन, किनभने कबि-हरुबड पद्यमा एउडा सब्दको अर्थमा उस्तै-उस्तै अर्थको बाचक आर्को सब्दको प्रयोग पँनि हुनसक्च; जस्तै अङ्रेजिमा चर्च्-सब्दको अर्थ र टेम्पल्-सब्दको अर्थ फरक छ र चर्च् - सब्दको अर्थमा टेम्पल्- सब्दको प्रयोग साधारणतया कैलेइ पँनि हुँदैन तापँनि वर्ड्स् वर्थ्ले 'वेष्ट् मिन्ष्टर् ब्रिज्' (Westminster Bridge) भन्नि कबिताको "Ships towers domes theatres and temples lie" यो छैटो पङ्तिमा तेसो गऱ्या देखिञ्च । खुर्पि - (सानो खुर्पा)को प्रयोग खोले घाँस र रुखघाँस काट्ता तनुङमाँ गरिञ्च र गरिन्थ्यो होला । एसबड 'मोतिरामलाइ छोड्करि रुपमाँ रामदत्तबडि उक्त घटनाको बर्णन प्राप्त भएको हुँदो हो, किन्तु तेसमा मोतिरामले आँफ्ना कल्पना-का बलले पुर्णता र मनोहरता ल्याँउन खोद्दा अयथार्थता पँनि आँउन पुग्या हो' भन्न सकिञ्च । तुलसिदासादिका कथाहरुले प्रभाबित मोतिरामले



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुकी कबितामा प्रवृत्तिको निमित्तको रुपमा एस घटनाको उल्लेख गरेका र उक्त प्रभावादिका कारणले अरुहरुले पनि कसैकसैले मोतिरामको बर्णनलाइ पुरै मान्नि पच्छ्य लिया देखिए पनि आर्को भर्पर्दो परम्पराबड यो घटना र इ दुइ पद्यको रचना भानुभक्तको काठ्माण्डुसित सम्पर्क भैसकेपछि र उनि प्रौढ भैसकेपछि भाको भन्नि कुरा बुजिन आ हुनाले उक्त दुइ पद्यमा इनार–र–सत्तल सब्दको प्रयोग पनि अनुपपन्न देखिदैन ।

मो–सब्दका बिसयमा बिभिन्न भनाइहरु तल- लिखित छन्—

'यसमा मका बदलामा मो सब्द ब्यबहारभएको छ । यो सब्द ... भट्टजिले नै गद्य-पद्यमा ब्यबहारगरेको देखिन्छ । भानुभक्तले कै पनि यो ब्यबहारगऱ्या देखिदैन । एसकारणले इ दुअै पद्य भट्टजिका कलमबड निस्केका देखिन्छन्' [पुराना कबि र कबिता, परिसिष्ट क, प्रि० २५३]

"याहा मोको प्रयोग बिचारणिय छ । भानुभक्तले कै पनि 'म'-को सट्टा 'मो'-को प्रयोग गऱ्या भेटिन्न । तर भट्टजिले एस्तो प्रयोग धेरै ठाममा गऱ्या छन् ..... एसरि भानुभक्तका नाममा भट्टजिले उद्धित गऱ्या छन्दको भासा पनि भट्टजिको बिरोदमा बोल्दै प्रचलित आक्ख्यानको निमुलताको गबाइ दिन्छ । [बालचन्दरसर्माको भानुभक्त, प्रि० ३९]।

प्रस्तुत जिबनचरित्रका लेखकको एस बिसयको बिचार मुलैबड बुझ्न सकिन्छ [प्रि० १६४]।

'बसन्ततिलका छन्द - [बृत्त ?]को प्रथम र दुतिय अच्छेरहरु दिर्घ [गुरु ?] राख्ने पर्च । एइ कारण हुन सक्च 'मो भानुभक्त धनि भैकन आज एस्तो' एस पङ्क्तिमा पैला 'मो' राख्न आबस्यक भयो' [डा. बि. पि. दास राइ, दियालो, हागो २८, प्रि० ३५]। राइजिका प्रसङ्गले आर्को एउडा सानो कुरो पनि भनिहाल्नु । राइजि भानुका बसन्ततिलका बृत्तमा 'यतिभङ्गको खोट फेला पार्दा' छक्क पर्नुभाऽ रच; किन्तु बसन्ततिलकाका पाउका आठौं अच्छेरमा यति



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनै पर्च भन्नि नियम छैन, हुन पँनि सक्च नहुन पँनि सक्च; तेसैले त छन्दोमञ्जरिको "ज्ञेयव् वसन्ततिलकन् तभजा जगौ गः" एस बसन्ततिलकालच्छ्यणमा र ब्रित्तरत्नाकरको 'उक्ता वसन्ततिलका तभजा जगौ गः' एस वसन्ततिलकालच्छ्यषमा पँनि यतिको उल्लेख छैन । तसर्थ उक्त 'खोट' कुनै खोट ठअर्दैन ।

मेरा बुद्दिमां भने उक्त 'मो'-सब्दका बिसयमां एस्तो कुरा आउँच— 'भर्जन्म इत्यादि पद्यहरु भाँनुभक्तबिरचितै हुन्, किन्तु त्यांहां मो-सब्द भने मोतिराम भट्टका सम्पादनबड बा प्रुफ्का-गल्ति-आदिले आको होला; भाँनुभक्तले त सिताजिले 'मेरा आज सरण् पऱ्यो भनि दया आयो उ काग्मा पनी । मैमाथी त दया कसो हुनगयो भन्थिन् भन्या यो पनी" [सुन्दरकाण्ड, सि ७६] भने झैं "घाँसी दरिद्रि घरको तर बुद्दि कस्तो मै भाँनुभक्त धनि भैकन आज एस्तो ।" भनेका हुँदा-हुन्; 'एस्ता दरिद्द्रलाइ पँनि एस्तो बुद्दि आको, मैंला इमैंत्रै धनि हुँदा-हुँदै पँनि आजसम्म [एस-अवस्थासम्म] पँनि एस्तो बुद्धि नआको, धिक्कार होस् मैं मैंत्रै किन एस्तो भएँ होला' भनेर उनले आँफ्नु खेदा-तिसय बिसेस गरेर मैं-पदले व्यक्त गऱ्या हुँदाहुन्; छापा पाठले मौ-खिक परम्परावड आको पाठलाइ सर्बथा विस्थापित [लुप्त] गर्दिया होला । अथवा एकदेसि-सब्दको पँनि कतै-कतै प्रयोग गर्नि भाँनुले नै मो-पद राख्या कुरा पँनि हुनसक्च ।

एसरि सबै कुराको राँम्ररि बिचार गर्दा, घाँसिसम्बन्दि घटना-वड प्रेरणा पाऽर भाँनुभक्तले कबिता गर्न थालेका नभए पँनि र उक्त घटनाको स्वरुप मोतिराम-भट्टका-बर्णन-अन्सार्को नभए पँनि भाँनु-भक्त-र-घाँसिको-भेट-घाट-सम्बन्दि कुरा नै पुरै कल्पित हो र 'भर्जन्म घाँसतिर' इत्यादि दुइ पद्य भाँनुभक्तका हैनन् भन्नमा द्रिड युक्ति केइ पँनि देखिँदैन ॥

—शिवराज आचार्य

मधुपर्क [वर्ष ३, अङ्क २
२०२७, असार] बडि ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## परिशिष्ट ५

# आदिकवि भानुभक्त आचार्यको जन्मदिन

मात्रिभासा-प्रेमबड प्रेरित भै नेपालिहरुमाँ मात्रिभासा-प्रेम जगाउन र नेपालि- भासासाइत्यको विकासलाइ गति दिएर तेसद्वारा नेपालिको कल्याणन्निद्धि गर्न अग्रसर भाका भासासाइत्यसेबि मोतिराम भट्टले साइत्तिक इतिहासका र आलोचनाका द्रिष्टिले युक्तियुक्त रुपमाँ लेखेको कवि भानुभक्त आचार्यको जिबनचरित्त्रले भानुभक्तका कविताको समिच्छ्या गर्नमाँ र उनको जिबनचरित्त्र बुन्नि प्रयत्नमाँ प्रेरक तत्वको काँम गऱ्या छ । उन्को त्यो जिबनचरित्त्रग्रन्थका प्रभाबले ऐलेका आलोचकहरु पँनि कुनै-न-कुनै रुपमाँ प्रभाबित हुँदै छन् र पछिका पँनि हुनि छन् ।

मोतिरामको उक्त क्रितिमाँ झल्कँको भासा-साइत्य - सम्बन्दि द्रिष्टिकोणमाँ 'ननु नच' गर्न्नि ठाँम नभए पँनि उक्त क्रितिमाँ बर्णित कुराहरुमाँ भने प्रसस्तै 'ननु-नच' भाऽ छ र हुँदै छ पँनि ।

बिभिन्न लेखकहरुले उपस्थापित गरेका भानुभक्तका जिबन-सम्बन्दि घटनामाँ सङ्खा-उपसङ्खा गर्नि क्रमले समुचित सिमा नाग्न आँट्याऽ पँनि यत्रतत्र आभास मिल्च । एस्तै आभास दिनि एउडा सङ्खा तलका पङ्तिहरुमाँ उपच्थापिस् छ—

"अब एउडा सानो कुरो भन्न आबस्स्यक छ— बिष्णुमायादेबिले प्रकासित गऱ्या भानुभक्तिय रामायणको भुमिकामाँ सु० रङ्गनाथले भानुभक्तको जन्म १९७१ साल् आसाड-क्रिष्ण-अष्टमि आइतबार भन्नि लेख्याऽ छन् पञ्चाङ्गको अनुसन्धान गर्दा उक्त साल्को आसाड-क्रिष्ण-अष्टमि असार २९ गतेका दिन पऱ्या छैन, किन्तु जेठ ३१ गते पऱ्या छ, असार २९ गतेका दिन स्रावण-क्रिष्ण - अष्टमि पर्च । तेस कारण इ दुइ-मद्दे एउडाको असुद्दि निश्चित छ । फेरि, रङ्गनाथजिले "ति सलीबाहनका समय खडत्रिमसत् भइकन' भन्नि कवितालाइ भानुभक्तिय रचना हो भनि भन्नु भाऽ छ । तर सु० रङ्गनाथले प्रका-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सित गऱ्या उक्त सिलकमाँ गतैको उल्लेख गरिया छ । एस्को प्रतिकुल भानुभक्तका समयमाँ सुदि बदि लेख्नि चलन थियो भन्नि कुरा उनका चिठिपत्र र तेस बेलाका राजकिय-बेबाऽर-समेतबड -प्रमाणित हुनि भाकाले सो सिलक उनको रचना नभै पछि भएको रचना हो कि भन्नि प्रबल सङ्खा खडा हुञ्च ।"

इ पङ्ति भानु-पुस्तकालय-साआयक-समितिले २०२३ सम्बत्को भानु - जयन्तिका अवसरमाँ प्रकासित गऱ्या 'भानुका लगु क्रितिहरु' भन्नि पुस्तिकाका भुमिकामाँ चौबिसौँ-पच्चिसौँ प्रिष्ठमाँ आऽ छन् ।

भानुभक्तका जन्मको मितिका बिसयमाँ मोतिराम भट्टले "(धनञ्जय आचार्यजिका एक अपुर्व रत्न जस्ता छोरा जन्मे । छोरा भएदेखि एस्तै हुन्, इन्को नाम भानुभक्त हो । इन्को जन्म-वर्स बिक्रमिय सम्वत् १८६१ साल् हो" भन्नि मँत्रै लेख्या छन्, जन्म मिति निश्चित गरि लेख्न सक्या छैनन् । १९९८ सम्बत्सम्म नेपलि-साइत्यको इतिहासका बिद्दवनहरुको भानुभक्तका जन्म- समयको बिसयको ग्यान तेत्तिकै थियो । १९९८ सम्बत्माँ बिष्णुमायाले भानुभक्तमणिमाला प्रकासित गरेपसि सु० रङ्गनाथका लेखबड तिनिहरुले भानुभक्तको जन्मको समयका बिसयमाँ अरु कुरा जानेका हुन्

ऐले उपयुँक्त सङ्खाले भानुभक्तका जन्मदिनका बिसयमाँ अनिश्चितता ल्याँउन खोज्याऽ छ । तेस आसङ्कामाँ द्रिष्टि पुगेरै हो कि नपुगेर हो पण्डित सङ्करमान राजबम्सिबड सुस्केरा (पत्रिका) को पैलो बर्सको दोस्रो अङ्कमाँ 'आदिकवि भानुभक्तको परिचय र उन्को जन्मकुण्डलिको व्याक्ख्या' दिइँदा र भानु -[पत्रिका] को भानुबिसेसाङ्कका लागि लेख सङ्कलित गर्दा पँनि तेस आसङ्काको निबारण गर्नितिर चेष्टा भाको देखिँदैन । हुन त जोतिस-सम्बन्दि अलिकति पँनि ग्यान भाका माञ्छेले उक्त आसङ्कामाँ प्रबलता नदेख्नि हुँदा तेसको समादन गर्न प्रयत्न नगरे पँनि हुनि नै हो, तथापि सामान्य माञ्छेहरुले उक्त आसङ्कामाँ प्रबलता देख्नि सम्भाबना भाकाले र उक्त पुस्तिकाको प्रकासनमाँ प्रबन्ध-सम्पादकका रुपमाँ मँत्रै भने पँनि



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँफुले पँनि काँम गऱ्या हुनाले तेस्माँ रया त्रुटिको परिमार्जन गर्नु आँफ्नै काँम मानेर तलका केइ प्रघट्टकहरुले उपर्युक्त सङ्खाको समाधान गर्नि चेष्टा गऱ्याऽ छु ।

साँमान्य लेखापडिमाँ मिति लेख्ता सुदि बदि लेख्न छोडेर सौर मैनाको गते लेख्नि चलन नेपालमाँ १९६० सम्बत्देखि मँत्रै चलेको भए पँनि सौर मानका मैनाहरुको गणना प्राचिन कालदेखि नै चलेकाले र साँमान्य बेबाऽरमाँ सुदि बदि मँत्रै लेख्नि चलन भए पनि बार- तिथि- करण- नच्छत्र- योग- रासि-नबाम्सक- ग्रअस्थिति- आदिको समेत उल्लेख गरिनि जन्मपत्रिकामाँ गतेको अर्थात् सौरमानका मैनाका दिनको उल्लेख हुन नसक्नि र नपर्नि कुरा हैंन, हुनै पर्नि कुरा हो । तसर्थ भानुभक्तले दियाऽ उन्को जन्मपत्रिकाको पद्यात्मक विबरणमाँ भाको 'अनी आसाड् मास्को दिन पनि उनन्तिस् गइकन' भनि गरिया गतेका उल्लेखले 'ति सालीबाहनका समय खडत्रिम्सत् भइकन' इत्यादि पद्यहरु भानुका हैंनन् कि भन्नि र त्याँहाँ उल्लिखित दिन पनि भानुको सच्चा जन्मदिन नभै कल्पित जन्मदिन हो कि भन्नि सङ्खा उठाँउन सक्नि देखिँदैन ।

१८७१ बैक्रमाब्दका सौर- आसाड १९ गते आसाड- क्रिष्ण- अष्टमि नपरि स्राबण- क्रिष्ण -अष्टमि परेका कुराले पनि भट्ट बिचार गर्दा मँत्रै उक्त दिन भानुभक्तको जन्मदिन हो भन्नि कुरा कल्पित हो कि भन्नि सङ्खा उठाँउच; गडेर बिचार गर्दा भने त्यो सङ्खा आँफै हराएर जाञ्च ।

एस बिसयमाँ बिचार गर्न पर्नि कुरो यो छ— चान्र मासलाइ पुर्णान्त मान्दा पछिल्लो मैनामाँ गनिनि क्रिष्णपच्छ्य अमान्त मान्दा अगिल्लो मैनामाँ गनिञ्च । अर्थात् चान्र मासलाइ पुर्णान्त मान्दा जुन क्रिष्णपच्छ्य चान्र स्राबणमाँ पर्न जाञ्च तेइ क्रिष्णपच्छ्य चान्र मासलाइ अमान्त मान्दा चान्र आसाडमाँ पर्न जञ्च । तसर्थ पुर्णान्त चान्र मास मानेर रचना गरिएका पञ्चाङ्गपत्रमाँ हेर्दा १८७१ बैक्रमाब्दको सौर आसाड २९ गते चान्र-स्राबण -क्रिष्ण- अष्टमि परेको देखिए पनि अमान्त



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चान्र मास मानेर रचना गरिएको पञ्चाङ्गपत्रमा हेरेमा १८७१ बैक्रमाब्दको सौर आसाड २९ गते आसाड- क्रिष्ण-अष्टमि नै परेको हुञ्च। अत एव तेस पच्छचमा भानुभक्तको जन्मदिन १८७१ बैक्रमाब्दको सौर आसाड १९ गते आसाड-क्रिष्ण-अष्टमि हो भन्नमा केइ अनुपपत्ति हुँदैन र तेसमा सङ्खा उठ्न पर्नि धेरै कारण केइ छैन।

उपर्युक्त कुरा मानेर भानुभक्तको जन्मदिनको उल्लेख अमान्त-मान-अनुसार् आसाड-क्रिष्ण-अष्टमि भनेर गरिया हो भन्नि कुरा मान्नमा बादा पर्नि कारण एउडै मँत्रै छ। त्यो नेपालमा ऐले र पैलेइ पँनि चान्र मासलाई पुर्णान्त मान्नि प्रचलन हो। एस प्रचलनको सास्त्रिय आदार पनि छ। बिन्द्याचल -देखि उत्तरतिर पुर्णान्त र दच्छिणतिर अमान्त चान्र मास मानिनि कुराको उल्ले धर्मसास्त्रका ग्रन्थहरुमा पाँइञ्च। शुक्लादि अमान्त नै मुक्ख्य चान्र मास मानिए पँनि "तिथिकृत्ये चकृष्णादिर्व्रते शुक्लादिमेव च। विवाहादौ च सौरादिम् मासङ् कृत्ये विनिदिशेत्" इत्यादि- बेवस्था-अन्सार् कैइ पुर्णान्त पँनि मानिञ्च र त्रिकाण्डमण्डनका "कृष्णपक्षादिकम् मासन् नाङ्गीकुर्वन्ति केचन। येऽपीच्छन्ति न तेषामपीष्टो विन्ध्यस्स्य दक्षिणे" एस-भनाइ-अन्सार् बिन्द्याचलभन्दा उत्तरतिर अमान्त र पुर्णान्त दुऐ र बिन्द्याचलभन्दा दच्छिणतिर भने अमान्त चान्र मास मँत्रै मानिनि कुरा देखिञ्च। किन्तु नित्यानन्द पर्वतियको वर्षक्रित्यदिपकको आठौं प्रिष्ठमा भएको "मुक्ख्यचान्द्रमासातिरिक्तगौणमासप्रयुक्तकर्मस्स्वपि सङ्कल्पे विन्ध्योत्तरवासिनां शुक्लादिमासाङ्गीकर्तृणामपि शुक्लाद्युल्लेखाचाराभावात् कृष्णादेरेवोल्लेखः, विन्ध्यदक्षिणे तु शुक्लादिर्न तु गौणामासः, (अर्थ-मुक्ख्य अमान्त चान्रमास भिन्न "व्रते शुक्लादिमेव च' इत्यादि-बिसेस -वचन-अन्सार् गर्निनि गौण अमान्त चान्र मासको उल्लेख गरेर गर्न पर्नि व्रतकर्महरुमा पँनि शुक्लादि अमान्त चान्र मास सुइकारगर्नि भए पँनि बिन्द्याचल भन्दा उत्तरतिर बस्निहरुका सङ्कल्पमा शुक्लादि-अमान्त चान्र मासको उल्लेख गर्नि सिष्टहरुको चलन नभएकाले क्रिष्णादि पुर्णान्त चान्र मासको नै उल्लेख हुञ्च; बिन्द्याचलभन्दा दच्छिणतिर त शुक्लादि अमान्त मुक्ख्य चान्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मास नै उल्लिखित हुञ्च "तिथिकृत्ये तु कृष्णादिम्" इत्यादि-बिसेस-बचन-अन्सार्को गौण क्रिष्णादि पुर्णान्त चान्र मास उल्लिखित हुँदैन) भन्नि भनाइबड भने बिन्द्याचलभन्दा उत्तरतिर पुर्णान्त चान्र मास-को मँत्रै प्रचलन भाको बुजिञ्च । एसबड भानुभक्तको जन्मदिनको उल्लेख गर्दा अमान्त-चान्र-मास-अन्सार् आसाड-क्रिष्ण-अष्टमि भनेर उल्लेख गरिया हो भन्नि मान्नमाँ बाद्दा देखिञ्च । किन्तु सङ्करबाल-क्रिष्ण दिच्छितले भारतिय ज्योतिसको (इतिहासको) दोस्त्रो भाकको पष्टाधिकारको 'पुर्णिमान्त और अमान्त मास' भन्नि प्रकर्णमाँ दच्छिन-तिर पँनि चौदौँ-सताब्दि-सम्म पुर्णिमान्त चान्र मासको पँनि कता-कति चल्ति थियो भन्नि लेखेकाले निस्यानन्दको-भनाइ-अन्सार्को आचार प्राइक मत्रै भाको निरपबाद नभाको बुजिञ्च । फेरि बिन्द्या-चलका उत्तरतिर ऐले पनि चान्र मासको नाम र अधिकमास अमान्त मानले नै निश्चित गरिनि हुनाले, उपर्युक्त-त्रिकाण्डमण्डनका-भनाइ-अन्सार् बिन्द्याचलदेखि उत्तरतिर साँमान्न्यतया अमान्त चान्र मास मान्न सकिनि हुनाले, तिथिक्रित्यका निमित्त पुर्णान्त मास मान्न आब-स्स्यक भए पनि जन्म-पत्त्रिकामाँ अमान्त चान्रमासको उल्लेख गर्नमाँ केइ आपत्ति नभाकाले, मल्लकालमाँ नेपालमाँ प्राय अमान्तै मास मानि-एकाले र तेस्को प्रभाव नेपालका अन्न्य भागमाँ पँनि परेको हुन सक्नि हुँनाले बा त्यो एतातिरको साँमान्न्य चलन नै भएको हुन सक्नि हुँनाले तथा साअकालमाँ पँनि कताकति अमान्त मास मानिएको देखिएकाले (पुर्णिमाको १९ पुर्णाङ्कका २१६-१७ प्रिष्ठ) भानुभक्तका जन्मपत्त्रि-कामाँ पँनि अमान्त-चान्र-मास-अन्सार् १८७१ सम्बत्का सौर आसाड २९ गतेका दिन आसाड-क्रिष्ण-अष्टमि भन्नि उल्लेख गरिएको हुनमाँ केइ अनुपपत्ति छैन । अथवा सु० रङ्गनाथका लेखाइमाँ सौर-मास-अन्सार् आसाड भन्नि पद पर्न गएको र चान्र मासको उल्लेख नगरि पुर्णा-न्तमान- अन्सार्को स्राबण -क्रिष्ण -अष्टमिलाइ नै क्रिष्ण अष्टमि मँत्रै भनेर उल्लेख गरिएको मान्न पँनि सकिञ्च । आदिकबि कबिसम्राट् भानुभक्त आचार्यको सच्चा जिबनचरित्र -( पैलो संस्करण ) माँ मने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं प्रिष्ठमाँ "सम्बत् १८७१ साल् आसाड २९ गते रविबार क्रिष्ण पच्छ्यका अष्टमिका दिन जन्म" भन्नि मैंत्रै नै लेखिया छ । तसर्थ भानुभक्तका जन्मदिनका बिसयमाँ सु० रङ्गनाथको भनाइलाइ प्रामाणिकै मान्नमाँ आपत्ति देखिदैन र "ति सालीबाहनका" इत्यादि पद्यहरु भानुभक्तकै हुन् भन्नि मान्नभाँ पँनि अनुपपत्ति छैन । भानु. भक्तको उक्त जन्मदिनका बिसयमां तिथिमितिका बिसेसग्र्यँहरु अजै प्रष्ट निर्णय दिन सक्चन् । तसर्थ उनिहरुको एस बिसयमाँ ध्यान जानु अपेच्छित छ ।

स्रिभाइचन्र प्रधानले भने भानुभक्तको जन्मबर्सका बिसयमाँ सङ्का उठाको पाँइञ्च । निजको आदिकबि भानुभक्त आचार्य भन्नि १९५२ सन्माँ प्रकासित पुस्तकमाँ एगारौं प्रिष्ठमाँ '१९०९ बैक्रमाब्दमाँ भानुभक्तले "चालीस् बर्स भयां मैं" भनेकाले भानुको जन्म-सम्बत् १८६९ अथवा १८७० हुन पर्च १८७१ हुन सक्तैन' भन्नि कुरा उल्लिखित छ । किन्तु त्यो सङ्का पँनि तेति प्रबल छैन; किनभने मोतिराम भट्टले १९०९ सम्बत्माँ भानुको जागिर खोस्सिइ कागत-पत्र बुजाँउन नेपाल आँउदा भानुभक्तले उपर्युक्त पद्य बँनाएका हुन् भनेका भए पँनि त्यो पद्य भानुले १९०९ बैक्रमाब्दमैं बनाका हुन् भन्नमाँ द्रिढ प्रमाण केइ छैन; आर्कालि बँनाका एक-एक पद्यको रचनाकाल आर्कालि यथार्थ रुपमाँ जान्न गारो हुञ्च; आँफैले रचना गरेको त लेखेर नराखेमाँ केइकालपछि ठिक-ठिक रचनाकाल बिर्सिञ्च भने आर्का-का रचनाको के कुरा ! आदिकबि कबिसम्राट् भानुभक्त आचार्यको सच्चा जिबन-चरित्रमाँ ( प्रथम संस्करणमाँ ) पच्चिसौं प्रिष्ठमाँ भने भानुले उनका छोरा रमानाथको बर्तुन गरेको बर्स १९११ हो भन्नि लेखिया छ । एसबडि त उपर्युक्त सङ्का तेसै हराँउच । फेरि १९०९ बैक्रमाब्दमाँ नै भानुले उक्त पद्य बँनाका भए पँनि १८७१ सम्बत्-का असारमाँ जन्मेका उनि १९०९ सम्बत्का पुस-मागतिर उनञ्चालिस-का अथवा गबंदेखि-नै-पँनि-गन्नि-पुरानो-चलन-अन्सार् गनेमाँ चालि-सैका हुञ्चन्; उनञ्चालिसैका भए पँनि पद्यमाँ "चालिस् बर्स भयां

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मँ पुत्र पनि एक् मात्रै छ आठ् वर्सको" भन्न सक्चन् । ढिलो जन्मेको अत्यन्त चिज भाको छोराको बर्तुन पँनि समयमाँ गर्न नपाँउनिजस्तो भएँ भन्नि अभिप्राय व्यक्त गर्न र व्रित्त (छन्द) मिलाँउन पँनि आँपनु बयमाँ एक बर्स बडाएकै पँनि हुनन् भन्न सकिञ्च । तसर्थ एस दुर्बल आसङ्काले पँनि भानुभक्तको जन्मदिन १८७१ सम्बत्को आसाड २९ गतेको क्रिष्णपच्छ्यको अष्टमि हो भन्नि कुरामाँ परिवर्तन ल्याँउन सक्तैन ।

अस्त्यमाँ भानुभक्त–सम्बन्दि प्रचलित कुराहरुमाँ सच्चा प्रमाणका आधारमाँ मैंत्रै सम्सोदन गर्नि बा सङ्खा उठाँउनि गर्नु र केबल् ऊह–( Conjecture ) का भरमाँ प्रचलित कुराहरुमाँ खलबल नउठाँउनि गर्नु राँम्रो होला भनि यो छोटो लेख समाप्त गर्चु ।

— शिवराज आचार्य

मधुपर्क-(वर्ष ५, अङ्क २

२०२९, असार) बडि ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## परिशिष्ट ६

# भानुभक्तका ग्रन्थहरुको मुद्रण–प्रकासनका विसयमा

भानुभक्तका ग्रन्थहरुको प्रकासन भानुभक्तले नै गऱ्याऽ हुन् । याँहाँ प्रकासनको अर्थ कसैको क्रितिलाइ आर्काले मेरो हो भन्न नपाँउनि परिस्थिति पारेर अनेक वेक्तिका समच्छय प्रस्तुत गर्नु हो । भानुभक्तले आँफ्ना ग्रन्थको तेस्तो प्रकासन आँफै गऱ्याऽ हुन् । भानुले गरेको एस्तै प्रकासनका आदारमाँ उनका रचनाहरु लोकप्रिय भएर काठ्माण्डुमाँ तथा तनुङ-समेतका अरु जनपदहरुमाँ र बाराणसिमाँ समेत् फिँजिएका हुन् । तसर्थ 'मोतिरामले भानुका रचनाहरुलाइ मँअत्त्व नदिया भए ति पँनि बिरसालि पन्थका रचना जस्तै बिलाँउँदा हुन्' भन्नि (स्निटुक्-राज-पद्मराज मिस्त्र, मदुपर्क ९।१२, प्रि० १०) र 'मोतिरामजस्ता अनुयाइ भेट्टाकाले मँत्रै भानुभक्तले माँहाँपुरुसको पदबि पाका हुन्' (स्निनयराज पन्थ, गल्लिमाँ फ्याँक्किएका कसिङ्गर, उपोद्घात, प्रि० १६५) भन्नि धारणा पनि युक्तियुक्त देखिँदैनन् । मोतिरामले उनले छपाका भानुभक्तक्रित भासा–रामायणका भुमिकामाँ लेख्याऽ "हाम्रा मोर्खा राज मा आज कल यौटा पँनि क्वै मस्तो हो बैन जस्ले कवि भानुभक्त आचार्यको नाम न सुने को होला" भन्नि पैलो वाक्यबडै इ धारणा खण्डित हुञ्चन् । तथापि भानुभक्तका सबै क्रितिहरुको खोजि गरेर मुद्रण गरि प्रकासन गर्नुका साथै भानुको–जिवनचरित्र - समेत लेखि भानुका क्रितिहरुको राष्ट्रिय वा राजनितिक द्रिष्टिकोणले पँनि मँअत्त्व बुजेर अथवा बङ्गालि-मराठि-तेलगु–गुजराँति–हिन्दि–आदि भासाका पुस्तक छाप्पिएका देखि तेसैको सिको गरेर मँत्रै भए पँनि प्रचार गरेकामाँ मोतिराम प्रति नेपालिहरु क्रितग्य हुनै पर्छ ।

मोतिरामका नेत्रित्त्वमाँ उनका मित्त्रमण्डलिका उत्साअले १९४१ सम्बत् आस्विन क्रिष्ण ६ गुरुबारमाँ (भानुभक्तक्रित भासा-) रामायण-बालकाण्ड पण्डित प्रेमलाल काफ्लेका सम्पादकत्त्वमाँ र तेज-बाहुर रानाका प्रकासकत्त्वमाँ रामक्रिष्ण खत्रिद्वारा भारजजिवन-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेस-(कासि) माँ मुद्रित भै प्रकासित भाऽ रच ।

तेस पुस्तकको चाख भै त्यो फटाफट बिकेको देखि उत्साअ बढि 'प्रस्नोत्तरमाला र भक्तमाला' पँनि (एउडै पुस्तक बताऽर) १९४१ सम्बत् आस्स्विन सुक्ल ३ चन्रबारमाँ स्रि-अम्बिकाचरण चट्टोपाद्ध्यायद्वारा मुद्रित गराइ तेजबाहुर रानाले प्रकासित गऱ्या रचन् ।

प्रस्नोत्तरमाला-र-भक्तमालाका समर्पणमाँ तेजबाहुर रानाले अरु काण्ड राँमाँयँण छपाँउन उमेद राखेको कुरा लेख्वाऽ छन् त पनि मोतिरामका-भनाइ-अन्सार् तेसै अबसरमाँ अनेक बिग्न पर्दा उक्त मण्डलिको अरु काण्ड छपाँउनको उत्साभ दबेच । तथापि भानुका क्रितिको राष्ट्रिय बा राजनितिक द्रिष्टिले हुँन सक्नि मँअत्त्व बुज्यानबुज्या जे भए पँनि तेस्को धार्मिक- आद्ध्यात्मिक मँअत्त्व र लोकप्रियता बुजेका र उक्त बालकाण्डको पुस्तक फटाफट बिकेको देखेका पन्नित देबराजबरसमाँले सम्पादन कार्यमाँ डमरुबल्लब पन्नित (पोखरेल)-का सायताले र अरु काँममाँ बद्रिनाथ भँडारिका सभागिताले रामायणभासा बा भासारामायणमाला (रामगिताताइ छोडेर अरु सम्पुर्ण सात काण्ड भानुभक्तक्रित भासा-रामायण) जैन- प्रभाकर-यन्त्रालयमाँ प्रतापकुँबर गुरुनिजि- स्वामिद्वारा मुद्रित गराइ १९४२ सम्बत् माग बदि ११ मितिमाँ प्रकासित गऱ्या रचन् । यो संस्करण नेपाल-(काठमाण्डु)बडि पन्नित देबराल्ने झिकाका दुइ पुस्तक र कासि-(बाराणसि)मैँ खोजिया एक पुस्तक समेत तिन लेखोट पुस्तकका आदारमाँ छाप्पिएकाले यो संस्करण भानुभक्तको लेखाइको धेरै नजिकमाँ भाको देखिञ्च ।

देबराज -(लाम्छाने)हरुले छपाका सातै काण्ड भाका भासारामायणका पुस्तकहरु फटाफट बिकि सक्किएर अलब्भ्य भाकाले भारजजिबन पत्रिकाका सम्पादक तथा भारजजिबन-प्रेसका म्यानेजर बाबु रामक्रिष्ण खत्त्रिले सात काण्ड रामायण आँफ्ना खर्चले छाप्नि उत्साअ गरेकाले निजका पूर्ण सायताले देबराज- डमरुबल्लबका छापा र अरु दुइ लेखोट पुस्तकका आदारमाँ सम्सोदन गरि छुटेका ठाँनिएका केइ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आद्द्रिहरु बँनाइ ठाँमठाँममाँ थपि मोतिरामले सम्वत् १९४४ पौस सुक्ल १५ सुक्रबारमाँ प्रकासित गऱ्याऽ रचन् । मोतिरामले धेरै सम्सोधन र थपथाप समेत गरेकाले यो संस्करण भानुको लेखाइबडि देबराजहरुको संस्करणभन्दा बर्ता टाडा ग्राको देखिञ्च ।

एतिञ्जेल् सात काण्ड भासारामायणका दुइ संस्करण (तिन हजार पुस्तक) छाप्पीसकेका भए पनि ति छापामाँ रामगिता पऱ्या रइञ्च । पछि भानुभक्तकित रामगिता भासा बडा–परिस्त्रमका साथ सुब्बा धर्मदत्तकाँऽ★ पत्तालाइ प्राप्त गरि मोतिरामले छापि प्रकासित गर्न ठिक गरेचन् र बाबु रामक्रिष्णबर्माले भारजजिबन—यन्त्रालयमाँ १००० प्रति पुस्तक छापि १९४७ बिक्क्रमि सम्बत्माँ प्रकासित गर्दिया रचन् । सात काण्ड रामायण पैलेइ अरुले छापेका भए पनि एसरि पैलेइ सम्पुर्ण भानुभक्तिय रामायण छपाँउनि–छाप्नि जस मोतिराम–र–रामक्रिष्णबर्मालाइ नै प्राप्त हुन गाऽ रच । एसरि भानुभक्तक्रित भासारामायण सम्पुर्ण रुपमाँ प्राप्तभएपसि रामक्रिष्णबर्माले भानुभक्तको चित्र समेत राखि मोटा अच्छेरमाँ सम्पुर्ण रामायण मोतिरामले 'कवि भानुभक्त आचार्यको जिबनचरित्र' प्रकासित गराँउदा सम्ममाँ छापिसकेका पँनि रचन् ।

भानुभक्तका फुड्कर पद्यहरु मद्दे साडे पच्चिस सिलक मोतिरामभट्ट–लिखित कबि भानुभक्त आचार्यका जिबन–चरित्रमाँ पऱ्याछन् र ति उक्त जिबनचरित्र भारजजिबन यन्त्रालयमाँ छाप्पिइ १९४८ सम्बत् भाद्रपद क्रिष्ण ८ मितिमाँ प्रकासित हुँदा प्रकासित भाऽ रचन् । मोतिरामले नभेट्टाऽका भानुभक्तका मुक्तक पद्यहरु मद्दे पँनि जुनजुन जजल्ले जँलेजँले सर्व–प्रथम मुद्रित–प्रकासित गऱ्या हुन् तेस

---

★ सुब्बा धर्मदत्तकाँ रएको त्यो रामगिताको पुस्तक भानुपुत्र रमानाथकै हस्ताच्छरको रच भन्नि कुरा मोतिरामका लेखाइबडि बुजिञ्च (कबि भानुभक्त आचार्यको जिबनचरित्र, १९४८, प्रि० ३६) । तेसैबडि सारेर मोतिरामले रामगिता छपाको बुजिञ्च ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुराको बिबरण प्रस्तुत मुल ग्रन्थमाँ नै जोडिएका भानुका मुक्तक पद्य भन्नि प्रकर्णका टिप्पणिहरुमाँ प्राप्य छन् ।

भानुभक्तकृत बधुसिच्छया बडा मुस्किलले पत्तालगाइ मोतिरामले प्रकासनार्थ ठिक गरेचन् र बाबु रामकृष्णबर्माले आँफ्ना भारजजिबन-यन्त्रालयमाँ १९४८ सम्बत्माँ छापि तेस्को प्रचार गरेचन् । अनि भानुभक्तका सम्पुर्ण कबिता छपाम् भन्नि जो प्रतिग्र्याँ मोतिरामको रच उनको त्यो प्रतिग्र्याँ पुरा भयो भनि मोतिरामले सन्तोसको अनुभब गरेका रचन् । बधुसिच्छयाको दोस्रो संस्करण भारजजिबन-यन्त्रालयमैं १९५२ सम्बत्माँ छाप्पिया रच ।

सबैनेपालिले भानुका रामायणमाँ अत्यन्तै चाख गरेको देखि पछि सामान्य बेपारि-द्रिष्टिकोणले समेत् पासुपत-यन्त्रालय-( ठँहिटि काठ्माण्डु )-ले १९५२ सम्बत्माँ, गोर्खा-ग्रन्थ-प्रचारक-मण्डलि-(बम्बइ)-ले १९६७ सम्बत्माँ, सुब्बा-होमनाथ-केदारनाथले, बिस्स्वराज-हरिहरले, पुन्न्यप्रसादबालिसेले, नेपालि-साइत्यसम्मेलन -( दार्जिलिङ् )ले बाबु माँदबप्रसादसर्मा-आदिले समेत् भानुभक्तका रामायणका अनेक संस्करण छापि तेस्को प्रचार गरेकाले भानुको रामायणको सिक्किम-भुटान- असम-बर्मा-आदिका नेपालिहरुमाँ समेत् प्रचुर मात्त्रामाँ प्रचार भाको हो ।

भानुभक्तको रामायण रिदयैदेखि पन्निहरुमाँ राष्ट्रिय बा राजनितिक चेतना प्रधान भाका माञ्छेभन्दा धार्मिक-आद्ध्यात्मिक भाबना प्रधान भाका माञ्छेइ बर्ता भाको बुजिञ्च । तेसैले भानुभक्तको राष्ट्रिय बा राजनितिक मँअत्त्व बिसिदिएका खण्डमाँ पँनि भानुभक्त बिरसालि-पन्थ-

---

बधुसिच्छया बडा मुस्किलले पत्ता लाको भन्नि कुरा बधुसिच्छया-का प्रथम संस्करणका अगाडिका आच्छादन-प्रिष्ठमाँ मोतिरामले छपाऽ छन्, काँऽ पत्तालाग्या भन्नि कुरा लेख्या छैनन् । यो ग्रन्थ उनले रामदत्तद्वारा रमानाथकाँबडै पाको देखिञ्च । सुब्बा धर्मदत्तकाँऽ राम-गिताको रमानाथको हस्ताच्छ्यरको पुस्तक भाको कुरा पँनि मोतिरामले रामदत्तद्वारा रमानाथैबड था पाका होलान् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आद्द्रिहरु बँनाइ ठाँमठाँममाँ थपि मोतिरामले सम्वत् १९४४ पौस सुक्ल १५ सुक्रबारमाँ प्रकासित गऱ्याऽ रचन् । मोतिरामले धेरै सम्सोदन र थपथाप समेत गरेकाले यो संस्करण भानुको लेखाइबडि देबराजहरुको संस्करणभन्दा बर्ता टाडा गाको देखिञ्च ।

एतिञ्जेल् सात काण्ड भासारामायणका दुइ संस्करण (तिन हजार पुस्तक) छाप्पीसकेका भए पनि ति छापामाँ रामगिता पऱ्या रइञ्च । पछि भानुभक्तकित रामगिता भासा बडा-परिस्रमका साथ सुब्बा धर्मदत्तकाँऽ★ पत्तालाइ प्राप्त गरि मोतिरामले छापि प्रकासित गर्न ठिक गरेचन् र बाबु रामक्रिष्णबर्माले भारजजिबन—यन्त्रालयमाँ १००० प्रति पुस्तक छापि १९४७ बिक्रमि सम्बत्माँ प्रकासित गर्दिया रचन् । सात काण्ड रामायण पैलेइ अरुले छापेका भए पनि एसरि पैलेइ सम्पुर्ण भानुभक्तिय रामायण छपाँउनि-छाप्नि जस मोतिराम-र-रामक्रिष्णबर्मालाइ नै प्राप्त हुन गाऽ रच । एसरि भानुभक्तक्रित भासारामायण सम्पुर्ण रुपमाँ प्राप्तभएपसि रामक्रिष्णबर्माले भानुभक्तको चित्र समेत राखि मोटा अच्छेरमाँ सम्पुर्ण रामायण मोतिरामले 'कवि भानुभक्त आचार्यको जिबनचरित्र' प्रकासित गराँउदा सम्ममाँ छापिसकेका पँनि रचन् ।

भानुभक्तका फुड्कर पद्यहरु मद्दे साडे पच्चिस सिलक मोतिरामभट्ट-लिखित कवि भानुभक्त आचार्यका जिबन-चरित्रमाँ पऱ्याछन् र ति उक्त जिबनचरित्र भारजजिबन यन्त्रालयमाँ छाप्पिइ १९४८ सम्बत् भाद्द्रपद क्रिष्ण ८ मितिमाँ प्रकासित हुँदा प्रकासित भाऽ रचन् । मोतिरामले नभेट्टाऽका भानुभक्तका मुक्तक पद्यहरु मद्दे पँनि जुनजुन जजल्ले जँलेजँले सर्व-प्रथम मुद्द्रित-प्रकासित गऱ्या हुन् तेस

---

★ सुब्बा धर्मदत्तकाँ रएको त्यो रामगिताको पुस्तक भानुपुत्र रमानाथकै हस्ताच्छरको रच भन्नि कुरा मोतिरामका लेखाइबडि बुजिञ्च (कवि भानुभक्त आचार्यको जिबनचरित्र, १९४८, प्रि० ३६) । तेसैबडि सारेर मोतिरामले रामगिता छपाको बुजिञ्च ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुराको बिबरण प्रस्तुत मुल ग्रन्थमाँ नै जोडिएका भानुका मुक्तक पद्य भन्नि प्रकर्णका टिप्पणिहरुमाँ प्राप्य छन् ।

भानुभक्तकृत बधुसिच्छ्या बडा मुस्किलले पत्तालगाइ मोतिरामले प्रकासनार्थ ठिक गरेचन् र बाबु रामकृष्णबर्माले आँफ्ना भारज्जिबन-यन्त्रालयमाँ १९४८ सम्बत्माँ छापि तेस्को प्रचार गरेचन् । अनि भानुभक्तका सम्पुर्ण कबिता छपाम् भन्नि जो प्रतिग्र्याँ मोतिरामको रच उनको त्यो प्रतिग्र्याँ पुरा भयो भनि मोतिरामले सन्तोसको अनुभब गरेका रचन् । बधुसिच्छ्याको दोस्रो संस्करण भारजजिबन-यन्त्रालयमैं १९५२ सम्बत्माँ छाप्पिया रच ।

सबैनेपालिले भानुका रामायणमाँ अत्यन्तै चाख गरेको देखि पछि सामान्य बेपारि-द्रिष्टिकोणले समेत् पासुपत-यन्त्रालय-( ठँहिटि काठ्माण्डु )-ले १९५२ सम्बत्माँ, गोर्खा-ग्रन्थ-प्रचारक-मण्डलि-(बम्बइ)-ले १९६७ सम्बत्माँ, सुब्बा-होमनाथ-केदारनाथले, बिस्स्वराज-हरिहरले, पुन्न्यप्रसादचालिसेले, नेपालि-साइत्यसम्मेलन -( दार्जिलिङ् )ले बाबु माँदबप्रसादसर्मा-आदिले समेत् भानुभक्तका रामायणका अनेक संस्करण छापि तेस्को प्रचार गरेकाले भानुको रामायणको सिक्किम-भुटान- असम-बर्मा-आदिका नेपालिहरुमाँ समेत् प्रचुर मात्त्रामाँ प्रचार भाको हो ।

भानुभक्तको रामायण रिदयैदेखि पन्निहरुमाँ राष्ट्रिय बा राज्नितिक चेतना प्रधान भाका माञ्छेभन्दा धार्मिक-आद्ध्यात्मिक भाबना प्रधान भाका माञ्छेइ बर्ता भाको बुजिञ्च । तेसैले भानुभक्तको राष्ट्रिय बा राज्नितिक मँअत्त्व बिसिदिएका खण्डमाँ पँनि भानुभक्त बिरसालि-पन्थ-

---

बधुसिच्छ्या बडा मुस्किलले पत्ता लाको भन्नि कुरा बधुसिच्छ्याका प्रथम संस्करणका अगाडिका आच्छादन-प्रिष्ठमाँ मोतिरामले छपाऽ छन्, काँऽ पत्तालाग्या भन्नि कुरा लेख्या छैनन् । यो ग्रन्थ उनले रामदत्तद्वारा रमानाथकाँबडै पाको देखिञ्च । सुब्बा धर्मदत्तकाँऽ रामगिताको रमानाथको हस्ताच्छ्यरको पुस्तक भाको कुरा पँनि मोतिरामले रामदत्तद्वारा रमानाथैबड था पाका होलान् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदिजस्ता उपेच्छयणिय हुँदैनन् भन्नि कुरा सजिलै बुझ्न सकिञ्च । कसैले अमुक ठुलो हो भन्दिँदैमाँ उस्को गुण नबुजि माञ्छेले उल्लाइ रिदयैदेखि धेरैकालसम्म ठुलो मानिरनि कुरा पँनि आँउदैन । भानुका कबिताको गुण त धेरै नेपालिहरुले बुजेको र तिन्माँ धेरै नेपालिको रस बसि उनिहरुले धेरैकालदेखि भानुप्रति रिदयैदेखि ठुलो आदर गर्दै आको पाँइञ्च । अत एव मोतिरामले गरेका भानुभक्तका क्रितिका मुद्द्रण–प्रकासनादिलाइ यथोचित रुपमाँ मैत्रै मअत्त्व दिनु राँम्म्रो हो। भानुका क्रितिका प्रथम संस्करणका पुस्तकहरु उसै बेला अत्यन्तै दुर्लब हुनु र रामायणका सएँउँ संस्करण छाप्पिनु, मोतिरामले लेख्या भानु-भक्तका जिबनचरित्रको पुस्तक भने नबिकेर ऐलेसम्म पनि थुप्रीराको पाँथ्यिनु ★ पनि एस प्रसङ्गमाँ मननिय कुरा छन् ॥

— शिवराज आचार्य

★ एस लेखकले मोतिराम–लिखित कवि भानुभक्त आचार्यको जिबन-चरित्रका प्रथम संस्करणका अनेक प्रति किनेर राख्या छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## परिशिष्ट ७

# भानुभक्तको चित्र : थप विवेचना

भानुभक्तले रमानाथलाइ लेखेको १९१९ साल्को वैशाखको चिठिमाँ एस्तो लेखेका छन् — 'येतिज्याल्मा म घर आइ पुगन्या थीञ्ाँ. उत्तरकाण्ड रामायण केहि बाँकि वनाउनु रह्याको थियो र सभै इष्टमित्रले. त्यो रामायण समाप्ति गरि जानु भया. लोकले गाउँन्या छ. तपाञिलाइ पनी जोहुनु सिद्धि यतैवाट हुन्या छ. सिद्ध गराइ जाउ भनि बडा बडाले पनी भन्दा. वेस् हो भनि. त्यै सिद्ध गराउन लागि रह्याँछु. ।" एताबाट यो कुरा सजिलै भन्न सकिञ्च कि भानुभक्त जिबितै छँदा पनि उन्को रामायण नेपालिमाँ अनुवाद गर्नि काँमको मूल्याङ्कन गरि सो काँमलाइ राँम्रो भन्दिनि मानिस पनि भानुभक्त-ले पाएका थिए । ति माञ्छे को थिए ऐले हाँमि भन्न सक्तैनम् । तर भानुभक्तको निधन भएको २३ वर्ष पछि अर्थात् १९४८ साल्माँ भानुभक्तको जीवनचरित्र प्रकाशित गरि नेपालि भाषाको समुन्नतिमाँ भानुभक्तको ठुलो देन भएको कुरा नेपालिहरुलाइ बुजाँउन प्रयत्न गर्नि मोतिराम भट्ट नेपालि भाषासेविहरुका अगुआ हुन् । उनले लेखेको भानुभक्तको जीवनचरित्र एस दृष्टिकोणबाट हेर्दा अत्यन्त महत्त्वपूर्ण बन्न गएको छ । भानुभक्तका जीवनका घटनाहरुमाँ भने मोतिरामको उक्त पुस्तकमाँ अयथार्थ र शङ्कास्पद कुराहरु पनि धेरै नै पर्न गएका छन् । तेस कारण मोतिरामले प्रकाशित गरेको भानुभक्तको फोटाको रेखाचित्रमाँ पनि कसै--कसैले शङ्का उठाएका छन् । तर मोतिरामले भने भानुभक्तको फोटो हातमाँ लिइ हेरि वर्णन गरेझैं गरि यो पद्यार्थ लेखेका छन् —

"आँखा नाक् मुख बाहु पाउ कविको जो जाञ्न मन्सुब् भया
फोटोग्राफ तयार् छदैछ यसमा हेर्नू इ यस्तै थिया ।"

श्रीसूर्यविक्रम ग्यँमालिबाट सम्पादित मोतिरामले लेखेको भानु-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तको जीवनचरित्र भन्नि पुस्तकको तिसौं प्रिष्ठमां एस पद्यार्धमां टिप्पणी गर्दै ग्यँमालिजिले यो कुरा लेख्नु भएको छ—

"पुरानो संस्करणमाँ भएको भानुभक्तको चित्र यो सस्करणमां प्रकाशित गरिँदै छ । यो चित्र वास्तविक वा कल्पित हो भन्नि कुरा अज्ञ निर्णय भएको छैन ।"

एतावाट ग्यँमालिजिलाइ भानुभक्तको उक्त चित्रका विषयमां शङ्का पैदा भएको कुरा स्पष्ट छ । मोतिरामले वर्णन गर्दा 'फोटोग्राफ तयार् छँदैछ' भनेर गर्नि र दिँदा रेखाचित्रमात्र दिनि गरेकाले र भानुभक्तका हातमां रामायणको पुस्तक लिएको बँनाएबाट ग्यँमालिजिलाइ शङ्का पैदा हुनु पनि स्वाभाविक छ । मोतिरामले प्रकाशित गरेको भानुभक्तको चित्रबाट भानुभक्तले आँपनो रामायण प्रकाशित गर्दा आँपनो-फोटो-सहित प्रकाशित गरुला भन्नि आशयले पुस्तक हातमां लिइ फोटो खिच्नि पोजमां भानुभक्त बसेको जस्तो गराइ मोतिरामले चित्र प्रकाशित गरेकाले पनि सो चित्रमां कृत्रिमता आइ ग्यँमालिजिलाइ शङ्का पैदा भएको हुन सक्छ ।

प्रस्तुत जीवनचरित्रमां मोतिरामले प्रकाशित गरेको भानुभक्तको चित्र प्रामाणिक नै हो भन्नि विषयमां परम्परागत कुरा र तर्कहरु प्रस्तुत भएका छन् (प्रि० १३३-१३४)

अब भानुभक्तका पालामां नेपालमां फोटोग्राफि आएको थियो वा थिएन र आएको भए पनि भानुभक्तले फोटोग्राफिको उपयोग गर्न सम्भव थियो वा थिएन भन्नि विषयमां विचार गरिञ्च ।

वेपारि दृष्टिकोणले पनि उपयोगि फोटोग्राफिका आविष्कारक डगरे (Dagurre) फ्रान्स्का कलाकार रचन् । उन्ले फोटोग्राफिको डगरेटाइपि (Dagurreiypy) १८८६ संवत्मां अर्थात् भानुभक्त पन्र वर्षका हुँदा निकालेका रचन्, यो विधिको आविष्कार हुनिबित्तिकै फ्रान्स्मां आविष्कृत भएको यो विधि वेपारका रूपमां सम्युक्त राज्य-अमेरिकामां पनि वेस्सरि फैलिएको बुजिञ्च । तेस पछि १८९८ सम्वत्मां हेन्रि फक्स् ट्याल्वट् (Henry Fox Talbot)- ले



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फोटोग्राफिको क्यालोटाइप्-(Calotype) नामक विधि निकालि आँफ्नो नाममा दर्ता गरेका रचन् । तर यो विधि डगरेको - विधि- जत्तिको प्रचलनमा आएनच, क्यालोटाइप् निस्कनभन्दा अगिदेखि नै डगरेटाइपि लोकमा फैलिएको बुजिञ्च ।

नेपालको इतिहास पड्दा भिउसिन थापाको समयभन्दा अगि नै फ्रान्स्बाट तोप बँनाउनि शिल्पिहरु नेपाल आएको बुजिञ्च । तसर्थ फ्रान्स्सँग नेपालको राँम्रै सम्बन्ध भएको देखिञ्च । तेसैले फ्रान्स्मा चलेको डगरेटाइपि-अन्सार्को फोटोग्राफि नेपालमा पनि तेसको आविष्कार भएको केइ समय पछि नै आएको हुन सम्भव छ ।

कदाचित् फ्रान्स्को सम्पर्कबाट नेपालमा फोटोग्राफि नआएको भए पनि १९०७ सम्बत्मा जङ्गबाहुर बेलाइत गएर आए पछि भने नेपालमा फोटोग्राफि आएकै हुन पर्च, किनभने जङ्गबाहुर - आदिका फोटाहरु पुराना वस्तुका सङ्ग्रह भएका केसर-पुस्तकालय-आदि स्थानमा पाँइञ्चन् ।

उक्त समयमा जनसाधारणले फोटोग्राफिको उपयोग गर्न नपाएको भए पनि राज-सम्पर्क भएका घरानका मानिसहरुले भने फोटोग्राफिको उपयोग अवश्य पनि गर्न पाएका थिए । भानुभक्तका भिनाजु पनि विद्याराज्यकेसरि-अर्जेल -( १८६३-१९१२ )- र कुलक्चक्रकेसरि - अर्जेलहरु राजगुरु -पुरोहित भएकाले उनिहरुले फोटोग्राफिको उपयोग गरेको हुन पूरै सम्भव छ । उनिहरुका घरानमा रएको भानुभक्त-सहितको समयुक्त चित्र मोतिरामलाइ केइ समय उपयोग गर्न प्राप्त भएको र तेसबाट मोतिरामले उक्त चित्रका र आँफ्ना निर्देशनका आधारमा कलाकारलाइ रेखाचित्र खडा गर्न लगाइ तेसैको आकृति-छाप ( ब्लक् ) बँनाइ भानुभक्तको जीवनचरित्रमा भानुभक्तको रेखा-चित्र प्रकाशित गरेको कुरा उपपन्न हुन सक्ति नै देखिन आउँच । एसबड मोतिरामले प्रकाशित गरेको भानुभक्तको चित्रमा केइ अंशमा कृत्रिमता भए पनि मौलिक रूपमा अकृत्रिमता नै छ भन्नि कुरा पुष्ट हुञ्छ ।

—साम्बराज आचार्य

[गोर्खापत्र-(२०२९।३।२९) बाट ।]



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट ८

# भानुका कृतिका पुराना प्रकाशनका आच्छादन-पृष्ठ आदि सामग्री

भानुको सर्व-प्रथम मुद्रित बालकाण्डको पुस्तकको आच्छादन - पृष्ठको उतार—

रामायण ।

॥ बालकाण्ड ॥

प्राचीन कवि भानुभक्त कृत

पण्डित प्रेमलाल काफ्ले ले शुद्ध

गराई कन छपाए ॥

जुन महाशय लाई यस पुस्तक को चाह होस

तेज बहादुर राना राम घाट बनारस

का ठिकाना ले पत्र पठाउन् ॥

BENARES.

Bharat-Jiwan Press

1884

मूल्य =) ॥]  डाक महसूल ) ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालकाण्डका गातामैं भित्रपट्टि मुद्रित भूमिका—

भूमिका

श्री ५ मन्महाराजाधिराज पृथ्वीवीर विक्रम साहदेव ।

हामी हरू को ठूलो कर्त्तव्य काशी मा बसि कन केवल सरकार को जय मना उनू हो परन्तु फुरसत पाये का बेला मा कुछ उद्योग पनि गर्ने योग्य हो तसर्थ कवि भानुभक्त ले बनाया को नैपाली भाषा श्लोक को अध्यात्म रामायण मध्ये हाल मा केवल बालकाण्ड मात्र छपायौं यस पुस्तक को छपाउना को मुख्य आशय केवल हजूर मा हामी हरूको परिश्रम प्रकाश होस भन्ना का निमित्त हो हामी हरू लाइ पूर्ण आशा छ कि यस पुस्तक द्वारा हामी हरू को उत्साह पूर्ण होला ॥[१]

सदा शुभचिन्तक

पण्डित प्रेमलाल काफ्ले आदि

सम्वत् १९४१ आश्विन् कृष्ण ६

गुरुवार ।

---

१ यो भुमिका पड्दा बालकाण्डको-प्रकासनका-समयसम्म एस मण्डलिको भासा-साहित्य-सम्बन्दि द्रिष्टिकोण तेति प्रष्ट नभएजस्तो देखिन्छ र पछि-पछि त्यो प्रष्ट भाको र तेल्ले ठिक दिसा पक्रेको कुरा एस-पछिका लेखहरु-बड देखिन्छ ।-स० ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम मुद्रित भानुभक्तकृत सातैकाण्ड रामायणको आच्छादन-पृष्ठको उतार—

रामायणभाषा ।

॥ श्रीसितारामचन्द्राभ्याम् नमः ॥

अधीतानधीतजनोपकारि कारु

णिक भानुभक्तसूरिणा नि

र्मिता भाषा रामायण

माला डमरूवल्लभ पं

डित सहायेन

श्रीपंडितदेवराजवर्मणा भाषानुसारेण

शंसोधिता प्रकाशिता च शुभम् वितनोतु

श्रीवद्रिनाथ भडारि सभागि है

॥ जैनप्रभाकर यन्त्रालये ॥

प्रतापकुंवर गुरुनीजीस्वामिना मुद्रित

जस्लाई लिनाको मनसुपछ सहर नैपाल

इन्द्र चोक देवराज पंडितके पास

वनारस रामघाट मैं पंडित डमरुवल्लभ

के पास मिलेगा ॥

पहिली दफे २००० पुस्तक छापी गयी

सम्वत १९४२ मि० माघ वदी ११



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## डमरु बल्लब-पोक्खेल-देवराजबरशर्मा-र-बद्रिनाथ-भँडारिको रामायण-भासा-(भानुभक्तिय रामायण)को १९४२ सम्बत् माग बदि ११ मितिमाँ प्रकासित संस्करणको भुमिका—

श्री पंडितवर भानुभक्त ले आफ्ना देसिलाइ ज्ञानपूर्वक परमपद जावनभन्नानिमित्तर बालख हेरू पढन् भन्ना कारण्ले छन्दसित भासा बनाइ दिये स्व भासा रामायण श्री पंडित डमरुवल्लभ साहायेता गरि श्री पंडित देवराज ले नेपालबाट दुइ पोस्तक झिकायेर श्री कासी जि मा एक पोस्तक खोजि तिन पुस्तक मा पाठ मिलाइ अत्यन्त शुद्ध गराइ छपाया कोछ मेरो यो मिहनेत यस्निमित्त हो कि सबै जना आफ्नु धर्म न छाडन् भन्न्या आसयेलेहो सबै ले जानि पढ्नु पर्छ प्रार्थना छ शुभम् ।

पंडितडमरूबल्लभपोखन्याल्

### भानुभक्तका रामायणका सम्बन्दमा डमरुबल्लबका पद्य-

श्रीदेवराजविदुषा मुद्रायितमतिश्रमम् ।
भाषारामायणस्यैतत् पुस्तकं च हितैषिणः ॥४॥

एतत् पुस्तकमस्ति शस्तमनघं रामायणं भाषया
लोकानामखिलार्थसाधनकरं नातिश्रमेणैव यत् ।
ज्ञात्वैवं स्वसदायताभिरधुना मुद्रायिता जना
वीक्षन्तां कृपयेति चाभिलषति श्रीडम्वरूवल्लभः ॥५॥

★ ★ ★

रामायणै हो सव ज्ञान दिन्या
सव् शास्त्रको ज्ञान सिथल मिन्त्या ॥
मुक्ति छ ढुलो जान आज केहि।
रामायणै हो लेउ आज जोहि ॥
पान्या बखत्मा कसैले नछाडनु ।
रामायणैलाइ गुरुसरि मान्नु ॥

श्री पंडित डमरूवल्लभ पोखन्याल् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तकृत भाषारामायणको मोतिरामलिखित भूमिका—

# भूमिका

हाम्रा गोर्खा राज मा आज कल थोटा पनि क्वै यस्तो हो बैन जस्ले कवि भानुभक्त आचार्यको नाम न सुने को होला । ई कवि ले नेपाल निवासी भाषा का रसिक हरु का खातिर यो रवि-कुलतिलक रामचन्द्र को जीवन कथा नेपाली भाषा छंदबद्ध मा गरि दिये । हुनता यो ग्रन्थ तयार भया को २५ वर्ष देखिन ज्यादा भया को छैन ता पनि अत्यन्त चाख ले बूढा देखिन बालक सम्म ले इन्का रामायण का श्लोक ठाम २ का कंठ गरेका छन् । अझसम्म छापा को प्रचार हाम्रा देस मा सर्वसाधारण मा न भया को हुना ले यो अमोल ग्रन्थ छापिये को थियेन र बंगला, महाराष्ट्री, तेलगू, गुंजराती, हिन्दी भाषा का हजारन पुस्तक छापिये को देखी हामी हरू का चित्त मो भनी आफ्नो नेपाली स्वदेश भाषा का पुस्तक छपाई प्रचार गर्नु पर्छ भनी पैल्हे बालकाण्ड मात्र २००० छापी प्रचार गरचौं तर यसै अवसर मा अनेक विघ्न पर्दा अरु काण्ड छपाउना को उत्साह दब्यो र अरु महाशय हरुले साझा मा २००० पुस्तक संमग्र ७ कांड छपाइ प्रचार गरे हाल ती पुस्तक अलभ्य हुनाले र प्रथम छापा हुना ले धेरै अशुद्धि भयोर दुइ पुस्तक बाट शोधन् गरी ठाम२ मा छुट्या का श्लोक हरु पनी निर्माण गरी बाबू रामकृष्ण खत्री सम्पादक भारत-जीवन का पूर्ण सहायता ले भारतजीवन प्रेस मा छापियो । भरसक छंद को अशुद्धि र श्लोक का क्रम यथास्थान शुद्ध गरि कन राखे कोछ ता पनि छापा को यस अल्प मल्ल रूपि महासागर मा एकला बुद्धि ले केई चूके को भये ग्रन्थ सच्याई पढ्नू होला । यस् अवसर् मा भानुभक्त कविले भाषा मा बनायेका ग्रन्थ को नाम इत्यादि को बयान तल छंद बद्ध मा प्रकाश गर्द छू ।

भानूभक्त भनेर आदिकविमा भाषा सरल्ले गरि ।
रामायणकन श्लोकले रचिदिया वैराग्य रस्ले भरी ॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाम् ठाम्मा करुणा र वीररसको खासा मजा पाइनै ।
यस्ता ई कविराजको गुण उसै भुल्नन् कसोरी भने ॥१॥

जुन् रामायणलाइ पाठ्कन गरी नीचा अधम् तर्दछन् ।
भाषैको पनि पाठ् गऱ्यो बुझि भन्या नाना विपत् टर्दछन् ॥
यस् लोक्मा सुख भोगि अन्त्य घरिमा सन्सार छुट्ला जसै ।
नाना सोख सयल् गरेर रहला वैकुंठ धाम्मा तसै ॥२॥

बूंढादेखि लिएर बालख पनी इन्को बयान् गर्दछन् ।
इन्का ग्रन्थ पढेर धन्य कविजी भन्दै स्मरण् गर्दन् ॥
रामायण् कविता अमृत्सरि भनूँ या क्यै अवर्णो भनूँ ।
मीठा पद् मन खुप् प्रसन्न गरऱ्या या शारदै हुन् भनूँ ॥३॥

प्रष्णोत्तर्अनि ग्रन्थ सर्वत सरी पद्को किफायत् पनी ।
लाटोले पनि बुझ्न सक्छ सजिलो यै ग्रन्थ पो हो भनी ॥
जस्तै यो कविता किफायत गरी भाषा भनाई दिया ।
तस्तै मानिसको मनै हरिलिया बुद्धी बढाई दिया ॥४॥

तेस्रो ग्रन्थ त भक्तिको भवन हो नाम् भक्तमाला भनी ।
गनूँ पाठ सदा र पाप जुनिका बग्ला र जालापनी ॥
यस्ता ई अनमोल रत्नसरिका पुस्तक् बनाईदिया ।
जुग्जुग्सम्म रहोस् स्मरण् भनि कबीजीले जनाईदिया ॥५॥

गरु अब कति कर्कर् चित्त ता भन्छ गर्गर् ।
कलममसिनि चर्चर् सर्दछन् व्यर्थ सर्सर् ।
न त कलम बलीयो पद्पदैमा भुलीयो ।
मन छ अति सुरीलो तैपनी थामिलीयो ॥६॥

जुन् रित्ले हुटिट्याम स्वर्गकन ता थाम्न्या म पो हूं भनी ।
सेखी गर्छं म सोहि बुद्धिसरिका भै भन्दछू तैपनी ॥
कुन् कागत् मसिनी कलम् कबिहरू काहाँ कता हुन् कता ।
मेरो जोरंति छैन यस् विषयमा बुद्धी जता मो उता ॥७॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तौ यो इनिको बयान गरन्या फोहोस् तँ भन्नूभया ।
मोतीराम महूं भनी बुझिलिनू थ भट्ट गर्नू दया ॥
यस्तै टाप्टिप गर्दछू कविजिको वर्णन् हजारन् कही ।
लेख्याँ ई कविको बयान् अलिकती जानुन्पछी वेस् भनी ॥८॥

सम्बत् १९४४ पौष शुक्ल १५ शुक्रवार } तपाञ्जीहरुको मित्र मोतीराम भट्ट–काशी



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामगीताका प्रथम संस्करणको पुस्तकको आच्छादन-पृष्ठको उतार—

श्रीयुत कविभानुभक्ताचार्य कृत ।

रामगीता भाषा ।

बड़ा परिश्रम साथ यस् ग्रंथ को पत्ता लगाई ग्रन्थ शोधन् गरी मोतीराम भट्ट ले छापी प्रकाश गर्न भनी तयार गरे ।

बाबू रामकृष्ण वर्म्मा महाशय
ले

ज्ञानानुरागी गोर्खालीं हरू का निमित्त
आफ्ना भारतजीवन यन्त्रालय मा
छापी प्रकाश गरी दिये

काशी ।
भारतजीवन छापाखाना
विक्रमी सम्वत् १९४७

प्रथम बार १०००]

[मूल्य डाक सहित = )॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वधूशिक्षाको प्रथम संस्करणको पुस्तकका आच्छादन-पृष्ठको उतार-

॥ श्रीः ॥

वधूशिक्षा ।

(भानुभक्तकृत)

श्रीयुत कवि भानुभक्ताचार्यकृत ।
बड़ा मुश्किल ले यो ग्रंथ पत्ता लगाई शुद्ध
समेत गरी, नेपालनिवासी मोतिरामभट्ट
ले प्रकाश गरे ।

हुन त म अतिथीहूं यस् विनू क्याछ खाँचो ।
तरपनि म त भन्छू मित्र ह्वौ जानि सांची ॥
घर चतुरइँ गर्छन् बुद्धिमान्ले अगाड़ी ।
बखत चुकि दिँदामा हुंछ काहाँ पछाडी ॥१॥

---

सबैलाई हित होस् भन्नाखातिर बाबू राम-
कृष्णवर्म्मा ले आफ्ना भारतजविन यंत्रालय
मा छापी प्रचार गरे ।

काशी

सम्वत् १९४८ साल विक्रमी ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९४८ सम्बत्मा मुद्रित वधुसिच्छयाको प्रथम संस्करणमा मोतिरामले राखेका समर्पण-बाक्यहरु—

## समर्पण पत्रम् ।

हे गोर्खाभाई हो !

कविभानुभक्त को कविता अझ सम्म छापिन बकी थियो सो ये वधूशिक्षा हो । तस् अर्थ यस् पुस्तक मा चाह वढाउनू होस् । म त समर्पण गर्दिन किन भने भानुभक्तले आफै समर्पण ग रीकन गयाका छन् । यस्कोविशेष वयान ह कथा हेर्नु छ भने "कविभानुभक्ताचार्य" को जीवन चरित्र हेर्नु होस् । भानुभक्त का तमाम कविता छपाउँ भन्ने जो प्रतिज्ञा मेरो थियो सो आज पूरो भयो ।

तपाली को मित्र
मोतीरामभट्ट-इन्द्रचोक
काठमांडू-नेपाल ।

---

—शिवराज आचार्य



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## परिशिष्ट ६

# एस ग्रन्थका प्रथम संस्करणमाँ प्राप्त सम्मतिहरु

१

नेपाली साहित्यको विकासको साथ साथै नेपाली सहित्यका जन्मदाता भानुभक्तको विषयमा जानकारी प्रप्त गर्ने इच्छा पनि नेपाली साहित्यिकहरूमा उत्तरोत्तर बढ़दै गएको छ । यो कुरा स्वाभाविक हो र यो इच्छाले दुई रूप लिएको छ : एक, भानुभक्तले रचेका कविताहरूको विभिन्न दृष्टिकोणबाट समीक्षा हुँदै छ; दुई, भानुभक्तको जीवनको बारेमा जिज्ञासा पनि बढेको छ ।

भानुभक्तको जीवनलाई लिएर लेखिएका कृतिहरूमा मोतीराम भट्टले लेखेका जीवनचरित्र नै अझसंम महत्वपूर्ण छ । किन भने, नेपाली साहित्यको विकासक्रममा र खास गरेर भानुसाहित्यको विकासक्रममा उपर्युक्त जीवनचरित्रको ऐतिहासिक स्थान छ । आदिकविको जीवनप्रति जानकारी दिलाउनुको साथ साथै मोतीरामभट्ट–लिखित भानुको जीवनचरित्रको एक अर्को ठूलो देन पनि छ । त्यो हो साहित्य प्रति लिइएको एक वैज्ञानिक र वास्तविक दृष्टिकोण । यो जीवन–चरित्रमा दिइएका एक दुइ घटनाहरूको वास्तविकतामा शङ्का उठाउन सकिने भए पनि यो पुस्तकमा मौलिकरूपले झल्केको वैज्ञानिक दृष्टिकोण सर्वथा प्रशसनीय छ । यही वैज्ञानिक दृष्टिकोणको कारण भानुभक्तका सम्बन्धमा मोतीराम भट्टका विवेचनाहरू मूलरूपमा अझ पनि ग्राह्य भएका छन् ।

मोतीराम भट्टले लेखेका जीवनचरितको यो महत्व भैकन पनि पं० नरनाथ आचार्यद्वारा लिखित भानुको नयाँ जीवन–चरितको नेपाली साहित्य क्षेत्रमा राम्रो स्वागत होला भन्ने मेरो विश्वास छ । किन भो, कालको दृष्टिबाट मोतीरामको आदिकविसंग निकटता भए देश र बन्धुताको दृष्टिबाट पण्डित नरनाथ को उनीसँग निकटता छ । यसकारण यो नयाँ जीवनचरितले भानुभक्तको जीवनका कतिपय



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घटनाहरूमा एक नयाँ प्रकाश पनि देएको छ। फेरि यो जीवन-चरित तयार गर्दा निकै अन्वेषण र गवेषणाको काम भएको देखिन्छ, जसले गर्दा पनि भानुभक्तको र उनको जन्मस्थलको प्रचलित बौद्धिक वातावरणको विषयमा निकै जानकारी मिल्दछ। यसबाट आदिकविको स्वरूप विस्तृत र पूर्णतर रूपमा अवगत गर्न सहायता मिल्दछ। अर्थात् यो नयाँ जीवनचरितमा भानुभक्तलाई मोतीरामको भन्दा बढता व्यापक पृष्ठभूमिमा उतारिएको छ।

यस पुस्तकमा भानुभक्तप्रति देखाइएको अगाढ भक्ति श्रद्धा तथा बन्धुता सराहनीय छ। तर यो श्रद्धा र भक्तिको कारणले गर्दा ठाउँठाउँमा भानुभक्तको कवितामा परेका आलोचनीय विषयको पनि केही अवैज्ञानिक तरिकाले समर्थन भएको छ। भानुभक्तको कवितामा कुनै किसिमको दोष रहन सक्तैन भन्ने धारणा लिनु भानुभक्तको उचित मूल्याङ्कननको निमित्त अनावश्यक छ।

भानुभक्त जुन गाउँमा जन्मे, बढे, त्यही गाउँको आवाहबामा हुर्केका कविकै बन्धु पं० नरनाथद्वारा लिखित यो जीवन-चरित नेपाली साहित्यका प्रेमीहरूको निमित्त एक उपयुक्त प्रयास साबित हुनेछ भन्ने मेरो विश्वास छ।

-यदुनाथ खनाल
संवत २०१८-१-२१

२

महापुरुषको जीवन-चरित्रले समाजलाई बाटो देखाउंछ, प्रेरणा दिन्छ र भावको स्रोतलाई केन्द्रित गरी शक्तिशाली बनाईदिन्छ। आदिकवि भानुभक्तको चरित्रमा पनि यी गुण पर्याप्त मात्रामा छन। कविवर लेखनाथले भानुको वार्णिक पद्य पाउनु भयो, लेख्ने प्रवृत्ति पाउनुभयो कल्पनाको रसमा आफ्ना काव्यलाई डुबाउनुभयो। त्यसपछि वहाँका शिष्य प्रशिष्य छन। यस्ता ढङ्गबाट आज हाम्रो साहित्यले प्रसार पाउंदै छ। यतिमात्र होइन, हामीसित चाख छ,



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृति छन् प्रयत्न छन्, सफलता छन्, राष्ट्रियता छ, जगमगाएको चेतना छ, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म एक धुन छ। आज विश्वले हामीलाई यसै भाषाले चिन्दछ। नेपालको उच्च विचार यसैमा छ। हामी यसैमा सोच्तछौं, यसैमा सम्झन्छौं, यसैमा विसंन्छौं। नत्र हामी कुन भषा बोल्दथ्यौं कुनमा सोच्तथ्यौं यी सबै कल्पनातीत छन्। आज हामी अजर छौं अमर छौं। किन कि, अब हाम्रो साहित्य मेटिदैन। इतिहासका चहकिला पातामा भानुको छाप छापियो : "एक् दिन् नारद सत्यलोक् पुगिगया लोक्को गरं हित् भनी"

भानुको जीवन-चरित्रभित्र हाम्रो समाजको चेतनालाई एक आलोक पुऱ्याउने प्रयास पाइन्छ। हाम्रो संस्कृति रामगाथाको धरातलमा खडा छ। अथवा रामलीला हाम्रो संकृतिको एक अभिनय हो। यसैले हाम्रो चिच्छत्रितलाई चिनांउछ। हामी को र किन यसैमा खुल्दछ। हाम्रो प्रतिविम्बलाई यसैले बताएको छ। आदिकवि भानुभक्तका प्रश्नोत्तरी, वधूशिक्षा र भक्तमाला समेत यस्ता अनमोल रचना छन् जसले समाजको कमजोरी पन्छाउन राम्रो निर्देशन गरेको पाइन्छ।

कविताको या कुनै महापुरुषको जीवन-चरित्रको सङ्कलन उसको कार्यमा उपोद्घात-सङ्गतिरूपले देखाहा पर्दछ। यस विना उसको कार्यमा कुनै कस्तूरिकामोद छिपेरमात्र वस्तछ। यसका अतिरिक्त कविराज पं० नरनाथजीलाई नेपाली भाषाका आदिकवि भानुभक्तको जीवनचरित्र लेख्ने उद्देश्यले पुराना धाँधलीलाई हटाउनु पनि थियो र यस कुरालाई वहाँले आफ्नो भूमिकामा व्यक्त गर्नु भएको पनि छ।

कविराजजीले जुन श्रद्धा र लगनबाट आदिकविको जीवन चरित्र सङ्कलन गर्नुभयो यो सारै प्रशंसनीय छ। यो सङ्कलन प्रामाणिक र आकर्षक छ भन्ने कुरामात्र होइन हाम्रा निमित्त अलभ्यलाभ पनि हो। आदिकविका अनेकौं अप्रकाशित स्फुट पद्यहरू र उनको अवतरणिका देखाउनुभई कविराजजीले उस कालको एक मनोरम रहन सहन र सरलताको झांकीमा हामीलाई पुऱ्याउनुभएको छ। कविराजजी आदि-



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविका निकटबन्धु मध्येको हुनुहुन्छ भन्ने कुरा र जुन शिलशिलाबाटै कविजीको जीवनीको स्रोत प्रवाहित भएर बहाँलाई आप्यायित गर्न सक्यो सो कुरा कविराजजीको लेखबाट समेत विश्वसनीयरूपमा मलाई अवगत छ र पाठकवर्गलाई यस कुरामा घोरिन नपर्ने सल्लाह दिन्छु। यस लेखमा आदिकविका जीवनीसंग सम्बन्ध राख्ने तेस्ता कैयौं घटनाको समावेश छ, जसको खोज आदिकविका श्रद्धालु विद्वान् बन्धुहरुबाटै सम्भव थियो। कविराजजीले आदिकविका प्रति—

"लाग्यां भन्न भन्या सिलोक कविका विसंन्छु कामै पनि,
गाँठो पर्छ मुट्ठविषे गिरि ठुला हर्षाश्रु-धारा पनि।
भन्नै सक्तिन कण्ठ रोकिन गई क्यै बेर्पछी ता म ता,
भन्नै शक्ति नभै किताप पनि त्यो पन्छाइदिन्छू उता ॥"

यस प्रकार आफ्नो भाव व्यक्त गर्दै श्रद्धा प्रदर्शित गर्नुको साथै निबन्धका अन्त्यका संस्कृत श्लोकले दिएको विद्वत्ताको स्थालीपुलाक परिचयले प्रस्तुत श्रमको भरपर्दो आड छैन भन्न सकिंदैन। आदिकविको युगलाई निबन्धको शैलीले फेरि आँखाको सामुन्ने ल्याइदिएकोमात्र होइन, किन्तु यसबाट अदिकविले हिंडेका बाटाघाटा, वहाँले चर्चिएका खेतबारी, वन-जङ्गल, पनेरो, ठाँटी, चौतारा, खोलानाला, शहरका गल्ली, सडकआदि कविजीका जीवनकालदेखि अहिलेसंम पनि आफ्नो अस्तित्व राख्ने वहाँको स्मृतिलाई अंगालेका कैयौं भग्नावशेषसंग पनि पाठकको हृदयले मधुर मिलनको आनन्द पाएको छ। निबन्ध पढदा भान हुन्छः आदिकविसंग बातचीत भईरहेछ।

कविराजजीले गरेको यो मौलिक अनुसन्धानको अभिव्यक्तिले मोंतीरामप्रभृतिको खोजलाई फिका गराउनुको सट्टा भानुभक्तको जीवनीमा एक दरिलो उपादान पहिल्याएको छ।

हुन ता प्रकृत लेखमा पनि कुनै प्रमाण-सापेक्ष कुरा होलान्, तर आदिकविका कविताको गेडा गेडा केलाई श्रद्धाको आँशूले धोई पखाली गर्ने व्यक्तिका निमित्त ती सबै स्फटिक जस्ता स्वच्छ प्रतीत



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । आदिकविको मुक्त आत्माले भनेको होला कि "म निर्लेप छु, मेरा गुण चहचिला छन्, साँचो हो झूटो होइ ।"

—प्रा० जुननाथशर्मा,
नेपाल राजकीय-संस्कृत-महाविद्यालय
संवत् २०१८ वैशाख १५

३

भाषा नै एकताको मूल कारण हो । भाषाभेदमा रहने कटुतालाई पञ्छाउंदै त्यसलाई परिमार्जित र परिष्कृत गर्नु विद्वान्को परम कर्तव्य हो । यही संझी नानारूपले गाँस्याँटिन लागेको राष्ट्रभाषालाई विशाल बाटो देखाउंदै आफ्नो आदर्श ग्रन्थ रामायणको सुमधुर रस सरल र मीठो बोलीमा चखाउने हाम्रा राष्ट्रकवि भानुभक्त आचार्य नेपाली मात्रमा परिचित हुनुहुन्छ ।

यस्ता आदरणीय विद्वान्को छोटो भवविभित्रको जीवनीमा याथार्थ्य नआउनमा मुख्य कारण कविजीको जन्मस्थल रंघाबाट टाढै रही अनुमानबाट जीवनी लेख्नु नै हो ।

आफ्ना कुलदीप कविको जीवनीमा रहेको कमीलाई पूर्णगर्ने प्रथम कर्तव्य आफ्नै संझी कविकै वंशज कविराज नरनाथज्यूले धेरै दिनदेखिको अथक परिश्रमले परम्परागत वृद्धोक्ति, लेख र चिठी-पत्र आदि साधनद्वारा प्रकाशित कवि-जीवनीहरूमा रहेका उच्चावचको विमर्शका साथ सत्यतामा पुगी कविकै शैली-बोलीमा लेख्नुभएको यो सच्चा जीवनीले नेपाली साहित्यमा रहेको ठूलो अभावलाई पूरा गर्नेछ र यस विषयका लेखकहरूको सच्चा साधन समेत बन्ने छ भन्ने मलाई पूर्ण विश्वास छ ।

साथै कविका गाम्भीर्य-पूर्ण उपकोक्तिलाई नबुझी केही लेखकहरूले गरेका आक्षेपहरूलाई समेत कविराजज्यूले स्पष्ट विश्लेषण गरी निजहरूको भुल देखाई कविको शैलीलाई घमिल्याउन नदिनमा समेत प्रयास गर्नु भएको स्पष्ट छ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्यमा "आकरे पद्मरागाणां जन्म काचमणेः कुतः" भन्ने उक्ति रंघावासी विज्ञले कविका विषयमा गर्न पर्ने प्रथम कर्तव्य पूरा गर्ने वहाँजस्ता अध्यवसायीबाट नै चरितार्थ छ भनी आफ्नो यो छोटो लेख टुंग्याउंछु ॥

—प्रा० सोमनाथशर्मा पौड्याल,
नेपाल-राजकीय-संस्कृत-महाविद्यालय
संवत् २०१८ वैशाख

४

श्री पूज्य कविराज पं० नरनाथ आचार्यले लेख्नुभएको नेपाली साहित्यका महारथी श्री भानुभक्ताचार्यको सच्चा-जीवन-चरित्र हेरेर सारै आनन्द आयो । मेरो पनि छोरीवंशले सिंगारिएको आचार्य वंशावलीसहित प्रातःस्तुत्य पूज्य कविजीको सच्चा जीवनी लेख्ने तीव्र आकाङ्क्षा थियो, यसैबाट प्रायः गतार्थ भयो । वंशावली पनि यथासंभव शीघ्र नै प्रकाशित हुने आशा राखिएको छ ।

जस्को पनि जीवनीको सच्चा ज्ञान कत्ति नपढेको किन नहोस् स्थानीय व्यक्तिबाट जति हुन सक्तछ त्यति अन्यत्रका व्यक्तिको विहङ्गम दृष्टिबाट कदापि हुन सक्तैन भन्ने कुरा निर्विवाद सिद्ध छ । साथै लेखकजी बालककालदेखि नै इतिहासको तीव्र जिज्ञासु र श्रुतिधर व्यक्ति पनि हुनु हुन्छ र आफ्ना गाउका आफुले सुने जानेका जिजुबाजे श्रीकृष्ण आचार्य देखि अहिले संगका आफ्ना वंश अन्यवंशका पनि सबै व्यक्तिको जन्म मरण तिथि र चरित्र पनि एक एक गरी कण्ठस्थ बताइदिन शक्नुहुन्छ, यो प्रत्यक्ष छ । अतः जिज्ञासु एवं श्रुतिधर व्यक्ति कविराजजीले आफ्ना पूर्खा आदिकविको जीवनीको विषयमा श्रद्धासागरमा चुलुम्मडुबेर नाना उपपत्ति र प्रमाण दिएर पूर्ण विश्लेषण गरी जो निबन्ध लेख्नुभयो त्यसमा अक्षरशः सत्य कुरामात्र लेखिएको हुनाले नेपाली साहित्यिक जगत्मा एउटा ठूलो अभावको परिपूर्ति भएको सऊनु पर्ने कुरा छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री लेखकजी संस्कृतका धुरन्धर विद्वान् आयुर्वेदाचार्य महर्षिकल्प कविराज पं० उमानाथ आचार्यका एक मात्र सहोदर भाइ हुनुहुन्छ र दाजुके संरक्षकता र सुशिक्षामा व्याकरणमा सम्पूर्ण मध्यमा र आयुर्वेदमा शास्त्री पास हुनुको अतिरिक्त ज्योतिर्विद् एवं इतिहासज्ञ र पौराणिक तथा कुशल नीतिज्ञ पनि हुनुहुन्छ ।

अन्त्यमा, कविराजजीको अथक परिश्रमद्वारा हार्दिक श्रद्धारूप खनीबाट नयाँ निस्केको यो निबन्धमणिलाई नेपाली साहित्यका प्रेमी महानुभावहरूले प्रेमको शान लगाई चहकिलो पार्नु भै कृतज्ञताले स्वागत गर्नुहुनेछ भन्ने मेरो दृढ धारणा छ ॥

—तीर्थराजशर्मा आचार्यः
[कविराज; राजदरबार, काठमाडौं, नेपाल]
संवत् २०१८ वैशाख १६

५

'आदिकवि भानुभक्तको सच्चा जीवन-चरित्र' हेरें । यसका लेखक कविराज पं० नरनाथजी आदिकविका नाति पर्नुहुन्छ । नातिको पितामह प्रति हुनुपर्ने स्वाभाविक श्रद्धामात्र यस रचनामा छैन, यसको अतिरिक्त एक विद्वान्बाट हामीले आशा गरिने निष्पक्ष दृष्टिकोण पनि पाउँछौं । अरूले जहाँबाट ऐतिहासिक सामग्री र किंवदन्ती प्राप्त गर्छन् त्यही मूलस्थानबाट कविका वंशजले लेखेको यो जीवन-चरित्र निश्चय नै सच्चा जीवन-चरित्र होला भन्ने म विश्वास गर्दछु ।

—माधवप्रसाद घिमिरे
सदस्य, नेपाल एकेडेमी,
२०१८ वैशाख २६



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६

# सोझो कुरो

देवतामा पशुपतिनाथ, नेतामा पृथ्वीनारायण शाह र कविमां भानुभक्त आचार्यलाई कसैले चिनेको छैन भन्यो भने त्यसले नेपालको नाम सुनेको रहेनछ भन्नुपर्छ ।

हो, कुनै पनि नेपालीको विद्यर्थीले मोतीरामको दुहाइ नदिई-कन भानुभक्तको बारेमा केही भन्न सक्तैन—दुईचार वाक्य बोलोस् या सिगै किताप लेखोस् ।

राष्ट्रिय कवि भानुभक्तको बारेमा विशेष खोजी निती गर्ने भन्दा घोकेका कुरा भट्ट्याएर हिड्ने विद्यार्थी नै बढी पाइन्छन् ।

भानुभक्तलाई सबै कवि त भन्छन्–तर ढंगचाँहि धेरैको धेरै किसिमको हुन्छ । एतिहासिक ढंगले चिनाउने एक जना भए पौराणिक ढंगले चिनाउने नौ जना हुन्छन् ।

हुन पनि, दौंतरीले थाहा पाए जति कुरा अरु कसैले पत्ता पाएको हुँदैन । देख्ने भन्दा सुन्नेको भर कम हुँदैजान्छ ।

फुर्क्याउने अक्कासमा पुऱ्याये भने घुर्क्याउनेले पत्तालमा पुऱ्याइदिन्छ । त्यसैले यस्ता महापुरुषहरूलाई पृथ्वीमा उभ्याउन सारै अपठ्यारो पर्छ ।

पेट पाल्नको निति पनि भानुभक्तसँग साइनु लाउनेमात्र नभएर साख्वै पर्ने मान्छे उब्जिदै छन् । ती दरसन्तानमध्ये कतिले भानुभक्तको जीवनीमा कुन कुराको थप घट गरे, खोइ ?

'आश गरे भर नपरे' भन्ने आजको साहित्यिक परिस्थितिमा कविराज नरनाथ आचार्यले आफ्ना बराजु भानुभक्तको श्राद्ध गर्नुभयो जसको पितृप्रसाद हामीले खान पायौं—पुस्तक प्रकाशित गरिदिनुभयो ।

यस पुस्तकले सिकारू समालोचकहरूलाई जङ्चलाउनेछ । अड्कल काटेर लेखेका कैयन कुरालाई कविराजज्यूले काटिदिनु भएको छ—भेटेसम्मको बलियो प्रमाण दिएर ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

औधि नै खुसीको कुरो त यो छ—यो पुस्तक पढेर पक्का समीलोचक, भानुभक्तका धर्मपुत्र, समाजदर्शनका दरा विद्वान्हरूले आपनो बुद्धि खियाएर दूधको दूध पानीको पानी पारिदिनेछन् । यो पनि हामी पढ्न पाउनेछौं ।

हाम्रा राष्ट्रिय आदिकवि भानुभक्त आचार्यको चर्चा चौबीसै घण्टा चलिरहोस् । यस्तो परंपरा बस्यो भने शारीरिक मृत्यु भैसकेका या साहित्यिक मृत्यु भएका अरु पनि कविज्यूहरूको बारेमा नेपालीका विद्यार्थीहरूले नयाँ नयाँ कुरा पत्ता पाउने मौका पाउनेछन् ।

यस पुस्तकको भाषा र व्याकरणले पनि भानुभक्तलाई नै पछ्याएको छ भने हुन्छ । भाषा, व्याकरण, शैली आदिको पालिस लाएर टल्काउने भन्दा भेटेसमका कुरा संगालेर राख्नपट्टि पण्डितजीले बर्ता बल लगाउनु भएको छ । यो कुरो पुस्तक पढेपछि प्रष्ट हुन्छ ।

यस पुस्तकका सम्पादक कविराज पण्डित नरनाथ आचार्यलाई भानुभक्तको आत्माले पनि 'मोतीरामको अर्को संस्करण' संझने छ भन्ने मलाई विश्वास छ ॥

—वासुदेवशर्मा लुइँटेल
[शिक्षकः-श्री जुद्धोदय पब्लिक हाइस्कूल,
श्री कान्ति ईश्वरीराज्यलक्ष्मी हाइस्कूल,
रात्रीपाठशाला हाइस्कूल, नक्साल]

७

## रंधाको नौलो कोसेली

नेपाली राष्ट्रभाषा साहित्यका आदिकवि भानुभक्त आचार्यको जीवन-चरित्रलाई लिएर उहाँके कुलप्रदीप कविराज पण्डित श्री नरनाथ आचार्यले एक घतिलो खोज गर्नुभएको छ । स्वर्गीय कविज्यूको बारेमा विभिन्न लेखक विद्वान्हरूले विभिन्न विचारधारा बगाएका थिए, ती सबलाई समेटेर एकै प्रवाहमा बगाउने कोशीस कविराजज्यूले जो गर्नु



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ यो प्रयास समयोचित हुनुको साथै नेपाली साहित्यिकहरूको धारणामा एक नयाँ कौतूहल खडा गर्ने खालको भएको छ ।

लेखकको शब्दमा 'यो बोलचालको भाषामा लेखिएको' हुनाले उपल्लो तहको साहित्यिक भाषा, नेपाली व्याकरण र परिमार्जित शैलीको यसमा रहेको न्यूनतालाई उपहासनगरी स्वर्गीय कविकै आँतका भाईले आफ्ना घर-परिवार र गाउँ ठाउँबाट भेट्टाएसंमका सारा वस्तु टिपी रंघाको अनमोल कोसेली-पात हामीलाई ल्याईदिनुभएकोमा उहाँलाई गुण-ग्राही संझिई धन्यवादको पात्र मान्नुपर्छ ।

यसमा दुईचार काँचा समालोचकहरूको विचार बीचबीचमा कोट्याइएको छ । मननशील र उत्साही एवं यथार्थतामा नाउबुडी हाल्न खोज्ने सच्चा अध्येतालाई यस पुस्तकले ठूलो सहायता दिन सक्नेछ भन्ने मेरो दरो धारणा छ ॥

—विजयराज आचार्य "रंघाली"
शिक्षक-जुद्धोदय पब्लिक हाइस्कूल
संवत् २०१८ साल वैशाख १ गते



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# परिशिष्ट १०

## भानुभक्तसम्बन्धि पठनीय प्रमुख ग्रन्थहरु—


१ रामायण बालकाण्ड– भारतजीवन प्रेस, बनारस, १९४१ संवत् ।

२ प्रश्नोत्तरमाला र भक्तमाला– बनारस, अमरयन्त्रालय, १९४१ ।

३ रामायणभाषा(सात काण्ड)– जैनप्रभाकरयन्त्रालय, बनारस, १९४२ ।

४ भानुभक्तकृत भाषारामायण(सात काण्ड)–भारतजीवनप्रेस बनारस१९४४ ।

५ श्रीयुत कविभानुभक्ताचार्यकृत रामगीता भाषा– भारतजीवन छापाखाना, १९४७ ।

६ भानुभक्तकृत भाषारामायण (रामगीतासहित, सात काण्ड) —भारतजीवन प्रेस ।

७ कविभानुभक्ताचार्यको जीवनचरित्र- मोतीराम भट्ट, भारतजीवन-यन्त्रालय १९४८ ।

८ वधूशिक्षा- भारतजीवन-यन्त्रालय, काशी, १९४८ ।

९ रामायण (सात काण्ड)– पाशुपतयन्त्रालय, ठहिटि, काठमाण्डु, १९५१ ।

१० भानुभक्तीय रामायण (होमनाथकृत-रामाश्वमेधकाण्ड-सहित, आठ काण्ड) —सुब्बा होमनाथ–केदारनाथ ।

११ भानुभक्तीय रामायण– गोर्खाग्रन्थ प्रचारक मण्डली, बम्बै, १९६७ ।

१२ कवि भानुभक्त –श्रीब्रह्मसम्सेर ज० ब० रा०, काठमाण्डु, १९९५ ।

१३ भानुभक्त-स्मारक ग्रन्थ- स० सूर्यविक्रम ग्यँमालि, दार्जिलिङ्१९९७ ।

१४ भानुभक्त- मणिमाला– विष्णुमायादेवी, काठमाण्डु, १९९८ ।

१५ भक्त भानुभक्त (नाटक) श्री–बालकृष्ण–सम्सेर, काठमाण्डु २००० ।

१६ तुलनात्मक सुन्दरकाण्ड- ख० बाबुराम आचार्य, काठमाण्डु २००३ ।

१७ पुराना कवि र कविता– ख० बाबुराम आचार्य, काठमाण्डु २००३ ।

१८ आदिकवि भानुभक्त आचार्य– श्रीभाइचन्द्र प्रधान, दार्जिलिङ् २००९ ।

१९ भानुभक्तको रामायण– स० सूर्यविक्रम ग्यँमालि (द्वि० सं०), दार्जिलिङ्, २०११ ।

२० भानुभक्त एक समीक्षा– हृदयचन्द्र सिंह, काठमाण्डु, २०१३ ।




Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१ भानुभक्त– बालचन्द्रशर्मा, दार्जिलिङ्, २०१४ ।

२२ भानुका लघु कृतिहरु– भानु–पुस्तकालय--सहायक–समिति, काठमाण्डु, २०२३ ।

२३ भानुमहाकाव्य– मोदनाथशर्मा शास्त्रि, वाराणसी, २०२३ ।

२४ भानुभक्तका कृति : अध्ययनहरु– स० इन्द्रबाहादुर राइ, दार्जिलिङ् २०२६ ।

२५ भानुभक्त-स्मारक ग्रन्थ ( संशोधित र परिवर्धित संस्करण ) दार्जिलिङ्, २०२६ ।

२६ भानुभक्तको रामायण (मूलपाठ–सहित हिन्दि–अनुवाद)- भुवनवाणी-ट्रष्ट, लखनौ, १९७६ इ० ।

२७ आदिकवि भानुभक्त आचार्यले चुनेका छन्दहरु ( लेख )–शिवराज आचार्य, गो० पं० २०२२।२।१६।७॥



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ३ | ७ | जावाऊ | जीबाऊ |
| ६ | २२ | गिरनि | गरिनि |
| १२ | १३ | गङ्गाविष्ण | गङ्गाविष्णु |
| १३ | १ | चुँ।द | चुँदि |
| १५ | ३ | विष्णहरि | विष्णुहरि |
| १७ | ९ | बिक्रम | विक्रम |
| १७ | १५ | पर्खाल | पर्षाल |
| २४ | ९ | माषाकविता | भाषाकविता |
| २५ | २५ | सङ्गतबाट | सङ्तबाट |
| २७ | १४ | समयाँ | समयमाँ |
| ३२ | १५ | निष्ठूर | निष्ठुर |
| ३५ | ४ | झ्ञ्झट | झञ्झट |
| ३५ | २३ | कोदालो | कुदालो |
| ४१ | २ | मुददा | मुद्दा |
| ४२ | १५ | इत्यादी | इत्य।दि |
| ४३ | २२ | व्राह्मणले | ब्राह्मणले |
| ४७ | ४ | २८ | ३० |
| ४८ | ६ | वल गन | कल गर्न |
| ४९ | ७ | म ाँञ्छे | माँञ्छे |
| ४९ | १४ | मुदद | मुद्दा |
| ५० | १० | पनि | पाँनि |
| ५० | १० | भानुभक्तकाँ | भानुभक्तका |
| ५१ | ३ | माँथि | १. माँथि |



..Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ५१ | ११ | वर्सन | वर्सन |
| ५१ | १७ | जांदा | जांदा |
| ५१ | १७ | षोला | षोलो |
| ५१ | २४ | अर्ज्याल् | अर्ज्याल् |
| ५२ | १९ | पिपेल्या | पिपिल्या |
| ५२ | २२ | मान्दीन | मान्दिन |
| ५२ | २४ | करुणारिधान् | करुणानिधान् |
| ५४ | २१ | मानिसहरूका | मानिसहरुका |
| ५८ | १६ | रत्त्रिदेखि | रात्त्रिदेखि |
| ,, | ,, | अैषध | औषध |
| ६० | ७ | ब्राह्मण् | ब्राह्मण् |
| ६५ | ३ | सु न | सुत्न |
| ६८ | १ | कुमारिचाक | कुमारिचोक |
| ,, | ४ | रहोस् | रहोस् |
| ७१ | १० | कवित | कविता |
| ७७ | ४ | कम | कर्म |
| ,, | ९ | अ टे | अटे |
| ८१ | ६ | औपध | औषध |
| ,, | ७ | च र् | चार् |
| ,, | १८ | जङ्ग्रिलो | जाङ्ग्रिलो |
| ८४ | ५ | पिञ्जराम | पिञ्जरा म |
| ,, | १२ | फुकिनि | फुकिनि |
| ८८ | १९ | सन्बन्धि | सम्बन्धि |
| ८९ | १४ | स ल् | साल् |
| ,, | १६ | क्व | क्वै |
| ,, | ,, | खात्तै | स्वात्तै |



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ९१ | ६ | तार्थ | तीर्थ |
| ९२ | १० | द्रव्यमै | वित्तमै |
| ९७ | ३ | दुवौका | दुवैका |
| १०१ | १९ | आऽ हुनाले | आऽ हुनाले |
| १०४ | ११ | विद्द्वान् रु | विद्द्वान्हरु |
| ,, | १२ | कामदव् | कामदेव् |
| १०९ | १९ | लागि | लगि |
| ११५ | ३ | ससार | संसार |
| ,, | ,, | आंजि | अंजि |
| १२३ | १० | भेरा | मेरा |
| १२४ | १९ | अ शय | आशय |
| १२७ | २१ | पुछैको | पुछेको |
| १२९ | ८ | खांवो | खांचो |
| १३२ | १५ | कातिक | कात्तिक |
| १३४ | ९ | भ ञ्जाभ ञ्जि | भाञ्जाभाञ्जि |
| ,, | १५ | मन्नुहुन्थ्यो | भन्नुहुन्थ्यो |
| १३५ | ८ | नगनि | नगनि |
| १३६ | १३ | मएको | भएको |
| १३७ | १६ | पमि | पनि |
| ,, | १८ | हछन् | रछन् |
| ,, | २० | सु दा | सुन्दा |
| १३९ | १ | नसकेका | नसकेको |
| १४४ | २६ | बालकृष्णसमजिका | 'भानुप्रति बालकृष्ण समका |
| १४४ | २६ | परिसिष्टमां | प्रकर्णमां |
| १४८ | ६ | भ नुभक्त | भानुभक्त |



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १४९ | ३ | इत्यदिमां | इत्यादिमां |
| ,, | ,, | ते ते | तेस्ते |
| ,, | १५ | रसभावदिलाइ | रसभावादिलाइ |
| १५६ | २७ | र थें | गथें |
| १५७ | २४ | परे त्तमां | परोत्तमां |
| १६० | १ | भङ् ा | भङ्ग |
| १६० | २४-२५ | न्यायाधि ा | न्यायाधिस् |
| १६१ | १० | ब ताएको | बताएको |
| १६४ | ६ | घां स | घांसि |
| १७२ | १३ | सानि | सानि |
| १७३ | १ | मत्त्र | मात्त्र |
| १७५ | १५ | तही | मही |
| १७७ | १४ | तबाल्याबस्थामां | त बाल्यावस्थामां |
| १८० | १७ | बिगानि | बिगानि |
| १८४ | २३ | सुर्यं बक्क्रम | सुर्यंबिक्क्रम |
| १८९ | ११ | समानबृत्तको | समानवृत्तको |
| १९० | ९ | हरिविसे | हरिदिवसे |
| १९२ | १७ | खेलन सैर् | खेलनरसैर् |
| १९७ | ८ | अदि | आदि |
| ,, | २३ | सि र | सरिर |
| १९८ | १० | मर्न्नें | मर्नें |
| २०० | ४ | मानको | मानंको |
| ,, | ९ | कवितरसको | कवितारसको |
| ,, | १० | पै न | पैचान |
| २०९ | ३ | भनुभक्त | भानुभक्त |
| ,, | १९ | अनु द | अनुवाद |



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २१२ | १० | विद्द्वन् | विद्द्वान् |
| २१३ | ३ | ठान्ठाम्मा | ठाम्ठाम्मा |
| २१७ | ४ | [illegible] | त |
| २१८ | १ | तापन | तापनी |
| ,, | ७ | बनेर | भनेर |
| ,, | १५ | मिष्टृन्वमाँ | मिष्टृत्वमाँ |
| २१९ | ८ | रामायण | रामायण् |
| ,, | १८ | कवा | कबी |
| २२२ | १३ | छोति | सोति |
| इ | १७ | पाँइञ्त्र | पाँइञ्च |
| ऊ | १७ | अश | अंश |
| ऋ | १५ | सिद्व्याइ | सिद्ध्याइ |
| ऐ | १ | भाका | भाको |
| ओ | ७ | वष | वर्ष |
| अः | ८ | जभ | भज |
| च | १ | पद्याधमाँ | पद्याधंमाँ |
| ,, | ८ | भट्पट् | भट्पट् |
| ,, | २१ | जन्मभूतितिरका | जन्मभूमितिरका |
| छ | १६ | दिद्रा | निद्रा |
| ,, | २८ | भ नुको | भानुको |
| झ | १२ | नपयत उलान् | नपत्याउलान् |
| ,, | १९ | निराक ण | निराकरण |
| ठ | ८ | छन | छिन |
| ड | १ | लाग्या | लाग्यो |
| ढ | ८ | नसविन | नसक्नि |
| ,, | १० | अर्थेमाँ | अर्थमाँ |



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| थ | १८ | उपच्थापिस् | उपस्थापिच् |
| द | १३ | नेपलि- | नेपालि- |
| ,, | १४ | बिद्दवनहरुको | बिद्दवानहरुको |
| ध | २६ | जञ्च | जाँञ्च |
| न | १३–१४ | विनिदिशेत् | विनिर्दिशेत् |
| फ | ५ | भान्नमाँ | मान्नमाँ |
| र | २ | टित्पणिहरुमाँ | टिप्पणिहरुमाँ |
| ष | १५ | धरानका | घरानका |
| ,, | १९ | धरानमाँ | घरानमाँ |
| ह१२ | ५ | प्रप्त | प्राप्त |
| ह१२ | २४ | भ ो | भने |
| ह१४ | ११ | सकृतिको | संस्कृतिको |
| ह१५ | १६ | अदिकविले | आदिकविले |
| ह१६ | ८ | पारिष्कृत | परिष्कृत |
| ह१७ | १४ | अ शा | आशा |
| ह२० | १ | ओधि | औधि |



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

# श्रीकृष्णाचार्यवंशपट्ट (सङ्क्षिप्त)




CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" यो जीवन-चरित्र तयार गर्दा निकै अन्वेषण र गवेषणको काम गएको देखिन्छ, जसले गर्दा पनि भानुभक्तको र उनको जन्मस्थलको प्रचलित बौद्धिक वातावरणको विषयमा निकै जानकारी मिल्दछ। यसबाट आदिकविको स्वरुप विस्तृत र पूर्णतर रूपमा अवगत गर्न सहायता मिल्दछ। अर्थात् यो नयाँ जीवनचरित्रमा भानुभक्तलाई मोतीरामको भन्दा व्यापक पृष्ठभूमिमा उतारिएको छ। . . ."

—यदुनाथ खनाल

"अरुले जहाँबाट ऐतिहासिक सामग्री र किंवदन्ती प्राप्त गर्दछन् त्यही मूलस्थानबाट कविका वंशजले लेखेको कविको यो जीवनचरित्र निश्चय नै सच्चा जीवनचरित्र होला भन्ने म विश्वास गर्दछु।"

—माधव घिमिरे

"यो संकलन प्रामाणिक र आकर्षक छ भन्ने कुरा मात्र होइन। . . . . . आदिकविको युगलाइ निबन्धको शैलीले फेरि आँखाँको सामुन्ने ल्याइदिएको मात्र होइन, किन्तु यसबाट आदिकविले हिंडेका बाटाघाटा, वाहाँले चर्चिएका खेतबारी, बन-जङ्गल, पनेरो, ठाँटी-चौतारा, खोलानाला, शहरका गल्ली सडक आदि कविजीका जीवनकालदेखि अहिले सम्म पनि आफ्नो अस्तित्व राख्ने वहाँको स्मृतिलाई अँगालेका कैयौं भग्नावशेषसंग पनि पाठकको हृदयले मधुर मिलनको आनन्द पाएको छ। निबन्ध पढ्दा भान हुन्छ; आदिकविसंग बातचीत भइरहेछ।"

— जुननाथशर्मा पण्डित

" . . . कविराज पण्डित नरनाथ आचार्यलाई भानुभक्तको आत्माले पनि 'मोतीरामको आर्को सस्करण' सम्झने छ भन्ने मलाई विश्वास छ।"

— वासुदेवशर्मा लुइटेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu